**“समृद्ध खाँदवारी नगर”**

## खाँदवारी नगरपालिका

# आवधिक नगर बिकास योजना

(आ.व.२०७८/७९ - २०८२/८३)



अरुण नदि किनारमा अवस्थित शक्ति स्वरुपा माता मनकामनाको शिला

## खाँदवारी नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

**खाँदवारी, सङ्खुवासभा, सङ्खुवासभा प्रदेश नं. १, नेपाल**

**असार, २०७८**

**"समृद्ध खाँदवारी नगर"**

# खाँदवारी नगरपालिका
# आवधिक नगर बिकास योजना

(आ.व.२०७८/७९ - २०८२/८३)

## खाँदवारी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

**खाँदवारी, सङ्खुवासभा, प्रदेश नं. १, नेपाल**

# खाँदवारी नगरपालिकाको आवधिक नगर बिकास योजना (आ.व.२०७८/७९ -२०८२/८३)

**प्रकाशक : खाँदवारी नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
खाँदवारी, सङ्खुवासभा ।
सम्पर्क फोन : ०२९ ५६०१४१/५६०३४१/५६०२५०/५६०२५४
वेभसाइटः www.khandbarimun.gov.np
इमेल : khandbari.mun@gmail.com

**प्राविधिक परामर्शदाता :** गभर्नेन्स एण्ड डिजाइन सोलुसन (जी.डी.एस.नेपाल), काठमाडौ ।

**सर्वाधिकार :** प्रकाशकमा

**प्रकाशन वर्ष :** २०७८

**मुद्रक : युनिक प्रेस, खाँदबारी (०२९५६२७०२)**

'समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा



प.सं. २०७८/७९
च.नं.

## भनाई

नगरपालिकाको नवौं नगरसभाबाट पारित भएको खाँदबारी नगरपालिकाको आवधिक नगर विकास योजना (२०७८/७९-२०८२/८३) यहाँहरु समक्ष प्रस्तुत गर्न पाउँदा अत्यन्त खुशी लागेको छ । नगरवासीहरुको आर्थिक सामाजिक विकासका लागि नगरपालिकाको आम जनताको जीवन यापनका साथै विकासका अवयवका दृष्टिले हामी कहाँ छौ भनी आंकलनका लागि नगर वस्तुस्थिति विवरण २०७६ तयार पारिएको थियो । उक्त विवरणका आधारमा नगरपालिकाले सम्वोधन गर्नुपर्ने क्षेत्र र विषयहरुको पहिचान गरी योजनावद्ध विकासको आवधिक योजना तयार पार्नुपर्ने भएकोले संघ देखि प्रदेशसम्म अनुरोध गरियो । २०७६ साल देखिको अनवरत प्रयास गरिएता पनि अनेक किसिमका सीमितताले गर्दा केही ढिलो गरी आवधिक नगर विकास योजना स्वीस सरकारको आर्थिक सहयोगमा नेपाली परामर्शदाताहरुबाट तयार पार्न सफल भएका छौं ।

नेपालको संविधान २०७२ अन्तर्गत स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिधिभित्र रही नगरपालिकाले योजना निर्माण गर्दा आर्थिक विकास गरिबी न्यूनीकरण, उत्पादनमा आधारित, छिटो प्रतिफल प्राप्त हुने, रोजगारीमा वृद्धी हुने क्षेत्रमा लगानी गर्नुपर्ने हुन्छ र यसका लागि योजना तर्जुमा गर्नुपर्ने हुन्छ । त्यसै गरी नगरपालिकाले कार्यान्वयनमा ल्याउने कार्यक्रम र आयोजनाहरु आवधिक योजनाको रणनीति तथा कार्यनीतिहरुसँग तादाम्यता भएमा मात्र नगरवासीहरुको जीवनस्तरमा क्रमिक सुधार तथा आम नगरको विकास हुने भएकोले आवधिक योजना तर्जुमा गरिएको हो ।

यस आवधिक नगरविकास योजनाले लिएको दीर्घकालीन सोच **समृद्ध खाँदबारी नगर** को नारालाई सवै क्रियाशील राजनीतिक दल, वुद्दिजीवी तथा योजना निर्माणमा सहभागी सवै तह र तप्काले स्वीकार गर्नु भएको त्यस अविष्मरणीय क्षणलाई स्मरण गर्न चाहन्छु र यस नगरको पहिलो आवधिक योजनाले लिएका लक्ष्य, उद्देश्य, रणनीति अनुसारका कार्यक्रम तथा आयोजनाहरु कार्यान्वयनमा सफल हुनेछन भन्ने आशा लिएको छु ।

अन्तमा, यो आवधिक नगर विकास योजनालाई मूर्त रुप दिन सहयोग गर्नुहुने समस्त राजनैतिक दल, उद्योग बाणीज्य क्षेत्रका सँस्थाहरु, स्थानीय विज्ञ स्रोत व्यक्ति, नगरबासी तथा विकासप्रेमी व्यक्तित्वहरु, सहजीकरण गरिदिने संस्था Governenace and Design Solutions (P.) Ltd, राष्ट्रसेवक कर्मचारीहरु, पत्रकार, प्रदेश योजना आयोग, नेपाल सरकारको विशिष्ट पदमा रहनुभएका खाँदबारीवासीहरु, काठमाडौ र विराटनगरमा रहनुभएका समाजसेवी व्यक्तित्वहरु लगायत सबै नगरवासीजनमा हार्दिक कृतज्ञता प्रकट गर्दै योजना कार्यान्वयनका लागि सवै तह र तप्काबाट सहयोग भै रहने अपेक्षा गर्दै मैले इमान्दार प्रयत्न गर्ने प्रतिबध्दता ब्यक्त गर्दछु ।

२०७८ असार

मुरारीप्रसाद खतिवडा
नगर प्रमुख
नगरप्रमुख

फोन नं.: आ.प्र- ०२९-५६०२५०, शिक्षा/आर्थिक- १२१, स्वास्थ्य- ४४१, प्र.प्र.अ- १४१, उपप्रमूख- ३४१, प्रमुख २५४
वेबसाइटः www.khandbarimun.gov.np ईमेलः khandbari.mun@gmail.com

'समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा



प.सं. २०७८/७९
च.नं.

## मन्तब्य

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नगरपालिकाले आफ्नो क्षेत्रको बिकासको लागी आबधिक, बार्षिक, रणनीतिगत बिषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन बिकास योजना बनाई लागु गर्नु पर्ने ब्यवस्था भए बमोजिम योजना तर्जुमा बिधि र प्रकृयालाई सहज र स्पष्ट गर्न राष्ट्रिय योजना आयोगबाट जारी भएको स्थानीय तहको योजना तर्जुमा नमुना दिग्दर्शन, २०७५ लाई आधार मानी स्थानीय सरकार सञ्चालन ऐनले तोकेको काम, कर्तब्य र अधिकारलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नगरपालिकाको योजना तर्जुमाका लागी परिभाषित बिधि पद्धतिको अधिनमा रहि खाँदबारी नगरपालिकाको पहिलो पञ्च बर्षिय आवधिक नगर बिकास योजना (२०७८/७९–२०८२/८३), तर्जुमा भएको छ । यो एकिकृत योजनाको परिधी भित्र रही नगरपालिकाले बार्षिक कार्यक्रम तर्जुमा गर्ने र सोही अनुशार कार्यान्वयन गर्दै जाने प्रतिबद्धता जाहेर गरेका छौं ।

आबधिक नगर बिकास योजना निर्माण र प्रकाशन आफैमा त्यस्तो कार्य हो, जसले बिकाशको निरन्तरतालाई सचित्र अभिलेखात्मक रुपमा प्रस्तुत गर्दछ । अभिलेख रहित कार्यले न त इतिहाँस संझाउँछ, न त भोलीका लागी केही दिन सक्छ । योजना निर्माणको यहि अन्तरबस्तुलाई आत्मसात गर्दै आबधिक नगर बिकास योजना निर्माण गरेका छौं । यो सत्प्रयासको अबश्यनै सकारात्मक प्रतिक्रिया आउने छ भन्ने आशा एवम् बिश्वास लिएको छु ।

अन्त्यमा, आबधिक नगर बिकास योजना तर्जुमा गर्न आर्थिक र प्राबिधिक सहयोग प्रदान गर्ने स्वीस सहयोग नियोगको तर्फबाट प्राविधिक सहयोग प्रदान गर्ने Governenace and Design Solutions (P.) Ltd काठमाण्डौ, स्थानिय बिज्ञ स्रोत ब्यक्ति, नगरपालिकाका पदाधिकारी, न.पा.मा क्रियासिल राजनीतिक दलका पदाधिकारी, यस नगरका बासिन्दा भई राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान गर्न सफल उच्च पदस्थ राष्ट्रसेवक तथा बिद्वत ब्यक्तित्वहरु, संचारकर्मी मित्रहरु, कार्यालयका सम्पुर्ण कर्मचारी एवम् नगरबासी अनि सुभेक्षुकहरुमा आवधिक नगर बिकास योजना निर्माणमा पुऱ्याउनु भएको सहयोग र सहभागीताको उच्च कदर गर्दै कार्यान्वयनमा समेत सक्रिय सहभागीता रहने अपेक्षा राख्दै सम्बन्धित सबैमा हार्दीक धन्यबाद ब्यक्त गर्दछु ।

२०७८ असार

डेगेश्वरी श्रेष्ठ
नगर उप-प्रमुख

फोन नं.: आ.प्र- ०२९-५६०२५०, शिक्षा/आर्थिक- १२१, स्वास्थ्य- ४४१, प्र.प्र.अ- १४१, उपप्रमुख- ३४१, प्रमुख २५४
वेबसाइटः www.khandbarimun.gov.np ईमेलः khandbari.mun@gmail.com

"सम्पूर्ण क्षेत्रको समुचित विकास, खाँदबारी नगरपालिकाको प्रयास"

खाँदबारी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खाँदबारी, सङ्खुवासभा

१ नं. प्रदेश, नेपाल

प.सं.: २०७८/७९
च.नं.:



## मन्तव्य

खाँदबारी नगरपालिकाको पहिलो आवधिक नगर विकास योजना निर्माणको चरणहरुमा सहभागी भै आज योजनाको पूर्ण दस्तावेजमा केही भनाई लिपिवद्ध गर्न पाएकोमा गौरवान्वित भएको छु । निश्चय पनि कुनै पनि कार्यहरुलाई पूर्णता दिनको लागि योजनावद्ध खाकाको जरुरत पर्दछ । आजको गतिमान तथा वदलिदो समयमा नगरपालिकाले नगरवासीहरुको आर्थिक सामाजिक जीवनस्तर उकास्दै अन्तर पालिकाहरुमा आफुलाई अव्वल वनाउन क्रमवद्ध आयोजना तथा कार्यक्रमहरुको सूची तयार पारी हासिल गर्न खोजिएको गन्तव्य सवैले देख्न, सुन्न र महशुश गर्न सक्ने खालको योजनाको खाका तयार गर्नुपर्ने हुन्छ । त्यसक्रमको पहिलो कोशे ढुङ्गा यस दस्तावेजको रुपमा आएको छ ।

खाँदबारी नगरपालिकाले तर्जुमा गरेको पहिलो आवधिक नगर विकास योजनामा यस क्षेत्रको साथ साथै अन्तर पालिकाहरुसँगको सहकार्य एवम् समन्वयमा समेत विभिन्न कार्यक्रमहरु गरी यस नगरपालिकाको मात्र नभै यस क्षेत्रको विकासमा हातेमालो गर्ने समेतको जमर्को गरेको छ । जसरी राष्ट्रको पन्ध्रौ योजनाले **समृद्ध नेपाल सुखी नेपाली** भन्ने दीर्घकालीन लक्ष्य लिएको छ, त्यस लक्ष्यलाई पच्छाउदै प्रदेश नं. १ को पहिलो आवधिक योजनाले **स्वच्छ, सुखी र समुन्नत प्रदेश** भन्ने दीर्घकालीन सोच वनाएको छ भने खाँदबारी नगरपालिकाले उक्त राष्ट्रिय तथा प्रदेश लक्ष्य हासिल गर्न **समृद्ध खाँदबारी नगर** दीर्घकालीन सोचको आधार स्तम्भ तय गरेको छ ।

खाँदबारी नगरवासीहरुको विकास प्रतिको मोह तथा नगरप्रतिको अगाध माया तथा स्नेह यहाँहरुको सल्लाह तथा सुझावमा स्पष्टरुपमा प्रतिविम्वित भएको पाएको छु । दस्तावेज निर्माणमा आफ्नो अमुल्य सल्लाह र सुझाव मात्र नभै आवधिक योजनाले लिएका उद्देश्य तथा लक्ष्यहरु हासिल गर्न प्रतिवद्धता व्यक्त गर्नुहुने राजनैतिक दलहरु प्रति विशेष अनुग्रहित छु । दस्तावेज तयार पार्न सहजीकरण गरीदिने संस्था Governenace and Design Solutions (P.) Ltd विशेष गरी श्री बी के महर्जन र उहाँको समूह तथा स्थानीय विज्ञ परामर्शदाताको रुपमा सहजीकरण गर्ने नगरवासी श्री खड्ग वहादुर राईलाई हार्दिक धन्यवाद दिन चाहन्छु । सवै संघ संस्था सरकारी कार्यालयका प्रतिनिधिहरु वुद्धिजीवी तथा समाजसेवीहरु सवैमा हार्दिक आभार व्यक्त गर्दछु ।

अन्त्यमा, नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु जसले व्यस्तताका वावजुद आवधिक नगर विकास योजना निर्माणको प्रत्येक चरणमा विशेष मिहिनेत गर्नु भयो उहाँहरु सवैलाई धन्यवाद दिदै कार्यान्वयनको चरणमा समेत यस्तै किसिमको उत्साहका साथ मिहिनेत गर्नु हुनेछ भन्ने आशा लिएको छु ।

२०७८ असार

शेखर बाबु कार्की
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: आ.प्र- ०२९-५६०२५०, शिक्षा/आर्थिक- १२१, स्वास्थ्य- ४४१, प्र.प्र.अ- १४१, उपप्रमुख- ३४१, प्रमुख २५४
वेबसाइट: www.khandbarimun.gov.np ईमेल: khandbari.mun@gmail.com

# बिषयसूची


| क.सं. | शिर्षक | पेज नम्वर |
|---|---|---|
| **१.** | **परिच्छेद - १ : परिचय** | **१** |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | योजना तर्जुमाको उद्देश्य | १ |
| १.३ | आवधिक योजना तर्जुमा सम्वन्धी कानुनी तथा नीतिगत व्यवस्था | २ |
| १.४ | आवधिक योजना तर्जुमा प्रक्रिया | ३ |
| १.५ | सीमा | ५ |
| **२.** | **परिच्छेद - २ : नगर पालिकाको वस्तुगत विवरण** | **६** |
| २.१ | भौगोलिक अवस्थिति | ६ |
| २.२ | जनसंख्या, जातजाति र धर्म | ७ |
| २.३ | आर्थिक स्थिति | ८ |
| २.४ | सामाजिक स्थिति | १२ |
| २.५ | भौतिक पूर्वाधार | १४ |
| २.६ | वन वातावरण तथा विपद् | १५ |
| २.७ | सुशासन र संस्थागत विकास | १५ |
| **३.** | **परिच्छेद -३ : वस्तुस्थिति विश्लेषण** | **१७** |
| ३.१ | सम्भावना, अवसर, समस्या र चुनौति | १७ |
| | **खण्ड - एक : आवधिक योजना तर्जुमा** | |
| **४.** | **परिच्छेद - ४ : दीर्घकालीन सोच, समष्टिगत लक्ष्य र उद्देश्य** | **२०** |
| ४.१ | दीर्घकालीन सोच | २० |
| ४.२ | समष्टिगत लक्ष्य | २० |
| ४.३ | विषय क्षेत्रगत वृहत उद्देश्य | २० |
| ४.४ | प्राथमिकता क्षेत्र | २१ |
| ४.५ | समष्टिगत रणनीति | २२ |
| ४.६ | एकीकृत नगरविकास योजना नतिजा खाका | २२ |
| **५.** | **परिच्छेद - ५ : आर्थिक विकास** | २६ |
| ५.१ | पृष्ठभूमि | २६ |
| ५.२ | वर्तमान अवस्था | २६ |
| ५.३ | आर्थिक विकास क्षेत्रको उद्देश्य | २७ |
| ५.४ | प्रमुख रणनीति | २७ |
| ५.५ | विषयगत उपक्षेत्रहरु | २७ |
| ५.५.१ | कृषि | २८ |
| ५.५.२ | पशुपंक्षी | ३५ |
| ५.५.३ | पर्यटन | ३८ |
| ५.५.४ | उद्योग, व्यापार तथा व्यवसाय | ४१ |

| | | |
|---|---|---|
| ५.५.५ | वैंक, वित्तीय संस्था तथा सहकारी | ४४ |
| ५.५.६ | सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगारी | ४७ |
| **६.** | **परिच्छेद - ६ : सामाजिक विकास** | **५०** |
| ६.१ | पृष्ठभूमि | ५० |
| ६.२ | वर्तमान अवस्था | ५१ |
| ६.३ | उद्देश्य | ५१ |
| ६.४ | प्रमुख रणनीति | ५१ |
| ६.५ | विषयगत उपक्षेत्रहरु | ५१ |
| ६.५.१ | शिक्षा | ५२ |
| ६.५.२ | आधारभूत स्वास्थ्य | ५६ |
| ६.५.३ | खानेपानी तथा सरसफाइ | ६१ |
| ६.५.४ | लक्षित वर्ग तथा सामाजिक समावेशीकरण | ६४ |
| ६.५.५ | कला भाषा साहित्य र सम्पदा | ६९ |
| ६.५.६ | युवा तथा खेलकुद | ७१ |
| **७.** | **परिच्छेद - ७ पूर्वाधार विकास** | **७३** |
| ७.१ | पृष्ठभूमि | ७३ |
| ७.२ | वर्तमान अवस्था | ७३ |
| ७.३ | उद्देश्य | ७४ |
| ७.४ | प्रमुख रणनीति | ७४ |
| ७.५ | विषयगत उपक्षेत्रहरु | ७४ |
| ७.५.१ | सडक तथा यातायात | ७४ |
| ७.५.२ | आवास वस्ती विकास तथा सार्वजनिक निर्माण | ७७ |
| ७.५.३ | सिंचाइ | ८० |
| ७.५.४ | विद्युत तथा वैकल्पिक ऊर्जा | ८२ |
| ७.५.५ | सूचना तथा सञ्चार प्रविधि | ८४ |
| **८.** | **परिच्छेद - ८ : वन वातावरण तथा विपद व्यवस्थापन** | **८७** |
| ८.१ | पृष्ठभूमि | ८७ |
| ८.२ | वर्तमान अवस्था | ८७ |
| ८.३ | उद्देश्य | ८८ |
| ८.४ | प्रमुख रणनीति | ८८ |
| ८.५ | विषयगत उपक्षेत्रहरु | ८८ |
| ८.५.१ | वन तथा जैविक विविधता | ८८ |
| ८.५.२ | वातावरण तथा स्वच्छता | ९१ |
| ८.५.३ | भू तथा जलाधार व्यवस्थापन | ९३ |
| ८.५.४ | विपद व्यवस्थापन | ९४ |
| **९.** | **परिच्छेद - ९ : सुशासन तथा संस्थागत विकास** | **९७** |
| ९.१ | पृष्ठभूमि | ९७ |
| ९.२ | वर्तमान अवस्था | ९७ |
| ९.३ | उद्देश्य | ९७ |

| | | |
|---|---|---|
| ९.४ | प्रमुख रणनीति | ९८ |
| ९.५ | विषयगत उपक्षेत्रहरु | ९८ |
| ९.५.१ | सुशासन ऐन, नियम र जवाफदेहिता | ९८ |
| ९.५.२ | वित्तीय श्रोत परिचालन | १०० |
| ९.५.३ | मानव संशाधन तथा संस्थागत विकास | १०२ |
| ९.५.४ | योजना व्यवस्थापन | १०४ |
| **१०.** | **परिच्छेद - १० : नगर गौरव आयोजना** | **१०७** |
| १०.१ | पृष्ठभूमि | १०७ |
| १०.२ | आयोजना छनौटका आधारहरु | १०७ |
| १०.३ | गौरवका आयोजना | १०७ |
| १०.४ | लागत अनुमान | १०८ |
| | **खण्ड - दुई : राजस्व सुधार कार्ययोजना तथा वित्तीय व्यवस्था** | |
| **११.** | **परिच्छेद- ११ : राजस्व सुधार कार्ययोजना** | **११२** |
| ११.१ | पृष्ठभूमि | ११२ |
| ११.२ | राजस्व सुधार कार्ययोजना र आधारभूत पक्ष | ११२ |
| ११.३ | आन्तरिक राजस्व परिचालन र वर्तमान अवस्था विश्लेषण | ११३ |
| ११.४ | उद्देश्य | ११६ |
| ११.५ | रणनीति तथा कार्यनीति | ११७ |
| **१२.** | **परिच्छेद - १२ : वित्तीय व्यवस्था** | **११९** |
| १२.१ | पृष्ठभूमि | ११९ |
| १२.२ | वर्तमान अवस्था | ११९ |
| १२.३ | अवसर तथा चुनौतिहरु | ११९ |
| १२.४ | उद्देश्य | १२० |
| १२.५ | रणनीति | १२० |
| १२.६ | वजेट व्यवस्था | १२० |
| | **खण्ड - तीन : योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन** | |
| **१३.** | **परिच्छेद - १३ : योजना कार्यान्वयन** | **१२५** |
| १३.१ | पृष्ठभूमि | १२५ |
| १३.२ | वर्तमान अवस्था | १२५ |
| १३.३ | कार्यान्वयन कार्ययोजना | १२५ |
| १३.४ | मार्गदर्शन तयारी | १२५ |
| १३.५ | कार्यान्वयन विधिको छनौट | १२६ |
| १३.६ | अख्तियारी | १२६ |
| १३.७ | वार्षिक कार्यान्वयन कार्ययोजना | १२६ |
| १३.८ | अनुगमनको प्रतिवेदन र समीक्षा | १२६ |
| **१४.** | **परिच्छेद - १४ : अनुगमन तथा मूल्याङ्कन** | **१२७** |
| १४.१ | पृष्ठभूमि | १२७ |
| १४.२ | वर्तमान अवस्था | १२७ |
| १४.३ | अवसर र चुनौति | १२७ |

| | | |
|---|---|---|
| १४.४ | उद्देश्य | १२८ |
| १४.५ | रणनीति | १२८ |
| १४.६ | कार्यनीतिहरु | १२८ |
| १४.७ | कार्यक्रम | १२८ |
| १४.८ | अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार निकाय | १२८ |
| **१५** | **परिच्छेद - १५ : क्षेत्रीय बिकासका लागि अन्तरपालिका रणनीतिक साझेदारी** | |
| १५.१ | पृष्ठभूमि | १३० |
| १५.२ | वर्तमान अवस्था | १३१ |
| १५.३ | अवसर र चुनौति | १३२ |
| १५.४ | उद्देश्य | १३२ |
| १५.५ | रणनीति | १३२ |
| १५.६ | कार्यनीति | १३२ |
| १५.७ | सहकार्यका क्षेत्र तथा कार्यक्रमहरु | १३३ |

# तालिका तथा ग्राफचित्र विवरण


| क.सं | विवरण | पेज नम्वर |
|---|---|---|
| १ | आवधिक योजना तर्जुमा प्रकिया | ३ |
| २ | पालिकाको नक्सा | ६ |
| ३ | जनसंख्या विवरण | ७ |
| ४ | उमेर समूह अनुसारको जनसंख्या | ७ |
| ५ | जातजाति विवरण | ८ |
| ६ | धर्मको आधारमा जनसंख्या | ८ |
| ७ | आफ्नै उत्पादनले खान पुग्ने परिवार | ९ |
| ८ | वार्षिक आय : घरधुरी संख्या | ९ |
| ९ | कृषि उपज उत्पादन तथा विकी परिमाण | १० |
| १० | उद्योग व्यवसायको विवरण | ११ |
| ११ | शिक्षाको अवस्था | १२ |
| १२ | स्वास्थ्य अवस्था | १२ |
| १३ | यातायात पूर्वाधार सम्वन्धी विवरण | १४ |
| १४ | सवल तथा सम्भावना र चुनौति तथा कमजोर पक्ष | १७ |
| १५ | एकीकृत नगर विकास योजना खाका | २३ |
| १६ | कृषि विकास क्षेत्र : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्ष | २८ |
| १७ | तर्कवद्ध खाका : कृषि विकास | ३२ |
| १८ | पशुपंक्षीपालन : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्ष | ३५ |
| १९ | तर्कवद्ध खाका : पशुपंक्षीपालन | ३७ |
| २० | पर्यटन विकास : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्ष | ३८ |
| २१ | तर्कवद्ध खाका : पर्यटन विकास | ४० |
| २२ | उद्योग व्यापार व्यवसाय : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्ष | ४१ |
| २३ | तर्कवद्ध खाका : उद्योग, व्यापार व्यवसाय | ४३ |
| २४ | वैंक, वित्तीय तथा सहकारी : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्ष | ४४ |
| २५ | तर्कवद्ध खाका : वैंक, वित्तीय संस्था र सहकारी | ४६ |
| २६ | वैदेशिक रोजगारी : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्ष | ४७ |
| २७ | तर्कवद्ध खाका : सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगारी | ४८ |
| २८ | शिक्षा : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्ष | ५२ |
| २९ | तर्कवद्ध खाका : शिक्षा | ५४ |
| ३० | स्वास्थ्य : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्ष | ५६ |
| ३१ | तर्कवद्ध खाका : आधारभूत स्वास्थ्य | ५९ |
| ३२ | खानेपानी तथा सरसफाइ : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्ष | ६१ |
| ३३ | तर्कवद्ध खाका : खानेपानी तथा सरसफाइ | ६२ |
| ३४ | लक्षित वर्ग तथा सामाजिक समावेशीकरण : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्ष | ६४ |

| | | |
|---|---|---|
| ३५ | तर्कवद्ध खाका : लक्षित वर्ग तथा सामाजिक समावेशीकरण | ६७ |
| ३६ | कला भाषा साहित्य र सम्पदा : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्ष | ६९ |
| ३७ | तर्कवद्ध खाका : कला, भाषा, साहित्य र सम्पदा | ७० |
| ३८ | युवा तथा खेलकुद : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्ष | ७१ |
| ३९ | तर्कवद्ध खाका : युवा तथा खेलकुद | ७२ |
| ४० | सडक यातायात : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्ष | ७४ |
| ४१ | तर्कवद्ध खाका : सडक तथा यातायात | ७६ |
| ४२ | आवास, वस्ती विकास, सार्वजनिक निर्माण : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्ष | ७७ |
| ४३ | तर्कवद्ध खाका : आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण | ७९ |
| ४४ | सिंचाइ : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्ष | ८० |
| ४५ | तर्कवद्ध खाका : सिंचाइ | ८१ |
| ४६ | विद्युत तथा वैकल्पिक ऊर्जा : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्ष | ८२ |
| ४७ | तर्कवद्ध खाका : विद्युत तथा वैकल्पिक ऊर्जा | ८३ |
| ४८ | सूचना तथा सञ्चार : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्ष | ८४ |
| ४९ | तर्कवद्ध खाका : सूचना तथा सञ्चार | ८५ |
| ५० | वन तथा जैविक विविधता : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्ष | ८८ |
| ५१ | तर्कवद्ध खाका : वन तथा जैविक विविधता | ९० |
| ५२ | वातावरण तथा स्वच्छता : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्ष | ९१ |
| ५३ | तर्कवद्ध खाका : वातावरण तथा स्वच्छता | ९२ |
| ५४ | भू तथा जलाधार व्यवस्थापन : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्ष | ९३ |
| ५५ | तर्कवद्ध खाका : भू तथा जलाधार व्यवस्थापन | ९४ |
| ५६ | विपद व्यवस्थापन : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्ष | ९४ |
| ५७ | तर्कवद्ध खाका : विपद व्यवस्थापन | ९६ |
| ५८ | सुशासन, ऐन, कानुन र जवाफदेहिता : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्ष | ९८ |
| ५९ | तर्कवद्ध खाका : सुशासन, ऐन, कानुन र जवाफदेहिता | ९९ |
| ६० | वित्तीय श्रोत परिचालन : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्ष | १०० |
| ६१ | तर्कवद्ध खाका : वित्तीय श्रोत परिचालन | १०१ |
| ६२ | संस्थागत विकास तथा मानव संशाधन : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्ष | १०२ |
| ६३ | तर्कवद्ध खाका : संस्थागत विकास तथा मानव संशाधन | १०४ |
| ६४ | योजना व्यवस्थापन : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्ष | १०४ |
| ६५ | तर्कवद्ध खाका : योजना व्यवस्थापन | १०६ |
| ६६ | नगर गौरव आयोजना : लागत अनुमान | १०९ |
| ६७ | कर तथा गैर करराजस्व आधार र दररेट | ११३ |
| ६८ | आन्तरिक आय यथार्थ राजस्व सङ्कलन | ११५ |
| ६९ | आन्तरिक आय प्रक्षेपण | १२० |
| ७० | वाह्य श्रोत प्रक्षेपण | १२२ |

| | | |
|---|---|---|
| ७१ | कूल श्रोत प्रक्षेपण | १२२ |
| ७२ | विषयक्षेत्रगत कूल वजेट प्रक्षेपण | १२३ |
| ७३ | आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कन प्रकिया | १२९ |
| ७४ | अन्तरपालिका रणनीतिक साझेदारी : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्ष | १३२ |
| ७५ | अन्तरपालिका रणनीतिक साझेदारी : सहकार्यका क्षेत्रहरु | १३३ |

# शब्दसार

| | | |
|---|---|---|
| अ.मु. | : | अनुगमन तथा मूल्याङ्कन |
| अ/गैसस | : | अन्तराष्ट्रिय/गैर सरकारी संस्था |
| आ.व. | : | आर्थिक वर्ष |
| आ.ले.प | : | आन्तिरिक लेखा परिक्षण |
| आ.वि. | : | आधारभुत विद्यालय |
| उ.स. | : | उपभोक्ता समिति |
| कि.मि. | : | किलोमिटर |
| गाविस | : | गाउँ बिकास समिति |
| गाकापा | : | गाउँ कार्यपालिका |
| जिसस | : | जिल्ला समन्वय समिति |
| नपा | : | नगरपालिका |
| नकापा | : | नगर कार्यपालिका |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| रायोआ | : | राष्ट्रिय योजना आयोग |
| रु. | : | रुपैंयाँ |
| लि | : | लिटर |
| व.नं. | : | वडा नम्वर |
| स.सं | : | सहकारी संस्था |
| सा.सं | : | सामुदायिक संस्था |
| हे. | : | हेक्टर |
| CBOs | : | Community Based Organisations |
| DRR | : | Disaster Risk Reduction |
| I/NGO | : | International/Non-Governmental Organization |
| O&M | : | Organization and Management |
| SWOT | : | Strength, Weakness, Opportunity and Threats |
| SIP | : | School Improvement Plan |
| IEE/EIA | : | Initial Environmental Examination/ Environmental Impact Assessment |

# परिच्छेद - १
# परिचय

## १.१ पृष्ठभूमि :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ। योजना तर्जुमा बिधि र प्रक्रियालाई सहज र स्पष्ट गर्न राष्ट्रिय योजना आयोगबाट स्थानीय तहको योजना तर्जुमा नमुना दिग्दर्शन, २०७५ जारी भएको छ। संविधानत स्थानीय तहको एकल तथा साझा अधिकार क्षेत्र तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसारको काम कर्तव्य र अधिकारलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न र स्थानीय तहको योजना तर्जुमाका लागि परिभाषित बिधि पद्धतिको अधिनमा रही खाँदवारी नगरपालिकाको पहिलो पञ्च वर्षीय आवधिक नगर बिकास योजना (२०७८/०७९-२०८२/०८३), र संक्षिप्त राजस्व सुधार कार्ययोजना सहितको आवधिक नगर बिकास योजना तर्जुमा गरिएको छ।

बिश्वव्यापी रुपमा फैलिएको कोरोना जोखिमका वीच स्वास्थ्य मापदण्डको पूर्ण पालना सहित राजनीतिक दल तथा सरोकारवालाहरुको समावेशी एवम् सहभागितामूलक प्रक्रियाबाट तर्जुमा गरिएको यो योजनाले आर्थिक बिकास, गरिबी निवारण, रोजगार, आय वृद्धि, दिगो बिकास लक्ष्य, स्थानीय साधन श्रोत र सीपको अधिकतम उपयोग, छिट्टै प्रतिफल प्राप्त हुन सक्ने क्षेत्र र कम लागत एवम् स्थानीय वासिन्दाहरुको सहभागिता जुट्न सक्ने पक्षहरुलाई प्राथमिकता दिइएको छ। यसैगरी नेपाल सरकार एवम् प्रदेश सरकारको नीति, लक्ष्य, दिगो बिकास लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी वातावरण तथा, बालमैत्री शासन, सुशासन, जलवायु परिवर्तन अनुकूलन, विपद व्यवस्थापन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित पक्षलाई समेत मनन गरिएको छ।

प्रादेशिक, जिल्ला तथा क्षेत्रीय आर्थिक सामाजिक परिवेश र खाँदवारी नगरपालिकाको विद्यमान अवस्थाको समग्र रुपमा अध्ययन, विश्लेषण गरी नगरपालिकाको दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, उद्देश्य, रणनीति एवम् प्रमुख कार्यक्रमहरु र सोको अनुमानित लागत समेतको रणनीतिक योजना खाका तर्जुमा गरिएको छ। खाँदवारी नगरपालिकाको पहिलो आवधिक नगर बिकास योजना यस क्षेत्रको समग्र बिकासको रणनीतिक बिकासको योजना मार्गचित्र **(Strategic and Indicative Planning Framework)** हो। यसै मार्गचित्रभित्र रहेर नगरपालिकाले आगामी दिनमा वार्षिक नीति, कार्यक्रम र बजेट मार्फत अल्पकालिन अवधिका समुदायस्तर र वडास्तरीय आयोजना कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ भने नगर तथा क्षेत्रीय महत्वका वहुवर्षीय नगर गौरवका आयोजनाहरु को पूर्व सम्भाव्यता, संभाव्यता अध्ययन सहित बिस्तृत परियोजना निर्माण गरी संघ, प्रदेश, अन्तर स्थानीय तह र निजी, सहकारी, गैरसरकारी र बिकास साझेदारहरु समेतसँगको सहकार्यमा क्रमश: कार्यान्वयन हुँदै जानेछ।

## १.२ योजना तर्जुमाको उद्देश्य

यस एकीकृत नगर बिकास योजना तर्जुमाका उद्देश्यहरु निम्नानुसार रहेका छन् :

क) नगरपालिका, प्रदेश, संघ तथा अन्य निकायसँग सम्बन्धित प्राथमिक तथा द्बितीय श्रोतबाट प्राप्त हुने सूचना तथ्याङ्कको आधारमा नगरपालिकाको विद्यमान सम्भावना, अवसर, समस्या र चुनौतिहरु विश्लेषण गर्ने र सोही आधारमा संघ, प्रदेशको दीर्घकालीन सोच, आवधिक लक्ष्य, दिगो विकास लक्ष्य, विषयक्षेत्रगत उद्देश्य एवम् रणनीतिसँग मेलखाने गरी नगरपालिकाको दीर्घकालीन सोच, आवधिक लक्ष्य, विषय क्षेत्रगत उद्देश्य, रणनीति एवम् कार्यक्रमहरु र प्राथमिकता निर्धारण सहितको एकिकृत बिकासको खाका तयार गर्ने ।

ख) आवधिक योजनाले स्वीकार गरेको विषयक्षेत्रगत रुपमा प्राथमिकता प्राप्त परियोजनाहरु तथा वार्षिक नीति कार्यक्रम र परियोजनाहरुको प्राथमिकता वीच तादात्म्यता मिलाई त्यस्ता प्राथमिकता प्राप्त आयोजना परियोजनाहरुका लागि आवश्यक लगानी सुनिश्चित गर्न मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework-MTEF) तयार गरी संघ, प्रदेश तथा अन्य विकास साझेदार तथा निजी क्षेत्रको लगानी प्रवर्द्धनका लागि मार्ग प्रशस्त गर्न सहयोग पुर्‍याउने ।

ग) आवधिक योजना अनुसार आवश्यक श्रोत परिचालन गर्न पालिकाको आन्तरिक राजस्व परिचालनको वर्तमान अवस्था, नगरपालिकाको राजस्व नीति, राजस्व आधार, दररेट तथा दायरा, राजस्व प्रशासन क्षेत्रको वस्तुनिष्ट बिश्लेषण गरी पांच आर्थिक वर्षका लागि राजस्वको अनुमान प्रक्षेपण सहित आन्तरिक राजस्व सुधारका लागि बिषयक्षेत्रगत राजस्व नीति, कार्यक्रम र लगानीको खाका सहितको राजस्व सुधार कार्ययोजनाको खाका तयार गर्ने ।

घ) नगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा दीर्घकालीन सोच, आवधिक लक्ष्य, बिषयक्षेत्रगत उद्देश्य, आधार सूचक र लक्ष्य परिमाणको आधारमा रणनीति एवम् कार्यक्रममा आधारित बनाउन सहज वनाउने ।

ङ) योजनाको कार्यान्वयनका लागि वार्षिक कार्यान्वयन कार्ययोजना, अनुगमन र समीक्षा सूचकहरुको खाका तयार पार्न सहज बनाउने ।

## १.३ आवधिक योजना तर्जुमा सम्बन्धी कानुनी तथा नीतिगत व्यवस्था

नेपालको संविधान २०७२ ले व्यवस्था गरेको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीति, संघीय एवम् प्रदेशीय नीति, कानुन एवम् स्थानीय तहको अधिकारहरुको पृष्ठभूमिमा स्थानीय तहको बिकास योजनाको खाका तयार गर्नु पर्ने व्यवस्था गरिएको छ । सामाजिक न्याय, ज्येष्ठ नागरिक, दलित, बालबालिका, महिला, आवास, शिक्षा, स्वास्थ्य, श्रम, रोजगारी, सूचना, सम्पत्ति, समानताको हकलाई मौलिक हक र कर्तव्यका रुपमा लिएको हुंदा त्यस्ता पक्षहरुलाई पनि आवधिक योजना तर्जुमा गर्दा सोही अनुसार सम्वोधन गर्नुपर्ने व्यवस्था गरिएको छ । नेपाल संविधानको धारा ५७ (४) (५) र अनुसूची ८ र ९ मा क्रमशः स्थानीय सरकारको एकल अधिकार र साझा अधिकार सूचीको अधिनमा रही स्थानीय तहले

आवधिक, मध्यमकालीन एवम् वार्षिक नीति, योजना, वजेट तथा कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गर्दा तीनै तहका सरकार वीच सह अस्तित्व, समन्वय र सहकार्य हुनुपर्ने कुरामा जोड दिइएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले नगरपालिकाले योजना बनाउँदा आर्थिक बिकास, गरिबी न्युनिकरण, उत्पादनमूलक, छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार वढ्ने, स्थानीय सीप, साधन श्रोतको अधिकतम प्रयोग हुने, दिगो बिकास, भाषिक, साँस्कृतिक र सामाजिक सद्भाव तथा एकता अभिवृद्धि हुने बिषयहरुलाई प्राथमिकता राख्नु पर्ने कुरामा जोड दिइएको छ । स्थानीय तहको योजना तर्जुमा सम्बन्धी नमुना दिग्दर्शन, २०७५ अनुसार स्थानीय तहवाट योजना तर्जुमा गर्दा नेपालको संविधान, विद्यमान ऐन, नियम, राष्ट्रिय एवम् प्रादेशिक नीति, दीर्घकालीन सोच, आवधिक योजना, र मार्ग निर्देशनहरु, दिगो बिकास लक्ष्य, स्थानीय तहको प्रमुख समस्या एवम् सम्भावनाहरु र राजनीतिक दलका घोषणापत्र समेतलाई आधार मानेर तीनै तहका सरकारहरु वीच अन्तर सम्बन्ध स्थापित हुनुपर्ने व्यवस्था गरिएको छ ।

अन्तर सरकारी बित्तीय हस्तान्तरण ऐन २०७४ को दफा १६ र १७ ले नेपाल सरकार, प्रदेश तथा स्थानीय सरकारले प्रत्येक आर्थिक बर्षमा आफ्नो कार्यक्षेत्र भित्रका बिषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्नुपर्ने र खर्च विवरण तयार गर्दा आगामी तीन आर्थिक बर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना समेत अनिवार्य रुपमा तयार गर्नुपर्ने व्यवस्था गरिएको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६ मा मध्यमकालीन खर्च संरचना वनाउनु पर्ने उल्लेख छ । यसै गरी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ ले राष्ट्रिय, प्रादेशिक तथा स्थानीय तहको आवधिक योजना, मध्यमकालिन खर्च संरचना र बार्षिक कार्यक्रमहरुहरु वीच सामन्ज्यस्ता कायम हुने गरी योजना तर्जुमा गर्न बिधि, पद्धति, बिषय क्षेत्र समेत निर्धारण गरिएको छ ।

## १.४ आवधिक योजना तर्जुमा प्रक्रिया

खाँदवारी नगरपालिकाको आवधिक नगर बिकास योजना तर्जुमा गर्ने सन्दर्भमा देहायका प्रक्रिया अवलम्वन भएको थियो ।

### क) पहिलो चरण : निर्णय तथा पूर्व तयारी

नगर कार्यपालिकाको वैठकवाट आवधिक नगर विकास योजना तर्जुमा गर्ने निर्णय भई विभिन्न चरणका वैठकहरुवाट सूचना तथा तथ्याङ्कहरु अद्यावधिक गर्ने, वडा तथा संस्थागत सूचनाहरु सङ्कलन गर्ने लगायतका पूर्व तयारी भएको थियो । नगरपालिकाको पार्श्वचित्र र त्यसमा समावेस भएका तथ्याङ्क सूचनाहरुलाई समेत अद्यावधिक गर्ने कार्य गरिएको थियो । बिश्वव्यापी माहामारीको रुपमा फैलिएको कोरोना जोखिमका कारण दुर प्रविधि मार्फत मिति २०७७ भाद्र २९ गते पहिलो चरणको नगरपालिकाको आवधिक योजना तर्जुमा सम्बन्धी प्रारम्भिक छलफल भएको थियो ।


### ख) दोश्रो चरण : योजना अभिमुखीकरण कार्यशाला गोष्ठी

प्रारम्भिक छलफल पश्चात पुन: २०७७ कार्तिक ५ गते दुर प्रविधिबाट नै आवधिक नगर बिकास योजना तर्जुमा सम्बन्धी अभिमुखीकरण कार्यशाला आयोजना गरी आवधिक नगर बिकास योजना तर्जुमा विधि, प्रक्रिया, समयावधि, सहभागिता लगायतका विविध पक्षहरुमा छलफल गरी योजना तर्जुमालाई प्रभावकारी ढङ्गवाट सम्पन्न गर्न, विषयक्षेत्रगत सूचना तथ्याङ्क अद्यावधिक गर्न र सवै सरोकारवालाहरुको सहभागिता अर्थपूर्ण वनाउन नगरपालिकामा क्रियाशील विषयगत समितिहरुमा आवधिक योजना तर्जुमा प्रयोजनका लागि मात्र अन्य सरोकारवालाहरु तथा बिषयक्षेत्रका बिज्ञहरु समेतलाई समावेस गरी बिषयगत समितिहरुलाई बिस्तार गरी जिम्मेवारी वाँडफाँड गरिएको थियो । आवधिक योजना तर्जुमा प्रयोजनका लागि नगर प्रमुखज्यूको संयोजकत्वमा आवधिक नगर बिकास योजना निर्देशक समिति, प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा प्राविधिक समिति गठन गरी समितिहरुको काम कर्तव्य तथा जिम्मेवारीहरु वाँडफाँड सहित कार्ययोजना स्विकृत गरिएको थियो ।

बिश्वमा देखा परेको कोभिड-१९ को महामारीको जोखिमका कारण देशमा लागु भएको बन्दावन्दीको अवस्थामा पनि गठित समितिहरुको जिम्मेवारी प्रभावकारी ढङ्गवाट परिचालन गर्न, सरोकारवालाहरुसँग समन्वय गर्न, समग्रमा आवधिक योजना तर्जुमालाई सफलतापूर्वक सम्पन्न गर्न र योजना तर्जुमा सम्बन्धी कार्यलाई अगाडी वढाउने प्रयोजनका लागि प्राविधिक परामर्शदाता समूह र नगरपालिका वीच तथ्याङ्क तथा सूचनाको आदान प्रदान लगायत अन्य बिषयहरुमा आधिकारिक सम्पर्क सूत्रको रुपमा नगरपालिकावाट एक जना स्थानीय श्रोतव्यक्तिको व्यवस्था गरिएको थियो ।

**ग) तेश्रो चरण : आधाररेखा, सूचना तथा तथ्याङ्क विश्लेषण**

मिति २०७७ पौष २ गते दुर प्रविधिबाट आयोजना गरिएको बिषयगत समिति तथा शाखा प्रमुखहरुसँगको अन्तरक्रिया कार्यक्रम मार्फत आवधिक योजना तर्जुमाका लागि आवश्यक आधारभूत तथ्याङ्क तथा सूचनाका लागि नगर पार्श्वचित्र र त्यसमा उपलब्ध विवरणहरु जस्तो भौतिक अवस्थिति, जनसांख्यिक, आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत बिकाससँग सम्बन्धित विवरणहरुलाई नै आधार तथ्याङ्क तथा सूचनाको रुपमा उपयोग गरी बिषय क्षेत्रगत आधाररेखा निर्धारण गर्ने जस्ता तयारीका कार्यहरु कार्यशाला अगाडी नै सम्पन्न गर्ने र तथ्याङ्क सूचना उपलब्ध नभएका बिषय क्षेत्रको हकमा कार्यशालाको क्रममा सहमति कायम गर्ने निर्णय गरिएको थियो ।



तालिका/ग्राफचित्र नम्वर ०१ : आवधिक योजना तर्जुमा प्रक्रिया

**घ) चौथो चरण : योजना तर्जुमा कार्यशाला गोष्ठी (अवधारणा बिकास)**

आवधिक नगर बिकास योजना तर्जुमा निर्देशक समिति, विषयगत समिति र प्राविधिक समितिको पहलमा २०७७ चैत्र ५-९ गते नगर कार्यपालिका, राजनीतिक दल, स्थानीय स्तरका सरोकारवालाहरुको सहभागिता र विषयविज्ञहरुको सहजीकरणमा आवधिक नगर बिकास योजना तर्जुमा, राजस्व सुधार कार्ययोजना तर्जुमा र मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी ५ दिवसीय कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । कार्यशालाले नगरपालिकाको विद्यमान सम्भावना र अवसर तथा समस्या चुनौतिहरुको वस्तुपरक विश्लेषण गरी सोको आधारमा नगरपालिकाको समग्र विकासको दीर्घकालीन सोच, समष्टिगत आवधिक लक्ष्य, तथा विषयक्षेत्रगत उद्देश्यहरु निर्धारण गरेको थियो ।

### ङ) पाँचौ चरण : योजना तर्जुमा कार्यशाला गोष्ठी (विषयत क्षेत्रगत रणनीति र कार्यक्रम बिकास)

कार्यशाला गोष्ठीकै क्रममा विषयक्षेत्रगत उद्देश्य परिपूर्तिका लागि विषयक्षेत्रगत आधाररेखा र लक्ष्य परिमाण सहितको सूचक निर्धारण गरी परिमाणात्मक लक्ष्य हासिल गर्न अवलम्वन गरिनु पर्ने रणनीति तथा कार्यनीतिहरु, विषयक्षेत्रगत प्रमुख कार्यक्रम, अनुमानित लागत, कार्यान्वयन कार्ययोजना र अनुगमन मूल्याङ्कन सम्बन्धी मस्यौदा खाका तयार गरिएको थियो । कार्यशालाको क्रममा नगरपालिकाको राजश्वका आधारहरु, बिद्यमान अवस्था, राजश्वका संभावित क्षेत्र तथा क्षमता, अबलम्बन गर्नु पर्ने राजश्व नीति, रणनीति, कार्यक्रम, लगानी सहितको राजश्व सुधार कार्ययोजना र तीन आ.व.को आय तथा खर्च प्रक्षेपण सहितको मध्यमकालिन खर्च संरचनाको मस्यौदाको खाका समेत तयार गरिएको थियो ।

### च) छैठौ चरण : एकीकृत योजना दस्तावेज तयारी

आवधिक नगर बिकास योजना तर्जुमाको क्रममा स्थानीय तह र अन्य सरकारको बिषय क्षेत्रगत एकल तथा साझा अधिकार क्षेत्रका सवै विषय एवम् उपक्षेत्रहरुका बिषयमा प्राप्त सुझाब तथा प्रतिक्रियाहरुलाई तर्कपूर्ण एवम् वस्तुनिष्ठ ढङ्गबाट प्रस्तुत गरी योजनाको एकीकृत मस्यौदा दस्तावेज तयार भएको थियो । योजना दस्तावेज **मुख्य ४ खण्ड र १५ परिच्छेद** विभाजन गरिएको छ ।

- **पहिलो खण्डः** आवधिक योजना तर्जुमा,
- **दोश्रो खण्डः** राजस्व सुधार कार्ययोजना तथा वित्तीय व्यवस्था,
- **तेश्रो खण्डः** योजना कार्यान्वयन र त्यसको अनुगमन तथा मूल्याङ्कन ।

यसै गरी **अन्तिम १५ औ परिच्छेद**मा **क्षेत्रीय बिकासका लागि अन्तरपालिका रणनीतिक साझेदारी सम्बन्धी अवधारणा** र **साझा हितका कार्यक्षेत्र र संभाव्य परियोजनाहरु** समावेस गरिएको छ ।

### छ) सातौ चरण : योजना प्रमाणीकरण कार्यशाला

सहभागितामूलक कार्यशाला गोष्ठीको निष्कर्ष सहित तयार भएको आवधिक नगर विकास योजनाको मस्यौदा दस्तावेज पुन नगरपालिका, विषय विज्ञहरुसँगको परामर्श तथा छलफलका लागि प्रस्तुत गरिएको थियो । छलफलको कममा बिषयबिज्ञहरु तथा बिभिन्न क्षेत्रमा अनुभव हासिल गर्नु भएको व्यक्तित्वहरुबाट प्राप्त सुझाबहरुको आधारमा तयार भएको योजना दस्तावेज प्रमाणीकरण कार्यशाला भर्चुअल माध्यमबाट

खाँदवारीमा जन्मी हुर्की हाल देशको विभिन्न प्रतिष्ठित सेवामा रहनु भएका विज्ञहरुवीच प्रस्तुत गरी थप राय सुझाब तथा पृष्ठपोषण सङ्कलन गरिएको थियो ।

**ज) आठौ चरण : अन्तिम दस्तावेज स्वीकृति र प्रकाशन**

बिभिन्न चरणमा प्राप्त सुझाव तथा पृष्ठपोषणहरुलाई समेत समावेश गरी तयार गरिएको नगरपालिकाको दीर्घकालीन सोच सहितको प्रथम आवधिक नगर विकास योजना दस्तावेजलाई यस नगरपालकिाको नवौं नगर सभाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ ।

## १.५ सीमा

यस आवधिक नगर बिकास योजना तर्जुमाका सीमाहरू निम्न अनुसार रहेका छन् :

क) आवधिक योजना तर्जुमाका लागि नगर पार्श्वचित्रमा उपलव्ध तथ्याङ्क तथा सूचनालाई मुख्य आधार बनाइएको छ । उपलव्ध हुन नसकेका सूचना तथ्याङ्कको हकमा कार्यशाला गोष्ठीमा सहभागिहरु वीच आपसी छलफल मार्फत सहमति निर्माण गरी सोहीलाई आधार मानी विश्लेषण गरिएको छ । केन्द्र, प्रदेश तथा जिल्ला तथा अन्य तह निकायहरुसँग सम्बन्धित सूचना तथ्याङ्कलाई यथावत रुपमा उपयोग गरिएको छ ।

ख) योजना तर्जुमाको क्रममा उपयोग गरिएका बिषयक्षेत्रसँग सम्बन्धित आधार सूचकहरु मूलतः नगर पार्श्वचित्र २०७६ र यस पछि अद्यावधिक गरिएको तथ्याङ्कलाई समेत आधार बनाइएको हुंदा परिचयात्मक खण्ड र परिमाणात्मक लक्ष्य सूचकवीच फरक पर्ने सक्ने प्रवल सम्भावना भएतापनि त्यस्ता तथ्याङ्क वीच एकरुपता ल्याउन संभव प्रयास गरिएको छ ।

ग) आवधिक नगर बिकास योजना राजनीतिक प्रक्रियाबाट तर्जुमा गरिएको रणनीतिक मार्गदर्शक योजनाको खाका मात्र भएकोले नगरपालिकाको २५ बर्षको दीर्घकालीन सोच, ५ बर्षको आवधिक लक्ष्य, बिषयक्षेत्रगत उद्देश्य, रणनीति, नगर गौरवका आयोजना तथा प्रमुख कार्यक्रम तहसम्म मात्र सिमित गरिएको छ । समुदाय तथा वडास्तरका क्रियाकलाप तहका आयोजना कार्यक्रमहरु वार्षिक योजना तर्जुमाको लागि परिभाषित बिधि प्रक्रियाबाट नै समावेस हुने हुंदा यसमा समावेश गरिएको छैन ।

घ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिका क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था, सामुदायिक संघ-संस्था र निजी क्षेत्रका कार्यक्रमहरू नगरसभाबाट पारित गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । तर हाल सम्म यस्ता कार्यक्रमहरु नगरसभा मार्फत स्विकृत गरी कार्यान्वयनमा आएको कम अभ्यास देखिन्छ तर पनि योजना तर्जुमाको विभिन्न चरणमा सहभागि भएका वा कार्यशालामा सहभागी संघ संस्थाहरुका प्रतिनिधिहरु मार्फत प्राप्त कार्यक्रमहरु हरुको हकमा यो आवधिक योजनामा समावेश भएको छ ।

# परिच्छेद - २
# नगरपालिकाको वस्तुस्थिति

## उत्पत्ति र नामाकरण

खाँदवारी मुलतः दुई शव्द "खुँडावारी" र "खाँडपोखरी" शव्दवाट अपभ्रंश हुँदै हुँदै कालन्तरमा खाँदवारी भएको हो भन्ने अनुश्रुति छ (श्रोतः सङ्खुवासभा जिल्ला पार्श्वचित्र, २०७२) । हालको खाँदवारी पोखरी भनिने खुल्ला स्थानमा एउटा ठूलो पोखरी रहेको, पोखरीको वीचमा एउटा थुम्को र सोही थुम्कोमा सिमलको ठूलो रुख समेत रहेको भन्ने रहेको छ ।

## २.१ भौगोलिक अवस्थिति एवम् राजनीतिक/प्रशासनिक विभाजन :

### ➧ भौगोलिक अवस्थिति :

खाँदवारी नगरपालिका  समुद्री सतह देखि करिव २७८ मिटर (अरुण नदी तथा सभाखोला दोभान) देखि २१७१ मिटर (गुफाथान डाँडा) उचाइमा अवस्थित छ । विश्व मानचित्रमा (जियोग्राफिक कोअर्डिनेट सिष्टम अनुसार) खाँदवारी नगरपालिका २७°१६'१४" देखि २७°२७'४४" उत्तरी अक्षांश र ८७°१४'२७" देखि ८७°७'२६" पूर्वी देशान्तरमा पर्दछ । नगरपालिकाको कूल क्षेत्रफल १२२.७८ वर्ग किमि रहेको छ । जसमा कृषि क्षेत्रले करिव ७४.६१ वर्ग किलोमिटर (६०.१७ प्रतिशत) ओगटेको छ भने वन, जङ्गलले २७.० वर्ग किमि (२१.९९ प्रतिशत), झाडी तथा घाँसे क्षेत्रले १६.३८ किमि (१३.५ प्रतिशत), नदी तथा वगर क्षेत्रले ३.७९ किमि (३.०९ प्रतिशत) भूमि ओगटेको छ । वस्तीक्षेत्र करिव ०.७५ वर्ग किमि अर्थात कूल भूमिको ०.६१ प्रतिशत छ भने वाझो जमिन करिव ०.०५ वर्ग किलोमिटर रहेको छ ।

तालिका/ग्राफचित्र नं. २



श्रोत : नगरपालिका पार्श्वचित्र, २०७६

### ➧ राजनीतिक तथा प्रशासनिक विभाजन :

तत्कालीन मनकामना, पाङ्मा र माल्टा गाउँ विकास समितिलाई मिलाएर वि.सं. २०५३ माघ १८ गते खाँदवारी नगरपालिका स्थापना गरिएको थियो । राज्य पुर्नसंरचनाको सन्दर्भमा वि.सं.२०७३ मा पुनः साविकको सितलपाटी गाविसलाई समेत समावेस गरी हालको खाँदवारी नगरपालिका स्थापना भएको हो । प्रशासनिक रुपमा ११ वडाहरुमा बिभाजन गरिएको खाँदवारी नगरपालिका सङ्खुवासभा जिल्ला सदरमुकामको रुपमा जिल्लाको दक्षिण पश्चिम क्षेत्रमा रहेको छ । यस नगरपालिकाको पूर्वमा सभापोखरी गाउँपालिका, पाँचखपन नगरपालिका र चैनपुर नगरपालिका, पश्चिम भोजपुर जिल्ला षडानन्द नगरपालिका र साल्पासिलिछो गाउँपालिका, उत्तरमा

चिचिला गाउँपालिका र सिलिचोङ गाउँपालिका र दक्षिणतर्फ चैनपुर नगरपालिका रहेको छ । पश्चिम र दक्षिण दुवैतर्फ अरुण नदीवाट घेरिएको यो नगरपालिका सङ्खुवासभा जिल्लाको साना पालिकाहरु मध्येमा पर्दछ । यो नगरपालिकाले जिल्लाको कुल भूभागको करिव ३.५४ प्रतिशत भूमि मात्रै ओगटेको छ । संसदीय निर्वाचनका लागि सङ्खुवासभा जिल्ला एक मात्र निर्वाचन क्षेत्र र प्रदेशसभाको लागि निर्धारण भएको २ निर्वाचन क्षेत्रमध्ये खाँदवारी नगरपालिका क्षेत्र नं. १ मा पर्दछ ।

## २.२ जनसंख्या, जातजाति र धर्म

- **जनसंख्या :**

राष्ट्रिय जनगणना वि.सं. २०६८ अनुसार नगरपालिकामा महिलाको संख्या १६४६७ (५२.८२ प्रतिशत) र पुरुषको संख्या १४७१० (४७.१८ प्रतिशत) गरि जम्मा जनसंख्या ३११७७ थियो । लैगिक रुपमा महिला जनसंख्या पुरुषको तुलनामा करिव ५.६३ प्रतिशले वढी देखिन्छ । हाल नगरपालिका पार्श्वचित्र, २०७६ अनुसार महिला जनसंख्या १७०६९, पुरुष जनसंख्या १७६४९ र अन्य जनसंख्या ९ गरी कूल ३४,७२७ जनसंख्या रहेको छ । लैगिक रुपमा महिला (४९.१५ प्रतिशत) र पुरुष (५०.८२ प्रतिशत) रहेको छ जुन महिला जनसंख्याको तुलनामा पूरुष जनसंख्या करिव १.६७ प्रतिशतले वढी देखिन्छ । यस आधारमा हेर्दा वि.सं २०७६ सम्म अर्थात ९ बर्षको अवधिमा महिलातर्फ करिव ३.७५ र पुरुषतर्फ करिव १९.९७ प्रतिशतले वृद्धि भएको देखिन्छ । समग्रमा नगरपालिकाको जनसंख्या वार्षिक वृद्धिदर करिव १.४२ प्रतिशत रहेको देखिन्छ । २०६८ सालमा प्रति घरपरिवार संख्या औषतमा ४.१८ रहेकोमा हाल ४.६९ अर्थात करिव ०.५१ प्रतिशतले वृद्धि हुन गएको देखिन्छ । वडागत रुपमा हेर्दा, वडा नम्वर १ मा अधिक जनसंख्या (१३.४९ प्रतिशत) र क्रमशः वडा नम्वर ९ र ७ जहा कूल जनसंख्याको क्रमशः १२.८९ र ११.४६ प्रतिशत वसोवास रहेको छ । सवैभन्दा न्यून जनसंख्या भएको वडा नम्वर ५ जहा करिव ४.७३ प्रतिशत र क्रमशः वडा नम्वर २, ६ र ११ पर्दछ जहा कूल संख्याको ६.११, ६.४९, ६.७० प्रतिशत जनसंख्या वसोवास गर्दछन ।

**तालिका ३ : जनसंख्या विवरण**


| वडा | जम्मा | महिला | पुरुष | अन्य | घरधुरी | औषत परिवार |
|---|---|---|---|---|---|---|
| १ | ४६८३ | २३१६ | २३६६ | १ | १०७२ | ४.३७ |
| २ | २१२३ | १०३६ | १०८७ | ० | ४४९ | ४.७३ |
| ३ | ३५६९ | १७४९ | १८२० | ० | ७४५ | ४.७९ |
| ४ | ३५४५ | १७६३ | १७८१ | १ | ७६६ | ४.६३ |
| ५ | १६४४ | ७९९ | ८४५ | ० | ३४२ | ४.८१ |
| ६ | २२५३ | १०९५ | ११५४ | ४ | ५१७ | ४.३६ |
| ७ | ३९८१ | १९२७ | २०५४ | ० | ८११ | ४.९१ |
| ८ | २८७७ | १४०९ | १४६६ | २ | ६०३ | ४.७७ |
| ९ | ४४७८ | २२२१ | २२५६ | १ | ९८४ | ४.५५ |
| १० | ३२४७ | १५८६ | १६६१ | ० | ६६७ | ४.८७ |
| ११ | २३२७ | ११६८ | ११५९ | ० | ४५० | ५.१७ |
| जम्मा वि.स२०७६ | ३४७२७ | १७०६९ | १७६४९ | ९ | ७४०६ | ४.६९ |
| जम्मा वि.स२०६८ | ३११७७ | १६४६७ | १४७१० | ० | ७४४६ | ४.१८ |

श्रोत : नगरपालिका पार्श्वचित्र, २०७६

नगरपालिका भित्र (१५-५९ वर्ष उमेर समुह आर्थिक रुपमा सकिय जनसंख्या कूल जनसंख्याको

६३.०५ प्रतिशत अर्थात २१८९६ रहेको छ। करिव १.९१ प्रतिशत (६६४) कुनै न कुनै अपाङ्गता भएका नागरिकहरु रहेको छ। उमेर समुह अनुसारको जनसंख्या तलको विवरणमा उल्लेख गरिएको छ।

ग्राफ चित्र नं. ४




➧ **घरधुरी :**

नगरपालिका पार्श्वचित्र, २०७६ अनुसार कूल घरधुरी संख्या ७४०६ छ। वि.सं. २०६८ मा यो संख्या ७४४६ थियो । यस हिसाववाट घरधुरी संख्या वि.सं. २०६८ को तुलनामा करिव ०.५४ प्रतिशतले घटेको देखिन्छ। औषत घरपरिवार संख्यामा भने केही वृद्धि भएको देखिन्छ।

पालिका पार्श्वचित्र, २०७६ अनुसार सवैभन्दा वढी घरधुरी वडा नम्वर १ मा (१४.४७ प्रतिशत) र वडा नम्वर ५ मा कम (४.६२ प्रतिशत) रहेको छ। यस पछि क्रमशः वडा नम्वर ९ मा १३.२९ प्रतिशत, वडा नम्वर ३, ४ र ७ मा क्रमशः १०.६, १०.३४ र १०.९५ प्रतिशत रहेको छ। यस सम्वन्धी विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

➧ **जातजाति र धर्म :**

जातीय विविधता रहेको यस नगरपालिकामा ३७ भन्दा वढी जातिहरुको वसोवास रहेको छ जसमा ब्राह्मण, क्षेत्री, राई, नेवार, तामाङ, लिम्वु, शेर्पा, भोटे, खालिङ, घले, ठकुरी, गुरुङ, मगर, कुमाल, कामी, दमाई, नेवार, सुनुवार, भुजेल, धिमाल, माझी, सार्की लगायत मधेशीमुलका मारवाडी, थारु, यादव, ठाकुरहरु रहेका छन । जसमध्ये क्षेत्री, राई, नेवार, ब्राह्मण (पहाडी), तामाङ, कामी, गुरुङ र मगर जातिहरुको वाहुल्यता रहेको पाइन्छ भने कुमाल, शेर्पा, दमाई, सार्की, कुलुङ, लिम्वुहरु सामान्य रहेको छ। त्यसैगरी भोटे, दशनामी, माझी, भुजेल, याक्खा, याम्फु, मारवाडी, थारु, खालिङ,


तालिका ५ : जातजाति विवरण

| जातजातिहरु | संख्या | प्रतिशत |
|---|---|---|
| ब्राह्मण, क्षेत्री : पहाडी | ८९७३ | २५.८४ |
| ब्राह्मण, क्षेत्री : तराई | ९६ | ०.२८ |
| आदिवासी जनजाति : पहाडी | २१३१४ | ६१.३८ |
| आदिवासी जनजाति : तराई | १२९ | ०.३७ |
| दलित : पहाडी | ३६०२ | १०.३७ |
| दलित : तराई | २७ | ०.०८ |
| मुस्लिम | ५ | ०.०१ |
| अन्य | ५८१ | १.६७ |
| जम्मा | ३४७२७ | १०० |

**श्रोत : नगरपालिका पार्श्वचित्र, २०७६**

घले, मुस्लिम, ल्होमी, ठाकुर, सुनुवार आदिहरु न्यून संख्या रहेको छ । नगरपालिका पार्श्वचित्र, २०७६ अनुसार आदिवासी जनजाति (करिव ६१.७५ प्रतिशत) र ब्राह्मण क्षेत्री (करिव २६.१२ प्रतिशत) दलित ( १०.४५ प्रतिशत) रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार ब्राह्मण र क्षेत्रीको २८ प्रतिशत, राई करिव १६.१५ प्रतिशत, नेवार ९.४ प्रतिशत, तामाङ ७.५८ प्रतिशत, कामी ७.२१ प्रतिशत, गुरुङ ६.५५ प्रतिशत र मगर ६.०५ प्रतिशत थियो भने कुमाल, शेर्पा, दमाई, सार्की, कुलुङ र लिम्वु क्रमशः ३.३४, २.७७, २.६६, १.८९। १.४६ र १.० प्रतिशत छ ।

**तालिका/ग्राफचित्र** : ६





श्रोत : नगरपालिका पार्श्वचित्र, २०७६

पालिकाको पार्श्वचित्र, २०७६ अनुसार खाँदवारी नगरपालिकामा हिन्दु, वौद्ध, किरात, इसाइ, मुस्लिम र जैन मार्गमा आस्था राख्नेहरुको वासेवास पाइन्छ । सवै धर्मालम्वीहरुको वसोवास रहेको यस क्षेत्रमा धार्मिक दृष्टिकोण अनुसार समाजमा आपसी सहिष्णुता र सदभाव पाइन्छ । संख्यात्मक हिसावमा हिन्दु धर्मालम्वी ७० प्रतिशत, वौद्ध धर्मालम्वी २० प्रतिशत, किरात धर्मालम्वी ७ प्रतिशत र इसाई २ प्रतिशत रहेको छ । मुस्लिम र जैन धर्ममा आस्था राख्नेहरु अत्यन्तै न्यून करिव ०.१ प्रतिशतमा रहेको छ । यस सम्वन्धी विस्तृत विवरण ग्राफचित्रमा उल्लेख गरिएको छ ।

## २.३ आर्थिक स्थिति :

यस नगरपालिकामा वसोवास गर्ने नागरिकहरुको मुख्य पेशा कृषि भएतापनि नोकरी, उद्योग, व्यवसाय, ज्यालादारी, वैदेशिक रोजगारी र गृहणीमा आवद्धता जनसंख्या क्रमशः वृद्धि भइरहेको पाइन्छ । नगर पार्श्वचित्र २०७६ अनुसार नगरपालिका भित्र वसोवास गर्ने आर्थिक रुपमा सकृय जनसंख्या मध्ये कृषि तथा पशुपंक्षी क्षेत्रमा करिव २७.३० प्रतिशत, नोकरीमा ८.९८ प्रतिशत (१९६८ जना) उद्योग तथा व्यापारमा १९१८ जना (८.७६ प्रतिशत), ज्याला मजदुरीमा १९७६ (९.०२ प्रतिशत), वैदेशिक रोजगारीमा १८०८ (८.२५ प्रतिशत) रहेको छ भने वाकी गृहिणी, कम वा वढि उमेर समुहका आश्रित रहेको छ ।

**तालिका/ग्राफचित्र ७**




श्रोत : नगरपालिका पार्श्वचित्र, २०७६


खाद्यन्न उत्पादनको हिसावले अन्नवाली (धान, मकै कोदो), दलहन (मास, मुसुरो) र तेलहन (तोरी) उत्पादन हुने गरेको छ । करिव ७ हजार मे.टन खाद्यान्न उत्पादन हुने तथ्याङ्क पालिकामा उपलव्ध छ । त्यसैगरी पालिका क्षेत्रभित्र वडा नम्वर १, ४ र ७ तरकारी पकेट क्षेत्र, वडा नम्वर १ मा सुन्तलाको पकेट

क्षेत्र, वडा नम्वर ४ र ५ मा सुन्तलाको व्लक क्षेत्र र मकालु अलैची जोन अन्तर्गत वडा नम्वर ४, १० र ११ मा अलैची खेती सञ्चालनमा रहेको छ ।

नगरपालिका पार्श्वचित्र, २०७६ अनुसार २१६९ घरपरिवारलाई ३ महिना वा सो भन्दा कम समयसम्म आफ्नै उत्पादनले खान पुग्ने अभिलेख छ भने १००९ घर परिवारलाई ४-६ महिना सम्म र १०१३ घरपरिवारलाई ७-९ महिना सम्म, १४५२ घरपरिवाललाई ९-१२ महिना सम्म र १२ महिना भन्दा वढी समय सम्म खानपुग्ने घर परिवार संख्या ११८२ अर्थात १५.९६ प्रतिशत रहेको छ । यस हिसाववाट करिव २९.२९ प्रतिशत घरपरिवार ३ महिना र १३.६२ प्रतिशत घरपरिवार ६ महिना सम्म कृषिमा आत्मनिर्भरता पाइन्छ ।

**तालिका/ग्राफचित्र ८**

**वार्षिक आय : घरधुरी संख्या**




श्रोत : नगरपालिका पार्श्वचित्र, २०७६

त्यसैगरी आय तर्फ वार्षिक रु.५० हजार भन्दा कम आम्दानी गर्ने घरपरिवार संख्या ५७९ अर्थात कूल घरधुरी संख्याको करिव ७.८२ प्रतिशत छ भने रु.१ लाख ५० हजार सम्म वार्षिक आय गर्ने घरधुरी संख्या १७५४ अर्थात २३.६८ प्रतिशत र रु.२ लाख ५० हजार सम्म वार्षिक आय गर्नेहरुको संख्या १५५४ अर्थात कूल घरधुरीको २०.८६ प्रतिशत छ । यसैगरी वार्षिक रु.५ लाख सम्म र सो भन्दा वढी आय गर्ने घरपरिवार संख्या क्रमशः २२३१ (३०.१२%) र १२९७ (१७.५१%) छ । यस सम्वन्धी विस्तृत विवरण ग्राफचित्रमा उल्लेख गरिएको छ ।

नगरपालिकाको पार्श्वचित्र २०७६ अनुसार आर्थिक रुपमा सकृय जनसंख्याको १८०८ जना अर्थात करिव ८.२५ प्रतिशत वैदेशिक रोजगारीमा रहेको छ । युवाहरुको रोजाइका प्रमुख गन्तव्यहरुमा मलेसिया, खाँडी मुलुक, दक्षिण कोरिया, जापान, अमेरीका, यूरोप, अष्ट्रेलिया लगायत भारत र अन्य मुलुकहरु रहेका छन् भने सवैभन्दा वढी करिव ४१.४८ प्रतिशत खाँडीमुलुक रहेको छ । दोश्रो गन्तव्यको रुपमा मलेसिया पर्दछ जहा संख्यात्मक हिसावले ४३७ जना अर्थात कूल रोजगारी करिव २४.१७ प्रतिशत रहेको छ । दक्षिण कोरिया र भारत पनि अर्को आकर्षक गन्तव्यमा पर्दछ जहा कूल वैदेशिक रोजगारीको क्रमशः ३.३२ र २.९३ प्रतिशत जाने गरेको देखिन्छ । यस वाहेक विकसित राष्ट्रहरुमा जापान, अमेरिका, यूरोप र अष्ट्रेलियामा युवाहरु विभिन्न उद्देश्यले पुगेका छन् । उपरोक्त क्षेत्रवाट प्राप्त भएको विप्रेषण तथ्याङ्क यकिन हुन सकेको छैन । प्रतिव्यक्ति रु.२५ हजारका दरले वार्षिक विप्रेषण रकम रु.५४ करोड २४ लाख प्राप्त हुन सक्ने अनुमान गर्न सकिन्छ ।

- **कृषि तथा पशुपालन :**

खाँदवारी नगरपालिका पार्श्वचित्र अनुसार कृषिमा प्रत्यक्ष आवद्ध हुनेहरु जनसंख्या अधिक छ । यसमा गृहणी, ज्यालादारी, वेरोजगारी, पेन्सन लगायतको संख्या समेत गणना गर्दा कृषि पेशामा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा आवद्ध हुने जनसंख्या करिव १५९९६ जना हुन सक्छन् । कृषि खेती हुँदै आएको जमिन

करिव ७४.६१ वर्ग किलोमिटर अर्थात कूल क्षेत्रफलको करिव ६०.७७ प्रतिशत छ (श्रोतः नापी विभाग, २०४४)।

पालिका क्षेत्रभित्र कृषि भूमि ७४.७१ वर्ग किमि अर्थात कूल क्षेत्रफलको करिव ६०.७६ प्रतिशत छ। सो मध्ये खेती हुँदै आएको भूमि करिव १११२६८ रोपनी अर्थात ५५६३.४ हेक्टर छ। उपरोक्त सवै क्षेत्रमा सिंचाइ सेवा उपलव्ध छैन। पालिकाको पार्श्वचित्र अनुसार १४२५७ रोपनी भूमिमा मात्रै नियमित सिंचाइ सेवा वाह्रै महिना उपलव्ध छ भने आंशिक तथा वर्षे सिंचाइवाट कति रोपनी खेतीयोग्य भूमिका सिंचाइ हुन सक्छ सोवारे यकिन तथ्याङ्क उपलव्ध छैन।

नगरपालिकाको पार्श्वचित्र, २०७६ अनुसार पालिक क्षेत्रभित्र करिव २३९१४६८ रोपनी अर्थात ११९५५७३.४ हेक्टर क्षेत्रफलमा अन्नवाली उत्पादन हुन्छ। त्यसमा धान, मकै, गहुँ गरी कूल ७७७३.५ मे.टन उत्पादन हुने गरेको र त्यसको करिव ३९.५३ प्रतिशत अर्थात करिव २६७७.८ मे.टन विक्री वितरण हुने गरेको छ। त्यसैगरी दलहन करिव १६९ मे.टन उत्पादनमा करिव ४६.८ मे.टन विक्री हुने गरेको र सवैभन्दा न्यून उत्पादन तेलहन (तोरी) को छ करिव ४.४ मे. टन। पालिका क्षेत्रभित्र करिव १३०६.७ हेक्टर भूमिमा तरकारी उत्पादन हुँदै आएको छ। सो भूमिमा करिव ४१७.९ मे.टन वार्षिक तरकारी उत्पादन हुने र त्यसको करिव सतप्रतिशत अर्थात ४१५.२ मे.टन विक्री हुने गरेको पाइन्छ। पालिकावाट करिव करिव ११४.१ मे.टन फलफुल वाार्षिक विक्री वितरण भएको पाइन्छ। यसको वार्षिक उत्पादन करिव १९५.६ मे.टन रहेको अभिलेख पालिकाको पार्श्वचित्रमा उल्लेख छ। भेडावाखा, सुगुर, राँगाभैसी, कुखुरा गरी करिव ६७४१७ वटा पशुपंक्षीहरुवाट वार्षिक मासु पालिका क्षेत्रभित्र करिव २०८१ मे.टन उत्पादन हुने गरेको पाइन्छ। यसैगरी गाई भैसीवाट करिव ३ लाख ५० लिटर दुध उत्पादन वार्षिक हुने गरेको छ। पालिका क्षेत्रभित्रवाट विक्री हुने प्रमुख उत्पादनहरुमा नगदेवालीको अवस्था दोश्रो स्थानमा छ। यस अन्तर्गत मुख्य रुपमा अलैची, चिया र अम्रिसो पर्दछ। माछापालन पालिका क्षेत्रभित्र करिव १५ वटा पोखरीहरु छन्। त्यस्ता पोखरीहरुवाट वार्षिक २१० क्वीण्टल माछा उत्पादन एवम् विक्री वितरण हुने गर्दछ। पशुपंक्षीहरुको पालन तथा विक्री वितरणवाट मात्रै कृषकहरुलाई करिव रु.३९ करोड ३८ लाख २१ हजार आर्जन भएको देखिन्छ। पालिएका पशुपंक्षी विक्री गर्ने घरधुरी करिव ४४.९५ प्रतिशत छ।

**तालिका/ग्राफचित्र ९**
**कृषि उपजहरुको उत्पादन तथा विक्री परिमाण**

| कृषि उपजहरु | उत्पादन क्षेत्रफल (हेक्टर) | उत्पादन परिमाण (मे.टन) | विक्री परिमाण (मे.टन) |
|---|---|---|---|
| अन्नवाली | ११९५७३.४ | ६७७३.५ | २६७७.८ |
| दलहन | ५५८.१५ | १६९.१ | ४६.८ |
| तेलहन | ३७.५ | ४.४ | ०.२ |
| तरकारी | १३०६.७ | ४१७.९ | ४१५.२ |
| फलफुल | २८२८.६ | १९५.६ | ११४.१ |
| नगदेवाली | ३४१४.९५ | ११२२.३ | १३६० |
| माछा | १२१.७५ | ६६२.४ | ६६२.४ |
| मह | - | ३.००६ | ३.००६ |
| मासु | - | २०८१.०९ | - |
| जम्मा | - | ११४२९.२९ | ५२७९.५० |
| दुध : लिटर | - | ८१५३ | - |
| कूल उत्पादनको विक्री परिमाण (%) | | | ४६.८९ |

श्रोत : नगरपालिकाको पार्श्वचित्र, २०७६

**➧ उद्योग व्यवसाय एवम् वित्तीय सेवा :**

नगरपालिका क्षेत्रभित्र भएका उद्योग व्यवसाय तथा व्यापारहरुको यकिन संख्या पालिका पार्श्वचित्र, २०७६ मा उल्लेख छैन । सामान्यतय, खाँदवारी नगरपालिका सङ्खुवासभा जिल्लाको सदरमुकाम समेत भएकोले पालिका क्षेत्रमा साना ठूला उद्योग व्यवसायहरु सञ्चालनमा छन । त्यस्ता उद्योग व्यवसायहरुमा चिया उद्योग, दुध चिस्यान, ढाका उद्योग, नेपाली कागज उद्योग, लोक्ता कपडा, कुटानी पिसानी, गाई फर्म, वङ्गुर फर्म, कुखुरा फर्म, फर्निचर उद्योग, च्याउ उद्योग, मौरीपालन, होटेल, खुद्रा व्यापार, सुनचाँदी व्यवसाय, फलाम आइरन, दुध डेरी उद्योगहरु पर्दटन् ।

तालिका/ग्राफचित्र १०
उद्योग व्यवसायको विवरण

| | | | |
|---|---|---|---|
| व्यवसायको कूल संख्या | १९१३ | दर्ता भएको व्यवसाय | ११६५ |
| जनशक्तिको आवद्धता | ६५९७ | दर्ता नर्भएको व्यवसाय | ७४८ |
| कृषि, वन, माछा पालन | ६३ | यातायात, सञ्चार.... | १२ |
| उत्पादनमूलक | २०८ | वित्तीय सम्वन्धी ..... | ३९ |
| होटेल रेष्टुरेष्ट | ३३१ | शिक्षा | ७७ |
| थोक तथा खुद्रा व्यापार | ९७० | स्वास्थ्य, सामाजिक कार्य | ६८ |
| विजुली, ग्यास, पानी, निर्माण.... | ११ | रियलस्टेट मनोरन्जन ..... | १३४ |

श्रोत : राष्ट्रिय आर्थिक सर्भेक्षण, २०७५

राष्ट्रिय औधोगिक सर्भेक्षण २०१८ अनुसार खाँदवारी नगरपालिकामा कूल १९१३ वटा उद्योग व्यवसाय सञ्चालनमा रहेको तथ्याङ्क छ । त्यस्ता उद्योग व्यवसायहरुमा कृषि, वन तथा माछापालनसँग सम्वन्धित ६३ वटा, उत्पादनसँग सम्वन्धित २०८ वटा, खानी, विजुली, निर्माण तथा पानी आपूर्तिसँग सम्वन्धित ११ वटा, थोक तथा खुद्रा व्यापारसँग सम्वन्धित ९७० वटा, यातायात, सञ्चार तथा स्टोरेजसँग सम्वन्धित १२ वटा, होटेल रेष्टुरेष्टसँग सम्वन्धित ३३१ वटा, वैंक तथा वित्तसँग सम्वन्धित ३९ वटा, शिक्षासँग सम्वन्धित ७७ वटा, स्वास्थ्य तथा सामाजिक कार्यसँग सम्वन्धित ६८ वटा र जग्गा खरिदविक्री तथा मनोरन्जनसँग सम्वन्धित १३४ वटा छन् । सञ्चालित उद्योग व्यवसायहरुवाट ६५९७ जनालाई रोजगारीता प्रदान भएको छ । कूल रोजगारीमा महिला रोजगारी ३८.४ प्रतिशत र पुरुष रोजगारी करिव ६१.६ प्रतिशत छ । उद्योग व्यवसायको संख्यात्मक हिसावमा सवैभन्दा वढी थोक तथा खुद्रा व्यवसाय र त्यसपछि क्रमश: होटेल रेष्टुरेण्ट र उत्पादनमूलक उद्योग छन् । रोजगारी श्रृजना गर्ने व्यवसायहरुमा पनि थोक तथा खुद्रा व्यवसायकै अग्रता देखिन्छ भने यसपछि क्रमश: शिक्षा, होटेल रेष्टुरेण्ट र उत्पादनमूलक उद्योगहरु  पर्दछन् । यसरी सञ्चालित उद्योग व्यवसायहरुमा करिव ३९.१ प्रतिशत व्यवसायहरु सम्वन्धित निकायमा दर्ता नभई सञ्चालनमा छन् ।

**हाटवजार** : पशुपंक्षी, कृषि तथा खाद्यजन्य वस्तुहरु, स्थानीय उत्पादन, जडीवुटी लगायतका वस्तुहरुको वजार प्रवर्द्धन गर्ने उद्देश्यले पालिका क्षेत्रभित्रका विभिन्न ४ स्थानहरुमा हाटवजारहरु सञ्चालनमा रहेको छ । नगरपालिकाको वडा नम्वर १ को टुडिखेल हाटवजार वुधवार र शुक्रवार, वडा नम्वर ३ को मानेभञ्ज्याङ्गमा शनिवार, वडा नम्वर ९ को तुम्लिङटार र चन्दनपुरमा शुक्रवार हाटवजार लाग्ने गर्दछ । यसवाट स्थानीय उत्पादनहरुको वजार विकास एवम् प्रवर्द्धन खासगरी फलफुल, तरकारी, आलु लगायत स्थानीय कृषि उपज, जडीवुटीहरु ठूलो सहयोग पुगेको छ ।

**➧ आयात निर्यात :**

पालिका क्षेत्र भित्र आउने आयात र पालिका क्षेत्रवाट वाहिरिने निर्यातको सम्वन्धी अभिलेख तथा तथ्याङ्क उपलव्ध छैन । सामान्यत, पालिका क्षेत्रभित्र दिनहुँ प्रयोग तथा उपभोग्य वस्तुहरुको आयात ठूलो परिमाण भित्रिने गरेको छ भने निर्याततर्फ रुद्राक्ष, अलैची, अम्रिसो, अकवरे खुर्सानी, अल्लो तथा ढाका कपडा, हाते कागज जस्ता वस्तुहरुको निकासी हुँदै आएको छ । अनुपातको हिसावले आयात निर्यातको अनुपात करिव ४:१ भएको अनुमान छ ।

**➧ पर्यटन विकास** :

आदिवासी जनजातीहरुको वाहुल्य रहेको यस क्षेत्रमा धार्मिक, साँस्कृतिक र प्राकृतिक पर्यटनका सम्भावनाहरु छन । करिव ४० भन्दा वढी पर्यटकीय महत्व वोकेका स्थानहरु पालिका क्षेत्रभित्र छन । त्यस्ता क्षेत्रहरुको अवलोकन गर्न वार्षिक स्वदेशी तथा विदेशी गरी ५ लाख ३५ हजार भन्दा वढी पर्यटकहरु आउने गरेको अभिलेख पालिकाको पार्श्वचित्रमा उल्लेख छ । मनकामना मन्दिर, मनकामना छत्रशीला, श्रीहरी गुरुकूल यसका प्रमुख आकर्षणहरु हुन । हिन्दु धर्मालम्वीहरुको आस्थाको केन्द्र मनकामना देवीमाताको दर्शन तथा पूजाआजा गर्न देश विदेशवाट तीर्थालुहरु आउने गर्दछन् । यस क्षेत्रसम्म आइपुग्न हवाइ मार्ग र स्थल मार्ग दुवै प्रकारका सेवाहरु सञ्चालनमा छन् । त्यसैगरी पालिका क्षेत्रभित्रका विभिन्न स्थानहरुमा धार्मिक, सांस्कृतिक आस्थाका आधारमा मन्दिर, गुम्वा एवम् अन्य धार्मिक स्थानहरु पर्याप्त छन् भने पार्क र गुफाहरु पनि उल्लेख्य छन् ।

## २.४ सामाजिक स्थिति

**➧ शिक्षा एवम् साक्षरता** :

| तालिका ११ : शिक्षा अवस्था | |
|---|---|
| साक्षरता | ९५.६४ |
| निरक्षरता | ४.३६ |
| विद्यालय संख्या (सामुदायिक) | ४० |
| शिक्षक संख्या (सामुदायिक) | २४७ |
| विद्यार्थी संख्या (सामुदायिक) | ५७६९ |
| शिक्षक र विद्यार्थी अनुपात | १:२३.३ |

श्रोत : नगरपालिका पार्श्वचित्र, २०७५

खाँदवारी नगरपालिकाको अभिलेख अनुसार ५ वर्ष माथिका जनसंख्याको साक्षरता दर करिव ९५.६४ र निरक्षरता दर ४.३६ प्रतिशत रहेको छ । नगरपालिका पार्श्वचित्र, २०७६ अनुसार ६-५९ वर्ष उमेर समूहको साक्षरता दर करिव ८८.९८ प्रतिशत छ । नगरपालिका क्षेत्रमा सामुदायिक विद्यालयहरुको संख्या ४० वटा सञ्चालनमा छन् भने २४७ जना शिक्षकहरुवाट करिव ८४६२ जना छात्रछात्राहरुले अध्ययन गरिरहेका छन् । संस्थागत विद्यालयतर्फ १६ वटा बिद्यालय सञ्चालनमा छन् र करिव ४४८२ जना छात्रछात्रा अध्ययनरत छन् । ४१ वटा वालविकास केन्द्र सञ्चालनमा छन् भने उच्च शिक्षाको लागि २ वटा सामुदायिक क्याम्पसहरु र प्राविधिक शिक्षाका लागि सीटीभीटीइवाट सम्वन्धन प्राप्त शिक्षालय १ वटा छ, जसमा १८ महिने जेटीए र ३ वर्षे डीप्लोमा (कृषि) तर्फ अध्ययपन हुने गरेको छ । पूर्वाधारको हिसावमा सामुदायिक विद्यालयहरु अझै पनि कमजोर देखिन्छन । विद्यालयहरुमा खानेपानीको व्यवस्था, घेरावार, पक्की भवन,

शौचालय लगायतका पूर्वाधारहरु र पुस्तकालय, विज्ञान प्रयोगशाला, आइसिटि जडान, विषयगत तथा कक्षागत शिक्षकहरु एवम् शैक्षिक सामाग्रीहरु अप्रयाप्त छ ।

- **स्वास्थ्य :**

| तालिका १२ : स्वास्थ्य अवस्था | |
|---|---|
| शिशु मृत्यु (प्रति हजारमा) | ३१ जना++ |
| बाल मृत्यु (प्रति हजारमा) | ४ जना+++ |
| मातृ मृत्यु (प्रति लाखमा) | १+++ |
| औषत प्रजनन दर | २.०+ |
| औषत आयु (वर्ष) | ७०.०+++ |

श्रोत :
+ आर्थिक सर्वेक्षण, २०७६/७७
++ प्रथम आवधिक योजना प्रदेश नं.१
+++ पालिकाको अभिलेख

नगरपालिका क्षेत्रभित्र जिल्ला स्तरीय अस्पताल, आयुर्वेदिक अस्पताल, स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु गरी ११ वटा स्वास्थ्य संस्थाहरु क्रियाशील छन् । यसको साथै गाउँघर क्लिनिकहरुवाट पनि पालिका क्षेत्रभित्रका विभिन्न स्थानहरुवाट स्थानीयहरुलाई स्वास्थ्य सेवाहरु उपलव्ध हुँदै आएको छ । पालिकाका सवै वडाहरुमा आधारभूत स्वास्थ्य सेवा उपलव्ध छ । तुम्लिङटार स्वास्थ्य चौकीमा प्रयोगशालाको समेत व्यवस्था छ । स्वास्थ्य संस्थाहरुमा जनशक्ति दरवन्दी अनुसार परिपूर्ति हुनसकेको छैन र सँगठन तथा व्यवस्थापन सर्भेका आधारमा पनि जनशक्ति आपूर्ति भएको छैन । स्वास्थ्य चौकीहरु अहेव र अनमिहरुको सहयोगमा सञ्चालित छन् । जिल्ला अस्पताल वाहेकका स्वास्थ्य संस्थाहरुमा दक्ष र विशेषज्ञहरुको सेवा अभाव छ । नगरपालिका पार्श्वचित्र, २०७६ अनुसार वालवालिकाहरुलाई सवै प्रकारका खोपहरु वीसीजी, पेण्टाभ्यालेण्ट, पोलीयो, दादुरा रुवेला र जापानी इन्सेफलाइटिस लाभान्वित छन् । तर स्वास्थ्य संस्थाहरुमा आई प्रसुति सेवा लिनेहरुको संख्या न्यून छ । नगरपालिका पार्श्वचित्र, २०७६ अनुसार शुरुको पहिलो टीटी लिनेहरु २४१ जना थिए । दोश्रो टीटी लिने आउनेहरु संख्या १४९ जनामा झर्‍यो । ४ पटक सम्म गर्भावस्थाको जाँच गर्नेहरु अझै घटेर १२२ जना र प्रसुति गर्न आउनेहरु जम्मा १०३ जना मात्रै रहेको छ । स्वास्थ्य संस्थामा प्रसुति गर्ने अभ्यास अझै विकास हुन सकेको देखिदैन । नगरपालिकाको सर्भे अनुसार २ जनाको मृतजन्म भएको र ३ जना शिशुको मृत्यु २८ दिन भित्र भएको अभिलेख छ । पालिका क्षेत्रभित्रको मुख्य रोगहरुमा निमोनिया, झाडापखला, क्षयरोग, रक्तचाप, ग्याष्ट्रिक, महुमेह, दम तथा स्वासप्रस्वास र प्रसुतिजन्य हुन । करिव ३९२१ जना यिनै रोगहरुवाट ग्रसित छन् । नगरपालिकाको पार्श्वचित्र, २०७६ अनुसार करिव ३८.९१ प्रतिशत घरधुरीहरुलाई नजिकको स्वास्थ्य संस्थामा पुग्न करिव ३० मिनेट लाग्छ । अभिलेख अनुसार वाल मृत्युदर प्रति हजारमा ४ जना, मातृ मृत्युदर प्रतिलाखमा १ जना र औषत आयु (जन्म हुँदाको समय) ७० वर्ष रहेको छ । राष्ट्रिय औषत प्रजनन दर २ जना र प्रदेश नम्वर १ को शिशु मृत्युदर (प्रति हजारमा) ३१ रहेको छ । यस सम्वन्धी विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

- **खानेपानी तथा सरसफाई :**

नगरपालिकाको पार्श्वचित्र, २०७६ अनुसार करिव ६० प्रतिशत घरधुरीमा मात्र खानेपानी सेवा पुगेको देखिन्छ । पाइपधारा पुगेका घरधुरीहरु २३०७ (३१.१५ प्रतिशत), सार्वजनिक पाइपधारावाट लाभान्वित घरधुरीहरु १८६२ (२५.१४ प्रतिशत), डिप वोरिङ, ट्युववेल तथा ढाकिएको कुवाको पानी उपभोग गर्ने घरधुरी ७२ (०.९७ प्रतिशत), मुलको पानी प्रयोग गर्ने घरधुरी २९२७ (३९.५२ प्रतिशत) र खोलानदीको

पानी उपभोग गर्ने घरधुरी १३४ (१.८० प्रतिशत) रहेको छ । खानेपानीका लागि जलाशयहरुको उपलव्धता पर्याप्त छैन । वडा नम्वर ४ को पाङ्मा खोला, वडा नम्वर ५ को माल्टा खोला, वडा नम्वर २ को च्यालेवेसी खोला र वडा नम्वर ८ को दोभानटारको खोला नै प्रमुख जलाधारहरु हुन । यसको साथै पालिकाको पश्चिम तर्फबाट वग्ने अरुण नदी यसको एक प्रमुख जलाधारको रुपमा लिन सकिन्छ ।

नगरपालिकाको पार्श्वचित्र, २०७६ अनुसार स्वच्छ शौचालय भएका घरधुरी ३३२६ (४४.९० प्रतिशत), खाल्डे शौचालय भएका घरधुरी ३९५० (५३.३३ प्रतिशत) छन् भने शौचालय नभएका ३० तथा उपलव्ध नभएका घरधुरी १३० (१.७६ प्रतिशत) छन् । वजार क्षेत्रमा एक वटा सार्वजनिक शौचालयको व्यवस्था गरिएको छ भने फोहोर सङ्कलनका लागि विभिन्न क्षेत्रहरुमा डष्टिपिनहरुको व्यवस्था गरिएको छ । नगरपालिकाकै स्वामित्वमा करिव ७० रोपनी जग्गा फोहोरमैला थुपार्ने प्रयोजनका लागि प्रयोग भै रहेको ल्याण्डफिल्ड क्षेत्र छ तर श्रोतमा पृथकिकरणको अभ्यास शुरु भएको छैन ।

### ➧ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) :

नगरसभामा महिला प्रतिनिधिहरुको उपस्थिति करिव ४२.११ प्रतिशत रहेको छ । यसरी प्रतिनिधित्व गर्ने जनजाति तथा दलित महिलाहरुमा विश्वकर्मा, वराइली, कुमाल, नेपाली, घले, राई, गुरुङ, तामाङ, र मगर पर्दछन् । कार्यपालिका अन्तर्गत वनेका समिति तथा उपसमितिहरुमा महिलाहरुको प्रतिनिधित्व छ । पालिका क्षेत्रभित्र विभिन्न क्षेत्रमा आमा समूह क्रियाशील छन् । यिनीहरुको संख्या ५० वटा छन् र यसमा आवद्धता २९१ जना महिलाको छ । नगरपालिकाको निर्माण सम्वन्धी कार्यमा गठन हुने उपभोक्ता समिति यसका साथै ५८ वटा कृषक समूह, ४९ वटा सामुदायिक वन उपभोक्ता समिति, ३९वटा सहकारी संस्था, २१० वटा टोल विकास संस्थाहरु छन र तिनमा पनि महिलाहरुको उपस्थिति वाक्लै छ । नगर कार्यपालिका तर्फ कार्यरत महिला कर्मचारीहरुको संख्या न्यून करिव १८.७५ प्रतिशत छ । त्यसैगरी महिला सशक्तीकरणका लागि लैङ्गिक हिंसा निवारण कोष र एकल महिला सुरक्षा कोष स्थापना गरिएको छ । एकल महिला सशक्तीकरण तथा उद्यम सञ्चालन कार्यक्रम र सीप अभिवृद्धि तालिम कार्यक्रमहरु पनि सञ्चालनमा छन् ।

अपाङ्गता भएकाहरुको प्रतिनिधित्व नगरपालिकाको विभिन्न संरचनाहरुमा न्यून उपस्थिति छ । यिनीहरुको कूल संख्या ६६४ (१.९१ प्रतिशत) छ । यस अन्तर्गत शारीरिक, वौद्धिक, दृष्टिविहिन, वहिरा, वोल्न नसक्ने, सुस्त श्रवण र सुस्त मनस्थिति पर्दछन् । वालवालिकाहरुको प्रतिनिधित्व विभिन्न क्षेत्रमा भएपनि २० वर्ष अघि नै वालविवाह गर्ने अभ्यासमा नियन्त्रण हुनसकेको छैन । नगरपालिका पार्श्वचित्र, २०७६ अनुसार करिव ६०० (कूल जनसंख्याको १.७२ प्रतिशत) जनाको विवाह आफ्नो उमेरको २० वर्ष अघि नै भइसकेको अभिलेख छ । यसमा किशोर भन्दा संख्या भन्दा किशोरीको संख्या अधिक छ । यसैगरी वहुविवाह गर्नेहरुको संख्या ४८४ (कूल जनसंख्याको १.३९ प्रतिशत) भएको अभिलेख पालिकामा छ ।

वृद्ध भत्ता, विद्यवा भत्ता, एकल महिला भत्ता, अपाङ्गता भत्ता, पोषण भत्ता, लोपोन्मुख भत्ता जस्ता सामाजिक सुरक्षा कार्यक्रमवाट ज्येष्ठ नागरिक, दलित, एकल महिला, दलित वालवालिकाहरु लाभान्वित छन् । २०७८/७९ मा यसरी भत्ता सुविधा लिनेहरुमा ज्येष्ठ नागरिक १६०५ जना, एकल महिला ६९७,

दलित वर्ग २०१, अपाङ्गता भएका १७५, वालवालिका ३१० जना, लोपोन्मुख १ जना र २५० सुत्केरी महिला लाभान्वित छन् ।

## २.५ भौतिक पूर्वाधार

### सडक, यातायात सञ्जाल :

नगरपालिका पार्श्वचित्र, २०७६ अनुसार पालिका भित्र विभिन्न क्षेत्रमा गरी ४८ वटा सडक खण्डहरु निर्माण भएका छन् । निर्मित कूल सडकको लम्वाइ कूल ४६७ किमि रहेको छ । जसमा कालोपत्रे सडकको लम्वाइ १९ किमि, ग्राभेल सडकको लम्वाइ ५५ किमि र वाँकी सडकहरु धुले अर्थात कच्ची अवस्थामा छन । अधिकांश वस्तीहरु सडक सञ्जालमा जोडिएका छन् ।

तालिका/ग्राफचित्र : १३
यातायात पूर्वाधार सम्बन्धी विवरण

| क.सं. | विवरण | एकाई | लम्वाइ |
|---|---|---|---|
| १ | पिच सडक | कि.मि. | १९ |
| २ | ग्राभेल सडक | कि.मि. | ५५ |
| ३ | ढलान सडक | किमि | ८ |
| ३ | धुले सडक | कि.मि. | ३८५ |
| ४ | सडकले जोडिन बांकी वस्ती | संख्या | २ |
| ५ | नियमित सञ्चालन हुने सडक सम्म पुग्न लाग्ने समय ( अधिकतम) | घण्टा | …… |

खाँदवारी नगरपालिका चिचिला, सभापोखरी, चैनपुर, पाचखप्पन लगायत ७ वटा पालिकाहरुसँग सडक सञ्जालवाट जोडिएको छ । वसन्तपुर-चैनपुर-खाँदवारी-किमाथाङ्का सडक तथा कोशी राजमार्ग खाँदवारी नगरपालिकाको एक प्रमुख एवम् पर्याप्त सम्भावना वोकेको सडक मार्ग पर्दछ । यसले पालिकाको वडा नम्वर ९, ८, १, ७, ३ र ४ को वीच भाग हुँदै चिचिला, मकालु र भोटखोला गाउँपालिकाहुँदै किमाथाङ्का चीनसँग जोडिएको छ । किमाथाङ्का व्यापारिक नाकाको रुपमा विकसित हुँदै गइरहेको छ । त्यसैगरी खाँदवारी-चैनपुर, तुम्लिङटार-वाना, खाँदवारी-धुपु-वाह्रवीसे-चैनपुर, र खाँदवारी-लेगुवाघाट-हिले सडक (कोशी राजमार्ग) ले खाँदवारीको पूर्वतर्फ, हेलुवावेसी-कुलुङ मार्ग, चन्दनपुर-वाल्वानी मार्ग, मनकामना दिङ्गला सडक मार्ग (हाल अरुण नदीमा गाडी तार्न फेरी सञ्चालनमा) ले पश्चिमतर्फ भोजपुरसँग र उत्तरतर्फको चिचिलासँग सडक सञ्जाल स्थापित छ । सभाखोला दोभान देखि छ्याङ्कुटी सम्म करिव ३३ किलोमिटर सडक खण्ड कोशी राजमार्गले पालिकाको दक्षिण देखि उत्तर सम्मको क्षेत्रलाई जोडेको छ ।

खाँदवारी नगरपालिका हवाइ मार्गवाट पनि जोडिएको छ । वडा नम्वर ९ को तुम्लिङटारमा १४०० मिटर लामो कालोपत्रे धावन मार्ग सहितको विमानस्थल सञ्चालनमा छ । वुद्ध, यती, गोमा र तारा एयरलाइन्सले काठमाडौ र विराटनगरवाट उडान भर्दै आएका छन् । विमानसेवाहरुले मौसमका आधारमा दिनहुँ २ वा सो भन्दा वढी उडानहरु भर्ने गर्दछन् ।

### विद्युतीकरण :

नगरपालिका पार्श्वचित्र, २०७६ अनुसार करिव ९०.६४ प्रतिशत घरधुरीमा राष्ट्रिय प्रसारण विद्युत लाइन पुगेको छ । करिव ४.१२ प्रतिशत घरधुरी स्थानीय स्तरमा उत्पादित लघु विद्युतवाट लाभान्वित छन् भने सौर्य ऊर्जा उपभोग गर्ने घरधुरी करिव १.२ प्रतिशत छन् । १०३ अर्थात १.४ प्रतिशत घरधुरीहरुले

अझैपनि मट्टितेल र ३ घरधुरीले वायोग्याँस प्रयोगमा ल्याएका छन् । तुलनात्मक रुपमा मट्टिलेत प्रयोग गर्नेहरुमा वडा नम्वर ५ र ६ का स्थानीयहरु हुन र सौर्य ऊर्जा वढी प्रयोग गर्नेहरुमा वडा नम्वर १० र ११ मा छन् । त्यसैगरी लघु जलविद्युतवाट लाभान्वित हुनेहरुमा वडा नम्वर ७ का २५२ घरधुरीहरु छन् ।

- **सञ्चार सेवा :**

नगरपालिका पार्श्वचित्र, २०७६ अनुसार अधिकांश घरहरुमा सञ्चारका कुनै एक साधनको उपलव्धता पाइन्छ । करिव १.३५ प्रतिशत अर्थात २४५ घरपरिवारमा रेडियो, टेलिभिजन, मोवाइल तथा टेलिफोन लगायतका कुनै पनि सञ्चारका साधनहरु नपुगेको अभिलेख नगरपालिका पार्श्वचित्रमा उल्लेख छ । वडागत रुपमा सञ्चारका साधनहरु वढी प्रयोग गर्नेहरुमा वडा नम्वर १ अग्रस्थानमा पर्दछ भने यसपछिको वडाहरुमा ९, ३ र ७ पर्दछन् भने सञ्चार सेवा न्यून उपयोग गर्ने वडाहरुमा वडा नम्वर ५,११ र ६ पर्दछ ।

- **सिंचाइ सेवा :**

नगरपालिका पार्श्वचित्र, २०७६ अनुसार पालिका क्षेत्रभित्र कूल १२९९९६ रोपनी (६५.११ वर्ग किमि) मध्ये १११२६८ रोपनी (५५.७३ वर्ग किमि) भूमिमा खेती हुँदै आएको छ । वाह्र महिना सिंचाइ भएको भूमि १४२५७ रोपनी (७.१४ वर्ग किमि) र वाझो भूमि ४४७१ रोपनी (२.२४ वर्ग किमि) छ । पाङ्मा खोला, योगीडाँडापाठा माल्टा सिंचाइ, खिपिङपार मुहान, ज्यालेवेशी सिंचाइ, हङ्चुवा खोला सिंचाइ, नेवारगाउँ सोलार लिफ्ट, वोहराटार लिफ्ट, गिद्दे सोलार, आहाले फेहेर, काभरे फेहेर, शिरिषे फेहेर, पञ्चकन्या स्प्रिङकल, पाङ्मा फेहेर, टाटनेवेशी साना सिंचाइ, पौवावोटे खोल्सा सिंचाइ र ठूलाताल साना सिंचाइ गरी १६ वटा जलाधारवाट सतह कूलो सिंचाइ भएको छ । यसवाट ६२४ घरधुरीहरु प्रत्यक्ष रुपमा लाभान्वित छन् ।

## २.६ बन वातावरण तथा विपद्

पालिकाको पार्श्वचित्र, २०७६ अनुसार नगरपालिकाको कूल भूमिको करिव २१.९९ प्रतिशत अर्थात २७.० वर्ग किमि जमिन वन क्षेत्रले ओगटेको छ । यसमा झाडी क्षेत्रलाई समेत जोड्दा यो करिव ३३.२९ प्रतिशत हुन आउछ । झाडी क्षेत्रले कूल भूमिको १३.८८ वर्ग किमि ओगटेको छ । पालिका क्षेत्रभित्र क्रियाशील ५१ वटा सामुदायिक वन उपभोक्ता समितिहरुकमा करिव ५४३१ घरधुरीहरु आवद्ध छन् । सामुदायिक वनले करिव ३५३९.२५१ हेक्टर भूमि ओगटेको छ र यसवाट करिव ९५२५८.८५ क्यूफिट काठ र ४२१३०५ भारी दाउरा उत्पादन हुने गर्दछ ।

अरुण नदी, पाङ्मा खोला, माल्टा खोला, चेवावेसी र रयालेवेसी यस पालिकाको जलाधार क्षेत्रहरु हुन । यसवाट सिंचाइ, लघु जलविद्युत र खानेपानी आपूर्ति हुँदै आएको छ । पालिकाको वडा नम्वर ४ मा पोखरी, वडा नम्वर ११ मा झरना र वडा नम्वर १ देखि ५ सम्मका विभिन्न स्थानहरुमा पार्क निर्माण भएका छन् । यसैगरी समशितोष्ण प्रदेशमा पाइने जीवजन्तु तथा वनस्पतिहरु यस क्षेत्रमा पाइन्छ । चिउरी, तितेपाति, अलैची, असुरो अम्रिसो, अमला, आरु, गुल्लर र अम्वा यसक्षेत्रमा पाइने प्रमुख

फलफुल तथा जडीवुटीहरु हुन । यसका अलावा पालिका क्षेत्रभित्र केही स्थानहरु जोखिम तथा संवेदनशील क्षेत्रहरु पनि छन् । खासगरी वाढी पहिरो, नदी किटान र अति भिरालोका कारण उपरोक्त क्षेत्रहरु वढी सम्वेदनशील छन् । वडा नम्वर ११ को सिम्ले, वडा नम्वर १० को चन्दनपुर ठकुरी गाउँ, वडा नम्वर ७ को नयाँवजार प्रशासन क्षेत्र, वडा नम्वर ३ को मानेभन्ज्याङ वजारको पश्चिम क्षेत्र, वडा नम्वर २ को चेवा र वडा नम्वर १ को खोरण्डे सुनडाँडा क्षेत्रहर वाढी, पहिरो, नदी कटान र अति भिरालोका कारण संवेदनशील छन् ।

फोहोरमैला व्यवस्थापनका लागि पालिका भित्र विविध प्रक्रियाहरु अवलम्वनहरु भएका छन् । त्यस्ता विधिहरुमा घर घरमा फोहोर सङ्कलन गर्ने, खोल्सीहरुमा फोहोर फाल्ने, निर्धारित क्षेत्रमा फोहोर थुपार्ने, वजार क्षेत्रमा डष्टपिनहरु राख्ने, आफ्नै घरकम्पाउण्ड भित्र राख्ने र कम्पोष्टमल उत्पादन गर्ने पर्दछन् । वजार क्षेत्रमा फोहोरलाई श्रोतमै वर्गीकरण गरी सोही अनुसारको रङ्ग भएको डष्टपिनमा फोहोर राख्ने असल अभ्यासको थालनी पाइन्छ । तापनि यसको प्रभावकारी व्यवस्थापन हुन सकेको छैन ।

## २.७ सुशासन र संस्थागत बिकास

पालिकाका निर्वाचित जनप्रतिनिधिहरु सक्रिय छन् । नगरसभामा ५९ जना जनप्रतिनिधिहरु छन् । यस अन्तर्गत विभिन्न समिति तथा उपसमिति गठन गरी आपसी समन्वयकासाथ स्थानीय तहको सरकारको अभ्यास भएको छ । नगर कार्यपालिका अन्तर्गत विभिन्न शाखा उपशाखा, एवम् वडा कार्यालयहरु गरी कूल १३८ जना कर्मचारीहरु कार्यरत छन् । सँगठनात्मक संरचना भित्र प्रशासन, सामाजिक विकास, आर्थिक प्रशासन, पूर्वाधार विकास, कृषि, पशुसेवा, शिक्षा, स्वास्थ्य, सूचना प्रविधि, राजस्व, आन्तरिक लेखा, जिन्सी लगायतका शाखा तथा उपशाखाहरु र नगर प्रहरी कियाशील रहेका छन् ।

पालिका क्षेत्रभित्र सामुदायिक संस्था, गैर सरकारी संस्था, बालक्लव, सहकारी संस्था, बन उपभोक्ता, कृषक समूह, नागरिक मञ्च, आमा समूह, टोल सुधार समितिहरु कियाशिल छन् । स्वास्थ्य चौकी, प्रहरी चौकी, कृषि, पशुसेवा केन्द्र, हुलाक लगायतका सरकारी निकायहरु पनि पालिका क्षेत्रभित्र कार्यरत छन् ।

पालिकाले हालसम्म ऐन १३, नियम ६ र निर्देशिका तथा मापदण्ड ३८ गरी कूल ५७ वटा ऐन कानुनहरु कार्यान्वयनमा ल्याएको छ । विधायन समिति, लेखा समिति, सुशासन समिति लगायत समितिहरु गठन गरी जिम्मेवारीहरु वाँडफाड भएका छन् । सुशासन प्रवर्द्धनका लागि खासगरी सामाजिक जिम्मेवारीका औजारहरुको अभ्यास हुँदै आएको छ । सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शि एवम् जवाफदेहि वनाउने कममा अनलाइन, मोवाइल एप्सहरु प्रयोगमा छन् ।

- **आन्तरिक आय :** आर्थिक वर्ष २०७५/७६ का लागि घरजग्गा रजिष्ट्रेशन दस्तुर सहित कूल रु. १ करोड ६० लाख ५१ हजार अनुमान गरिएकोमा यथार्थमा रु.२ करोड २९ लाख ६० हजार परिचालन भएको थियो । आर्थिक वर्ष २०७६/७७ का लागि पनि घरजग्गा रजिष्ट्रेशन दस्तुर रु. ६० लाख सहित रु.२ करोड अनुमान गरिएकोमा सो बर्ष घरजग्गा घरजग्गा रजिष्ट्रेशन दस्तुर वाहेक रु.१ करोड ३८ लाख ४१ हजार ८६० अर्थात अनुमानको ९८.८७ प्रतिशत यथार्थ आय भएको थियो । चालु आर्थिक वर्ष २०७७/७८ लागि पनि घरजग्गा रजिष्ट्रेशन दस्तुर ६० लाख सहित रु.२

करोड अनुमान गरिएकोमा जेठ सम्ममा घरजग्गा रजिष्ट्रेशन दस्तुर वाहेक रु.१ करोड २४ लाख ८०४ राजश्व संकलन भइसकेको अवस्था छ जुन आन्तरिक आयको यथार्थ अनुमानको ८८.५७ प्रतिशत हुन आउछ। नगरपालिकाको आन्तरिक आयको श्रोतहरुमा मुख्य गरी सम्पत्तिकर, व्यवसाय कर र घरवहाल कर हुन भने गैरकर राजस्वहरुमा नक्सापास, सिफारिस, नाता प्रमाणित, अन्य विकी तथा विकी सेवा र प्रशासनिक सेवाहरु पर्दछन्।

- **वाह्य आय** : आर्थिक वर्ष २०७६/७७ का लागि वाह्य श्रोत कूल रकम रु.५३ करोड ६० लाख १४ हजार प्राप्त हुने अनुमान गरिएको थियो। यस अन्तर्गत संघवाट रु.५१ करोड १० लाख र प्रदेशवाट रु.२ करोड ५० लाख १४ हजार प्राप्त हुन अनुमान थियो। यसैगरी आर्थिक वर्ष २०७७/७८ का लागि रु.५७ करोड ८३ लाख ७० हजार श्रो परिचालन हुने अनुमान गरिएको छ। जसमा संघवाट रु.५५ करोड ३३ लाख ६७ हजार प्राप्त हुने र प्रदेशवाट रु.२ करोड ५० लाख ३ हजार प्राप्त हुने अनुमान भएको छ। यसरी प्राप्त हुने श्रोतहरुमा राजस्व वाँडफाँड, वित्तीय समानीकरण, सशर्त, विशेष र समपूरक अनुदानहरु हुन।

# परिच्छेद - ३
# वस्तुस्थिति विश्लेषण

समथर भूभाग सहितको पहाडी परिवेशले भरिपूर्ण खाँदवारी नगरपालिकामा सांस्कृतिक विविधता पनि छ । अरुण नदी, सभा, पाङ्मा र माल्टा खोला यस पालिकाका प्रमुख प्राकृतिक श्रोतहरु हुन भने स-साना खोला, खोल्सी, झरना एवम् पोखरीले खानेपानी एवम् सिंचाइलाई सहज वनाएको छ । जसले पालिकाले भोग्दै आएको खानेपानीको समस्यालाई केही हदसम्म सम्वोधन गरेको छ । कोशी राजमार्ग (हिले-लेगुवाघाट-खाँदवारी) ले पालिकाको उत्तर सीमाको छ्याङ्कुटीदेखि दक्षिणी सीमा सम्मको सभाखोला सम्मलाई जोडेको छ । किमाथाङ्का सम्म जोडिदै गरेको यो कोशी राजमार्गले खाँदवारी नगरपालिकाको सम्भावनाहरुलाई उजागर गरेको छ । विस्तारै व्यापारिक कोरीडोर विकास हुँदै गरेको यो राजमार्गले धरान-विराटनगरसँग र तुम्लिङटार-काठमाडौ हवाई मार्गले सिधै राजधानीसँग सम्वन्ध स्थापित गरेको छ । यसैगरी सीमाना जोडिएका पालिकाहरुसँगको सडक यातायात सञ्जालले खाँदवारी नगरपालिकाको आर्थिक, सामाजिक विकासलाई गतिशिल वनाएको छ । स्थानीय कृषि तथा गैर-कृषि उपजहरुको वजार विकास विस्तार एवम् प्रवर्द्धनमा ठूलो सहयोग मिलेको छ । तापनि वदलिदो परिवेश अनुसारका सम्भावित अवसरहरुको पहिचान एवम् पहाडी भू-धरातलीय अवस्थिति एवम् विकटताका कारण यस क्षेत्रका विविध समस्या तथा चुनौतिहरु विद्यमान छन् । सवै प्रकारका आधारभूत भौतिक पूर्वाधार एवम् संरचनाहरु माथि नागरिकहरुको पहुँचमा जटिलता पनि त्यतिकै छन् ।

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवम् पालिकाको भावी मार्गचित्रबारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

## ३.१ सम्भावना, अवसर तथा समस्या र चुनौतिहरु

**तालिका/ग्राफचित्र १५**
**सवल तथा सम्भावना र चुनौति तथा कमजोर पक्ष**

| सम्भावना | चुनौति |
|---|---|
| ➧ उर्वर कृषि भूमि (चन्दनपुर, माल्टावेशी र हेलुवावेशी)<br>➧ समथर तुम्लिङटार<br>➧ पशुपंक्षीपालनका लागि स्थानीय श्रोत साधन उपलब्ध<br>➧ नगदे वालीहरु रुद्राक्ष, अलैची, चिया, अल्लो एवम् हाते कागजको निकासी<br>➧ आर्थिक रुपमा सक्रिय जनसंख्या अधिक<br>➧ ठूलो परिमाणमा रेमिट्यान्स भित्रिने गरेको<br>➧ जिल्ला अस्पताल एवम् जिल्ला आयुर्वेदिक | ➧ गरिवी न्यूनीकरण गर्नु<br>➧ युवा वेरोजगार घटाउनु<br>➧ युवाहरु शहरी क्षेत्र तथा वैदेशिक रोजगारीतर्फ पलायन कम गर्नु<br>➧ काठमाडौ लगायत विभिन्न प्रमुख वजार क्षेत्रमा वसाइ सराइलाई नियन्त्रण गर्नु<br>➧ विप्रेषण सही क्षेत्रमा परिचालन गर्नु<br>➧ स्वीकृत आयोजना तथा कार्यक्रमको वजेट निकासा समयमै प्राप्त गर्नु<br>➧ वालविवाह, वहुविवाह, लैङ्गिक हिंसा, लैङ्गिक |

| | |
|---|---|
| अस्पताल पालिका क्षेत्रभित्र सञ्चालनमा<br>➧ योगमाया आयुर्वेदिक विश्वविद्यालय सञ्चालन हुँदै<br>➧ अन्तरपालिकाहरु चैनपुर, पाँचखपन, चिचिला, सभा पोखरी, षडानन्द लगायतका पालिकाहरुसँग यातायात सञ्जाल विकास<br>➧ काठमाडौ, धरान, विराटनगर लगायत ठूला वजार क्षेत्रहरुसँग हवाइ तथा सडक यातायात सञ्जालवाट जोडिएको<br>➧ प्राकृतिक जलाधार अरुण नदी, पाङ्मा, माल्टा खोला<br>➧ अरुण जलविद्युत आयोजना निर्माण हुँदै<br>➧ वैंक तथा वित्तीय संस्थाहरु उल्लेख्य संख्यामा क्रियाशील<br>➧ संसारको उच्च शिखर सगरमाथा देखि नजिकको होचो उपत्यका तुम्लिङटार यसै क्षेत्रमा पर्ने<br>➧ चीन, भारत लगायतका देशका व्यापारीहरु रुद्राक्ष खरिदका लागि आउने रुद्राक्षको व्यापारिक केन्द्र वन्दै | विभेद, महिला हिंसाको अन्त्य, छुवाछुत प्रथा नियन्त्रण गर्नु<br>➧ छरिएर वस्तीहरु सवैमा सडक यातायात, पानी, विजुली, सञ्चार जस्ता सवै प्रकारका आधारभूत पूर्वाधार निर्माण गर्नु<br>➧ सडकहरु वाहै महिना सञ्चालनमा ल्याउनु<br>➧ वाँझा कृषि भूमिहरुलाई सदुपयोग गर्नु<br>➧ वर्षभरी आफ्नै उत्पादनले खाननपुग्ने परिवार खानपुग्ने स्तरमा पुऱ्याउनु<br>➧ प्राकृतिक प्रकोप एवम् जलवायु परिवर्तनको क्षतिलाई न्यून गर्नु<br>➧ कोभिड लगायतका महामारी विरुद्ध स्वास्थ्य सेवा प्रदान गर्नु<br>➧ वन आगलागी एवम् अतिक्रमणको नियन्त्रण गर्नु<br>➧ परनिर्भरता न्यून गर्दै स्व उत्पादन वढाउनु |
| **सवल पक्ष** | **कमजोरी पक्ष** |
| ➧ सुन्तलाको व्लक र पकेट क्षेत्रहरु<br>➧ वालमृत्यु एवम् मातृमृत्युदर न्यून संख्यामा<br>➧ उल्लेख्य दरमा साक्षरता<br>➧ अर्थतन्त्रको सम्वाहक उत्पादनहरुमा रुद्राक्ष, अलैची, चिया जस्ता नगदेवालीहरुको निकासी ठूलो परिमाण भएको<br>➧ उमेर समूहका अधिकांश वालवालिकाहरुको विद्यालयमा सहज पहुँच<br>➧ दमकल, एम्वुलेन्स जस्ता आपतकालीन उद्धारका उपकरणको व्यवस्था<br>➧ अधिकांश वस्तीहरु सडक सञ्जालवाट जोडिएको<br>➧ गाउँसभा, गाउँ कार्यपालिका एवम् त्यस अन्तर्गतका समितिहरुमा महिलाहरुको प्रभावकारी उपस्थिति<br>➧ विपक्षी दलहरुवाट पनि रचनात्मक सहयोग र नागरिक समाज लगायत स्थानीय संघ संस्थाहरुको सकरात्मक सहयोग, सहकार्य र समन्वय हुनु | ➧ सिंचाइ सेवा पर्याप्त उपलव्ध हुन नसक्नु<br>➧ कृषि पूर्वाधारहरुको निर्माण कमि हुनु<br>➧ कृषक प्रोत्साहित तथा आकर्षण प्याकेज नहुनु<br>➧ पर्यटकीय पूर्वाधार तथा पर्यटन प्रवर्द्धनको विकास नहुनु<br>➧ शिक्षामा गुणस्तरीय सुधार आउन नसक्नु<br>➧ विद्यालयमा शैक्षिक पूर्वाधार, साधन श्रोत, उपकरणहरु पर्याप्त नहुनु<br>➧ सेवा प्रवाहमा प्रभावकारी, पारदर्शिता र जवाफदेहिता कायम नहुनु र सेवाग्राहीको सन्तुष्टिदर वढ्न नसक्नु<br>➧ आयोजना सञ्चालनमा तथा विकास कार्यहरुमा सीमाना जोडिएका तथा नजिकका पालिकाहरुसँग सहकार्य, साझेदारी तथा समन्वय हुन नसक्नु<br>➧ निजी क्षेत्र, सहकारी तथा अन्य सरोकारवाला संस्थाहरुसँग प्रभावकारी सहकार्य हुन नसक्नु<br>➧ स्थानीय उद्योगहरुको प्रवर्द्धनमा न्यून प्राथमिकता |

# खण्ड - एक :
# आवधिक योजना तर्जुमा

# परिच्छेद - ४
# दीर्घकालीन सोच, समष्टिगत लक्ष्य र उद्देश्य

## ४.१ दीर्घकालीन सोच

खाँदवारी नगरपालिकाको दीर्घकालीन सोच यस प्रकार परिभाषित गरिएको छ :

**"समृद्ध खाँदवारी नगर"**

## ४.२ समष्टिगत लक्ष्य

खाँदवारी नगरपालिकाको प्रथम आवधिक नगर बिकास योजनाका लागि देहाय वमोजिम समष्टिगत लक्ष्य निर्धारण गरिएको छ :

" व्यवसायिक कृषि, गुणस्तरीय तथा प्राविधिक शिक्षा, आधारभूत स्वास्थ्य, पर्यटन प्रवर्द्धन, दिगो पूर्वाधार विकास, व्यवस्थित वजार, समावेशीकरण, सुशासन प्रवर्द्धन, स्वच्छ र समृद्ध नगर विकासका आधारहरु तयार भई **समतामूलक समाज सहित नागरिकको जीवन स्तरमा सुधार** भएको हुनेछ । "

## ४.३ विषय क्षेत्रगत वृहत उद्देश्य

खाँदवारी नगरपालिकाले समष्टिगत लक्ष्य प्राप्तिका लागि देहाय वमोजिम विषयक्षेत्रगत वृहत उद्देश्य निर्धारण गरेको छ ।

- **आर्थिक बिकास** :
  कृषिमा व्यवसायीकरण, उद्योग व्यापार व्यवसाय र पर्यटनको विकास, विस्तार, प्रवर्द्धन एवम् वित्तीय सेवामा सहज पहुँचवाट **स्थानीय अर्थतन्त्रमा गतिशीलता ल्याई रोजगारीता श्रृजना र आय वृद्धि गर्नु** ।

- **सामाजिक बिकास** :
  गुणस्तरीय एवम् प्राविधिक शिक्षा, आधारभूत स्वास्थ्य, सुरक्षित खानेपानीको सर्वसुलभताको सुनिश्चित, कला भाषा, संस्कृति, सम्पदाहरुको संरक्षण, प्रवर्द्धन, युवाहरुमा व्यवसायिकता तथा खेलकुदको विकास लगायतका सामाजिक सेवा सुविधाहरुमा लक्षित वर्ग एवम् आम नागरिकको सहज पहुँच अभिवृद्धिवाट **समतामूलक समाज निमार्ण गर्नु** ।

- **पूर्वाधार बिकास** :
  सडक, यातायात, पुल पुलेसा, ऊर्जा, जलश्रोत, खानेपानी, सार्वजनिक भवन, आवास तथा वस्ती विकास, सूचना तथा सञ्चार प्रविधि लगायतका भौतिक एवम् सामाजिक पूर्वाधारहरु गुणस्तरीय निर्माणवाट **आमनागरिकहरुको जन जीवनलाई सहज वनाउनु** ।

- **बन, वातावरण, विपद व्यवस्थापन** :

विपद न्यूनीकरण एवम् जलवायु परिवर्तन अनुकूलनका उपायहरु अवलम्वन गर्दै भू तथा जलाधार, वन, जैविक विविधताको संरक्षण, सम्वर्द्धन एवम् वातावरणीय सन्तुलन र प्राकृतिक सम्पदाहरुको दिगो उपयोगवाट **नागरिकहरुको जीविकोपार्जनमा सहज वनाउनु** ।

- **सुशासन तथा संस्थागत बिकास** :
  वित्तीय श्रोतहरुको प्रभावकारी परिचालन गर्दै मानव संशाधन एवम् स्थानीय संस्थाहरुको क्षमता विकास र ऐन, कानुन, योजना तथा सेवा प्रवाहको प्रभावकारी कार्यान्वयनवाट **सुशासनको अनुभूति गराउनु** ।

## ४.४ प्राथमिकता क्षेत्र

नगरपालिकाले अङ्गिकार गरेको दीर्घकालीन सोच, आवधिक नगर बिकास योजनाले निर्धारण गरेको लक्ष्य र वृहत तथा क्षेत्रगत उद्देश्य हासिल गर्न देहाय अनुसारका विषय क्षेत्रलाई विशेष प्राथमिकता दिइनेछ ।

**क) कृषि :**

खाँदवारी नगरपालिकाको आर्थिक रुपमा सकृय जनसंख्याको करिव २७.३० प्रतिशत जनसंख्या कृषि तथा पशुपंक्षी क्षेत्रमा आवद्ध रहेका छन् । कूल क्षेत्रफलको करिव ६०.१७ प्रतिशत कृषि भूमि तथा खेतीयोग्य जमिन रहेको, कृषि उपजहरु मध्ये धान, मकै, आलु जस्ता खाद्य कृषि, मौसमी तथा वेमौसमी तरकारी खेती, सुन्तला, चिया, अलैची, चिराइतो जस्ता नगदेवालीको ठूलो सम्भावना रहेको, रुद्राक्ष जस्ता वहुमूल्य वस्तुको व्यापारिक केन्द्र रहेको र ठूलो परिमाणमा निकासी हुँदै आएको अवस्था छ । सिंचाइका लागि साना खोलाहरु र अरुण नदीवाट सहजै लिफ्ट प्रणाली सञ्चालन गर्न सकिने र कृषि उपजहरुको वाह्य ढुवानीका लागि यातायातको सञ्जाल विकास गर्न सकिने सम्भावनालाई ध्यानामा राखी कृषिक्षेत्रलाई नगरको समग्र आर्थिक बिकासको लागि प्राथमिकता क्षेत्रको रुपमा परिभाषित गरिएको छ ।

**ख) शिक्षा :**

खाँदवारी नगरपालिकाको साक्षरता दर सन्तोषजनक रहेतापनि आधारभूत तहको खूद भर्ना दर र विद्यालयको सिकाइ उपलव्धी दर, निरन्रता दर र विद्यालय छाड्ने दरमा सुधार ल्याउनु आवश्यक छ । गुणस्तरीय शिक्षा र प्राविधिक जनशक्ति उत्पादनका लागि नीतिगत सुधार र लगानी वृद्धि गर्नु आवश्यक छ । वालविवाह, वहुविवाह, घरेलु हिंसा जस्ता सामाजिक विकृतिहरु शिक्षा तथा चेतनाको अभावका कारण नियन्त्रणमा आउन सकेको छैन । शिक्षा र ज्ञान माथीको पहुच नै सभ्य, कुशल, दक्ष नागरिकहरु उत्पादनको श्रोत रहेको तथ्यालाई ध्यानमा राखेर शिक्षा क्षेत्रको बिकासलाई प्राथमिकता क्षेत्रको रुपमा परिभाषित गरिएको छ ।

**ग) स्वास्थ्य :**

अधिकांश नगरवासीहरुलाई स्वास्थ्य सेवामा सहज र सुलभ पहुँच पुग्न सकेको छैन । करिव ४० प्रतिशत स्थानीयहरुलाई मात्रै ३० मिनेटको दुरीमा स्वास्थ्य सेवा उपलव्ध छ र विरामी हुँदा पहिले

स्वास्थ्य संस्थाहरुमा जाने प्रतिशत जनसंख्यामा वृद्धि हुन सकेको छैन । नगरवासीहरुलाई आधारभूत स्वास्थ्य सुविधाको सुलभ र सहज पहुच बृद्धि गर्न र संभव भए सम्म प्रसुति सेवा र स्वास्थ्य संस्थामा प्रसुति गराउने अभ्यासमा सुधार ल्याउन आधारभूत स्वास्थ्य क्षेत्रमा नीतिगत सुधार सहित पूर्वाधार र जनशक्तिको क्षमता बिकासमा लगानी वृद्धि गर्नु पर्ने आवश्यकतालाई ध्यानमा राखी स्वास्थ्य क्षेत्रलाई प्राथमिकता क्षेत्रको रुपमा परिभाषित गरिएको छ ।

**घ) पर्यटन :**

खाँदवारी नगर क्षेत्रभित्र रहेका धार्मिक, सांस्कृतिक एवम् प्राकृतिक पर्यटकीय सम्भावनाहरु जस्तै प्रसिद्ध मनकामना क्षेत्र, त्रिवेणी धाम, चारधारा, छहरे छाङ्गा, हेलुवावेसी ऱ्याफ्टिङ्ग रिभरपार्क, अरुणथान रमिते हरेलो गुफाथान, छ्याङ्गकुटी, थालेडांडा, ढोलबाजे नेचुरल पार्क, अरुण नदीमा जलयातायात, प्याराग्लाडिङ जस्ता साहसिक पर्यटन प्रर्वद्धनबाट पर्यटनमा आधारित उद्योग व्यवसाय सञ्चालनबाट सांस्कृतिक पहिचान, रोजगारीको सृजना भई समृद्धि हासिल हुने परियोजनाहरुमा सरकारी, निजी तथा समुदाय समेतको लगानी प्रर्वद्धनका लाीग पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखिएको छ ।

**ङ) पूर्वाधार विकास :**

नियमित रुपमा वाहै महिना सञ्चालन हुने सडक यातायातको अवस्था कमजोर छ । सुरक्षित र नियमित रुपमा सडक यातायातवाट लाभान्वित जनसंख्या पालिका क्षेत्रभित्र २० प्रतिशत मात्र रहेको छ । भूकम्प प्रतिरोधात्मक प्रविधि तथा मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक तथा निजी संरचनाहरु न्यून छ । सिंचाइ सेवाका पूर्वाधारहरुको निर्माणको आवश्यकता अपरिहार्य छ । वर्षभरी नियमित सिंचाइ भएको खेतीयोग्य भूमि करिव ११ प्रतिशत मात्रै छ । सुरक्षित र प्रवर्द्धन गरिएका आवस वस्तीहरु ज्यादै न्यून छ र मोवाइल सेवा वाहेक अन्य आधुनिक सूचना तथा सञ्चार सेवा पुगेको वस्ती, विद्यालय तथा सार्वजनिक क्षेत्रहरु न्यून संख्यामा छ । यसर्थ दिगो आर्थिक तथा सामाजिक पूर्वाधारहरुको विकासमा लगानी प्रर्वद्धन गरी नागरिकहरुको जीवनयापनलाई सहज बनाउन पूर्वाधार क्षेत्रलाई प्राथमिकता क्षेत्रको रुपमा पहिचान गरिएको छ ।

**च) सुशासन :**

सार्वजनिक सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन । प्रति एक सेवाग्राहीलाई सेवा प्रवाह गर्न औषतमा करिव १:३० घण्टा लाग्ने गरेको छ । करिव एक तिहाइ सेवाग्राहीहरु पालिकाको सेवा प्रवाहवाट सन्तुष्ट छैनन् । दक्ष, अनुभवी एवम् संख्यात्मक रुपमा पनि कर्मचारीहरुको संख्या न्यून छन् । समग्रमा सुशासन तथा सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय एवम् नागरिकमैत्री बनाउने उद्देश्यका साथ सुशासन क्षेत्रलाई पनि प्राथमिकता क्षेत्र निर्धारण गरिएको छ ।

## ४.५ समष्टिगत रणनीति

खाँदवारी नगरपालिकाले अङ्गिकार गरेको दीर्घकालीन सोच, आवधिक नगर बिकास योजनाले निर्धारण गरेको लक्ष्य र वृहत तथा क्षेत्रगत उद्देश्य हासिल गर्न देहाय अनुसारका रणनीति अवलम्बन गरिने छ ।

क) कृषिको व्यवसायीकरण मार्फत उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारी एवम् आय आर्जनका अवसरहरु श्रृजना गरी स्थानीय अर्थतन्त्रलाई गतिशील वनाउदै निरपेक्ष गरिवी न्यूनीकरण गर्ने ।

ख) शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका आधारभूत सामाजिक सेवा सुविधामा नागरिकको पहुँच अभिवृद्धि गरी सामाजिक समावेशीकरण, सामाजिक न्याय सहितको समतामूलक समाजको निर्माण गर्ने ।

ग) यातायात, विद्युत, सिंचाइ लगायतका पूर्वाधार बिकास एवम् निर्मित पूर्वाधारहरुको दिगो उपयोगका लागि नियमित मर्मत सम्भार एवम् स्तरोन्नति गर्ने

घ) प्राकृतिक सम्पदाको दिगो उपयोग एवम् वातावरणको संरक्षण सहित विपद सम्वेदनशीलता विकास गर्दै विपद जोखिम न्यूनीकरण गर्ने ।

ङ) सार्वजनिक सम्पत्तिहरुको दिगो संरक्षण र व्यवस्थापन गरि सार्वजनिक सेवा प्रवाहलाई नागरिकमैत्री र प्रभावकारी वनाउने ।

## ४.६ आवधिक नगर विकास योजना नतिजा खाका

नगरपालिकाको वस्तुस्थिति विश्लेषण तथा सहभागितामूलक प्रक्रिया अवलम्वन गरी समष्टिगत तथा विषयक्षेत्रगत योजना तर्जुमा गरिएको छ । यस योजना खाकाबाट योजना, कार्यक्रम वा आयोजनावीच नतिजाहरुको तहगत अन्तर सम्वन्ध स्थापित गर्न, योजना प्रक्रियालाई नतिजामूलक वनाउन कारण र असरहरुको विश्लेषण गर्दै लगानी तथा क्रियाकलाप र उपलव्धी तह, असर तह हुँदै लक्ष्य वा प्रभाव तहसम्म पुग्न, नतिजाहरुको श्रृङ्खलावद्ध सम्वन्ध स्थापित गर्न देहायको एकीकृत तर्कवद्ध योजना नतिजा खाका (लजिकल फ्रेमवर्क) तयार गरिएको छ । संचालित क्रियाकलाप र उपलव्धीहरुको बिषयक्षेत्रगत नतिजा सूचकहरु मार्फत योजनाको प्रगति मापन र अनुगमन गरी निर्णय प्रक्रियालाई प्रमाणमा आधारित वनाउन एवम् नतिजा प्रतिको जवाफदेहिता सुनिश्चित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

**आवधिक नगर विकास योजना खाका**

**तालिका : १५**
**एकीकृत नगर विकास योजना खाका**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७७/७८ सम्म | लक्ष्य परिमाण २०७८/७९ | २०८०/८१ | २०८२/८३ | सूचना को श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव :** नागरिकको जीवन स्तरमा सुधार गर्दै समतामूलक समाज निर्माण | मानव विकास सूचकाङ्क* | सूचकाङ्क | ०.५०४ | ०.५०५ | ०.५०८ | ०.६०० | केन्द्रीय तथ्याङ्क विभाग | अन्तर सरकार समन्वय र निजी एवम् सहकारी क्षेत्रसँग सहकार्य भएको हुने |
| | लैङ्गिक विकास सूचकाङ्क* | सूचकाङ्क | ०.९२५ | ०.९३० | ०.९५० | ०.९६३ | | |
| | वहुआयामिक गरिवी* | प्रतिशत | १९.७ | १८.० | १६.० | १४.० | | |
| | निरपेक्षित गरिवी | प्रतिशत | ७.८ | ७.८ | ७.० | ६.० | पालिका पार्श्व चित्र | |
| | प्रतिव्यक्ति वार्षिकआय | रु.हजार | ११२ | १२० | १५० | २०० | | |
| | औषत आयु (जन्म हुँदाको) | वर्ष | ७०.० | ७० | ७१ | ७२ | | |
| | साक्षरता दर | प्रतिशत | ९५.६४ | ९५.६४ | ९७.५ | ९९ | | |
| | वेरोजगारी दर | प्रतिशत | ४.६ | ४.० | ३.० | २.० | | |
| **असर - १ (आर्थिक विकास क्षेत्र)** स्थानीय अर्थतन्त्रमा गतिशीलता आई रोजगारीता श्रृजना र आय वृद्घि | आफ्नो उत्पादन तथा आयले वर्षभरी खान नपुग्ने परिवार | प्रतिशत | ५ | ४.८ | ४.४ | ४.० | पालिका को वार्षिक प्रगति प्रतिवेदन | अन्तर सरकार र निजी एवम् सहकारी क्षेत्रसँग सहकार्य भएको हुने |
| | व्यवसायिक रुपमा सञ्चालित पशुपंक्षी जन्य फर्म | संख्या | १२० | १३० | १५० | २०० | | |
| | पर्यटन व्यवसायवाट कूल रोजगारी प्रदान | संख्या | ५० | २०० | ५०० | १६०० | | |
| | रोजगारीमा कृषि क्षेत्रको योगदान | प्रतिशत | ४३.४ | ४२ | ४० | ३५ | | |
| | रोजगारीमा गैरकृषि क्षेत्रको योगदान | | ५६.६ | ५८ | ६० | ६५ | | |
| | वैंक तथा वित्तीय संस्थाहरुवाट भएको कूल कर्जा प्रवाह (कूल निक्षेप सङ्कलन रकमको) | प्रतिशत | ७० | ७५ | ८० | ८५ | | |
| | उत्पादनमूलक क्षेत्रमा विप्रेषण आय लगानी | प्रतिशत | ० | २० | ३५ | ५० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **असर- २ (सामाजिक विकास क्षेत्र)** सामाजिक सेवा सुविधाहरुमा नागरिकको पहुँच अभिवृद्धिवाट समतामूलक समाज निमार्ण | आधारभूत तहमा खूद भर्नादर ( औषतमा) | प्रतिशत | ९५.६ | ९७ | ९८ | ९९ | पालिका को वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय भएको हुने |
| | ३० मिनेटको दुरीमा नजिकको स्वास्थ्य सेवामा पहुँच भएका घरधुरी | प्रतिशत | ३८.९१ | ४४ | ५३ | ६५ | | |
| | खानेपानी सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | ६० | ६० | ७० | ९० | | |
| | परिवर्तित स्थानीय संरचना तथा कानुन अनुसार समावेशी समिति, संयन्त्र तथा सञ्जालमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्गको प्रतिनिधित्व | प्रतिशत | ३३ | ३५ | ३८ | ४० | | |
| | स्थानीय कला, भाषा र साहित्यलाई पेशाको रुपमाग्रहण गर्ने | संख्या | ० | २ | ३ | ५ | | |
| | उद्योग,व्यापार व्यवसाय तथा खेल क्षेत्रमा युवाहरुको आवद्धता | प्रतिशत | १४ | १७ | १९ | २१ | | |
| **असर - ३ (पूर्वाधार विकास क्षेत्र)** भौतिक एवम् सामाजिक पूर्वाधारहरुक ो गुणस्तरीय निर्माणवाट आमनागरिक हरुको सहज जनजीवन | दिगो, सुरक्षित र नियमित सडक यातायात सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | २० | २० | ५० | ७० | पालिका को वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने |
| | आधारभूत भौतिक पूर्वाधारहरु पुगेका वस्तीहरु (खानेपानी, शिक्षा, स्वास्थ्य, विजुली,सञ्चार, सडक) | संख्या | १४६ | १४६ | १४८ | १४८ | | |
| | वर्षभरी नियमित सिंचाइ भएको खेती योग्य भूमि | प्रतिशत | १०.९५ | १५ | २० | ३० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विद्युत सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | ९० | १०० | १०० | १०० | | |
| | इण्टरनेट सेवामा पहुँच प्राप्त जनसंख्या | प्रतिशत | २० | २० | ३० | ५० | | |
| **असर - ४ (वन, वातावरण तथा विपद क्षेत्र)** प्राकृतिक सम्पदाहरुको दिगो उपयोग वाट नागरिकहरुको जीविकोपार्जन सहज | संरक्षित तथा व्यवस्थित वन क्षेत्र | प्रतिशत | ७९.४८ | ८० | ८२ | ८५ | पालिका को वार्षिक प्रतिवेदन | अन्तर सरकार सहकार्य भएको हुने |
| | घर, कार्यालय, अस्पतालको नकुहिने, नगल्ने, नसड्ने प्लाष्टिक जन्य फोहोरलाई सुरक्षित विसर्जन गर्नेको | संख्या | ६०० | ७०० | १००० | १३०० | | |
| | भू-क्षय र बाढी संवेदनशील क्षेत्र | संख्या | १० | ९ | ६ | ५ | | |
| | विपद प्रतिरोधात्मक भौतिक संरचनाहरु | प्रतिशत | १ | ५ | १५ | ३० | | |
| **असर - ५ (संस्थागत विकास तथा सुशासन क्षेत्र)** सेवा प्रवाहको प्रभावकारी कार्यान्वयन वाट सुशासनको अनुभूति | सरोकारवाला एवम् सहभागितात्मक ढङ्गवाट निर्माण तथा कार्यान्वयन भएका ऐन,कानुनहरु | संख्या | ५७ | ६३ | ७० | ७५ | पालिका को वार्षिक प्रगति प्रतिवेदन | संस्थागत संरचना प्रभाव कारी भएको हुने |
| | पालिकाको वार्षिक आन्तरिक आय | रु. लाख | २२८ | ३०० | ५०० | ८०० | | |
| | सेवा प्रवाहवाट सन्तुष्ट अनुभूति गर्ने सेवाग्राही | प्रतिशत | ७३ | ८० | ८५ | ९९ | | |
| | नतिजामूलक अनुगमन मूल्याङ्कन भएका योजना | संख्या | ० | ५ | १० | १५ | | |

* आधार तथ्याङ्क र लक्ष्य परिमाण प्रदेश १ को प्रथम आवधिक योजनामा आधारित

# परिच्छेद ५
# आर्थिक बिकास

## ५.१ पृष्ठभूमि

राष्ट्रले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासलाई नेपाली अर्थतन्त्रको मेरुदण्ड मानेको छ । देशको अर्थतन्त्रलाई प्रतिस्पर्धात्मक वनाउदै व्यापारिक स्वच्छता विस्तार गर्ने, राष्ट्रिय उद्योगधन्दा र साधन श्रोतको संरक्षण र प्रवर्द्धन गर्ने, नेपाली सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने, वैदेशिक पूँजी तथा प्रविधिको लगानी आकर्षित गर्ने र तुलनात्मक लाभका क्षेत्र पहिचान गरी उद्योग विकास विस्तार गर्ने पक्षलाई राष्ट्रले प्राथमिकतामा राखेको छ । जग्गालाई चक्लावन्दी गरी भूमिको उत्पादन र उत्पादकत्व, उत्पादनशीलता र भू-उपयोग गर्ने, कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण, कृषि सामाग्री, कृषि उपजको उचित मूल्य र वजार पहुँच वृद्धि गर्ने, जलवायु, माटो अनुकूलको खाद्यान्न उत्पादनमा प्रोत्साहन, खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा, सुलभ तथा प्रभावकारी वितरण व्यवस्था मिलाउने पक्ष पनि राष्ट्रिय नीतिमा समावेश छ । नेपालको संविधान २०७२ ले खाद्य पदार्थको अभाववाट सुरक्षित हुने पक्षलाई नागरिकहरुको मौलिक हकको रुपमा ग्रहण गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले कृषि तथा पशुपालन सम्वन्धी, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्वन्धी र सहकारी सम्वन्धी नीति, कानुन, मापदण्ड निर्माण गर्ने, योजना तर्जुमा गर्ने, कार्यान्वयन, अनुगमन र नियमन गर्ने अधिकार स्थानीय तहलाई दिएको छ । कृषि तथा पशुपंक्षी वजार सूचना दिने, वजार तथा हाटवजारको पूर्वाधार निर्माण गर्ने, साना सिंचाइ निर्माण, प्राविधिक टेवा तथा कृषि सामाग्री आपूर्ति, कृषक क्षमता विकास, पशुपंक्षीजन्य प्रकोप तथा महामारी, पशु चिकित्सक, पशुनस्ल सुधार, पशु आहार, पशुपंक्षी वीमा तथा कर्जा सहजीकरण, चरन क्षेत्रको विकास तथा व्यवस्थापन र उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा वजारीकरण गर्ने सम्वन्धी जिम्मेवारी पनि स्थानीय तहको काँधमा छ ।

राष्ट्रका १५ औ आवधिक योजनामा उच्च र दिगो उत्पादन तथा उत्पादकत्व अभिवृद्धिलाई दीर्घकालीन लक्ष्यमा राखिएको छ र राष्ट्रिय रणनीतिमा तीव्र दिगो तथा रोजगारमूलक आर्थिक वृद्धिलाई राखेको छ । रुपान्तरणका प्रमुख सम्वाहककहरुमा उत्पादन, उत्पादकत्व वृद्धि, प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि एवम् गुणस्तरीय पर्यटन सेवाको विकास विस्तारलाई ग्रहण गरिएको छ । त्यसैगरी दिगो विकास लक्ष्यमा खाद्य सुरक्षा, उन्नत पोषण प्राप्ती र दिगो कृषि प्रवर्द्धनलाई उच्च स्थानमा राखेको छ र सोही अनुसार दिगो आर्थिक वृद्धि गर्ने, दिगो उत्पादन प्रणाली सुनिश्चित गर्ने र पूर्ण तथा उत्पादनशील रोजगारी श्रृजना गर्ने पक्षलाई जोड दिइएको छ ।

यसै कममा खाँदवारी नगरपालिकाले उपरोक्त पक्षको सुनिश्चितता गर्दै संघ तथा प्रदेश सरकारको कानुन, नीति, योजना र लक्ष्यलाई समेत मनन गरी समग्र आर्थिक बिकासको खाका तयार पारेको छ । आर्थिक बिकासका लागि प्रमुख सम्भाव्य क्षेत्रको रुपमा रहेको कृषि, पशुपंक्षी, उद्योग व्यवसाय, पर्यटन जस्ता क्षेत्रको बिद्यमान अवस्था, समस्या तथा चुनौतिहरुको विश्लेषण गरी आगामी ५ वर्षका लागि उद्देश्य निर्धारण, लक्ष्य परिमाण र सोको प्राप्तिका लागि अवलम्बन गर्नुपर्ने रणनीति तथा कार्यनीति निर्धारण र प्रमुख कार्यक्रमहरु समेत तर्जुमा भएको छ ।

## ५.२ वर्तमान अवस्था

खाँदवारी नगरपालिकाका करिव ४३.४ प्रतिशत जनसंख्या कृषिमा आवद्ध छन् । पालिका क्षेत्रभित्र उर्वर एवम् खेतीयोग्य भूमि पर्याप्त छ । करिव ६७.७ प्रतिशत जमिनमा खेती हुँदै आएको छ भने करिव १०.९५ प्रतिशत भूमिमा नियमित सिंचाइ सेवा उपलव्ध छ । खाद्यान्न, तरकारी, फलफुल, आलु, मसलाजन्य गरी वार्षिक ७६८६.१ मे.टन र नगदे तथा वेमौसमी वालीको वार्षिक उत्पादन ११२२.३ मे.टन उत्पादन हुँदै आएको छ । खाद्यान्न वालीहरुको वार्षिक औषत वृद्धि दर करिव ३.८९ प्रतिशत छ । यस अन्तर्गत सवैभन्दा वढी मकै र धानको वार्षिक वृद्धिदर कमशः ६.१० र ४.७१ प्रतिशत छ । तरकारीहरुको वार्षिक औषत वृद्धि दर ५.० प्रतिशत, तेलहनको ७.७७ प्रतिशत, दलहनको १.९९ प्रतिशत र फलफुलको ४.६३ प्रतिशत छ भने चिया ४.२६ प्रतिशत, ऊखुको ६.७४ प्रतिशत र महको ७.६३ वार्षिक वृद्धि दर छ । मुलतः व्यवसायिक खेती र उन्नत प्रविधिहरुको प्रयोगले कृषिको वार्षिक वृद्धिदर वढ्दो परिमाणमा छ । त्यसैगरी चिया, रुद्राक्ष, अलैची, चिया र अम्रिसो यस क्षेत्रका प्रमुख नगदे वालीहरु हुन । जसको ठूलो परिमाणमा निकासी हुँदै आएको छ भने लोक्ता तथा नेपाली हातेकागजको प्रशोधन केन्द्र तथा निर्यातमा यो क्षेत्र आकर्षित छ । कृषिको व्यवसायिक विकासका लागि तरकारी तथा फलफुलको पकेट तथा व्लक क्षेत्रको रुपमा वडा नम्वर १, ४, ५, ७, १० र ११ लाई विकसित गरिदै छ भने अगुवा कृषकहरु सामुदायिक तथा करार खेती, व्यवसायिक खेतितर्फ आकषण वढ्दो छ र कृषि खेतीका आधुनिक प्रविधितर्फ कृषकहरुको लगाव पनि वढ्दो छ । तापनि परम्परागत र निर्वाहमुखी खेतीवाट किसानहरुको उन्मुक्ति अझै वाँकी छ । कृषि पूर्वाधारहरु (रष्टिक स्टोर, कोल्ड स्टोरेज, गोदम घर, कृषि उपज सङ्कलन तथा प्रशोधन केन्द्र, हाटवजार) को अभाव छ । कृषिको व्यवसायिक खेतीका लागि उपयुक्त क्षेत्रहरु तुम्लिङ्टार, चेवावेसी, हेलुवावेसी, रयालेवेसी, चन्दनपुरमा सिंचाइका आधुनिक प्रविधिहरु लिफ्टिङ प्रणालीको आवश्यकता महशुस भएको छ । पशुपंक्षीतर्फ खसीवोका, राँगाभैसी, वङ्गुर तथा सुंगुरको वार्षिक विकी रु ४.५९ करोड छ । पशुपंक्षी वीमा, नश्ल सुधार, कृत्रिम गर्भाधान, चरन क्षेत्र, भुइघाँसको व्यवसायिक उत्पादन तर्फ केही सकारात्मक प्रयासहरु भएका छन् र व्यवसायिक रुपमा पशुपंक्षी पालन गर्ने फर्महरु करिव १२० को संख्यामा छन् । यसको वजार क्षेत्र प्रवर्द्धन प्रभावकारी रुपमा हुन सकेको छैन ।

यो क्षेत्र धार्मिक, ऐतिहासिक र प्राकृतिक पर्यटकिय स्थलहरुमा अग्रस्थान छ । हिन्दु धर्मालम्वीहरुका लागि पवित्र स्थलहरु मध्येको एक मनकामना मन्दिर, सतिढुङ्गा, सतिघाट, त्रिवेणीधाम, चारधारा लगायत होचो उपत्यकाका रुपमा प्रसिद्ध अरुण उपत्यका यसका प्रमुख आकर्षणहरु हुन । प्याराग्लाइडिङ जस्ता साहसिक पर्यटन र अरुण नदीमा जलीय खेल यसका थप आकर्षणहरु हुन । उपरोक्त क्षेत्रहरुमा पुग्न हवाइ लगायत स्थलगत यातायातको सुविधा भएरपनि प्रचार प्रसारको कमिवाट प्रवर्द्धन हुन सकेको छैन । धार्मिक एवम्

प्राकृतिक सम्पदाहरुको स्तरोन्नति तथा मर्मत सम्भार र व्यवसायिक हुन सकेको छैन । त्यसैगरी विप्रषण तर्फ एक अनुमान अनुसार वार्षिक रु.५४.२४ करोड पालिका क्षेत्रमा प्राप्त हुने देखिन्छ भने वैंक तथा वित्तीय संस्थाहरुवाट करिव १०५.९ करोड र सहकारी क्षेत्रमा करिव २०.३३ करोड निक्षेप सङ्कलन भएको छ । उपरोक्त विप्रेषण तथा निक्षेपलाई छिटो प्रतिफल प्राप्त हुने व्यवसायिक क्षेत्रमा लगानीका लागि सरोकारवालाहरुलाई उत्प्रेरित गराउन सकिएमा स्थानीय अर्थतन्त्रमा गतिशीलता आई रोजगारीका अवसरहरु श्रृजना हुन सक्ने सम्भावनाहरु धेरे छन् ।

## ५.३ आर्थिक बिकास क्षेत्रको उद्देश्य

खाँदवारी नगरपालिकाको समष्टिगत लक्ष्य प्राप्तमा योगदान पुऱ्याउने सन्दर्भमा आर्थिक बिकासका लागि "कृषिमा व्यवसायीकरण, उद्योग व्यापार व्यवसाय र पर्यटनको विकास, विस्तार, प्रवर्द्धन एवम् वित्तीय सेवामा सहज पहुँचवाट रोजगारीता श्रृजना र आय वृद्धि गर्नु" मुख्य उद्देश्य निर्धारण भएको छ ।

## ५.४ प्रमुख रणनीति

क) रोजगारी एवम् आय आर्जनका अवसरहरु श्रृजना गरी स्थानीय अर्थतन्त्रलाई गतिशील वनाउदै निरपेक्ष गरिवी न्यूनीकरण गर्ने ।

ख) कृषि क्षेत्रमा व्यवसायीकरण गर्दै उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।

## ५.५ विषयगत उपक्षेत्रहरु

यस विषयगत क्षेत्र भित्र निम्न विषयगत उपक्षेत्रहरु समावेश गरिएका छन् :

- कृषि विकास,
- पशुपंक्षी विकास,
- उद्योग, व्यापार तथा व्यवसाय,
- पर्यटन विकास,
- बैंक, वित्तीय संस्था र
- सहकारी तथा बैदेशिक रोजगारी ।

### ५.५.१ कृषि

**क) कृषि विकासको सम्भावना, चुनौति, सवल र कमजोर पक्षहरु**

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवम् पालिकाको भावी मार्गचित्रबारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**तालिका : १६**

**कृषि विकास क्षेत्र : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु**

| सम्भावना तथा अवसरहरु (Opportunities) | चुनौतिहरु (Challenges) |
|---|---|
| ➧ अन्तरपालिकासँगको सडक सञ्जाल विस्तारवाट कृषि वजार विस्तार | ➧ परम्परागत, जीविकोपार्जन तथा निर्वाहमूखी कृषि प्रणाली लाई आधुनिक एवम् व्यवसायिक प्रणालीमा |

| | |
|---|---|
| ➧ व्यवसायिक खेती र कृषिका उन्नत प्रविधिहरुको प्रयोगमा कृषकहरुको आकर्षण वढ्दो<br>➧ कृषि सहकारी, व्यवसायिक फर्महरु एवम् अगुवा, सकिय कृषकहरु कियाशील<br>➧ कृषि उपजहरुको वार्षिक वृद्धिदर वढ्दो कममा<br>➧ अलैची र चिराइतो जस्ता उत्पादनहरुको वजार माग वढ्दो दरमा<br>➧ भौगोलिक एवम् वातावरणीय हिसाववाट कृषिको व्यवसायीकरणका लागि उपयुक्त | रुपान्तरण गर्नु<br>➧ कृषि उपजहरुको वजार व्यवस्थापन तथा प्रवर्द्धन गर्नु<br>➧ युवाहरु कृषि पेशा प्रति आकर्षण वढाउनु<br>➧ किराहरु (धानको गवारो, फौजीकीरा, सुन्तलाको फल कुहाउने औषा, गवारो, अलैचीका रोगहरु, फेद कुहाउने रोग) नियन्त्रण गर्नु<br>➧ युवा सामुहिक तथा करारखेती कार्यान्वयन गर्नु<br>➧ कृषि सडक निर्माण गरी ढुवानीमा सहजता ल्याउनु<br>➧ जलवायु परिवर्तनवाट भएको क्षति न्यून गर्नु |
| **सवल पक्ष (Strenghts)** | **कमजोर पक्ष (Weakness)** |
| ➧ कृषि हाटवजारहरु सञ्चालन<br>➧ सुन्तलाको व्यवसायिक प्रवर्द्धनका लागि व्लक र पकेट क्षेत्रहरुको विकास भएको<br>➧ धान, मकै, आलुलाई पकेट क्षेत्रमा विकास गर्न सकिने<br>➧ व्यवसायिक रुपमा वमौसमी तरकारी खेती अभ्यास<br>➧ कृषक प्रोत्साहन कार्यक्रम सञ्चालनमा<br>➧ व्यवसायिक नर्सरी सञ्चालनमा<br>➧ क्षमता अभिवृद्धि सम्वन्धी कृषक तालिमहरु सञ्चालन<br>➧ कृषि व्यवसाय प्रवर्द्धन ऐन कार्यान्वयनमा<br>➧ कार्यपालिका अन्तर्गत कृषि सम्वन्धी संस्थागत संरचना, शाखा र आवश्यक जनशक्तिको व्यवस्था<br>➧ कृषि प्रवर्द्धनका लागि संघ, प्रदेश, एवम् कृषि अनुसन्धान केन्द्रहरुको सहयोग उपलव्ध | ➧ कृषि सडक लगायत कृषि पूर्वाधारहरुको अभाव<br>➧ कृषि उपजहरुको भण्डारण, शीतभण्डार, स्टोरेज, प्रशोधन केन्द्र, सङ्कलन केन्द्रको अभाव र कृषि हाटवजार सञ्चालन र सोका पूर्वाधारको व्यवस्था नभएको<br>➧ वीउविजन, मल, किटनाशक औषधी समयमै उपलव्ध नहुनु र प्राङ्गारिक कृषि प्रवर्द्धन नभएको<br>➧ रैथानेवालीहरुको अनुसन्धानमा कमि र कृषि उपजहरुको प्रशोधन घरेलु विधिमा सुधार नहुनु<br>➧ जमिन वाँझो राख्ने प्रवृत्ति वढेको र सामुदायिक तथा करार खेतीको अभ्यास नहुनु<br>➧ कृषि अनुदान, कृषि वीमा, सहुलियत दरमा ऋणको व्यवस्था नभएको<br>➧ किसान केडिट कार्ड, खाद्यान्न बैंक, समर्थन मूल्य, सामुदायिक कृषि प्रसार सेवा केन्द्रको व्यवस्था नहुनु |

### ख) उद्देश्य

कृषिमा यान्त्रिकीकरण, व्यवसायीकरण गर्दै उत्पादन र उत्पादकत्व अभिवृद्धिवाट कृषि उपजहरुको आयातलाई न्यूनीकरण भएको हुने ।

### ग) रणनीतिहरु

१. कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

२. कृषक, कृषि व्यवसायी, प्राविधिक लगायत कृषि सेवामा आवद्ध पक्ष तथा संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने ।

३. कृषि उपजहरुको व्यवसायीकरण तथा वजार विस्तार एवम् कृषि उद्योग व्यवसायहरुको प्रवर्द्धन गर्ने ।

४. कृषि पूर्वाधारहरु निर्माण गर्न निजी क्षेत्र तथा सहकारी संस्थासँग सहकार्य गर्ने ।

५. समावेशी कृषि विकासमा महिला, दलित, अति विपन्न वर्गको आवद्धतामा वृद्धि ल्याउने ।

६. कृषि नीति तर्जुमा तथा योजना निर्माण, कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन गर्ने ।

७. कृषिमा लगानी वृद्धि गर्न निजी क्षेत्र तथा सहकारी संस्थाहरुसँग समन्वय गर्ने ।

८. कृषि विकाससँग सम्वन्धित अनुसन्धान केन्द्र, शैक्षिक संस्था एवम् सरोकारवालाहरुसँग समन्वय गर्ने ।

**घ) कार्यनीतिहरु**

**रणनीति १ को कृषिको उत्पादन र उत्पादकत्व वृद्धि अन्तर्गत कार्यनीतिहरु**

१.१ नगरपालिकाका अगुवा कृषकहरुको लगत तयार गरी निजहरुलाई कृषि अभियन्ताको रुपमा परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।

१.२ कृषि पेशामा सम्लग्नहरुको समूह बनाई समूहमा आवद्ध कृषकहरुलाई प्राविधिक कर्मचारीहरु तथा अगुवा कृषकहरुबाट घुम्ती तालिम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

१.३ रसायनिक मल र विषादीको प्रयोगलाई दुरुत्साहित गरी प्राङ्गरिक मल, गड्यौले मल, जैविक बिषादीको उत्पादन तथा प्रयोगलाई प्रोत्साहित गरिनेछ ।

१.४ कृषकहरुबाट उत्पादित हरियो तरकारीको बजारीकरणका लागि तोकिएको समर्थन मूल्यमा उत्पादनस्थल बाटै खरिद गरी मुख्य मुख्य बजार क्षेत्रहरुमा काउन्टर खोली बिक्री गर्न सहकारी संस्थालाई प्रोत्साहित गरिनेछ । छनौट भएका सहकारी संस्थालाई व्यवस्थापन अनुदानको रुपमा निश्चित रकम उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

१.५ अन्नबाली तथा फलफूल उत्पादनको लागि सम्भावित क्षेत्रहरुको किटान गरी उन्नत वीउ, वेर्ना, प्रविधि र मलको प्रयोगबाट **"एक गाउँ एक कृषि उत्पादन"** को नीति कार्यान्वयन गरिनेछ ।

१.६ वेरोजगार युवाहरु (वैदेशिक रोजगारीवाट फर्किएका समेत) लाई करार खेती, चाक्लाबन्दी र सामुदायिक खेती तथा युवा लक्षित पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रममा आवद्ध गराउन युवा स्वरोजगार घुम्ती कोषको स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

१.७ चक्लाबन्दी खेती, नयाँ प्रविधिहरुको प्रदर्शन, भूमि तथा श्रम बैंकको दिगो व्यवस्थापन, कृषि, पशुपंक्षी एवम् कृषि पर्यटन सम्बन्धी ज्ञान, सीप र प्राविधिक सेवाको विस्तार सामुदायिक कृषि प्रसार सेवा केन्द्र मार्फत गरिनेछ र यसलाई श्रोत केन्द्रको रुपमा विस्तार गरिनेछ ।

१.८ सुन्तला, कागती जस्ता फलफूल, बेसार, खुर्सानी, अलैची, लसुन, प्याज जस्ता मसलाजन्य र हरियो तरकारीहरु, उखु जस्ता नगदेवाली उत्पादनका लागि सम्भाव्य स्थानको निर्धारण गरिने छ र त्यस्ता क्षेत्रका कृषकहरुलाई नगदेवाली तथा फलफूल उत्पादन प्रति आकर्षित गर्न उन्नत वीउवेर्ना तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ।

१.९ माटो परीक्षणको दायरा विस्तार गर्नुका साथै बाँझो जग्गा र नदी उकासबाट आएको जग्गा आवाद गर्न प्रोत्साहित गरी वगर खेती प्रणालीको शुरुवात गरिनेछ ।

१.१० आधुनिक तथा व्यवसायिक मौरीपालन गर्न कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।

१.११ स्थानीय वीउविजन, वेर्नाहरुको संरक्षण गर्दै गुणस्तरीय जातका मूलतः नगदे एवम् उच्च मूल्यका कृषि उपजहरुको व्यवसायिक खेतीलाई व्यापकता दिई उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याइनेछ ।

१.१२ वसाइ सराइ, वैदेशिक रोजगारीमा युवाहरुको आर्कषण तथा ग्रामीण क्षेत्रमा कृषि मजदुरहरुको अभाव जस्ता विविध पक्षहरुवाट जमिन वाँझो हुने र खण्डीकरण गरिने अभ्यासलाई नियन्त्रण गर्दै कृषकहरुको सामुहिक खेती, साझेदारी एवम् सहकारी तथा करार खेती प्रणालीलाई स्थापित गर्न नीतिगत तथा कानुनी व्यवस्था गरिनेछ ।

१.१३ विद्यमान सिंचाइ प्रणालीको स्तरोन्नति, आधुनिक तथा वैकल्पिक सिंचाइ प्रविधिको प्रयोग गरी खेतीयोग्य क्षेत्रहरुमा नियमित रुपमा सिंचाइ सुविधा र नयाँ क्षेत्रहरुमा सिंचाइ सेवा उपलव्ध गरी कृषि खेतीलाई विस्तार गरिनेछ ।

१.१४ कृषि बालीमा लाग्ने रोग, कीटाणुवाट हुने क्षतिलाई समयमै नियन्त्रण गर्न प्राविधिक सेवा सहयोगलाई सक्षम र प्रभावकारी बनाइनेछ र नोक्सानी न्यूनीकरण गर्न कृषि वीमा सेवा उपलव्धताका लागि निजी क्षेत्रसँग समन्वय गरिनेछ ।

१.१५ कृषिका आधुनिक प्रविधि तथा यन्त्र-उपरणहरुको प्रयोग तथा यान्त्रीकरण गर्न तथा सूचना प्रविधिवाट वढी भन्दा वढी लाभान्वित गराउन कृषकहरुलाई सहयोग उपलव्ध गराइनेछ ।

१.१६ जलवायु परिवर्तनलाई कृषिमा अनुकूलन गर्दै कृषि जैविक विविधताको संरक्षण र प्रविधि उपयोगलाई प्रोत्साहन गर्दै कृषि कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।

१.१७ आकाशे पानी सङ्कलन, भण्डारण तथा प्रभावकारी उपयोगका विधिहरु विस्तार गर्दै सीमान्त कृषि भूमि एवम् पानीको न्यून श्रोत उपलव्ध क्षेत्रमा थोपा सिंचाइ प्रविधि उपयोग गरिने छ ।

१.१८ पानीको न्यून पहुँच भएका क्षेत्रहरुमा आकाशे पानी सङ्कलन आहाल र प्लाष्टीक पोखरी व्यवस्थापन गरिनेछ ।

**रणनीति २ को कृषक, कृषि व्यवसायी, प्राविधिक लगायत कृषि सेवामा आवद्ध पक्ष तथा संस्थाहरुको क्षमता अभिवृद्धि अन्तर्गतका कार्यनीतिहरु**

२.१ कृषक, कृषि व्यवसायी एवम् कृषि फार्महरुको सीप, क्षमता अभिबृद्धि एवम् व्यवसायिकता बिकासमा सहजीकरण गरिनेछ ।

२.२ संस्थागत बिकासका लागि अगुवा महिला तथा मिश्रित कृषक समूह गठन र कृषि सहकारी संस्था गठन गर्न प्रोत्साहन, कृषक केडिट कार्ड, कृषक वर्गीकरणका आधारमा कृषक परिचयपत्र वितरण र सोही अनुसार सुविधा एवम् अनुदानहरुको व्यवस्था गरी कृषि पेशालाई पुरस्कृत एवम् सम्मानित गरिनेछ । अगुवा कृषकहरुलाई यस कार्यमा सम्लग्न गराइनेछ ।

२.३ वेरोजगार युवाहरुमा सीप बिकास तालिमहरु प्रदान गरी कृषि मजदुर तथा जनशक्तिका अभावलाई न्यूनीकरण गर्दै स्थानीय स्तरमा युवाहरुको रोजगारीका लागि सहजीकरण गरिनेछ ।

२.४ कृषि जनशक्ति बिकास तथा युवाहरुलाई कृषि पेशामा आवद्ध गर्न सिटिइभिटिवाट मान्यता प्राप्त कृषि प्राविधिक शिक्षालय सञ्चालन गर्न निजी क्षेत्रसँग सहकार्य गरिनेछ । उत्कृष्ट अगुवा कृषकहरुलाई सीटीभीटीबाट मान्यता प्रदान गर्ने ब्यबस्था मिलाइनेछ ।

२.५ कृषकद्वारा कृषकमा सीप अभिवृद्धि कार्यक्रम सञ्चालनका लागि प्रत्येक कृषक समूहमा महिला र पुरुष कृषक अगुवाको विकास गरी संस्थागत प्रसारको व्यवस्था गरिनेछ ।

२.६ जलवायु परिवर्तन अनुकुलन सम्बन्धी अभिमुखीकरण गरी सोवाट हुन सक्ने क्षति, नोक्सानी न्यूनीकरण गर्न कृषकको क्षमता अभिवृद्धिका साथै राष्ट्रिय स्तरमा तयार गरिएको कार्ययोजनालाई स्थानीयकरण गराइने छ ।

२.७ सहकारी खेतीलाई प्राथमिकता दिई मूल्य श्रृङ्खला पद्धति अनुसार उत्पादन देखि बजारीकरण सम्मका कार्यहरु एकीकृत रुपमा सञ्चालन गरिने छ ।

२.८ प्रत्येक वडामा एक कृषि तथा पशुसेवा प्राविधिकको व्यवस्था मिलाइने छ ।

२.९ नगरपालिका स्तरीय कृषि विकास समिति निर्माण गरी क्रियाशील वनाइनेछ ।

२.१० एक वस्ती एक उत्पादन अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ ।

२.११ खाद्यान संरक्षण बैक सञ्चालन गरिनेछ ।

२.१२ कृषि बिकास रणनीति सन २०१५-२०३५ अन्तर्गत स्थानीय कृषि तथा पर्यटन बिकास रणनीतिहरुमा आधारित रही नगरपालिकाको वडाहरुमा सामुदायिक कृषि प्रसार सेवा केन्द्रहरुको स्थापना तथा सञ्चालन गरिनेछ ।

**रणनीति ३ को कृषि उपजहरुको व्यवसायीकरण तथा वजार प्रवर्द्धन अन्तर्गतका कार्यनीतिहरु**

३.१ व्यवसायिक सम्भावना भएका खाद्यान्न तरकारी, फलफुल लगायतका नगदेबालीको व्यवसायिक उत्पादनका लागि सम्भाव्यताका आधारमा पकेट क्षेत्र, व्लक, कृषि जोन घोषणा गरिनेछ र त्यस्ता क्षेत्रहरुमा एकीकृत रुपमा पूर्वाधारको बिकास गरिनेछ ।

३.२ कृषिमा यान्त्रिकीकरण, आधुनिकीकरण र वजारीकरणका लागि अनुदान, प्रोत्साहनको व्यवस्था मिलाइनेछ ।

३.३ कृषि सहकारी संस्था तथा निजी क्षेत्रको भूमिकालाई प्रभावकारी बनाउदै कृषि वजार प्रवर्द्धन गर्न कृषक र वाह्य वजार क्षेत्रसँग अन्तरसम्बनध (Forward and Backward Linkage) बिकास गरिनेछ ।

३.४ मूल्य श्रृङ्खला (Value chain) र वृहत उत्पादन (Mass production) को अवधारणालाई अवलम्बन गरिने छ । यसका लागि नीतिगत एवम् कानुनी व्यवस्था मिलाइनेछ ।

३.५ ग्रामीण क्षेत्रमा कृषि वस्तु उत्पादन बृद्धि गर्न कृषिजन्य बस्तुहरुको व्यवसायिक उत्पादनका लागि दिगो सिंचाइ सुविधाका पूर्वाधारको पहुँच बढाइनेछ ।

३.६ खेतियोग्य जग्गालाई बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गरिने छ ।

३.७ कृषि वजार बिकास प्रवर्द्धनका लागि वडाहरुमा कृषि उपज सङ्कलन केन्द्र स्थापना गरिनेछ ।

३.८ नगरपालिकाको मुख्य मुख्य स्थानहरुलाई वजार क्षेत्रको रुपमा बिकास गर्दै त्यस्ता क्षेत्रहरुमा हाटवजारको व्यवस्था गरी राष्ट्रिय एवम् प्रदेश स्तरीय विक्रेताहरुलाई कृषि उपजहरु विक्री वितरण गर्ने अवस्था श्रृजना गरिनेछ

३.९ अर्गानिक एवम् निर्यातको सम्भावना भएका कृषि उत्पादनहरुको व्यवसायिक खेतीका लागि प्रोत्साहित गर्दै अनुदानको व्यवस्था गरिनेछ ।

३.१० कृषकहरुलाई कृषि उत्पादन व्यवस्था, कृषि उपजहरुको वजार क्षेत्र तथा वाह्य वजारको अवस्था वारेमा जानकारी गराउन विद्युतीय उपकरण तथा सूचना प्रविधिको प्रयोग गरिनेछ ।

३.११ कृषिको व्यवसायीकरणका लागि सहकारीलाई प्रवर्द्धन, कृषि सामाग्रीको विक्री, उपजको खरिद गर्दै विचौलियाको न्यूनीकरण गरिनुका साथै संस्थागत सङ्कलन र ढुवानीका लागि सहकारीको क्षमता अभिवृद्धि गरी क्रियाशील गराइने छ ।

**रणनीति ४ को कृषि पूर्वाधार निर्माण निजी क्षेत्र तथा सहकारी संस्थासँग सहकार्य अन्तर्गतका कार्यनीतिहरु**

४.१ कृषि उपजहरुको ढुवानीका लागि आवश्यकताका आधारमा वातावरणमैत्री कृषि सडकहरु निर्माण गरिनेछ ।

४.२ उपयुक्त स्थानमा कृषि उत्पादनको विविधीकरण तथा मूल्य अभिवृद्धिका लागि गोदामघर, प्रशोधन केन्द्र, शीत भण्डारण सहितको सुविधा उपलव्ध हुने एकिकृत कृषि बजार केन्द्र स्थापना गरिनेछ । यसका लागि निजी क्षेत्र तथा सहकारी संस्थाहरु सँग सहकार्य गरिनेछ ।

४.३ कृषि उपजहरुको वजार प्रवर्द्धनका लागि कृषि हाटवजार तथा विक्री कक्षहरु निर्माण गरी सञ्चालनमा ल्याइनेछ । यसका लागि कृषि सहकारी संस्थाहरुसँग सहकार्य गरिनेछ ।

४.४ आवश्यकता अनुसार दुध सङ्कलन केन्द्रहरु एवम् दुध चिस्यान केन्द्र निर्माण गरिनेछ । यसका लागि निजी क्षेत्र तथा सहकारी संस्थाहरुसँग सहकार्य गरिनेछ ।

४.५ सिंचाइ प्रणालीको लागि विद्युतीय लिफ्ट सिचाइ, भूमिगत सिंचाइ, डिप टुयुवेल, ऊर्जा सिंचाइ, प्लाष्टिक पोखरी कार्यक्रम गरी सबै वडामा विस्तार गरिनेछ ।

**रणनीति ५ को समावेशी कृषि विकासमा महिला, दलित एवम् अति विपन्न वर्गको आवद्धता अन्तर्गतका कार्यनीतिहरु**

५.१ महिला, दलित, अति विपन्नहरुलाई व्यवसायिक खेतीका लागि प्रोत्साहित गर्दै उद्यमशीलता बिकास गरिने छ र निःशुल्क कृषि वीमा, कृषिमल, वीउ विजन, सहुलियत दरमा कृषि ऋणको व्यवस्था गरिनेछ ।

५.२ महिला, दलित, अति विपन्नहरुवाट सामुहिक रुपमा गरिने व्यवसायिक खेतीलाई यान्त्रिकीकरण गर्न कृषिका आधुनिक प्रविधिहरु तथा कर्जा सामुहिक जमानीमा उपलव्ध गराइनेछ ।

५.३ अति विपन्न वर्गवाट गरिने व्यवसायिक खेतीका लागि आवश्यकताका आधारमा वीउ पूँजीको व्यवस्था गरिनेछ ।

५.४ भूमिहीन तथा सीमान्तकृत कृषकका लागि जग्गा कवुलियत पट्टामा (लिज) लिने नीति अवलम्वन गरिने छ र किसानलाई मौरी, च्याउखेती प्रति उत्प्रेरित गरिनेछ । यसका लागि सीप अभिवृद्धि गरिनेछ ।

**रणनीति ६ को कृषि नीति तर्जुमा, योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन अन्तर्गतका कार्यनीतिहरु**

६.१ कृषि बिकास तथा उत्पादन व्यवस्थापन सम्बन्धी दीर्घकालीन नीति, कानुन र मापदण्ड तयार पारी कार्यान्वयनमा प्रभावकारीता ल्याइनेछ ।

६.२ व्यवसायिक कृषि बिकासका लागि दीर्घकालीन गुरुयोजना बनाइनेछ ।

६.३ कृषि आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयन, नियमित अवलोकन गरिनेछ । कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यकताका आधारमा तेश्रो पक्षसँग सहकार्य गरिनेछ ।

**रणनीति ७ को कृषिमा लगानी वृद्धि गर्न निजी क्षेत्र तथा सहकारी संस्थाहरुसँग समन्वय अन्तर्गतका कार्यनीतिहरु**

७.१ कृषि पूर्वाधारहरु कृषिमल उत्पदन, सिंचाइ, हाटवजार निर्माण, भण्डारण, शीतभण्डार, चिस्यान केन्द्र, कृषि प्रशोधन निर्माण गरिनेछ । यसका लागि निजी क्षेत्र तथा सहकारी संस्थाहरुसँग सहकार्य गरिनेछ । सहकार्यको तरीका BOT (निर्माण तथा हस्तान्तरण) वा BOOT (निर्माण, सञ्चालन, हस्तान्तरण) हुनेछ ।

७.२ कृषि उपजहरुको वृहत उत्पादन तथा व्यवसायिक खेती (Commercial production) का लागि आवश्यक भूमि करार तथा लिजमा उपलव्ध गराइनेछ ।

**रणनीति ८ को कृषि विकाससँग सम्वन्धित अनुसन्धान केन्द्र, शैक्षिक संस्था एवम् सरोकारवालाहरुसँग समन्वय अन्तर्गतको कार्यनीतिहरु**

८.१ कृषि क्षेत्रको व्यवसायिक विकासका लागि सम्वन्धित अनुसन्धान केन्द्र, शैक्षिक संस्था एवम् सरोकारवालाहरुसँग समन्वय गरी अध्ययन अनुसन्धान गरिनेछ ।

**ङ) तर्कवद्ध खाका**

**तालिका : १७**
**१.१ कृषि विकास**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७७/७८ सम्म | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०८०/८१ | २०८२/८३ | | |
| **असर** | आफ्नो उत्पादन तथा आयले वर्षभरी खान नपुग्ने परिवार | प्रतिशत | ५ | ४.८ | ४.४ | ४.० | पालिकाको वार्षिक प्रगति प्रतिवेदन | अन्तर सरकार र निजी एवम् सहकारी क्षेत्रसँग सहकार्य भएको हुने |
| **प्रतिफलहरु** | वार्षिक खाद्यान्न उत्पादन | मे.टन | ६७७३.५ | ६९७६.७ | ७३२५.५ | ७७६५ | पालिकाको | कृषकहरु व्यवसायि |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | वार्षिक वचत खाद्यान्न विकी | मे.टन | २६७७.८ | २७५०.५ | २९०० | ३१०० | वार्षिक प्रगति प्रतिवेदन | क खेती तथा पशुपंक्षीपालन प्रति प्रोत्साहित भएको हुने<br><br>कृषकहरुलाई प्राविधिक सहयोग तथा सुविधाहरु नियमित उपलब्ध भएको हुने<br><br>निजी क्षेत्र लगानी वृद्धिमा आकर्षित भएको हुने<br><br>जलवायु परिवर्तनको न्यून असर |
| | प्रतिव्यक्ति वार्षिक खाद्यान्न उत्पादन | केजी | १९५ | २०० | २१० | २२५ | | |
| | उच्च स्तरको नगदे र वेमौसमी वालीको वार्षिक उत्पादन | मे.टन | ११२२.३ | ११९५.९७ | १२१३.७७ | १३३५.१४ | | |
| | व्यवसायिक कृषि नर्सरी | संख्या | ७ | ७ | १० | १५ | | |
| | तरकारी वार्षिक उत्पादन | मे.टन | ४१७ | ५१४ | ७४० | १०८० | | |
| | फलफुल वार्षिक उत्पादन | मे.टन | १९५.६ | २०५ | ३०० | ४०० | | |
| | आलुको वार्षिक उत्पादन | मे.टन | २५० | ३३० | ५२८ | ७५४ | | |
| | मसलाजन्य उत्पादन ( अदुवा, लसुन वेसार) | मे.टन | ५० | ५५ | ७५ | १०० | | |
| | अम्रिसोले आगटेको भूभाग | हेक्टर | ३ | ३ | ४ | ६ | | |
| | अलैचीले ओगटेको भूमि | हेक्टर | ७.५० | १४.५ | २८.५ | ४२.५ | | |
| | उन्नत विउ, जैविक मल र विषादी प्रयोग गर्ने, आधुनिक कृषि प्रविधि प्रयोग गर्ने कृषक | प्रतिशत | २० | २१ | २४ | ३० | | |
| | आधुनिक कृषि औजारहरु प्रयोग गर्ने कृषक | संख्या | २५० | ३५० | ५५० | ७५० | | |
| | व्यवसायिक एवम् आधुनिक तरिकाको खेतीले ओगटेको भूभाग | हेक्टर | ४१.३२ | ४२.५७ | ४६.८३ | ५६.३५ | | |
| | गैरकृषि पेशा (उद्यम, व्यापार र जागिर) मा निर्भर जनसंख्या | प्रतिशत | ५६.६ | ५८ | ६० | ६५ | | |
| | कृषि व्यवसायमा सहुलियत ऋण, कृषि सामानमा अुदान तथा यान्त्रिकीकरणमा पूँजीगत अनुदानवाट लाभान्वित कृषक | संख्या | ६४६ | ७०० | १००० | १५०० | | |
| | सुचारु सामुदायिक खेती तथा करार खेतीले ओगटेको भूमि | हेक्टर | ० | १ | ५ | ७ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विभिन्न क्षेत्रमा तालिम प्राप्त कृषक | संख्या | १२५ | १२५ | २०० | ३०० | | |
| | स्थानीय व्यवसायिक कृषि फार्म | संख्या | १५१ | १५९ | १७५ | २०० | | |
| | व्यवसायिक कृषिवाट प्रदान भएको प्रत्यक्ष रोजगारीता | संख्या | ६४६ | ६४६ | ६७५ | ७५० | | |
| | प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण परियोजना वाट लाभान्वित किसान | संख्या | ५०५ | ७७५ | १००० | १३०० | | |
| | सञ्चालनमा रहेको कृषि वजार, हाटवजार तथा कृषि थोकवजार | संख्या | ३ | ३ | ७ | ११ | | |
| | सञ्चालनमा रहेको कृषि पकेट, व्लक, जोन तथा सुपरजोन | संख्या | ३/२/१/० | ६/४/१/० | ११/६/२/१ | १७/७/२/१ | | |
| | कृषि उपजहरु विकीका लागि नजिकको वजार क्षेत्रमा पुग्न लाग्ने समयावधि | घण्टा | ०:३० - ३:० | ०:३० - ३:० | ०:३० - २:० | ०:१० - २:० | | |
| | तरकारी, फलफुल, आलु एवम् मसलाजन्यको वार्षिक विकी | रु.लाख | ६२५ | ८५४ | १३५४ | १९७६ | | |
| | वेमौसमी तरकारी तथा उच्च नगदेवालीको विकी | रु.करोड | २२.० | २२.६६ | २३.७९ | २६.१७ | | |
| | पालिकाको वार्षिक आयात निर्यातको अनुपात | अनुपात | ४:१ | ४:१ | ३.५:१.५ | ३:२ | | |
| | कोण्ड स्टोरेज तथा रष्टिक स्टोर क्षमता | मे.टन | ० | ४ | ६ | १० | | |
| | कृषि उपज सङ्कलन केन्द्र, बजार प्रवर्द्धन केन्द्र, तथा सामुदायिक कृषि प्रसार सेवा केन्द्र | संख्या | ० | ० | ३ | ११ | | |
| | किसान केडिट कार्डवाट लाभान्वित कृषकहरु | संख्या | ० | ० | २५० | २७५ | | |
| | कृषि वीमा सेवावाट लाभान्वित कृषक | संख्या | ० | २१० | २५० | २७५ | | |
| | कृषि पेशामा संलग्न | प्रतिशत | ४३.४ | ४२ | ४० | ३५ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | जनसंख्या | त | | | | | | |
| | व्यवसायिक कृषि उत्पादन मा संलग्न कृषक | संख्या | २१० | २१० | २५० | २७५ | | |
| | अगुवा वा व्यवसायिक कृषक | संख्या | १७० | १७० | १९५ | २२५ | | |
| | सक्रिय व्यवसायिक कृषक समूह | संख्या | ५८ | ५८ | ६५ | ७० | | |
| | कृषि सहकारी संस्था | संख्या | १२ | १५ | २० | २५ | | |
| | कृषि सहकारीमा आवद्ध कृषक | संख्या | १४५२ | १८१५ | २४२० | ३०२५ | | |
| | क्रियाशील ग्रामीण कृषि कार्यकर्ता | संख्या | ६ | ६ | ८ | ११ | | |

| **क्रियाकलाप तथा कार्यक्रम** | **वजेट रु.** |
|---|---|
| १. कृषिको व्यवसायीकरण र वजारीकरण कार्यक्रम ।<br>२. कृषि यन्त्रशाला, प्रविधि विकास तथा हस्तान्तरण, व्यवसायिक प्रशिक्षण तथा सेवा केन्द्र स्थापना<br>३. कृषक र सेवा प्रदायक संस्थाहरुको क्षमता बिकास र सशक्तीकरण ।<br>४. कृषि सडक तथा कृषि भौतिक पूर्वाधारहरुको बिकास ।<br>५. पकेट तथा जोन क्षेत्र विकास कार्यक्रम<br>६. कृषि कुलो तथा वाँध निर्माण, थोपा सिंचाइ, डिप वोरिङ, लिफ्टिङ्ग, पोखरी, आकासे पानी सङ्कलन ।<br>७. कृषि उपजको उत्पादन, सङ्कलन, प्रशोधन, गोदाम तथा शीतभण्डार, विक्री कक्ष तथा थोकवजार ।<br>८. कृषि हाटवजार केन्द्र निर्माण र सञ्चालन ।<br>९. कृषि व्यवसाय प्रोत्साहन कार्यक्रम ।<br>१०. भूमि वैंक प्रर्वद्धन कार्यक्रम ।<br>११. महिला दलित तथा अति विपन्न वर्गलाई कृषि व्यवसाय स्थापना र सञ्चालन सहयोग ।<br>१२. भूउपयोग (चक्लावन्दी) नीति, कार्यक्रम, अभिमुखीकरण तथा कृषि बिकास गुरुयोजना बिकास<br>१३. मूल्य श्रृङ्खला विकास कार्यक्रम<br>१४. वेरोजगार युवा करार तथा सामुहिक खेती प्रवर्द्धन | **८५ करोड २४ लाख ७९ हजार** |

## ५.५.२ पशुपंक्षी

### क) पशुपंक्षीपालनको सम्भावना, चुनौति, सवल र कमजोर पक्षहरु

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवम् पालिकाको भावी मार्गचित्रबारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

| तालिका : १८<br>पशुपंक्षीपालन : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु | |
|---|---|
| **सम्भावना तथा अवसरहरु** | **चुनौतिहरु** |
| ➧ चरन क्षेत्रको विकास लगायत पशु आहारका लागि डाले तथा भुई घाँस उत्पादन गर्न सकिने<br>➧ व्यवसायिक पशुपंक्षीपालन प्रतिको आकर्षण र पशुपंक्षी पालन समूहहरु क्रियाशील<br>➧ मासु एवम् दुधजन्य उत्पादनहरुको वजार क्रमिक विस्तार<br>➧ घरघरमा पशुपंक्षीहरु गाईभैसी, वाखा, वङ्गुर र कुखुरा पालन हुँदै आएको<br>➧ मासु र कुखुराको अण्डाको वार्षिक उत्पादन र खपत वढ्दो दरमा | ➧ पशुपंक्षीजन्य रोग (पि.पि.आर, स्वाइन फिवर, रानी खेत, सिसिआरडि, सिसिपिपि, थुनेलो) नियन्त्रण गर्नु<br>➧ उन्नत जातका पशुपंक्षी विकास तथा विस्तार गर्नु<br>➧ पशुपंक्षीको वजार विस्तार तथा प्रवर्द्धन गर्नु<br>➧ पशुपंक्षी वीमामा नीतिगत स्प्रष्टता ल्याउनु<br>➧ पशुपंक्षीहरुको व्यवसायिक पालनमा सहुलियत दरमा कर्जा तथा अनुदान सुविधा प्रदान गर्नु<br>➧ युवाहरु पशुपंक्षीपालन प्रति आकर्षण वढाउनु<br>➧ पशुपंक्षीहरुको वजार प्रवर्द्धन गर्नु |
| **सवाल पक्ष** | **कमजोर पक्ष** |
| ➧ पशुपालन समूह गठन<br>➧ नश्ल सुधार, कृत्रिम प्रजनन, प्राथमिक उपचार केन्द्र, पशु स्वास्थ्य कार्यकर्ता जस्ता गतिविधिहरु सञ्चालनमा<br>➧ व्यवसायिक पशुपंक्षी व्यवसायिक फर्महरु क्रियाशील<br>➧ पशु वीमा अभिकर्ताहरु क्रियाशील र वीमा कार्यक्रमवाट कृषकहरु क्रमिक रुपमा लाभान्वित हुँदै<br>➧ पशु स्वास्थ्य कार्यकर्ताहरु परिचालन<br>➧ दुग्ध उद्योग डेरी लगायतका व्यवसायहरु सञ्चालनमा | ➧ पशुपंक्षी पालनका पूर्वाधारहरु : सङ्कलन केन्द्र, दुध चिस्यान केन्द्र, कृत्रिम गर्भाधान केन्द्र, पशुपंक्षीवधशाला, प्रशोधन केन्द्र, हाटवजार व्यवस्था नहुनु<br>➧ सीमित पशुपंक्षी उपचार केन्द्र तथा प्राविधिक सेवा कमि<br>➧ उन्नत डाले तथा भुई घाँस तथा सन्तुलित आहार, दाना पसलको व्यवस्था नहुनु<br>➧ भकारो एवम् गोठ सुधार र पशुमुत्रको उपयोग हुन नसक्नु<br>➧ व्यवस्थित चरन क्षेत्रहरुको कमि |

**ख) उद्देश्य**

पशुपंक्षीपालनलाई व्यवस्थित एवम् व्यवसायीकरणवाट आयआर्जनको भरपर्दो श्रोतको रुपमा विकास गर्नु ।

**ग) रणनीति तथा कार्यनीति**

१. पशुपंक्षीपालनमा व्यवसायिकता बिकास गर्ने ।
२. पशुपंक्षीजन्य वस्तुको वजार प्रवर्द्धन गर्ने ।
३. पशुपंक्षीपालनमा महिला, दलित एवम् अति विपन्न वर्गको आवद्धतामा वृद्धि गर्ने ।
४. पशुपंक्षी स्वास्थ्य तथा उपचार व्यवस्था विस्तार गर्ने ।
५. वातावरण तथा हावापानी अनुकुलमैत्री पशुपक्षी व्यवसायको प्रवर्द्धन गर्ने ।
६. पशुपंक्षी सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने ।

**घ) कार्यनीतिहरु**

**रणनीति १ को पशुपंक्षीपालनमा व्यवसायिकता बिकास अन्तर्गतका कार्यनीतिहरु**

१.१ कृषक समुदाय, सहकारी संस्था एवम् कृषकहरुमा प्रतिस्पर्धी क्षमता वृद्धि गर्दै पशुपंक्षीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न प्राविधिक सेवा, वित्तीय सेवा लगायत अन्य सेवा उपलब्ध गराइनेछ।

१.२ तुलनात्मक लाभ भएका पशुजन्य उत्पादनहरुको व्यवसायिकपालनका लागि कृषकहरुको क्षमतामा अभिवृद्धि ल्याई आय आर्जनको श्रोतको रुपमा स्थापित गराइनेछ ।

१.३ स्थानीय प्रजातिहरुको संरक्षण गर्दै नश्ल सुधारको माध्यमवाट स्थानीय पशुहरुमा गुणात्मक सुधार ल्याई उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याइनेछ।

१.४ व्यवसायिक कुखुरा, वङ्गुर र वाख्रापालनलाई प्रोत्साहित गरिनेछ।

१.५ पशु आहारका लागि गुणस्तरीय एवम् पोषणयुक्त घाँसबाली रोपणमा व्यापकता ल्याइने छ र चरिचरनका लागि उपयुक्त स्थानहरु निर्धारण गरी कृषकहरुको सहभागितामा चरन क्षेत्रलाई व्यवस्थित गरिनेछ । चरन क्षेत्रको प्रभावकारी व्यवस्थापनका लागि निर्देशिका बनाई नियमन गरिनेछ। डालेघाँस, भुईघाँस जस्ता पशुजन्य आहार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने छ।

१.६ पशु वीमालाई प्रभावकारी रुपमा परिचालनका लागि निजी क्षेत्रहरुसँग समन्वय गरिनेछ।

१.७ वेरोजगार युवा वर्गलाई पशुपंक्षी व्यवसायमा आवद्ध गर्न वित्तीय संस्थाहरुसँग सहकार्य गर्दै सहुलियत दरमा वित्तीय सेवा सुविधाको ब्यवस्था गरी प्रोत्साहित गरिनेछ।

१.८ पशुपंक्षीको आहाराको घाँस दाना प्रशोधन तथा स्वच्छ पानीको व्यवस्था गरिनेछ।

१.९ आधुनिक प्रविधियुक्त गोठ तथा खोर निर्माण सञ्चालनमा ल्याइनेछ।

**रणनीति २ को पशुपंक्षीजन्य वस्तुको वजार प्रवर्द्धन अन्तर्गतका कार्यनीतिहरु**

२.१ पशुपंक्षीजन्य उत्पादनको वजार प्रवर्द्धन एवम् निकासी वृद्धि गर्न वस्तुमा विविधीकरणका लागि प्रोत्साहित गरिने छ । कृषकहरुलाई व्यवसायिक सीप बिकास तालिमहरु सञ्चालन गरी क्षमतामा अभिवृद्धि गरिने छ । वस्तुहरुको विविधीकरण गर्न आवश्यक पर्ने मेशिन उपकरणहरु ढुवानीमा अनुदान व्यवस्था गरिनेछ

२.२ पशुपंक्षीजन्य उत्पादनहरुको स्थानीय एवम् वाह्य वजार प्रवर्द्धन गर्न सङ्कलन केन्द्र, प्रशोधन केन्द्र, चिस्यान केन्द्र, विकी केन्द्र, पशु हाटवजार र मेला प्रदर्शनी स्थल व्यवस्था जस्ता पूर्वाधारहरु आवश्यकताका आधारमा उपयुक्त स्थानमा निर्माण गरिनेछ। यसका लागि निजी क्षेत्र तथा सहकारी संस्थाहरुसँग सहकार्य गरिनेछ।

२.३ पशुपंक्षीजन्य उत्पादनको वजार प्रवर्द्धनका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्न पशु सहकारी संस्था एवम् अगुवा कृषकहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

२.४ सूचना प्रविधिमा कृषकहरुको पहुँचमा सहजता ल्याई पशुपंक्षी वजार सूचना सम्बन्धी स्थानीय तथा वाह्य वजार वारे जानकारी नियमित रुपमा गराउने संयन्त्र बिकास गरिनेछ ।

२.५ मासु तथा दुग्घजन्य वस्तुहरुमा विविधीकरण, पशुपंक्षीका छाला प्रशोधन तथा छालाजन्य वस्तु उत्पादन, ऊन प्रशोधन जस्ता उद्योग व्यवसायको प्रवर्द्धनका लागि आवश्यक सीप तथा उद्यमशिलता विकास र एक निश्चित समयावधि सम्म विविध सेवाहरु, सुविधा तथा सहुलियतहरु उपलव्ध गरिनेछ।

**रणनीति ३ को पशुपंक्षीपालनमा महिला, दलित एवम् अति विपन्न वर्गको आवद्धता अन्तर्गतको कार्यनीतिहरु**

३.१ आवश्यक पूँजीको अभावमा पशुपंक्षी पालनलाई व्यवसायिक रुपमा अगाडि वढाउन नसक्ने महिला, दलित, तथा अति विपन्न वर्गलाई आवश्यकताका आधारमा वीउ पूँजी अनुदान उपलव्ध गराउदै पशुपंक्षी पालनलाई आय आर्जनको एक मुख्य श्रोतको रुपमा स्थापित गर्न सहयोग गरिनेछ।

३.२ पशुपंक्षीजन्य व्यवसायमा आर्थिक र भौगोलिक रुपमा पछि परेका महिला, युवा तथा विभिन्न कारणले जोखिममा रहेका लक्षित वर्गको स्वरोजगार तथा आयआर्जनको दिगो श्रोतको रुपमा विकास गरिनेछ ।

३.३ माहुरीपालनमा कृषकहरुलाई आवश्यक प्राविधिक सहायता तथा अनुदान सहयोग उपलब्ध गराइनेछ ।

३.४ न्यून लागत तथा तुलनात्मक रुपमा वढी लाभ आर्जन गर्न सकिने पशुपंक्षीजन्य वस्तुहरुको व्यवसायिक पालनमा प्रोत्साहित गर्दै आवश्यक सहयोग उपलव्ध गराइनेछ ।

३.५ सहकारी संस्था तथा सामुहिक रुपमा पशुपंक्षीजन्य वस्तुको व्यवसायिक पालन गर्न प्रोत्साहित गरिनेछ । यसरी सामुहिक रुपमा गरिने पशुपंक्षी पालन व्यवसायका लागि नीतिगत तथा कानुनी व्यवस्था गरिनेछ ।

३.६ महिला, दलित, तथा अति विपन्न वर्ग आर्थिक तथा सामाजिक अवस्थामा सुधारका लागि सहकारी तथा निजीक्षेत्रसँग समन्वय गरी उत्पादित वस्तुहरुको विकी वितरणमा सहजता ल्याइनेछ ।

**रणनीति ४ को पशुपंक्षी स्वास्थ्य तथा उपचार व्यवस्था अन्तर्गतका कार्यनीतिहरु**

४.१ प्रत्येक वडामा पशु प्राविधिकको व्यवस्था गरी पशुपंक्षी उपचारको व्यवस्था मिलाइ पशुपंक्षीमा लाग्ने रोग, महामारी नियन्त्रण गदै स्वास्थ्यवर्द्धक वस्तु उत्पादनमा जोड दिइनेछ ।

४.२ पशुपंक्षीहरुमा लाग्ने सक्ने रोग तथा महामारी नियन्त्रणका लागि आवश्यक पर्ने खोप, औषधी, परजीवि नियन्त्रणको व्यवस्था मिलाउदै पशुपंक्षी चिकित्सा सेवा सञ्चालन गरिनेछ । यसका लागि पशु चिकित्सक सहित आवश्यक जनशक्तिहरु व्यवस्था गर्न स्थानीय वेरोजगार युवाहरुलाई आवद्ध गरिने छ र युवाहरुलाई तालिमहरु प्रदान गरी क्षमता विकास गरिनेछ ।

४.३ मानबवाट पशुपंक्षी र पशुपंक्षीवाट मानव स्वास्थ्यमा पर्न सक्ने असरलाई मध्यनजर राख्दै पशुपंक्षीको व्यवसायिक पालन गर्न एक कार्यविधि बनाई कार्यान्वयनमा ल्याइनेछ र नियमित रुपमा नियमन गरिनेछ

४.४ खुल्ला मासु विकी वितरण तथा ओसारपसारका लागि एक मापदण्ड बनाई त्यसको नियमन गरिनेछ । वजारका निश्चित क्षेत्रहरुमा पशुवधशाला निर्माण गरी फोहोरमैलाको व्यवस्थापन गरिनेछ ।

**रणनीति ५ को वातावरण तथा हावापानी अनुकुलमैत्री पशुपक्षी व्यवसायको प्रवर्द्धन अन्तर्गतका कार्यनीतिहरु**

५.१ पशुपंक्षी र पशुपंक्षीजन्य पदार्थको प्रमाणीकरण, हाटबजार, सङ्कल केन्द्र, मासु पसल, डेरी पसल, बधशाला, चिस्यान केन्द्र निर्माण गरिनेछ ।

५.२ पशुपंक्षीपालनको श्रोत केन्द्र, घाँस तथा बाखाको श्रोत केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

५.३ अण्डा, मासु र दुधमा आत्मनिर्भरताका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५.४ गाईभैसी, बाखा, कुखुरा, वङ्गुरलाई एकै प्याकेजमा राखी पशुपंक्षीको प्याकेज कार्यक्रम सञ्चालन गरिनेछ ।

५.५ एक वस्ती एक टविज निर्माण गर्दै रैथाने पशुपंक्षीहरुको संरक्षण र सम्वर्द्धन गरिनेछ ।

५.६ पशुपालक कृषक सम्मान कार्यक्रम, उत्कृष्ट कृषक कार्यक्रम तथा पशु सुत्केरी कार्यक्रम सञ्चालन गरिनेछ ।

**रणनीति ६ को पशुपंक्षी सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन अन्तर्गतको कार्यनीति**

६.१ पशुपंक्षी व्यवसायिक पालन, पशुपंक्षी स्वास्थ्य सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना बनाई कार्यान्वयन गरिने छ र नियमित रुपमा अनुगमन र नियमनका लागि एक संयन्त्र बिकास गरिनेछ ।

## ङ) तर्कवद्ध खाका

**तालिका : १९**
**१.२ : पशुपंक्षीपालन**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७७/७८ सम्म | लक्ष्य परिमाण २०७८/७९ | २०८०/८१ | २०८२/८३ | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| **असर** | व्यवसायिक रुपमा सञ्चालित पशुपंक्षी जन्य फर्म | संख्या | १२० | १३० | १५० | २०० | पालिकाको वार्षिक प्रगति प्रतिवेदन | अन्तर सरकार र निजी एवम् सहकारी क्षेत्रसँग सहकार्य भएको हुने |
| **प्रतिफलहरु** | व्यवसायिक पशुपंक्षी पालनमा संलग्न घरधुरी | संख्या | ३३२९ | ३२०० | ३०० ० | २८०० | पालिकाको वार्षिक प्रगति प्रतिवेदन<br><br>पालिका पार्श्वचित्र | कृषकहरु व्यवसायिक पशुपंक्षीपालन प्रति प्रोत्साहित भएको हुने । कृषकहरु लाई प्राविधिक सहयोग तथा सुविधाहरु नियमित उपलब्ध भएको हुने निजी क्षेत्र लगानी वृद्धिमा आकर्षित भएको हुने |
| | पशुपंक्षी वीमा सेवावाट लाभान्वित कृषक | संख्या | ५० | १०० | १५० | २०० | | |
| | नश्ल सुधार तथा प्राथमिक उपचारकेन्द्र | संख्या | ४ | ६ | ८ | ११ | | |
| | पशुपंक्षीपालनसम्बन्धी उपलब्ध प्रविधि( खोप, कृत्रिम प्रजनन, क्यासट्रेसन) उपयोग गर्ने कृषक | प्रतिशत | २० | ४० | ६० | ८० | | |
| | सुचारु कृत्रिम गर्भाधान केन्द्र | संख्या | २ | ३ | ४ | ६ | | |
| | सक्रिय पशुपंक्षीजन्य समूह | संख्या | ७० | ९० | १२० | १५० | | |
| | व्यवस्थित चरन क्षेत्र | हेक्टर | २० | ३० | ५० | १०० | | |
| | भुइघाँसकोव्यवसायिक उत्पादन क्षेत्र | हेक्टर | १५० | ३०० | ४०० | ५०० | | |
| | कियाशील ग्रामीण पशु स्वास्थ्यकार्यकर्ता | संख्या | १० | १५ | २० | २५ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दुग्ध सङ्कलन केन्द्र तथा चिस्यान केन्द्र | संख्या | १ | २ | ३ | ४ | | |
| | पशुपंक्षीजन्य वस्तु विक्रीका लागि नजिक को वजार क्षेत्रमा पुग्न लाग्ने औषत समयावधि | घण्टा | ४ | ३ | २ | १ | | |
| | दुध उत्पादन वार्षिक) | मे.टन | ३५ | ४० | ४५ | ५० | | |
| | खसीवोका, राँगाभैसी, वङ्गुर, सुंगुरको वार्षिक विक्री | रु.करो ड | ४.५९ | ४.९३ | ५.५२ | ६.५५ | | |

| क्रियाकलाप तथा कार्यक्रम | बजेट रु. |
|---|---|
| १. पशुपंक्षीपालनमा व्यवसायिकता बिकास ।<br>२. पशुपंक्षीको वजार विकास विस्तार एवम् प्रवर्द्धन ।<br>३. उन्नत जातका गाई, भैसी, वाखा, वङ्गुर, कुखुरापालन प्रवर्द्धन कार्यक्रम ।<br>४. महिला, दलित, अति विपन्न वर्गलाई व्यवसाय स्थापना र सञ्चालन सहयोग ।<br>५. पशुपंक्षीको घाँस तथा आहार व्यवस्था तथा चरन क्षेत्र विकास तथा व्यवस्थापन<br>६. पशुपंक्षी स्वास्थ्य तथा उपचार व्यवस्था ।<br>७. कृषक प्रोत्साहन तथा सम्मान कार्यक्रम (पशुपंक्षी वीमा, सहुलियत दरमा ऋण)<br>८. दुध सङ्कलन, चिस्यान तथा प्रशोधन केन्द्र स्थापना । | **१४ करोड २० लाख ७९ हजार** |

## ५.५.३ पर्यटन

### क) पर्यटन विकासको सम्भावना, चुनौति, सवल र कमजोर पक्षहरु

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवम् पालिकाको भावी मार्गचित्रबारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**तालिका : २०**
**पर्यटन विकास : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु**

| सम्भावना तथा अवसरहरु | चुनौतिहरु |
|---|---|
| • धार्मिक, प्राकृतिक र ऐतिहासिक धरोहरहरु<br>• मनकामनाधाम, सति ढुङ्गा, सतिघाट, त्रिवेणीधाम रहेको<br>• तीर्थालुहरु देश विदेशका विभिन्न क्षेत्रहरुवाट ठूलो संख्यामा आउने<br>• अरुण नदीमा जल यातायात सञ्चालन गर्न सकिने<br>• जातिय विविधता र संस्कृतिहरु<br>• पर्यटकीय क्षेत्रहरु थालेडाँडा, छ्याङकुटी र रमिते क्षेत्रवाट प्याराग्लाडिङ सेवा सञ्चालन हुन सक्ने | • पर्यटन प्रवर्द्धनका लागि प्रचार प्रसार गर्नु<br>• पर्यटकीय क्षेत्र सम्म पुग्ने संरचना तथा पूर्वाधारहरुको निर्माण गर्नु<br>• पुराना पुरातात्विक महत्वका वस्तुहरु, स्थानीय भाषा, संस्कृति, चाँडपर्वहरु क्रमिक रुपमा लोपोन्मुख र त्यसको संरक्षण गर्नु<br>• नजिक एवम् जोडिएका पालिकाहरुसँग पर्यटन प्रवर्द्धनका लागि समन्वय, सहकार्य र साझेदारी गर्नु<br>• लगानी गर्न निजीक्षेत्रलाई आकर्षित गर्नु |

| | |
|---|---|
| ➧ छहरे छाङ्गा, चारधारा धाम, जलेश्वर महादेव, चमेरे गुफा, नर्दले छाङ्गा ढोलबाजे वन, लहरी वन | |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ धार्मिक क्षेत्रहरुको संरक्षण र प्रवर्द्धन भएको<br>➧ मनकामनाघाम क्षेत्रको समग्र विकासका लागि गुरुयोजना तर्जुमा भएको<br>➧ पर्यटन विकासका पूर्वाधारहरु क्रमशः निर्माण हुदै गरेको<br>➧ पर्यटनलाई आयआर्जनसँग जोड्न प्रयास भएको<br>➧ कुक तथा वेटर तालिम प्रदान भएको | ➧ दीर्घकालीन पर्यटन विकास गुरुयोजना तर्जुमा नभएको<br>➧ सम्भाव्य पर्यटकीय क्षेत्र र सेवाहरुको पहिचान नहुनु<br>➧ होमस्टे सञ्चालन गर्न नसक्नु<br>➧ पर्यटन विकास वोर्ड, ट्राभल एजेन्सी लगायतसँग सम्वन्ध स्थापित हुन नसक्नु<br>➧ पर्यटन प्रवर्द्धन गर्न निजीक्षेत्रसँग सहकार्य हुन नसक्नु |

**ख) उद्देश्य**

पर्यटकीय गन्तव्यहरु एवम् सास्कृतिक सम्पदाहरुको संरक्षण, प्रवर्द्धन तथा पूर्वाधारहरुको स्तरोन्नति गर्दै पर्यटकहरुको आगमनवाट रोजगारीका अवसरहरु श्रृजना गर्नु ।

**ग) रणनीतिहरु**

१. गुणस्तरीय पर्यटन पूर्वाधार सुविधाको बिकास र विस्तार गर्ने ।

२. ऐतिहासिक, पुरातात्विक, धार्मिक एवम् सांस्कृतिक महत्वका सम्पदाहरुको संरक्षण, सम्वर्द्धन गर्ने ।

३. महिला, दलित तथा अति विपन्न वर्गको आवद्धता वढाउने ।

४. पर्यटन बिकास सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने ।

**घ) कार्यनीतिहरु**

**रणनीति १ को गुणस्तरीय पर्यटन पूर्वाधार सुविधाको बिकास र विस्तार अन्तर्गतका कार्यनीतिहरु**

१.१ पालिका भित्र सम्भावित पर्यटकीय क्षेत्र तथा पर्यटकीय उत्पादनहरु पहिचान गरी त्यसको विवरण तयार पार्दै त्यस्ता उत्पादनहरुको बिकास गर्न तथा गन्तव्य क्षेत्रहरुमा पुग्न आवश्यक सवै प्रकारका भौतिक पूर्वाधारहरु निर्माण र सुरक्षा व्यवस्था गरिनेछ ।

१.२ सामाजिक सञ्जाल लगायत विभिन्न विद्युतीय माध्यमहरुवाट व्यापक प्रचार प्रसार गरी गन्तव्य स्थलहरुको वारेमा जानकारी गराइनेछ ।

१.३ पर्यटन व्यवसायमा आवद्ध राष्ट्रिय तथा स्थानीय संघ संस्था, होटेल, ट्राभल्स एजेन्सीहरुसँग सहकार्य एकीकृत रुपमा पर्यटन प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१.४ पर्यटनमा आधारित उद्योग व्यवसायहरु सञ्चालनका लागि स्थानीय वेरोजगार युवाहरु एवम् सहकारीमा आवद्ध सदस्यहरुलाई सीप तथा उद्यमशील बिकास तालिमहरु सञ्चालन गरी क्षमता अभिवृद्धि गरिनेछ ।

१.५ निजी क्षेत्रसँगको सहकार्यमा एक निश्चित समय निर्धारण गरी आन्तरिक एवम् वाह्य पर्यटक वृद्धिका लागि पर्यटन महोत्सव नियमित रुपमा आयोजना गरिनेछ ।

१.६ पयर्टकहरुको सुरक्षा, औषधोपचार, होटेल, गाइड जस्ता न्यूनतम पूर्वाधारहरुको व्यवस्थाका लागि स्थानीय वासिन्दाहरुको क्षमतामा अभिवृद्धि गरिनेछ ।

१.७ पर्यटकीय गन्तव्य स्थानहरुमा पुग्न सम्भव भएसम्म सवैप्रकारका यातायातको व्यवस्थाका लागि निजीक्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

१.८ विद्यमान चालु अवस्थामा रहेका पर्यटकीय क्षेत्रहरुमा थप पर्यटकीय उत्पादन वृद्धि गरी पर्यटकहरुको वसाई लागि अरु लम्ब्याइनेछ ।

१.९ पर्यटकिय पदमार्गहरु निर्माण गरी आवागमनलाई सहज वनाईनेछ ।

**रणनीति २ को ऐतिहासिक, पुरातात्विक, धार्मिक एवम् सांस्कृतिक महत्वका सम्पदाहरुको संरक्षण, सम्वर्द्धन अन्तर्गतका कार्यनीतिहरु**

२.१ महत्वपूर्ण सम्पदाहरुको जीर्णोद्धार, मर्मत सम्भार, ताम्रापत्र राख्दै सम्पदाको व्यवस्थापन तथा नियमित सरसफाइका लागि स्थानीयहरुसँग सहकार्य गरिनेछ ।

२.२ लोपोन्मुख एवम् अन्य सवैप्रकारका कला, भाषा र संस्कृतिहरु झल्कने गरी उपयुक्त स्थानमा सङ्ग्रहालय निर्माण गर्दै सम्पदाको संरक्षण एवम् व्यवस्थापनका लागि स्थानीय वासिन्दाहरुसँग सहकार्य गरिनेछ ।

२.३ स्थानीय संस्कृतिहरु झल्कने गरी होमस्टे सञ्चालन गर्न स्थानीय महिला, दलित तथा अति विपन्न वर्गलाई प्रोत्साहित गरिनेछ । होमस्टे सञ्चालन गर्न आवश्यक सीप तथा उद्यमशीलता बिकास सम्बन्धी तालिमहरु सञ्चालन गरी क्षमता अभिवृद्धि गरिनेछ ।

**रणनीति ३ को महिला, दलित तथा अति विपन्न वर्गको आवद्धता वढाउने अन्तर्गतका कार्यनीतिहरु**

३.१ दलित एवम् अति विपन्न समुदायमा होमस्टे सञ्चालन गर्न आवश्यक सवै सीप तथा उद्यमशीलता बिकास तालिमहरु प्रदान गरी क्षमता अभिवृद्धि एवम् आवश्यक पूर्वाधारहरुको व्यवस्था मिलाउदै आय आर्जन एवम् स्वरोजगारीको अवसर श्रृजना गरिनेछ ।

३.२ होमस्टे सञ्चालन गर्न आवश्यक लगानी पूँजीको अभावमा होमस्टे सञ्चालनमा अवरोध आएमा वित्तीय संस्थासँग समन्वय गरी सहयोग उपलब्ध गराइनेछ ।

**रणनीति ४ को पर्यटन बिकास सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु**

४.१ पर्यटन बिकासका लागि दीर्घकालीन नीति, गुरुयोजना बनाई सोही अनुसार कार्यान्वयन गरिनेछ ।

४.२ पयर्टन बिकास, प्रवर्द्धनका लागि कानुन, मापदण्ड बनाई त्यसको अनुगमन र नियमन गरिनेछ ।

**ङ) तर्कवद्ध खाका**

तालिका : २१
१.३ : पर्यटन विकास

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७७/७८ सम्म | लक्ष्य परिमाण | | | सूचना को श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०८०/८१ | २०८२/८३ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **असर** | पर्यटन व्यवसायवाट कूल रोजगारीता प्रदान | संख्या | ० | २०० | ५०० | १६००० | पालिक को वार्षिक प्रगति प्रतिवेदन | अन्तर सरकार र निजी एवम् सहकारी क्षेत्रसँग सहकार्य भएको हुने |
| **प्रतिफल हरु** | धार्मिक पर्यटन सञ्चालन स्थान | संख्या | ५ | १ | ३ | १० | पालिकाको वार्षिक प्रगति प्रतिवेदन<br><br>पालिका पार्श्व चित्र | पर्यटन क्षेत्रमा लगानी गर्न निजी क्षेत्र आकर्षित भएको हुने<br><br>संघ, प्रदेश र अन्तर पालिका वीच सहकार्य र समन्वय भएको हुने |
| | सुविधा सम्पन्न पर्यटकीय गन्तव्य स्थल (यातायात, सुरक्षा, होटेल आदि) | संख्या | ० | ० | २ | ४ | | |
| | स्तरोन्नति गरिएका पर्यटकीय सम्पदाहरु | संस्था | ० | १ | १ | ५ | | |
| | व्यवस्थित,सुविधायुक्त, आकर्षक, सुरक्षित, मनोरम पर्यटकीयगन्तव्य | संख्या | ११ | ११ | १७ | २२ | | |
| | उपलब्ध पर्यटकीय सेवा र सुविधाको प्रकार (पर्यटकीय क्षेत्र, सूचना केन्द्र, गाइड, सुरक्षा, मुद्रा सटही, होमस्टे, होटेल रेष्टुरेण्ट, यातायात, सपिङ, एजेण्ट, आदि) | संख्या | ६ | ८ | ८ | ८ | | |
| | सञ्चालित तथा व्यवस्थित पदमार्गको लम्बाइ (कूल) | कि.मि. | ० | १० | १० | ५० | | |
| | कृषि पर्यटन सञ्चालन स्थान | संख्या | ० | २ | ३ | ११ | | |
| | व्यवस्थित होमस्टे र ग्रामीण पर्यटकीय गाउँ | संख्या | ५ | ३ | ३ | १२ | | |
| | व्यवस्थित वनभोज, पार्क | संख्या | ० | १ | ३ | ९ | | |
| | तालिम प्राप्त टुर गाइड | संख्या | ० | २० | ३० | ११० | | |
| | तालिम प्राप्त कुक, | संख्या | २० | २० | ३० | १०० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | वेटर | | | | | | | |
| | सालभरी भ्रमण गर्ने आन्तरिक पर्यटकको | संख्या हजार मा | ० | १० | ३० | १०० | | |
| | सालभरी भ्रमण गर्ने वाह्य पर्यटकको | संख्या हजार | ० | १ | ३ | ११ | | |
| | भ्रमण गर्ने पर्यटकहरुको औषत वसाई | दिन | ० | ३ | ४ | ५ | | |
| | पर्यटकको औषतमा दैनिक खर्च प्रति व्यक्ति | रु.हजार | ० | २ | २.५ | ३.० | | |
| | पर्यटनवाट राजस्व सङ्कलन | रु.लाख | ० | ५ | १० | १५ | | |

| **क्रियाकलाप तथा कार्यक्रम** | **बजेट रु.** |
|---|---|
| १. पर्यटन दीर्घकालीन नीति तथा गुरुयोजना तयारी ।<br>२. पर्यटन सम्बन्धी तालिम तथा उद्यमशीलता बिकास ।<br>३. पर्यटकीय क्षेत्रहरुमा पूर्वाधार निर्माण ।<br>४. पर्यटकीय उत्पादनहरु (पदमार्ग, होम स्टे, क्युरियो पसल, हस्तकला उत्पादन) को बिकास ।<br>५. पर्यटन क्षेत्रहरुको प्रचार प्रसार ।<br>६. ऐतिहासिक तथा पुरातात्तिक महत्वका बस्तु तथा स्थलको संरक्षण ।<br>७. धार्मिक महोत्सव तथा मेला प्रदर्शनी कार्यक्रम । | **२१ करोड ५९ लाख ६१ हजार** |

## ५.५.४ उद्योग, व्यापार तथा व्यवसाय

### क) उद्योग, व्यापार तथा व्यवसायको सम्भावना, चुनौति, सवल र कमजोर पक्षहरु

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवम् पालिकाको भावी मार्गचित्रबारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**तालिका : २२**
**उद्योग, व्यापार तथा व्यवसाय क्षेत्र : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु**

| **सम्भावना तथा अवसरहरु** | **चुनौतिहरु** |
|---|---|
| ➧ कृषिमा आधारित फलफुल, तरकारी, अर्गानिक चिया, नगदेवाली एवम् दुग्धजन्य पदार्थमा आधारित उद्योगहरु व्यवसायिक सम्भावना<br>➧ पशुपंक्षीमा आधारित उद्योग, व्यवसायहरुको सञ्चालन सम्भाव्यता वढी<br>➧ तुलनात्मक लाभ एवम् प्रतिस्पर्धात्मक क्षमता भएको रुद्राक्ष पर्याप्त | ➧ आयातित वस्तुमा परनिर्भरता घटाउदै कृषि उपजहरुमा आत्मनिर्भरताका लागि स्व उत्पादन वढाउनु<br>➧ रुद्राक्षलाई व्यवसायिक खेतीका रुपमा प्रवर्द्धन गर्नु<br>➧ वैदेशिक रोजगारीवाट फर्की आएका र स्थानीय वेरोजगार युवाहरुलाई व्यवसायतर्फ आकर्षण गर्नु<br>➧ स्थानीय कच्चा पदार्थ, साधन श्रोतमा आधारित लघु, |

| | |
|---|---|
| ➧ चिया, अलैची, ढाका, अल्लो र हातेकागजमा आधारित उद्योगहरु सञ्चालन र लोक्ता प्रशोधन केन्द्र स्थापना<br>➧ तुम्लिङटार क्षेत्र व्यापारिक क्षेत्रको रुपमा विकास हुँदै | घरेलु तथा साना उद्योगहरुको वजार विकास तथा प्रवर्द्धन गर्नु<br>➧ वजारमा सीपयुक्त जनशक्तिको विकास गर्नु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ उद्यशीलता एवम् व्यवसायिक सीप विकास तालिम कार्यक्रमहरु सञ्चालनमा<br>➧ महिला उद्यमी प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन<br>➧ रुद्राक्ष, चिया, अलैची, जडीवुटी, अल्लो र ढाका उत्पादनहरुको निकासीमैत्री वातावरण तयार<br>➧ स्थानीय हाटवजारहरु सञ्चालनमा | ➧ निजी क्षेत्रसँग सहकार्य हुन नसक्नु<br>➧ स्थानीय हाटवजार र वाह्य वजारसँग सम्वन्ध स्थापित हुन नसकेको र वजार प्रवर्द्धन हुन नसकेको<br>➧ उद्योगहरुमा आधारभूत पूर्वाधारहरु उपलव्ध हुन नसक्नु<br>➧ स्थानीय लघु, घरेलु तथा साना उद्योगहरुको विकास विस्तार तथा प्रवर्द्धनका लागि प्याकेज कार्यक्रम नहुनु |

### ख) उद्देश्य

लघु, घरेलु तथा साना उद्योग, व्यापार व्यवसायहरुको विकास, विस्तार प्रवर्द्धनवाट स्थानीयहरुको अर्थतन्त्रमा गतिशीलता ल्याउनु ।

### ग) रणनीतिहरु

१. स्थानीय कच्चा पदार्थ, साधन श्रोत र सीपको सदुपयोगमा वृद्धि गर्ने ।
२. स्थानीय उत्पादनहरुको वजार प्रवर्द्धन गर्ने ।
३. उद्योग व्यवसायमा महिला, दलित तथा अति विपन्न वर्गको आवद्धता वढाउने ।
४. उद्योग, व्यवसाय तथा सेवा सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने ।

### घ) कार्यनीतिहरु

**रणनीति १ को स्थानीय कच्चा पदार्थ, साधन श्रोत र सीपको सदुपयोगमा वृद्धि अन्तर्गतका कार्यनीतिहरु**

१.१ स्थानीय स्तरमा खेर गइरहेका साधन, श्रोत, सीप प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योग व्यवसाय सञ्चालनका लागि सहकारी तथा निजी क्षेत्रसँग समन्वय, सहकार्यवाट रोजगारीका अवसरहरु श्रृजना गरिनेछ ।

१.२ व्यवसायिक सम्भाव्यता भएका वस्तुहरुको विस्तृत अध्ययन अनुसन्धान गरी सोका आधारमा वेरोजगार युवाहरुलाई सीप बिकास एवम् उद्यमशीलता बिकास तालिम प्रदानवाट क्षमता अभिवृद्धि गरिनेछ । प्रशिक्षित युबालाई सहुलियत दरमा वैकिङ्ग ऋण उपलव्ध गर्न वित्तीय संस्थाहरुसँग सहकार्य गरिनेछ ।

१.३ वैदेशिक रोजगारवाट फर्केका युवाहरुलाई कृषि, पशुपंक्षीपालन, गैरबन पैदावर, जडीवुटी, तरकारी, फलफुल तथा पर्यटन क्षेत्रमा व्यवसायिक बिकास तथा उद्यमशीलता बिकासका लागि प्रोत्साहित गर्दै स्थानीय आर्थिक कारोवारमा गतिशिलता ल्याइनेछ ।

१.४ सहकारी संस्थामा आवद्ध सवै सदस्यहरुलाई खासगरी रैथाने बाली, जडीवुटी, हस्तकलाका सामान जस्ता निर्यातजन्य उत्पादनका लागि सीप एवम् उद्यमशीलता बिकास तालिम प्रदान गरी क्षमताका आधारमा एकल तथा सामुहिक रुपमा उद्योग व्यवसाय सञ्चालनका लागि प्रोत्साहित गर्दै स्वरोजगारीमा जोड दिइनेछ ।

१.५ परम्परागत, मौलिक एवम् कला संस्कृतिसँग सम्वन्धित उद्योग व्यवसायहरुको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धनका लागि नीतिगत व्यवस्था गर्दै युवाहरुमा सीप हस्तान्तरण, उद्यमशीलता बिकासका लागि प्रोत्साहित गरिनेछ ।

१.६ स्थानीय कच्चा पदार्थमा आधारित उद्योग व्यवसायको व्यवसायिक बिकासका लागि आवश्यक सवै प्रकारका भौतिक पूर्वाधारहरुको निर्माण सहित औद्योगिक ग्रामको स्थापना गरिनेछ । यसरी स्थापित औद्योगिक ग्राममा उद्योग तथा वाणिज्य सम्बन्धी प्रशासनिक सेवाहरु, वैकिङ्ग सेवा, व्यवसायिक परामर्श लगायतका सेवाहरु एकै स्थानमा उपलव्ध गराई प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि ल्याइनेछ । यसका लागि सहकारी एवम् निजीक्षेत्रसँग सहकार्य गरिनेछ ।

**रणनीति २ को स्थानीय उत्पादनहरुको वजार प्रवर्द्धन अन्तर्गतका कार्यनीतिहरु**

२.१ पालिकाको एक प्रमुख वजार क्षेत्रमा विकी कक्ष, प्रदर्शनी कक्ष, कोशेलीघर स्थापना गर्दै स्थानीय उत्पादनहरुको वजार प्रवर्द्धन गरिनेछ ।

२.२ ड्राईमीट उद्योग, राँगा, वङ्गुर, सुगुरको सुकुटी उत्पादन गर्ने, ड्राईफुट, मकै, कोदो, भटमासमा आधारित उत्पादनहरुको बजार व्यवस्थाको लागि निजी क्षेत्रलाई सहयोग उपलव्ध गराईनेछ ।

२.३ उन्नत जातका गाईभैसी पालन दुग्ध सङ्कलन चिस्यान केन्द्र स्थापना र सञ्चालनमा ल्याइनेछ ।

२.४ कागती तथा सुन्तलाको जुस उत्पादन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

२.५ खाँदवारी नगरको पहिचान हुनेगरी अल्लो कपडा उद्योगलाई प्रवर्द्धन गरिनेछ ।

२.६ बाँसमा आधारित घरेलु उद्योग व्यवसायहरु सञ्चालनका प्रोत्साहित गरिनेछ ।

२.७ स्थानीय हाटवजार केन्द्र निर्माण गरी नियमित रुपमा स्थानीय एवम् प्रदेश स्तरीय व्यापार मेला, प्रदर्शनी आयोजनाका लागि सहकारी एवम् निजीक्षेत्रसँग सहकार्य गरिनेछ ।

२.८ विद्यमान वजार क्षेत्रहरुमा क्रमशः भौतिक पूर्वाधार, सेवा सुविधाहरु उपलव्ध गराउदै व्यापारिक केन्द्रको रुपमा बिकास गरिनेछ ।

२.९ स्थानीय उत्पादनलाई वाह्य वजार क्षेत्र सम्म पुऱ्याउन सवै प्रकारका यातायात सेबालाई प्रभावकारी बनाइनेछ ।

२.१० औद्योगिक सेवा, सूचना प्रवाह, प्रविधि सम्बन्धी सूचना सङ्कलन र विरणलाई विस्तार गरिनेछ ।

२.११ रुद्राक्षको व्यवसायिक महत्वका वारेमा विस्तृत अध्ययन अनुसन्धान गरी सँगठित र व्यवस्थित तरिकाले व्यवसायिक खेती गरिनेछ ।

**रणनीति ३ को उद्योग व्यवसायमा महिला, दलित तथा अति विपन्न वर्गको आवद्धता वढाउने अन्तर्गतका कार्यनीतिहरु**

३.१ महिला, दलित तथा अति विपन्न वर्गको रोजगारी एवम् आय स्तरमा वृद्धिका लागि एकल, सामुहिक, साझेदारीमा उद्योग व्यवसाय स्थापनामा सहजीकरण र सञ्चालनका लागि प्रोत्साहन गरिनेछ ।

३.२ परम्परागत सीपलाई पुस्तान्तरण गर्दै ब्यबसायीकरण गर्न प्रोत्साहित गरिनेछ ।

३.३ पूँजीको अभाव उद्योग व्यवसाय शुरुवात गर्न नसकेका सम्भावित उद्यमीहरुलाई सहकारी तथा वित्तीय संस्थासँग समन्वय गरी व्यवसाय सञ्चालनको वातावरण श्रृजना गरिनेछ ।

३.४ वैदेशिक रोजगारीवाट फर्केका युवाहरुको ज्ञान, सीप र पूँजीलाई परिचालन गर्न युवालाई प्रोत्साहित गरिनेछ ।

३.५ परियोजनामा आधारित कर्जा प्रवाहको व्यवस्थाका लागि वित्तीय क्षेत्रसँग सहकार्य गरिनेछ ।

**रणनीति ४ को उद्योग, व्यवसाय तथा सेवा सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु**

४.१ लघु, घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धनका लागि नीति, दीर्घकालीन योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

४.२ उद्योग व्यवसाय बिकास सम्बन्धी कानुन, मापदण्ड बनाई अनुगमन तथा नियमन गरिनेछ ।

४.३ स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार र हित सम्बन्धी नीति, कानुन, मापदण्ड कार्यान्वयन र नियमन गरिनेछ ।

**ङ) तर्कवद्ध खाका**

**तालिका : २३**
**१.४ उद्योग, व्यापार तथा व्यवसाय**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७७/ ७८ सम्म | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०८०/८१ | २०८२/८३ | | |
| **असर** | रोजगारीमा कृषि/गैर कृषि क्षेत्रको योगदान | प्रतिशत | ४३.४/ ५६.६ | ४२/ ५८ | ४०/ ६० | ३५/ ६५ | पालिकाको वार्षिक प्रगति प्रतिवेदन | अन्तर सरकार र निजी एवम् सहकारी क्षेत्र सँग सहकार्य भएको हुने |
| **प्रतिफल हरु** | औपचारिक/अनौपचारिक क्षेत्रका चालु लघु, घरेलु तथा साना उद्योग (रु.१ करोड सम्मको) | संख्या | ० | १ | २ | ३ | घरेलु उद्योग कार्यालय को अभिलेख<br><br>पालिकाको वार्षिक प्रगति प्रतिवेदन<br><br>अद्यावधिक पालिका पार्श्वचित्र | लगानी मैत्री वातावरण श्रृजना भएको हुने<br><br>सहकारी, निजी क्षेत्रसँग सहकार्य भएको हुने |
| | औपचारिक/अनौपचारिक क्षेत्रका चालुमझौला उद्योग (रु.१५ करोड सम्मको) | संख्या | ० | १ | १ | २ | | |
| | कानुन अनुसार सम्वन्धित निकायमा कर चुक्ता गर्ने उद्योग | संख्या | १७५१ | १८०० | २००० | २५०० | | |
| | सुचारु व्यापार व्यवसाय | संख्या | १७५१ | १८०० | २००० | २५०० | | |
| | स्थानीय सीप शैली, प्रविधि मा आधारित उद्योग व्यवसाय | संख्या | ११२१ | १३०० | १५०० | १७०० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | वाँस, अल्लो, केरा जस्ता वनस्पतिजन्य रेशामा आधारित उद्योग व्यवसाय | संख्या | ३३ | ४० | ७० | १३० | | |
| | स्थानीय हस्तकलामा आधारित उद्योग व्यवसाय | संख्या | १ | १ | ३ | ५ | | |
| | निकासीजन्य कच्चा पदार्थको उपलव्धता | मे.टन | ० | | | | | |
| | जडिवुटीमा आधारित उद्योग व्यवसाय | संख्या | ० | ५ | ३० | ६० | | |
| | उद्यम श्रृजना, व्यवसायिक विकास सम्बन्धी तालिम प्राप्त उद्यमीहरु | संख्या | ३५०० | ४००० | ५००० | ६००० | | |
| | सीपमूलक व्यवसायिक तालिम आर्जन गर्ने व्यक्तिहरु | संख्या | ३२०० | ३५०० | ४५०० | ५५०० | | |
| | महिलाद्वारा सञ्चालित उद्योग व्यवसायहरु | संख्या | ५८१ | ६०० | ७०० | ८०० | | |
| | सुचारु औद्योगिक ग्राम | संख्या | ० | ० | १ | १ | | |
| | वार्षिक आयात निर्यातको अनुपात | अनुपात | ४:१ | ४:१ | ३.५:१.५ | ३:२ | | |

| **कियाकलाप तथा कार्यक्रम** | **वजेट रु.** |
|---|---|
| १. सीप बिकास तथा उद्यमशीलता बिकास कार्यक्रम<br>२. औद्योगिक ग्राम स्थापना र सञ्चालन कार्यक्रम<br>३. वजार प्रवर्द्धन तथा व्यापार मेला कार्यक्रम<br>४. महिला, दलित तथा अतिविपन्न वर्गका लागि अनुदान सहयोग कार्यक्रम<br>५. विप्रेषणवाट प्राप्त पूँजी परिचालन कार्यक्रम<br>६. परम्परागत, मौलिक एवम् कला संस्कृतिमा आधारित उद्योग व्यवसायहरुको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन | **१२ करोड ५० लाख ३० हजार** |

## ५.५.५ वैंक, वित्तीय संस्था तथा सहकारी

**क) वैंक, वित्तीय संस्था तथा सहकारी विकासको सम्भावना, चुनौति, सवल र कमजोर पक्षहरु**

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवम् पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**तालिका : २४**
**वैंक, वित्तीय संस्था तथा सहकारी विकास क्षेत्र : सम्भावना, चुनौति, सवल र कमजोर पक्षहरु**

| सम्भावना तथा अवसरहरु | चुनौतिहरु |
|---|---|
| ➧ कर्जा तथा ऋण सेवा सुविधा उपलव्ध<br>➧ ठूलो रकममा निक्षेप सङ्कलन हुने<br>➧ वाणिज्य वैंक, विकास वैंक, लघु वित्त एवम् सहकारी संस्थाहरु ठूलो संख्यामा कियाशील<br>➧ वचत, लगानी, रेमिट सेवा सुविधाहरु उपलव्ध<br>➧ सहकारीहरुको सञ्चालनवाट वचत सङ्कलन भएको | ➧ विपन्न वर्गलाइ वैंकिङ सेवा पहुँच वृद्धि गर्नु<br>➧ कृषि, पर्यटन, लघु, घरेलु तथा साना उद्योगहरुमा कर्जा प्रवाहमा अभिवृद्धि ल्याउनु<br>➧ परियोजना तथा सामुहिक जमानीमा ऋण सुविधा उपलव्ध गर्नु<br>➧ व्याँजदरलाई नियन्त्रण गर्नु<br>➧ धितो मूल्याङ्कन तथा ग्रामीण धितोको जटिलता हटाउनु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ आम नागरिकहरुको वचत सङ्कलन, कर्जा प्रवाह एवम् रेमिट सेवाहरु सञ्चालनमा<br>➧ विभिन्न वित्तीय एवम् सहकारी संस्थाहरु पालिका क्षेत्र भित्र कियाशील रहेको<br>➧ सहकारी संस्थाहरुको क्षमता विकासमा सहयोग | ➧ वित्तीय नीति, नियम तथा मापदण्डहरु निर्माण तथा कार्यान्वयन नहुनु<br>➧ महिला सहकारी संस्थाहरुको विस्तार गर्न नसक्नु<br>➧ सहकारी सदस्यहरुमा क्षमता अभिवृद्धिको कमि तथा व्यवसायिकताको विकास गर्न नसक्नु<br>➧ सामुहिक जमानीमा ऋण सुविधा उपलव्ध नहुनु |

**ख) उद्देश्य**

तुलनात्मक लाभ भएका व्यवसायिक क्षेत्रहरुमा वित्त परिचालनवाट स्थानीय अर्थतन्त्र गतिशील ल्याउनु ।

**ग) रणनीतिहरु**

१. सहकारीता बिकास गर्ने ।
२. सङ्कलित पूँजीलाई छिटो प्रतिफल प्राप्त हुने क्षेत्रमा परिचालन गर्ने ।
३. विप्रेषण (रेमिटेन्स) लाई उद्यम र व्यवसायमा परिचालन गर्ने ।
४. वैंक, वित्तीय संस्था तथा सहकारी बिकास सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने ।

**घ) कार्यनीतिहरु**

**रणनीति १ को सहकारीता बिकास अन्तर्गतका कार्यनीतिहरु**

१.१ छरिएर रहेका तथा अनुत्पादक क्षेत्रका पूँजीहरुलाई एकीकृत गर्दै सहकारी संस्था स्थापना गर्न प्रोत्साहन गरिनेछ । एकीकृत पूँजीलाई उद्योग, व्यवसाय तथा उत्पादनशील क्षेत्रमा परिचालन गरी रोजगारी श्रृजना एवम् आय आर्जन वृद्धि ल्यानउन सहकारी संस्थाहरुसँग सहकार्य गरिनेछ ।

१.२ भइरहेको सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गर्दै व्यवस्थापकीय पक्षमा मजबुज बनाउदै एक घर एक सहकारी अवधारणा अवलम्वन गरिनेछ ।

१.३ कृषक समूह, उद्यमी समूह, महिला, स्थानीय उद्यमी तथा व्यवसायीहरुलाई सहकारीमा आवद्ध हुन प्रोत्साहित गर्दै सहकारीका सदस्यहरुमा उद्यमशीलता बिकास, उत्पादन, बजारीकरण, वित्तीय व्यवस्थापन, नेतृत्व विकास, सहकारी व्यवस्थापन, सहकारी शिक्षा, सूचना प्रणाली, लगानी व्यवस्थापन क्षमता अभिवृद्धि गरिनेछ ।

१.४ एक वस्ती एक सहकारी अवधारणालाई अवलम्बन गर्दै विषय क्षेत्र अनुसारको अलग अलग सहकारी संस्था स्थापनाका लागि प्रोत्साहित गरिनेछ। यसका लागि सहकारी तथा बचत सम्बन्धी चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।

१.५ कृषि, पशुपंक्षी, गैरबन पैदावरमा आधारित उपजहरुमा विविधीकरण गर्दै सहकारी संस्थाहरुको माध्यमवाट त्यस्ता उपजहरुको वजार विकास विस्तार तथा प्रवर्द्धनका लागि सहयोग उपलव्ध गरिनेछ।

१.६ सहकारी संस्थावाट सहज एवम् सहुलियत दरमा कर्जा प्रवाहका लागि सहजीकरण गरिनेछ।

१.८ कृषि तथा बहुउद्देश्यीय सहकारीसँग समन्वय कायम गरी विपन्न वर्ग लक्षित सुपथ मूल्यमा उपभोग्य वस्तु उपलब्ध गराइनेछ।

**रणनीति २ को सङ्कलित पूँजीलाई छिटो प्रतिफल प्राप्त हुने क्षेत्रमा परिचालन अन्तर्गतका कार्यनीतिहरु**

२.१ नगदेबाली, फलफुल, तरकारी लगायत छिटो नगद तथा पूँजी निर्माण हुने क्षेत्रहरुमा लगानी परिचालन गर्न वित्तीय क्षेत्रलाई प्रोत्साहित गर्दै स्थानीय स्तरमा रोजगारी तथा आयआर्जनका अवसरहरु श्रृजना गरिनेछ।

२.२ महिला, दलित तथा अतिविपन्न वर्गको आर्थिक उत्थानमा सहयोग पुऱ्याउन व्यवसायको प्रकृति र आवश्यकता का आधारमा सहुलियतपूर्ण कर्जा वा अनुदान व्यवस्था गरिनेछ ।

२.३ स्थानीय साधन, श्रोत, सीप र रोजगार प्रवर्द्धन हुने क्षेत्र एवम् महिला समूहद्वारा सञ्चालित उद्योग व्यवसायहरुमा लगानी गर्न नीतिगत व्यवस्था, सामुहिक जमानीमा कर्जा व्यवस्था, कर्जा लिने प्रक्रियालाई सहज र ऋण सुविधामा पहुँच वृद्धि गरिनेछ ।

२.४ विषय क्षेत्रगत रुपमा र वर्गिय हिसाववाट तोकिएको प्राथमिकता प्राप्त क्षेत्रहरुमा सहुलियतपूर्ण ऋण कार्यक्रम सञ्चालन गरी समग्र अवस्थामा सुधार ल्याउन वित्तीय संस्थाहरुसँग सहकार्य गरिनेछ।

२.५ वित्तीय संस्थाहरुसँगको सहकार्यमा वैकिङ्ग ऋणलाई सहज, सुलभ र धितो मूल्याङ्कन एवम् व्याँजदरलाई व्यवहारिक बनाइनेछ।

२.६ एक वडा एक सुपथ मूल्य पसलहरु विस्तार गरिनेछ।

२.८ न्यूनदरमा सुलभ कृषि कर्जा उपलब्ध गराउन सहकारी संस्थाहरुसँग सहकार्य गरिनेछ।

**रणनीति ३ को विप्रेषण (रेमिटेन्स) लाई उद्यम र व्यवसायमा परिचालन अन्तर्गतका कार्यनीतिहरु**

३.१ विप्रेषणलाई आयमूलक क्षेत्रमा लगानी गर्न सम्वन्धित परिवारहरुमा वित्तीय साक्षरता, सीप बिकास, उद्यमशीलता बिकास तालिम कार्यक्रम सञ्चालन गरी क्षमता अभिवृद्धि गरिनेछ।

३.२ विप्रेषणलाई नगदेबाली, छिटो नगद तथा पूँजी निर्माण हुने क्षेत्रहरुमा लगानी गर्न नीतिगत व्यवस्था गरिनेछ।

**रणनीति ४ को वैंक, वित्तीय संस्था तथा सहकारी बिकास सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु**

४.१ सम्पूर्ण वडामा वित्तीय संस्थाका शाखाहरु विस्तार गर्ने।

४.२ वित्तीय, सहकारी एवम् विप्रेषण लगानी सम्बन्धी नीति, कानुन, मापदण्ड बनाई अनुगमन र नियमन गरिनेछ।

**ङ) तर्कवद्ध खाका**

**तालिका/ग्राफचित्र : २५**
**१.५ वैंक, वित्तीय संस्था तथा सहकारी बिकास**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७७/७८ सम्म | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०८०/८१ | २०८२/८३ | | |
| **असर** | वैंक तथा वित्तीय संस्थाहरुवाट भएको कूल कर्जा प्रवाह (कूल निक्षेप सङ्कलन रकमको) | प्रतिशत | ७० | ७५ | ८० | ८५ | पालिकाको वार्षिक प्रगति प्रतिवेदन | अन्तरसरकार र निजी एवम्सहकारी क्षेत्रसँग सहकार्य भएको हुने |
| **प्रतिफलहरु** | सुचारु वैंक तथा वित्तीय संस्था | संख्या | ११ | १२ | १४ | १६ | वैंक, वित्तीय तथा सहकारी संस्थाहरुको अभिलेख तथा प्रतिवेदन<br><br>पालिका पार्श्वचित्र | वैंक, वित्तीय तथा सहकारी संस्थाहरु सँग सहकार्य भएको हुने<br><br>सरकारको प्राथमिक प्राप्त क्षेत्रमा लगानी अभिवृद्धि भएको हुने |
| | वैंक तथा वित्तीय संस्थाहरुमा सङ्कलित निक्षेप | रु.करोड | १०५.९ | १०७.४ | १०८.० | ११०.० | | |
| | आर्थिक रुपमा सक्रिय जनसंख्या (१५-६४) को वैंक खाता | संख्या हजार | ३९.७ | ४१.२ | ४३.५ | ४५.५ | | |
| | वैंक तथा वित्तीय संस्थाहरु वाट उपलब्ध सेवा तथा कारोबारको प्रकार (बचत र लगानी / रेमिट/मुद्रा सटही /व्यवसायिक परामर्श) | संख्या | ५ | ५ | ६ | ६ | | |
| | वचत तथा ऋण समेत को कूल सहकारी संस्था | संख्या | ३७ | ४० | ५० | ६० | | |
| | महिलाद्वारा सञ्चालित सहकारी संख्या | संख्या | ३ | ४ | ६ | ८ | | |
| | कृषि क्षेत्रका कूल सहकारी संस्था | संख्या | ११ | १५ | २० | २५ | | |
| | सहकारी संस्थामा आवद्ध सदस्यहरु | संख्या | ५९२९ | ६००० | ६४०० | ६८०० | | |
| | सहकारी संस्थाको ऋण कर्जावाट उद्योग, व्यापार व्यवसाय सञ्चालन | संख्या | ३०५२ | ३५०० | ४५०० | ६५०० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | गर्नेहरु | | | | | | | |
| | सहकारी संस्थावाट भएको कूल कर्जा लगानी | रु.करोड | १४.६९ | १६.४५ | १८.८७ | २१.९ | | |
| | सहकारी संस्थामा सङ्कलित कुल निक्षेप | रु.करोड | २०.३३ | २२.७७ | २७.४० | ३३.६४ | | |

| कियाकलाप तथा कार्यक्रम | वजेट रु. |
|---|---|
| १. सहकारी सचेतना, सवलीकरण तथा व्यवस्थापन तालिम ।<br>२. सीप बिकास तथा उद्यमशीलता बिकास कार्यक्रम ।<br>३. सहकारी संस्थासँगको समन्वयमा वजार प्रवर्द्धन कार्यक्रम ।<br>४. सहकारी तथा वित्त संस्थाहरुको क्षमता वृद्धि कार्यक्रम ।<br>५. अनुदान व्यवस्था । | **५ करोड ६८ लाख ३१ हजार** |

## ५.५.६ सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगारी

**क) सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगारीको सम्भावना, चुनौति, सवल र कमजोर पक्षहरु**

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवम् पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**तालिकाः २६**
**सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगारी क्षेत्र : सम्भावन, चुनौति, सवल तथा कमजोर पक्षहरु**

| सम्भावना तथा अवसरहरु | चुनौतिहरु |
|---|---|
| ➧ युवा समूह उपस्थिति अधिक<br>➧ विप्रेषण ठूलो रकममा भित्रिएको र आवद्ध घरधुरीको आर्थिक सामाजिक अवस्थामा सुधार<br>➧ वैदेशिक रोजगारीवाट फर्केका युवाहरुमा सीप र पूँजी उपलब्ध | ➧ सुरक्षित वैदेशिक रोजगारी क्षेत्र पहिचान र वैदेशिक रोजगारी सम्वन्धी कानुनी सहायता उपलब्ध गराउनु<br>➧ विप्रेषणलाई आयमूलक क्षेत्रमा परिचालन गर्नु |
| **वलियो पक्ष** | **कमजोर पक्ष** |
| ➧ वैदेशिक रोजगारी सम्वन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन<br>➧ सीपमा आधारित तालिम कार्यक्रमहरु सञ्चालन | ➧ वित्त साक्षरता कार्यक्रम सञ्चालन नहुनु<br>➧ वैदेशिक रोजगारीवाट फर्केका युवाहरुलाई उद्योग व्यवसाय तथा कृषि खेतीमा प्रति आकर्षण गर्न नसक्नु<br>➧ वैदेशिक रोजगारी सम्वन्धी सूचना केन्द्र सञ्चालन नहुनु |

**ख) उद्देश्य**

वैदेशिक रोजगारीवाट प्राप्त विप्रेषणलाई आय आर्जन तथा पूँजी निर्माणको क्षेत्रमा सदुपयोग गर्नु ।

**ग) रणनीतिहरु**

१. सीप बिकास तथा क्षमता अभिवृद्धि गर्ने ।
२. गन्तव्य स्थानवारे अभिमुखीकरण गर्ने ।
३. न्यायमा सहज पहुँच वृद्धि गर्ने ।
४. विप्रेषणलाई सुरक्षित क्षेत्रमा लगानी गर्ने ।

## घ) कार्यनीतिहरु

**रणनीति १ को सीप बिकास तथा क्षमता अभिवृद्धि अन्तर्गतको कार्यनीति**

१.१ अन्तर्राष्ट्रिय स्तरमा मान्यता प्राप्त संस्थाहरुवाट होटेल व्यवस्थापन लगायतका मुख्य मुख्य विषयहरुमा आधारभूत सीप प्रदान गर्दै वैदेशिक रोजगारीलाई सुरक्षित र सहज बनाउन सहयोग गरिनेछ ।

**रणनीति २ को गन्तव्य स्थानवारे अभिमुखीकरण अन्तर्गतको कार्यनीति**

२.१ गन्तव्य राष्ट्र/स्थानका वारेमा भाषा, संस्कृति, रहनसहन जस्ता सामाजिक पक्ष, सुरक्षा व्यवस्था, नीति नियम तथा दण्ड सजाय, सहायता केन्द्र जस्ता विषयहरुमा अभिमुखीकरण गर्दै आपतकालीन अवस्थामा समेत सुरक्षित रहन सक्ने सूचनाहरु प्रदान गरिनेछ ।

**रणनीति ३ को न्यायमा सहज पहुँच वृद्धि अन्तर्गतको कार्यनीति**

३.१ गन्तव्य क्षेत्रमा हुन सक्ने चोरी, ठगी, नोक्सानी, सम्झौता उल्लङ्घन, जालसाजी जस्ता विषयहरुमा पीडित पक्षलाई कानुनी सहायता सेवा उपलब्ध गराई अनावश्यक तनाववाट मुक्त गराइनेछ ।

**रणनीति ४ को विप्रेषणलाई सुरक्षित क्षेत्रमा लगानी अन्तर्गतको कार्यनीतिहरु**

४.१ सम्वन्धित परिवारमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरी विप्रेषणलाई सुरक्षित लगानी गर्न प्रोत्साहन गरिनेछ ।

४.२ सम्वन्धित परिवारमा छिटो प्रतिफल प्राप्त हुने क्षेत्र तथा नगदे बालीहरुमा व्यवसायिकता बिकासका लागि सीप बिकास एवम् उद्यमशीलता तालिम प्रदान गरी क्षमता अभिवृद्धि गरिनेछ ।

४.३ वैदेशिक रोजगारीवाट फर्किआएका युवाहरुको सीप अभिवृद्धि तथा उद्यमशीलता बिकास गरी स्वरोजगारीका अवसरहरु श्रृजना गर्न सहयोग प्रदान गरिनेछ ।

## ङ) तर्कवद्ध खाका

**तालिका: २७**
**१.६ सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगारी**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७७/७८ सम्म | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०८०/८१ | २०८२/८३ | | |
| **असर** | उत्पादनमूलक क्षेत्रमा विप्रेषण आय लगानी | प्रतिशत | ५ | ७ | ९ | १० | पालिकाको वार्षिक प्रगति प्रतिवेदन | अन्तरसरकार र निजी एवम्सहकारी क्षेत्रसँग सहकार्य भएको हुने |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल हरु** | वैदेशिक रोजगारीमा जान | संख्या | १८०८ | ३१०८ | ३५०८ | ३७०८ | बैदेशिक रोजगार विभाग वैदेशिक रोजगार वोर्ड आप्रवासन सूचना केन्द्र<br><br>पालिकाको वार्षिक प्रगति प्रतिवेदन<br><br>पालिका पार्श्वचित्र | वैदेशिक रोजगार वोर्ड तथा तालिम संस्थाहरु सँग सहकार्य भएको हुनेछ वैङ्क, वित्तिय संस्था तथा सुरक्षित आप्रवासन सम्बन्धी संस्थासँग सहकार्य भएको हुनेछ |
| | सीपमूलक तालिम सहित वैदेशिक रोजगारीमा जाने | संख्या | ० | १०० | ३०० | ५०० | | |
| | वैदेशिक रोजगारीका लागि तालिम प्रदान गर्ने संस्थाहरु | संख्या | १ | १ | १ | १ | | |
| | सुरक्षित वैदेशिक रोजगारी का लागि सञ्चालित सूचना प्रवाह केन्द्रवाट लाभान्वित | संख्या | ० | ३०० | ५०० | ८०० | | |
| | विप्रेषणलाई आयमूलक क्षेत्रमा परिचालन गर्ने जनसंख्या (कूल वैदेशिक रोजगारी संख्याको) | प्रतिशत | ० | ५ | १५ | २५ | | |
| | वैदेशिक रोजगारीबाट फर्केर व्यवसाय गर्ने | संख्या | ० | १० | २० | ३० | | |
| | वित्तीय साक्षरता कार्यक्रम वाट लाभान्वित जनसंख्या (वैदेशिक रोगजारीमा जानेको) | प्रतिशत | ० | ३० | ५० | ७५ | | |
| | विप्रेषण प्राप्त गर्ने घरधुरी | संख्या | १८०० | ३१०० | ३५०० | ३७०० | | |
| | विप्रेषणवाट वार्षिक रुपमा प्राप्त रकम | रु.करोड | ५४.२४ | १०४.४ | १२६.२८ | १४२.३ | | |

| **कियाकलाप तथा कार्यक्रम** | **वजेट रु.** |
|---|---|
| १. रोजगार सूचना केन्द्र स्थापना र सञ्चालन ।<br>२. गन्तव्य राष्ट्र वारे अभिमुखीकरण तथा क्षमता अभिवृद्धि ।<br>३. सीप बिकास तथा उद्यमशीलता ।<br>४. कानुनी सहायता । | **२ करोड ८४ लाख १५ हजार** |

# परिच्छेद-६
# सामाजिक बिकास

## ६.१ पृष्ठभूमि

शिक्षा, स्वास्थ्य, भाषा, संस्कृति, महिला, वालवालिका, दलित, ज्येष्ठ नागरिक, छुवाछुत तथा भेदभाव, सामाजिक न्याय र सामाजिक सुरक्षा जस्ता पक्षहरु मानवको मौलिक अधिकार हुन । नेपालको संविधान, २०७२ ले उक्त पक्षलाई संविधानको अनुसूची ८ मा उल्लेख गरी स्थानीय तहको एकल अधिकारमा सूचीकृत गरेको छ । आधारभूत तथा माध्यामिक शिक्षा, आधारभूत स्वास्थ्य तथा सरसफाइ, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अशक्तहरुको व्यवस्थापन, भाषा, संस्कृति, कलाको संरक्षण तथा विकास सम्वन्धी नीति, नियम, कानून, मापदण्ड वनाउने, योजना तर्जुमा गर्ने र त्यसको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन एवम् नियमन गर्ने जिम्मेवारी स्थानीय सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहलाई दिइएको छ ।

नेपाल सरकारले शिक्षा क्षेत्रलाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक वनाउने, सक्षम, प्रतिस्पर्धी र नैतिक एवम् राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार पार्ने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य वनाई क्रमशः निःशुल्क वनाउने लक्ष्य लिएको छ । यसैगरी स्वास्थ्यतर्फ आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क प्रदान गर्ने, स्वास्थ्य सेवालाई नियमित, प्रभावकारी, गुणस्तरीय तथा सर्वसुलभ वनाई नागरिकको पहुँच स्थापित गर्ने नीति कार्यान्वयनमा ल्याएको छ भने खानेपानी तथा सरसफाइमा प्रत्येक नागरिकको पहुँचको सुनिश्चित गरिएको छ । समानुपातिक, समावेशी र सहभागिताको सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माणको लागि लैङ्गिक विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित नीति पनि नेपाल सरकारले अङ्गीकार गरेको छ । आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका वर्गलाई समानुपातिक समावेशी सिद्धान्त आधारमा राज्यका सवै निकायमा सहभागिताको व्यवस्था मिलाएको छ भने वाल अधिकारको सम्मान, संरक्षण एवम् प्रवर्द्धन गर्ने र अपाङ्गता भएका व्यक्तिको अधिकार एवम् आत्मसम्मानपूर्वक जीवन यापनका लागि संयुक्त राष्ट्र संघीय महासन्धिहरु अनुमोदन गर्दै अन्तर्राष्ट्रिय स्तरमा आफ्नो प्रतिवद्धता जाहेर भएको छ । नेपाल सरकारले ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षाका लागि ऐन, नियमावली र राष्ट्रिय कार्ययोजना वनाई कार्यान्वयनमा ल्याइएको छ भने राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक सामाजिक र साँस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण श्रृजना गरिएको छ । सवै मातृभाषालाई राष्ट्र भाषाको रुपमा अवलम्वन गर्दै आफ्नो भाषा, लिपि, संस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्वर्द्धन एवम् ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र विकासमा जोड दिइएको छ ।

राष्ट्रको १५ औं योजनामा सामाजिक क्षेत्रलाई उच्च स्थानमा राखेको छ । यस अनुसार राष्ट्रिय उद्देश्य, रणनीति एवम् लक्ष्य सूचकहरुमा समावेश गरी सामाजिक सुरक्षाको सुनिश्चिता गरेको छ । सामाजिक साँस्कृतिक विविधताको संरक्षण, विभेद, हिंसा जस्ता पक्षहरुको न्यूनीकरण, अपराधमुक्त समाज निर्माणलाई समेत विशेष जोड दिइएको छ भने स्वास्थ्य नागरिक तथा गुणस्तरीय, रोजगारीमूलक तथा जीवनोपयोगी शिक्षालाई सुनिश्चित गरेको छ ।

दिगो विकास लक्ष्यहरु कार्यान्वयन गर्न नेपाल सरकार प्रतिवद्ध छ । यस अनुसार लैङ्गिक समानता हासिल गर्न, महिला तथा वालवालिकाहरुलाई सशक्त वनाउन, स्वास्थ्य जीवन सुनिश्चिचता गर्न, समृद्ध जीवन प्रवर्द्धन गर्न, समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा र सवैलाई स्वच्छ पानी एवम् सरसफाइको दिगो व्यवस्थापन गर्न पनि प्रतिवद्ध छ ।

यसै क्रममा खाँदवारी नगरपालिकाले उपरोक्त पक्षको सुनिश्चिचतता गर्दै संघ तथा प्रदेश सरकारको कानुन, नीति, योजना र लक्ष्यलाई समेत मनन गरी समग्र सामाजिक बिकासको खाका तयार पारेको छ । सामाजिक विकासका लागि प्रमुख क्षेत्रको रुपमा रहेको शिक्षा, आधारभूत स्वास्थ्य तथा पोषण, खानेपानी तथा सरसफाइ, लक्षित वर्ग तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद र कला, भाषा, साहित्य तथा संस्कृतिका जस्ता क्षेत्रको विद्यमान अवस्था, समस्या तथा चुनौतिहरुको विश्लेषण गरी आगामी ५ वर्षका लागि उद्देश्य निर्धारण, लक्ष्य परिमाण र सोको प्राप्तीका लागि अवलम्वन गरिने रणनीति तथा कार्यनीति निर्धारण र प्रमुख कार्यक्रमहरु समेत तर्जुमा भएको छ ।

## ६.२ वर्तमान अवस्था

सामाजिक सेवा अन्तर्गतका आधारभूत पक्षहरु शिक्षा, स्वास्थ्य र खानेपानी सेवा पालिका क्षेत्रभित्रका सवै वडाहरुमा उपलव्ध छ । साक्षरता दरमा नगरपालिकाले उल्लेखनीय प्रगति हासिल गरेको छ । पालिकाको कूल साक्षरता दर ९५.६४ प्रतिशत छ भने आधारभूत तहको खूद भर्नादर करिव ९५.६ प्रतिशत छ । पालिकाका सवै वडाहरुमा माध्यामिक र प्राथमिक विद्यालयहरु सञ्चालनमा छन् । विद्यालयमा सम्मको पहुँच १५ मिनेटको दुरीमा करिव ९० प्रतिशत घरधुरीलाई छ । यसैगरी विद्यालयहरुमा दिवा खाजा, छात्रवृत्ति व्यवस्था छ विद्यालयहरु सवैमा आइसिटि जडान, कम्प्युटर तथा विज्ञान प्रयोगशालाको व्यवस्था हुन सकेको छैन । शिक्षाको गुणस्तरमा सुधार अपेक्षा अनुसार भएको छैन, सिकाइ उपलव्धि दर करिव ५० प्रतिशतको हाराहारीमा छ । आधारभूत स्वास्थ्य तर्फ वडाहरुमा स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, गाउँघर क्लिनिकको व्यवस्था छ । जिल्ला सदरमुकाम भएकोले पालिकामा जिल्ला स्तरीय अस्पताल सेवा उपलव्ध छ । वालमृत्यु तथा मातृमृत्यु न्यून दरमा छ । तापनि स्वास्थ्यमा सहज पहुँच अझै कठिन छ । नजिकको स्वास्थ्य संस्थामा पुग्न ३९ प्रतिशत घरधुरीलाई ३० मिनेट लाग्छ भने करिव ६१ प्रतिशतलाई सो भन्दा वढी समय लाग्ने गर्दछ । झाडापखला तथा श्वासप्रश्वासको सङ्क्रमणवाट हुने मृत्युलाई र कम तौल तथा कुपोषणका कारण उमेर अनुसारको तौललाई सामान्य रुपमा ग्रहण गर्न सकिदैन । स्वास्थ्य संस्थामा आधारभूत पूर्वाधार, उपकरण, जनशक्तिको अभावका कारण गुणस्तरीय स्वास्थ्य सेवावाट स्थानीयहरु लाभान्वित हुन सकिरहेका छैनन् । यसैगरी सुरक्षित खानेपानी, निजी खानेपानी धाराको उपलव्धता र पाइपलाइनवाट वितरित खानेपानी उपभोग गर्नेहरुको संख्या अझै न्यून छ । वस्तीहरुमा सामुहिक धाराको व्यवस्था गरिएको भने असुरक्षित खानेपानी उपभोग गर्नेहरुको संख्या पनि अधिक छ, करिव ९७ प्रतिशत घरधुरीमा शौचालयको व्यवस्था छ । सवै वडाहरु खुल्ला दिसामुक्त क्षेत्रहरु हुन ।

लक्षित वर्गको क्षमता तथा सशक्तिकरणका लागि पालिकावाट विविध कार्यक्रमहरु सञ्चालन हुँदै आएको छन् । स्थानीय नेतृत्व तहमा यस्ता वर्गको सहभागिता तथा प्रतिनिधित्व करिव ३३ प्रतिशत भन्दा वढी छ । सीप तथा व्यावसायिक तालिम कार्यक्रमवाट महिलाहरु ठूलो संख्यामा लाभान्वित छन् । महिलाहरुको सशक्तिकरणका लागि सहकारी संस्थाहरु सञ्चालनमा छन् । लैङ्गिक हिंसा निवारण कोष, एकल महिला सुरक्षा कोष पालिकामा व्यवस्था छ वालविवाह, वहुविवाह र वालवालिका विरुद्ध हुने दुर्व्यवहार, घरेलु हिंसा, असहाय वालवालिकाको संख्या पनि अधिक छ । लैङ्गिक हिंसा तथा छुवाछुत सम्वन्धी घटनाहरु कूल घटनाको करिव १० प्रतिशत छ । सार्वजनिक संरचनाहरु वाल तथा अपाङ्गता

र महिलामैत्री छैनन् । यसका वावजुद पनि युवाहरुको संलग्नता स्थानीय संरचनामा करिव २० प्रतिशत छ । आयमूलक व्यवसायिक सीप विकास, प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा स्वरोजगार कोषवाट युवाहरु लाभान्वित छन । स्थानीय संस्कृति तर्फ स्थानीय संस्कृति झल्किने म्युजियम र स्थानीय भाषा संरक्षण हुने गरी प्रकाशन, अध्ययन अनुसन्धान नभएपनि जातियताका हिसावले १२ थरीका भिन्न भाषाहरु र २० थरीका सांस्कृतिक चाडपर्वहरु चलनचल्तीमा छन् ।

## ६.३ उद्देश्य

आवधिक योजनाले गरिएको लक्ष्य प्राप्तीका लागि सामाजिक क्षेत्रको बिकासका लागि निर्धारण गरिएको वृहत उद्देश्य देहाय वमोजिम रहेको छ : **"**गुणस्तरीय एवम् प्राविधिक शिक्षा, आधारभूत स्वास्थ्य, सुरक्षित खानेपानीको सर्वसुलभताको सुनिश्चितता, कला भाषा, संस्कृति, सम्पदाहरुको संरक्षण, प्रवर्द्धन, युवाहरुमा व्यावसायिकता तथा खेलकुदको विकास लगायतका सामाजिक सेवा सुविधाहरुमा लक्षित वर्ग एवम् आम नागरिकको सहज पहुँच अभिवृद्धिवाट समतामूलक समाज निमार्ण गर्नु**"** मुख्य उद्देश्य निर्धारण भएको छ ।

## ६.४ प्रमुख रणनीतिहरु

ग) गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका आधारभूत सेवा सुविधामा नागरिकको पहुँच अभिवृद्धि गर्ने ।

घ) सामाजिक समावेशीकरण, सामाजिक न्याय सहितको समतामूलक आर्थिक, सामाजिक विकास गर्ने ।

## ६.५ विषयगत उपक्षेत्रहरु

यस विषयगत क्षेत्र भित्र निम्न विषयगत उपक्षेत्रहरु समावेश गरिएका छन् :

- शिक्षा विकास,
- आधारभूत स्वास्थ्य,
- खानेपानी तथा सरसफाइ,
- लक्षित वर्ग तथा सामाजिक समावेशीकरण,
- युवा तथा खेलकुद एवम्
- भाषा, साहित्य, कला तथा संस्कृति ।

### ६.५.१ शिक्षा

**क) शिक्षाको सम्भावना, चुनौति, सवल र कमजोर पक्षहरु**

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवम् पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**तालिकाः २८**
**शिक्षा क्षेत्र : सम्भावना, चुनौति, सवल र कमजोर पक्षहरु**

| सम्भावना तथा अवसरहरु | चुनौतिहरु |
|---|---|

| | |
|---|---|
| ➧ उमेर समूहका सवै वालवालिकाहरुको विद्यालयमा पहुँच<br>➧ शिक्षामा लगानी गर्न निजी क्षेत्र आकर्षित<br>➧ वालवालिकाहरुलाई शिक्षा दिनुपर्ने पक्षमा अभिभावकहरु सचेत<br>➧ वैकल्पिक शिक्षा, खुल्ला तथा अनौपचारिक शिक्षा र सामुदायिक सिकाइ केन्द्रको व्यवस्था | ➧ विद्यालय पहुँचवाट वाहिर रहेका विद्यालय उमेर समूहका वालवालिकाहरुलाई विद्यालयको पहुँच भित्र ल्याउनु<br>➧ साक्षरता अभिवृद्धि गर्नु<br>➧ शिक्षालाई गुणस्तरीय र व्यवहारिक वनाउनु<br>➧ आवासीय विद्यालयहरु सञ्चालनमा ल्याउनु<br>➧ नैतिक शिक्षा प्रवद्धन गर्नु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ प्रारम्भिक वालविकास केन्द्रहरु सञ्चालनमा<br>➧ शहीद परिवार, विपन्न एवम् जेहान्दार विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था<br>➧ वालवालिकाहरुलाई दिवा खाजा, सेनिटरी प्याडको व्यवस्था<br>➧ सिकाइ उपलव्धि सन्तोषजनक रहेको<br>➧ विद्यालयहरुमा आइसिटि, डिजिटल उपकरणहरु तथा सिसिक्यामरा जडान हुँदै<br>➧ तालिम प्राप्त तथा विषयगत शिक्षकहरुको व्यवस्था<br>➧ आपाङ्गत भएका खासगरी शुस्त श्रवण भएका वालवालिकाहरुलाई श्रवण श्रोत कक्षा सञ्चालन | ➧ विद्यालयहरुको नियमित अनुगमन र सुपरिवेक्षण कमी<br>➧ विद्यालयमा अतिरिक्त क्रियाकलाप लगायत आधारभूत भौतिक पूर्वाधारहरुको कमी र पूर्वाधारहरु वालवालिका एवम् अपाङ्गतामैत्री नहुनु<br>➧ वालमैत्री सिकाइ विधि अवलम्वन हुन नसक्नु<br>➧ समायोजन पश्चात वालवालिकाहरु विद्यालयसम्म पुग्न झनै कठिन<br>➧ विद्यालय र अभिभावकहरु वीच सम्वादको व्यवस्था नहुनु<br>➧ सँगठन तथा व्यवस्थापन सर्भे अनुसार दरवन्दी व्यवस्था नभएको र माध्यमिक तथा निमावि तहका शिक्षक न्यून<br>➧ अध्यात्मिक तथा नैतिक शिक्षाको कमी |

**ख) उद्देश्य**

शिक्षामा अतिगरिव, विपन्न तथा सीमान्तकृत वर्ग समूहको समेत सहज पहुँच अभिवृद्धि गर्दै विद्यालयहरुमा आधारभूत भौतिक एवम् शैक्षिक सुविधाको सुनिश्चितताबाट गुणस्तरीय, प्रयोगात्मक र व्यवहारिक शिक्षा वनाउनु ।

**ग) रणनीतिहरु**

१. साक्षरता वृद्धि गर्ने ।
२. उमेर समूहका वालवालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याउने ।
३. शिक्षालाई सर्वसुलभ बनाउने ।
४. शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्ने ।
५. शैक्षिक पूर्वाधारको व्यवस्था ।
६. प्राविधिक जनशक्ति विकास ।
७. आधारभूत शिक्षा सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने ।

**घ) कार्यनीतिहरु**

**रणनीति १ को साक्षरता वृद्धि अन्तर्गतका कार्यनीतिहरु**

१.१ आधारभूत शिक्षावाट बञ्चित समूहलाई गृहणी, प्रौढ तथा अभिभावक शिक्षाको माध्यमवाट साक्षर बनाइनेछ ।

१.२ सामुदायिक सिकाइ केन्द्र वडाहरुमा स्थापना गरी सामुदायिक सिकाइ केन्द्र मार्फत साक्षरता तथा निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गरी सवै उमेर समूहका नागरिकलाई साक्षर वनाइनेछ ।

१.३ विद्यालय छाडेका तथा वाहिर रहेका वालवालिकाहरुलाई वैकल्पिक शिक्षा सञ्चालन गरिनेछ ।

१.४ विद्यालय वाहिरका अपाङ्गता भएका बालबालिकाको आधारभूत तह सम्मको साक्षरताका लागि आवश्यकतानुसार विशेष शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

१.५ अनौपचारिक शिक्षा विस्तारवाट साक्षरता वृद्धि गर्दै जीवनोपयोगी बनाइनेछ ।

१.६ अनिवार्य शिक्षा, निःशुल्क शिक्षा एवम् वैकल्पिक शिक्षा लगायतका माध्यमहरुवाट नगरपालिकालाई पूर्ण साक्षर नगरपालिका घोषणा गरिनेछ ।

**रणनीति २ को उमेर समूहका वालवालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याउने अन्तर्गतका कार्यनीतिहरु**

२.१ आवश्यक सवै पूर्वाधार सहित प्रारम्भिक वालविकास केन्द्र तथा शिक्षालाई विस्तार गरिनेछ । सञ्चालनमा रहेका प्रारम्भिक वालविकास केन्द्रको स्तरोन्नति गरिनेछ ।

२.२ विद्यालय भर्ना कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ । यसका लागि वालक्लव, नागरिक समाज, स्थानीय गैरसरकारी संस्था लगायत सामुदायिक संस्थाहरुसँग सहकार्य गरिनेछ ।

२.३ आधारभूत तह सम्म निःशुल्क र माध्यामिक तह सम्म अनिवार्य शिक्षा वारे प्रचरात्मक ढङ्गवाट अभिभावक तथा सरोकारवालाहरुलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

२.४ आधारभूत तहसम्मका वालवालिकाहरुलाई दिवाखाजा, कलम, कापि सहित पाठ्यपुस्तक, विद्यालय पोशाक एवम् विद्यालयसम्म पुग्न विद्यालय वसहरु आदि सुविधाहरु निःशुल्क प्रदान गरी उमेर समूहका सवै वालवालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याइनेछ ।

२.५ आधारभूत तहसम्मको पठनपाठन गर्ने परम्परागत धार्मिक शिक्षा गुरुकूल, गुम्वा तथा मदरसाको क्षमता अभिवृद्धि गरिनेछ ।

**रणनीति ३ को शिक्षालाई सर्वसुलभ बनाउने अन्तर्गतका कार्यनीतिहरु**

३.१ विद्यालय छोड्ने दरमा न्यूनता ल्याउन प्रोत्साहनमूलक कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

३.२ विद्यालय वाहिरका उमेर समूहका किशोर किशोरीहरुलाई विद्यालयमा आधारित वैकल्पिक, खुल्ला तथा अनौपचारिक शिक्षा मार्फत निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

३.३ आर्थिक रुपमा विपन्न, दलित र सीमान्तकृत समुदाय, शहीद परिवारका बालबालिका तथा किशोर किशोरीहरुको विद्यालयमा पहुँच वृद्धिको सुनिश्चित गरिनेछ । यसका लागि छात्रावासको व्यवस्था मिलाइनेछ ।

३.४ जेहन्दार छात्रछात्राहरुलाई छात्रवृत्तिको व्यवस्था मिलाइनेछ ।

३.५ शिक्षामा महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिको पहुँच सुनिश्चित गरिनेछ ।

३.६ आधारभूत तहसम्म स्थानीय मातृभाषा, संस्कृत भाषामा शिक्षा प्रदान गर्न विद्यालयलाई प्रोत्साहित गर्दै नैतिक शिक्षा एवम् व्यवहारिक शिक्षामा जोड दिइनेछ ।

**रणनीति ४ को शिक्षाको गुणस्तरमा अभिवृद्धि अन्तर्गतका कार्यनीतिहरु**

४.१ तालिम प्राप्त, विषयगत एवम् दरबन्दी अनुसार शिक्षकहरुको व्यवस्था गरी पठनपाठनलाई नियमित रुपमा सञ्चालन गरी गुणस्तर कायम राखिनेछ ।

४.२ शिक्षकहरुलाई तालिम, पुनर्ताजगी तालिम, अन्तरक्रिया एवम् अनुभव आदनप्रदानमा सहभागी गराई पेशागत दक्षतामा अभिवृद्धि ल्याउदै शिक्षण पद्धतिहरुलाई प्रभावकारी बनाइनेछ ।

४.३ मण्टेश्वरी एवम् त्यस्तै प्रकारका व्यवहारिक, प्रयोगात्मक शिक्षण पद्धतिहरु अवलम्बन गरी शिक्षणलाई बालमैत्री बनाइनेछ । यसका लागि आवश्यक पूर्वाधारको व्यवस्था मिलाइनेछ ।

४.४ बालबालिकाहरुलाई मनोसामाजिक परामर्श सेवा प्रदान गर्दै बालबालिकाहरुको सिकाईमा अभिवृद्धि ल्याइनेछ ।

४.५ शैक्षिक तथा विद्यालय अनुगमन मूल्याङ्कनलाई प्रभावकारी रुपमा सञ्चालन गर्न मापदण्ड बनाई कार्यान्वयनमा ल्याइनेछ ।

४.६ विषयगत, कक्षागत सिकाइ उपलब्धि दर बढाउन नतिजामा आधारित मूल्याङ्कन प्रणालीको अवलम्बन गरी शिक्षामा गुणस्तर कायम राख्न पहल गरिनेछ ।

४.७ शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, कम्प्युटर शिक्षालाई अनिवार्य, ई-लाइब्रेरी, इण्टरनेटको व्यवस्था मिलाई विद्यालयलाई आधुनिक प्रविधिमैत्री बनाइनेछ ।

४.८ शिक्षकहरु सवैलाई तालिम प्रदान गरी प्रविधिमैत्री वनाइनेछ ।

४.९ महिला-पुरुष शिक्षकको अनुपात र शिक्षक-विद्यार्थी संख्याको अनुपातलाई एक निश्चित मापदण्डका निर्धारण गरी कक्षागत रुपमा अलग अलग व्यवस्था गरिनेछ ।

४.१० विद्यालय नक्साङ्कन सम्वन्धी मापदण्ड वनाई सोका आधारमा विद्यालय र शिक्षक समायोजन गरिनेछ ।

४.११ मापदण्ड वनाई उत्कृष्ट शिक्षक र उत्कृष्ट परिणाम ल्याउने तथा प्रभावकारी व्यवस्थापन गर्ने विद्यालयहरुलाई पुरस्कृत गरी प्रोत्साहित गरिनेछ ।

४.१२ न्यून विद्यार्थी संख्या भएका विद्यालयहरुमा सम्भाव्यता हेरी मल्टिग्रेड मल्टिलेवल शिक्षण विधि अवलम्वन गरिनेछ।

**रणनीति ५ को शैक्षिक पूर्वाधारको व्यवस्था अन्र्तगतका कार्यनीतिहरु**

५.१ विज्ञान प्रयोगशाला, पुस्तकालय, सन्दर्भ सामाग्री, विषयगत शैक्षिक सामाग्री तथा पाठ्यपुस्तकको व्यवस्था गर्दै शिक्षक एवम् विद्यार्थीहरुको ज्ञान भण्डारलाई फराकिलो बनाउन सहयोग गरिनेछ ।

५.२ विद्यालयहरुमा डिजिटल प्रविधिमा आधारित शिक्षण सिकाइ विधिलाई प्रवर्द्धन गरिनेछ । विद्यालयहरुमा शिक्षक तथा विद्यार्थीहरुका लागि ई-हाजिरी, सिसिटिभी, स्मार्ट वोर्डको व्यवस्था मिलाइनेछ ।

५.३ सवै प्रकारका भौतिक पूर्वाधारहरु (विजुली, खानेपानी, शौचालय, भवन निर्माण तथा मर्मत, फर्निचर, तारवार, पुस्तकालय, खेलमैदान, छात्रावास आदि) निर्माण गर्दै निर्मित पूर्वाधारहरु बालमैत्री, छात्रामैत्री, अपाङ्तामैत्री एवम् भूकम्प प्रतिरोधात्मक बनाउदै विद्यालयमा एक सहजपूर्ण वातावरण श्रृजना गरिनेछ ।

५.४ विद्यालयको चारैतर्फ सफा, सुग्घर र विरुवा/वृक्षारोपण गरी हरियाली वातावरण कायम राख्न जोड दिइनेछ ।

५.५ विद्यार्थीहरुको स्वास्थ्योपचार तथा स्वास्थ्य शिक्षाका लागि विद्यालयहरुमा घुम्ति नर्स सेवा उपलव्ध गराइनेछ ।

५.६ विद्यार्थीहरुको शारीरिक मानसिक विकासका लागि खेलकुदमा जोड दिदै खेल मैदान एवम् खेलकुद सामाग्रीहरुको व्यवस्था मिलाइनेछ ।

**रणनीति ६ को प्राविधिक जनशक्ति विकास अन्तर्गतका कार्यनीतिहरु**

६.१ कृषि, पशुपंक्षी, स्वास्थ्य, इन्जिनियरिङ लगायतका विषयहरुको अध्ययनका लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम (सिटिइभिटी) को सम्वद्धनमा सुविधा सम्पन्न प्राविधिक विद्यालय स्थापना गरिनेछ ।

६.२ प्राविधिक विद्यालय स्थापना गरी प्राविधिक तथा व्यवसायिक शिक्षाको बिकास र विस्तार गरी दक्ष जनशक्ति उत्पादन र तिनीहरुको रोजगारीतामा सहयोग गरिनेछ ।

६.३ महिला, विपन्न, दलितलाई छात्रवृत्ति प्रदान गर्दै प्राविधिक जनशक्ति विकास गरिनेछ ।

**रणनीति ७ को आधारभूत शिक्षा सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन अन्तर्गतको कार्यनीति**

७.१ आधारभूत एवम् माध्यमिक शिक्षा क्षेत्रसँग सम्बन्धित स्थानीय नीति, कानुन तथा मापदण्डको निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा नियमन गरिनेछ ।

## ङ) तर्कवद्ध खाका

**तालिका : २९**
**२.१ शिक्षा**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७७/७८ सम्म | लक्ष्य परिमाण | | | सूचना को श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०८०/८१ | २०८२/८३ | | |
| **असर** | आधारभूत तहको खूद भर्ना दर (औषतमा) | प्रतिशत | ९५.६ | ९७ | ९८ | ९८ | पालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय भएको हुने |
| **प्रतिफलहरु** | १५ मिनेटको दुरीमा आधारभूत तहको विद्यालयमा पहुँच हुने घरधुरी | प्रतिशत | ९० | ९० | ९५ | ९९ | ल्फेस रिपोर्ट/ गाउँपालिकाको प्रतिवेदन | शिक्षा सम्बन्धी सामाजिक संस्था, गैसस लगायत निजी क्षेत्रसँग समन्वय र सहकार्य भएको हुने । |
| | विद्यालय वाहिरका ५-१५वर्ष उमेर समूहका बालबालिका | प्रतिशत | २ | १ | ० | ० | | |
| | छात्रवृत्ती पाउने विद्यार्थी | संख्या | ३०४३ | ३०४३ | ३०४३ | ३१३३ | | |
| | दिवा खाजा खुवाउनेविद्यालय | संख्या | ४० | ४० | ४० | ४० | | |
| | नियमित अध्ययन गर्ननसक्ने विद्यार्थीका लागि माध्यामिक तह सम्मको खुल्ला शिक्षा वा अनौपचारिक दिने विद्यालय | संख्या | १ | १ | १ | १ | | |
| | आधारभूत तह (कक्षा ८) सम्मको उत्तिर्ण दर | प्रतिशत | ७६ | ८० | ८५ | ९० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | माध्यामकि तह (९-१२) को खूद भर्नादर | प्रतिशत | ५१.१२ | ५३ | ५५ | ६० | | |
| | कक्षा १२ को निरन्तरता दर | प्रतिशत | ९५.३० | ९६ | ९७ | ९९ | | |
| | कक्षा ८ सिकाइ उपलब्धी दर | प्रतिशत | ५४.४९ | ५६ | ६० | ६५ | | |
| | कक्षा ८ को निरन्तरता दर | प्रतिशत | ८९.३९ | ९० | ९२ | ९५ | | |
| | बालमैत्री सिकाइ विधि अवलम्बल गर्ने विद्यालय | प्रतिशत | - | २ | ५ | १० | | |
| | विषयगत तालिम प्राप्त शिक्षक | प्रतिशत | ९५ | ९५ | ९५ | ९५ | | |
| | शिक्षक विद्यार्थी अनुपात (आधारभूत र माद्यामिक) | संख्या | १:२२.६/ १: ३२.७ | १:३०/ १:३३ | १:३२/ १:३५ | १:४०/ १:४० | | |
| | महिला र पुरुष शिक्षकको अनुपात | अनुपात | १:१.९ | १:१.९ | १:१.९ | १:१.९ | | |
| | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ३४० | ३४० | ४२० | ५०० | | |
| | सिटिइभिटिवाट सम्वर्द्धनमा सञ्चालित प्राविधिकविद्यालय | संख्या | १ | १ | १ | २ | | |
| | सामुदायिक विद्यालयमा प्राविधिक धार अध्यापन गराउने विद्यालय | संख्या | १ | १ | २ | ३ | | |
| | वालमैत्री आधारभूत पूर्वाधार र सुविधा (भवन, चर्पी, खानेपानी, खेलकुद मैदान, घेरावार, फर्निचर) उपलब्ध विद्यालय | संख्या | ० | २ | ५ | १० | | |
| | वालवालिकामैत्री, अपाङ्गता मैत्री र भूकम्प प्रतिरोधात्मक संरचना भएको विद्यालय | संख्या | ० | २ | ५ | १० | | |
| | आइसिटि सेवा उपलव्ध विद्यालय | संख्या | ६ | १० | १३ | १९ | | |
| | व्यवस्थित विज्ञान र कम्प्युटर प्रयोगशाला भएका विद्यालय | संख्या | ३ | १० | १३ | १९ | | |
| | सेनीटरी प्याड सहित नर्स सेवा उपलव्ध विद्यालय | संख्या | १९/१ | १९/५ | १९/१० | १९/१३ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | उच्च शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ७७२ | ८४५ | १००० | १२०० | | |
| | वालक्लव भएका विद्यालय | संख्या | ४० | ४० | ४० | ४० | | |
| | विपद, महामारी लगायत विविध कारणवाट भौतिक दूरी कायम राख्दै सूचना प्रविधिका माध्यमवाट अध्यापन गर्न सक्ने विद्यालय | संख्या | ४० | ४० | ४० | ४० | | |
| | उच्च शिक्षा अध्यापन गर्ने (क्याम्पस) शिक्षण संस्था | संख्या | २ | २ | ३ | ३ | | |
| | आधारभूत तहमा स्थानीय मातृभाषामा पठनपाठन गर्ने विद्यालय | संख्या | ० | ० | १ | १ | | |
| | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमवाट लाभान्वित विद्यालय | संख्या | ० | ५ | ८ | १२ | | |
| | जनसंख्या वनौट र भौगोलिक अवस्थाको आधारमा नक्साङ्कन गरी समायोजन तथा एकीकरण विद्यालय | संख्या | ३ | ४ | ५ | ५ | | |
| **क्रियाकलाप तथा कार्यक्रम** | | | | | | | **वजेट रु.** | |
| १. वैकल्पिक निरन्तर शिक्षा, अनौपचारिक शिक्षा सञ्चालन ।<br>२. प्रारम्भिक वालविकास केन्द्र सञ्चालन ।<br>३. साक्षरता अभियान ।<br>४. सामुदायिक सिकाइ केन्द्र सञ्चालन ।<br>५. शैक्षिक गुणस्तर सुधार कार्यक्रम ।<br>६. विद्यालय भर्ना अभियान, छात्रवृत्ति, प्रोत्साहन ।<br>७. विद्यालयमा सुविधायुक्त भौतिक पूर्वाधारको व्यवस्था ।<br>८. विद्यालयमा आइसिटि जडान ।<br>९. प्राविधिक शिक्षालय स्थापना र सञ्चालन ।<br>१०. नैतिक शिक्षा प्रर्वद्धन कार्यक्रम । | | | | | | | **२३ करोड ८६ लाख ९४ हजार** | |

## ६.५.२ आधारभूत स्वास्थ्य

### क) आधारभूत स्वास्थ्यको सम्भावना, चुनौति, सवल र कमजोर पक्षहरु

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवम् पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**तालिका : ३०**
**स्वास्थ्य क्षेत्र : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु**

| सम्भावना तथा अवसरहरु | चुनौतिहरु |
|---|---|
| ➧ जिल्लास्तरीय स्वास्थ्य सेवा उपलव्ध<br>➧ निजी क्षेत्रवाट औषधी पसल, स्वास्थ्य जाँच क्लिनिकहरु सञ्चालनमा<br>➧ प्राकृतिक उपचार तथा आयुर्वेदिक चिकित्सा सेवा सञ्चालनमा<br>➧ योगमाया आयुर्वेदिक विश्वविद्यालय सञ्चालन हुँदै | ➧ आपतकालीन स्वास्थ्य सेवा प्रदान गर्नु<br>➧ स्वास्थ्य विज्ञ (डाक्टर), तथा दक्ष एवम् अनुभव प्राप्त स्वास्थ्य जनशक्तिको व्यवस्था गर्नु<br>➧ भौतिक एवम् प्राविधिक रुपमा महामारीहरुको सामना गर्ने संयन्त्र, उपकरण, पूर्वाधार र जनशक्तिको व्यवस्था गर्नु<br>➧ वालमृत्युदर र मातृमृत्यु दर नियन्त्रण गर्नु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ स्वास्थ्य चौकी, गाउँघर क्लिनिक एवम् स्वास्थ्य शिविरहरु सञ्चालनमा<br>➧ महिला स्वयंसेविकाहरु परिचालन<br>➧ वालवालिकाहरु सवै प्रकारका खोपवाट लाभान्वित<br>➧ भिटामिन ए प्राप्त गर्ने वालवालिकाहरु सतप्रतिशत<br>➧ विद्यालयहरुमा सेनिटरी प्याड उपलव्ध<br>➧ एम्वुलेन्स सेवा सञ्चालनमा | ➧ सवै वडाहरुमा प्रसुति सेवा उपलव्ध हुन नसक्नु<br>➧ स्वास्थ्य चौकीहरुको स्तरोन्नति नहुनु<br>➧ स्वास्थ्य संस्थावाट निस्कने फोहोरको उचित व्यवस्थापन नहुनु<br>➧ दरवन्दी अनुसारको जनशक्ति परिपूर्ति नहुनु<br>➧ गर्भवती सेवा जाँच तथा स्वास्थ्य संस्थामा प्रसुति गर्ने अभ्यासलाई प्रभावकारी वनाउन नसक्नु |

**ख) उद्देश्य**

प्राकृतिक एवम् वैकल्पिक चिकित्सा पद्धतिको प्रवर्द्धन गर्दै आधारभूत एवम् गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँच अभिवृद्धिवाट नागरिकको स्वास्थ्य अवस्थामा सुधार ल्याउनु ।

**ग) रणनीतिहरु**

१. स्वास्थ्य सम्बन्धी चेतना अभिवृद्धि तथा रोग लाग्ने दरलाई न्यूनीकरण गर्ने ।
२. स्वास्थ्य सेवा विस्तार गर्ने ।
३. स्वास्थ्य सेवाको गुणस्तरमा वृद्धि गर्ने ।
४. स्वास्थ्य सेवामा पहुँच सुनिश्चित ।
५. आपतकालीन तथा आकस्मिक स्वास्थ्य सेवा सञ्चालन गर्ने ।
६. स्वास्थ्य सेवा सम्बन्धी नीति तर्जुमा तथा योजनाको कार्यान्वयन गर्ने ।

**घ) कार्यनीतिहरु**

**रणनीति १ को स्वास्थ्य सम्बन्धी चेतना अभिवृद्धि तथा रोग न्यूनीकरण अन्तर्गतका कार्यनीतिहरु**

१.१ बालविवाह, दुई सन्तान वीचको जन्मान्तर, परिवार योजना, मातृशिशु स्वास्थ्यका वारेमा सचेतनामूलक अभियान सञ्चालन गरिनेछ ।
१.२ सरसफाइ र पोषणयुक्त खानेकुरामा जनचेतनाको अभिबृद्धि गरी कुपोषण र रोग लाग्ने दरलाई घटाउँदै मानव स्वास्थ्यता निर्माणमा सहयोग पुऱ्याइनेछ ।
१.३ स्वास्थ्य स्वयंसेविकाको सेवालाई प्रभावकारी रुपमा परिचालन गर्न अझै प्रोत्साहित गरिने छ ।

१.४ प्राणघातक तथा नसर्ने रोगहरु एचआईभी एड्स, लागुऔषध दुर्व्यसन, मधुमेह, उच्च रक्तचाप, मुटुरोग, क्यान्सर तथा मोटोपनाका वारेमा जनचेतना अभिवृद्धि गरिनेछ ।

१.५ योग, ध्यान, प्राकृतिक तथा वैकल्पिक उपचार (आयुर्वेदिक, युनानी, आम्ची, पञ्चकर्म, होमोप्याथिक, फिजियोथेरापी, लेजरथेरापी, अकुपञ्चर, अकुप्रेसर, म्युजिकथेरापी) का वारेमा प्रचार प्रसार गरी त्यसमा अभ्यस्तताका लागि प्रयास गर्दै शारीरिक र मानसिक स्वास्थ्यतामा अभिवृद्धि ल्याइनेछ ।

१.६ शरीर एवम् स्वास्थ्यलाई हानी पुऱ्याउने रसायनिक पदार्थ, विषादीयुक्त, मिसावटजन्य एवम् जङ्क फुड, सूर्तीजन्य पदार्थ, मदिरा सेबन जस्ता विकृति विरुद्ध अभियान सञ्चालन गरी नागरिकहरुमा चेतना अभिवृद्धि गरिनेछ ।

१.७ रोग प्रतिरोधात्मक क्षमता विकासको लागि पोषण, जनस्वास्थ्य, सरसफाइ तथा वातावरण प्रदुषण, निरोधात्मक स्वास्थ्य जनचेतना वारे जनचेतना अभिवृद्धि गरिनेछ । यसका लागि स्थानीय नागरिक समाज, सामुदायिक संस्था, शैक्षिक संस्था, स्थानीय क्लवहरुसँग सहकार्य गरिनेछ ।

१.८ महिनावारी स्वास्थ्य व्यवस्थापन कार्यक्रम र महिनावारीसँग सम्बन्धित अन्धविश्वासका विरुद्ध जनचेतना अभिवृद्धि गरिनेछ ।

**रणनीति २ को स्वास्थ्य सेवा विस्तार अन्तर्गतका कार्यनीतिहरु**

२.१ उपयुक्त स्थान पहिचान गरी प्राथमिक स्वास्थ्य केन्द्र स्थापना गरी स्वास्थ्य सेवाको प्रभावकारीताका लागि आवश्यक औषधी, उपकरण र दक्ष जनशक्तिको व्यवस्था मिलाइनेछ ।

२.२ सबै स्वास्थ्य चौकीहरुमा वर्थिङ सेबालाई प्रभावकारी ढङ्गवाट सञ्चालन गर्न आवश्यक सवै प्रकारका उपकरणहरु तथा दक्ष जनशक्तिको व्यवस्था गर्दै मातृ तथा शिशु मृत्यु दरलाई न्यूनीकरण गरिनेछ ।

२.३ स्वास्थ्य चौकीहरुको क्षमता अभिवृद्धिका लागि न्यूनतम सवै प्रकारका औषधी, उपकरण जडान र दक्ष जनशक्तिको व्यवस्था गरी स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाइनेछ ।

२.४ विद्यालयहरुमा घुम्ति स्वास्थ्यकर्मी (नर्स) व्यवस्था गरी विद्यार्थीहरुको नियमित स्वास्थ्य जाँचको व्यवस्था मिलाइनेछ

२.५ निर्धारित मापदण्ड पूरा गरेका सामुदायिक अस्पताल, स्वास्थ्य क्लिनिक, औषधी पसलहरुलाई आवश्यकताका आधारमा नगरपालिकाको विभिन्न स्थानहरुमा सञ्चालन व्यवस्था मिलाइनेछ । यसका लागि स्थानीय स्वास्थ्य संस्था तथा औषधी पसल सञ्चालन सम्वन्धी मापदण्ड निर्माण गरिनेछ ।

२.६ स्वास्थ्य सम्वन्धी प्राविधिक जनशक्ति विकासका लागि नगरपालिकामा प्राविधिक शिक्षा सञ्चालनमा ल्याइनेछ । यसका लागि महिला, विपन्न दलित वर्गलाई विशेष छात्रवृत्तिको व्यवस्था मिलाइनेछ ।

**रणनीति ३ को स्वास्थ्य सेवामा गुणस्तरता वृद्धि अन्तर्गतका कार्यनीतिहरु**

३.१ प्राथमिक स्वास्थ्य केन्द्र, चौकी लगायत अन्य स्वास्थ्य सेवामा कार्यरत जनशक्ति एवम् सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई विभिन्न तालिम, शिविरहरुमा सहभागिता गराई उनीहरुको दक्षता र क्षमतामा अभिवृद्धि गर्दै स्वास्थ्य सेबालाई भरपर्दो बनाइनेछ ।

३.२ दरबन्दी अनुसार स्वास्थ्य कर्मचारी, दक्ष र अनुभवी स्वास्थ्यकर्मीहरुको व्यवस्थाका लागि प्राथमिकता दिइनेछ । जनशक्ति एवम् औषधी उपकरणको अभाववाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गरिनेछ ।

३.३ स्वास्थ्य संस्थाहरुको स्तर र मापदण्ड अनुसार हुनुपर्ने न्यूनतम पूर्वाधारहरुको व्यवस्था गरी सुविधा सम्पन्न बनाइनेछ । त्यस्ता पूर्वाधारहरुको संरचना अपाङ्गता, लैङ्गिक र बालमैत्री हुनेछ ।

३.४ स्वास्थ्य प्रयोगशाला, ब्लड बैंक, र आपतकालीन सेवा सञ्चालनका लागि आवश्यक पूर्वाधार एवम् संयन्त्रको बिकास गरी असमायिक मृत्युलाई न्यूनीकरण गरिनेछ ।

३.५ नसर्ने तर प्राणघातक रोगहरुवाट हुने अकाल, अल्पायु, असमायिक मृत्युलाई नियन्त्रण एवम् निरोधात्मक उपायहरु अवलम्बन गर्दै बिशेषज्ञ सहितको अस्पताहरुबाट घुम्ती सेवा सञ्चालन गरी स्वास्थ्य संस्थाहरुमा निःशुल्क स्वास्थ्य जाँचको व्यवस्था गरिनेछ ।

३.६ बालबालिकाहरुलाई विसिजि, पोलियो लगायत सरकारले तोकेका सम्पूर्ण खोपहरु र आवश्यक सवै भिटामिनको उचित व्यवस्थापन र पोषण कार्यक्रम तोकिएको समयमा सञ्चालन गरी पूर्ण खोपयुक्त नगरपालिकालाई दिगोपना दिइनेछ ।

३.७ प्राकृतिक प्रकोप, विपद तथा आपतकालीन, सङ्क्रमण तथा महामारीको रोकथाम, व्यवस्थापन सम्वन्धी पूर्व तयारी तालिम, प्रशिक्षण, अभिमुखीकरण, जनचेतना कार्यक्रमहरु सञ्चालन गरिनेछ

३.८ जिल्ला अस्पतालसँग समन्वय गरी स्वास्थ्य सेवाहरु सञ्चालन गरिनेछ ।

**रणनीति ४ को स्वास्थ्य सेवामा पहुँच सुनिश्चित अन्तर्गतका कार्यनीतिहरु**

४.१ ज्येष्ठ नागरिक एवम् विविध कारणहरुवाट स्वास्थ्य सेवा उपलव्ध हुन नसकेको क्षेत्र, समुदाय र वस्तीहरुमा स्वास्थ्य शिविरहरु सञ्चालन गरी स्वास्थ्य जाँच लगायतका सेवा सुविधाहरु उपलव्ध गराइ स्वास्थ्य सेबालाई विस्तार गरिनेछ ।

४.२ निःशुल्क र सुरक्षित प्रसुति सेवा विस्तार गरी प्रसुति अघि र पछि स्वास्थ्य सेवा लिन प्रोत्साहन गरिनेछ ।

४.३ स्वास्थ्य संस्थाहरुबाट शतप्रतिशत प्रसुति सेवा उपलब्ध गराउने गरी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

४.४ मातृ तथा शिशु स्वास्थ्य सेवाहरु, खोप सेवा, सुरक्षित मातृत्व तथा परिवार नियोजन सेवाहरु विस्तार तथा सेवा सुदृढीकरण गरिनेछ । यसका लागि आवश्यकता अनुसार समुदाय परिचालन गरिनेछ ।

४.५ सरकारबाट निःशुल्क उपलब्ध गरिने सबै प्रकारका औषधीहरु पालिकाको आवश्यकता अनुसार बर्गीकरण गरी नियमित उपलब्ध हुने बाताबरण श्रृजना गरिनेछ र औषधी वितरणलाई नियमित अनुगमन र नियमन गरिनेछ ।

४.६ स्वास्थ्य संस्थाहरुमा दक्ष प्रसुतिकर्मी तथा अन्य जनशक्तिको सुनिश्चितता गरी चौविसै घण्टा सेवा प्राप्त गर्न सकिने वातावरण श्रृजना गरिनेछ ।

४.७ स्वास्थ्य वीमालाई प्रभावकारी ढङ्गवाट परिचालन गरी स्वास्थ्य सेवा पहुँचमा सहजता ल्याइनेछ

४.८ विपन्न तथा पछाडिपरेका वर्ग, क्षेत्र र समुदायमा स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्न घुम्ती शिविर र आधारभूत स्वास्थ्य सेवा केन्द्र, गाउँ घर क्लिनिक वृद्धि गरिनेछ ।

४.९ दलित, अति विपन्न तथा ७० वर्ष माथिका नागरिकहरु स्वास्थ्य जाँच एवम् उपचार लागि स्वास्थ्य चौकी तथा अस्पतालवाट निःशुल्क उपलव्ध गराइनेछ ।

**रणनीति ५ को आपतकालीन तथा आकस्मिक स्वास्थ्य सेवा सञ्चालन अन्तर्गतका कार्यनीतिहरु**

५.१ स्वास्थ्य संस्थाहरु तथा स्वास्थ्य चौकीहरुको स्तरोन्नति गर्दै आकस्मिक स्वास्थ्य सेवा प्रवाह गरिनेछ । यसका लागि दक्ष जनशक्ति, उपकरण सहितको ल्यावको व्यवस्था गरिनेछ ।

५.२ आकस्मिक उपचारका लागि स्वास्थ्य चौकीमा एक अलगै यूनिटको व्यवस्था गरिनेछ ।

५.३ अस्पताल पुग्नु अगावैको एम्वुलेन्समै सम्भव हुन सक्ने आपतकालीन उपचारका लागि पूर्व-अस्पताल सेवाको व्यवस्था गरिनेछ ।

५.४ स्वास्थ्य संस्थाहरुवाट चौविसै घण्टा स्वास्थ्य सेवा दिन सक्ने गरी क्षमता विकास गरिनेछ ।

५.५ भौगोलिक अवस्था र सडक सुविधाका आधारमा आपतकालीन सेवाका लागि एम्बुलेन्स सेबालाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

५.६ महामारी तथा सरुवा रोगहरुको उपचारका लागि आवश्यकताका आधारमा प्रभावित क्षेत्रहरुमा सवै प्रकारका सुविधा सहितको आइसोलेशन सेन्टरहरु स्थापना गरी उपचार व्यवस्था मिलाइनेछ

**रणनीति ६ को स्वास्थ्य सेवा सम्बन्धी नीति तर्जुमा तथा योजनाको कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु**

६.१ आधारभूत स्वास्थ्य तथा पोषण सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यन्वयन तथा नियमन गरिनेछ ।

६.२ संघ तथा प्रदेश स्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी नीति, लक्ष्य र गुणस्तर निर्धारण गरिनेछ ।

६.३ स्वास्थ्य संस्था एवम् स्वास्थ्य चौकी आदिवाट निस्कने फोहोरमैला, प्रदुषण, रोग, महामारी नियन्त्रणका लागि स्वास्थ्य सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, अनुगमन र नियमन गरिनेछ ।

**ङ) तर्कवद्ध खाका**

**तालिका : ३१**
**२.२ आधारभूत स्वास्थ्य**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७७/७८ सम्म | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०८०/८१ | २०८२/८३ | | |
| **असर** | ३० मिनेटको दुरीमा नजिकको स्वास्थ्य सेवामा पहुँच भएका घरधुरी | प्रतिशत | ३८.९१ | ४४ | ५३ | ६५ | पालिकाको वार्षिक प्रतिवेदन | अन्तरसरकार समन्वय भएको हुने |
| **प्रतिफलहरु** | विरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी/ प्राथमिक स्वास्थ्य केन्द्र/ अस्पताल जाने जनसंख्या | प्रतिशत | ३९.९ | १०० | १०० | १०० | गाउँपालिकको प्रतिवेदन र HMIS जनस्वास्थ्य कार्यालय पालिकाको पार्श्वचित्र | न्तरसरकार समन्वय र निजी क्षेत्रसँग सहकार्य भएको हुने |
| | नजिकको स्वास्थ्य संस्थामा (स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य केन्द्र/ अस्पताल) पुग्न लाग्ने औषत समय | घण्टा | ०.३० | ०.३० | ०.३० | ०.३० | | |
| | गाउँघर क्लिनिकको संख्या | संख्या | १३ | १५ | २० | २५ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सञ्चालनमा रहेको पालिका स्तरीय अस्पताल (जिल्ला अस्पता) मा उपलब्ध शैया संख्या | संख्या | २५ | २५ | २५ | २५ | | |
| | घुम्ती लगायत स्वास्थ्य शिविर पटक | संख्या | ० | ११ | १५ | २२ | | |
| | सबै प्रकारका खोप लिएका बालबालिका | प्रतिशत | ८५ | ९० | ९५ | ९९ | | |
| | आधारभूत स्वास्थ्य सेवा उपलव्ध भएका वडाहरु | संख्या | ११ | ११ | ११ | ११ | | |
| | २५०० ग्रामभन्दा कम जन्मतौल भएका शिशु | संख्या | ६९ | ६० | ४० | ३० | | |
| | कुपोषणका कारण ५ वर्ष मुनीका वाल वालिकाहरुको पुड्कोपन र उचाई अनुसार को कम तौल भएकाहरु | संख्या | ९ | ८ | ७ | ५ | | |
| | स्वास्थ्य संस्थामा प्रसुति गराउने गर्भवती महिला | संख्या | १००९ | ११०० | १२०० | १३०० | | |
| | प्रसुति सेवा उपलव्ध भएका स्वास्थ्यसंस्थाहरु | संख्या | ४ | ४ | ५ | ६ | | |
| | झाडापखालाको सङ्क्रमण दर (प्रति हजारमा) | संख्या | २२६.५ | २०५ | १७५ | १५० | | |
| | स्वाप्रश्वासको सङ्क्रमण दर प्रति हजारमा | संख्या | ६४६.९ | ६०० | ५०० | ४०० | | |
| | स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी | संख्या | ४९ | ४९ | ५० | ५१ | | |
| | भिटामिन ए प्राप्त गर्ने बालबालिका | प्रतिशत | ९८.९८ | १०० | १०० | १०० | | |
| | परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | ३५.४ | ३६ | ३८ | ४२ | | |
| | स्वास्थ्य वीमा गर्ने नागरिक | प्रतिशत | १७.३१ | २५ | ५० | ७५ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | स्वास्थ्य सूचना, शिक्षा र सञ्चार सचेतना कार्यक्रममा सहभागि | संख्या | ० | ५०० | १५०० | २५०० | | |
| | क्यान्सर, उच्च रक्तचाप, मधुमेह, मुटु, क्षयरोग,एड्स, कुष्ठरोगको निःशुल्कस्वास्थ्य परीक्षणवाट लाभान्वित | संख्या | १९१२ | २००० | २२०० | ५००० | | |
| | आधारभुत सुविधा ( खानेपानी, शौचालय, वर्थिङ्ग वार्ड र परामर्श केन्द्र आदि) उपलब्ध स्वास्थ्य संस्था | संख्या | ११ | ११ | ११ | ११ | | |
| | क्रियाशील महिला स्वास्थ्य स्वयंसेविका | संख्या | ३६ | ३६ | ३६ | ३६ | | |
| | महामारी, भाइरसको सङ्क्रमण, आपतकालीन उपचारको अभाववाट मृत्यु | संख्या | ० | ० | ० | ० | | |
| | महामारी, भाइरसको सङ्क्रमण, आपतकालीन उपचार का लागि उपकरण एवम् जनशक्ति सहितको क्वारेण्टीन, आइसोलेशन कक्ष तथा आश्रय स्थाल | संख्या | २ | ३ | ४ | ५ | | |
| | नागरिक आरोग्य कार्यक्रम सञ्चालन | संख्या | ० | १ | २ | ३ | | |
| | योग, ध्यान तथा वैकल्पिक प्राकृतिक चिकित्सा (आयुर्वेदिक, होमियोप्याथिक, युनानी, अक्कुपञ्चर, आम्ची) उपचार पद्धति सञ्चालन गर्ने संस्था | संख्या | ० | १ | ३ | ५ | | |
| | सामुदायिक संस्थाको सहभागितामा सञ्चालित आरोग्य केन्द्र, योगा केन्द्र तथा | संख्या | ० | १ | ३ | ५ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | व्यायामशाला | | | | | | | |

| **कियाकलाप तथा कार्यक्रम** | **वजेट रु.** |
|---|---|
| १. स्थानीय जनस्वास्थ्य प्रवर्द्धन गुरुयोजना बिकास ।<br>२. आधारभूत,, स्वास्थ्य चौकीको मर्मत सम्भार, स्तरोन्नति र सञ्चालन ।<br>३. जनशक्ति व्यवस्था र क्षमता अभिवृद्धि ।<br>४. स्वास्थ्य प्राविधिक शिक्षालय सञ्चालन ।<br>५. पूर्व-अस्पताल सुविधा सहितको एम्वुलेन्स खरिद ।<br>६. स्वास्थ्य वीमा कार्यक्रम ।<br>७. क्लिनिक तथा स्वास्थ्य शिविर सञ्चालन तथा जनचेतनामूलक कार्यक्रम ।<br>१०. अतिविपन्न, दलित, महिला, ज्येष्ठ नागरिक निःशुल्क स्वास्थ्योपचार ।<br>११. जिल्ला अस्पतालको भौतिक पूर्वाधार तथा क्षमता सुधार कार्यक्रम । | **१९ करोड ३२ लाख २८ हजार** |

## ६.५.३ खानेपानी तथा सरसफाइ

**क) खानेपानी तथा सरसफाइको सम्भावना, चुनौति, सवल र कमजोर पक्षहरु**

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवम् पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**तालिका : ३२**
**खानेपानी तथा सरसफाइ क्षेत्र : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु**

| **म्भावना तथा अवसरहरु** | **चुनौतिहरु** |
|---|---|
| • जलाशय क्षेत्रहरु अरुण नदी, चेवा, पाङ्मा र माल्टा खोला<br>• अरुण नदीवाट लिफ्ट प्रणालीवाट खानेपानीको व्यवस्था<br>• खानेपानी उपभोक्ता समितिहरु कियाशील रहेको<br>• खुल्ला दिसामुक्त पालिका | • सवै नागरिकलाई सुरक्षित खानेपानीको पहुँच पुऱ्याउनु<br>• खानेपानीका मुहानहरुको सुँक्दै गएको सन्दर्भमा संरक्षण गर्नु<br>• खानेपानी सङ्कलन गर्न लाग्ने समय कम गर्नु ( औषत दुरी १५ मिनेट भन्दा वढी समय लाग्ने गरेको)<br>• फोहोरमैलाको सुरक्षित र दिगो विसर्जन गर्नु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| • घरधुरीमा पाइपलाइनवाट वितरित खानेपानी आपूर्ति<br>• खानेपानी आयोजना, पानी मुहान संरक्षण कार्यक्रमहरु सञ्चालनमा<br>• तुम्लिङटारमा लिफ्टिङ खानेपानी आयोजना सञ्चालनमा<br>• सवै घरधुरीमा शौचालयको सुविधा उपलव्ध<br>• केही क्षेत्रहरुमा सार्वजनिक शौचालयको व्यवस्था<br>• वाटो, गल्लीमा सङ्कलनका लागि डष्टविनको व्यवस्था | • सुरक्षित र उपचार गरिएको खानेपानी सवै घरधुरीमा उपलव्ध हुन नसक्नु<br>• खानेपानी आपूर्तिका लागि अन्तरपालिका समन्वय र सहकार्य हुन नसक्नु<br>• वजार क्षेत्रमा सार्वजनिक शौचालय नहुनु<br>• वजार क्षेत्रमा ढलको व्यवस्था नहुनु<br>• नसड्ने नगल्ने, प्लाष्टिकजन्य सिसि आदिको सङ्कलन, विसर्जन तथा सुरक्षित डम्पिङ क्षेत्रको व्यवस्था नहुनु |

**ख) उद्देश्य**

सुरक्षित खानेपानीमा नागरिक सवैको सहज पहुँच अभिवृद्धि गर्दै स्थानीयहरुको सहभागितामा फोहोरमैला तथा सरसफाईको व्यवस्थापनवाट स्वच्छ र सफा वातावरण कायम राख्नु ।

**ग) रणनीतिहरु**

१. स्वच्छ र सुरक्षित खानेपानीमा सवैको पहुँच वृद्धि गर्ने ।
२. व्यवस्थित सरसफाइ र फोहोरमैलाको सुरक्षित विसर्जन ।
३. खानेपानी तथा सरसफाइ सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने ।

**घ) कार्यनीतिहरु**

**रणनीति १ को स्वच्छ र सुरक्षित खानेपानीमा सवैको पहुँच वृद्धि अन्तर्गतका कार्यनीतिहरु**

१.१ पर्याप्त पानीका श्रोत तथा मुहान भएका पालिकाहरुसँग सहकार्य र समन्वय गरी सुरक्षित खानेपानीमा पहुँच वृद्धि गरिनेछ । यसका लागि सीमाना जोडिएका तथा छिमेकी पालिकाहरुसँग सहकार्यमा जोड दिइनेछ ।
१.२ पानी मुहानहरुको संरक्षण र सम्वर्द्धन र दिगो उपभोगका लागि लाभान्वित समुदायको सहभागितामा खानेपानी उपभोक्ता समिति बनाई समितिको पहलमा मुहान तथा पानी श्रोत क्षेत्रमा वृक्षारोपण एवम् पानी वितरणको व्यवस्था मिलाइनेछ ।
१.३ पानी मुहान र खानेपानी संरचनाहरुको नियमित मर्मत सम्भार, स्तरोन्नति र वितरण प्रणालीलाई व्यवहारिक र व्यवस्थित गर्दै थप क्षेत्रहरुमा खानेपानी सेवा सुविधा उपलव्ध गराइनेछ ।
१.४ परम्परागत पानीका श्रोतहरुको संरक्षण तथा दिगो व्यवस्थापन गर्दै थप सुविधा उपभोगका लागि विशेष जोड दिइनेछ ।
१.५ सुख्खा क्षेत्रहरुमा आकाशे पानी सङ्कलन, प्लाष्टिक पोखरी तथा पानी भण्डारण ट्याङ्की जस्ता वैकल्पिक उपायहरु अवलम्बन गरी जीवनशैलीलाई सहज बनाइनेछ ।
१.६ स्थानीयहरुको सहभागितामा खानेपानी आपूर्तिलाई नियमित गर्दै एक घर एक धारालाई प्रभावकारी सञ्चालन गर्दै उव्रेको तथा खेरजाने पानीवाट करेसावारी खेतीलाई प्रभावकारी बनाइनेछ ।
१.७ सार्वजनिक स्थल, कार्यालय, विद्यालय, स्वास्थ्य संस्थाहरुमा नियमित खानेपानीको व्यवस्था मिलाइनेछ ।
१.८ स्थानीय गैसस लगायतका संस्थाहरुको समन्वय, सहकार्य एवम् जवाफदेहितामा खानेपानी तथा सरसफाइ सम्बन्धी कार्यक्रम प्रभावकारी ढङ्गवाट कार्यान्वयन गरिनेछ ।

**रणनीति २ को व्यवस्थित सरसफाइ र फोहोरमैलाको सुरक्षित विसर्जन अन्तर्गतका कार्यनीतिहरु**

२.१ फोहोरलाई न्यूनीकरण, पुनः प्रयोग, प्रशोधन जस्ता विधिवाट श्रोतमै फोहोर व्यवस्थापन गर्दै गाउँ वजारलाई प्लाष्टिकमुक्त, धुवामुक्त घर बनाई स्वच्छ, सफा एवम् सवैप्रकारका प्रदुषणहरुवाट मुक्त बनाउन महिला समूहको भूमिकालाई प्रभावकारी बनाइनेछ ।
२.२ एक घर, एक धारा र एक शौचालयको नीति अवलम्वन गरिनेछ ।
२.३ अतिविपन्न एवम् सीमान्तकृत वर्गको श्रम लागत सहभागितामा घरघरमा खानेपानी र चर्पी निर्माणलाई प्राथमिकता दिदै सरसफाइलाई प्रभावकारी ढङ्गवाट परिचालन गरिनेछ ।
२.४ स्थानीय समुदायको सहभागितामा पानी सुविधा सहितको सार्वजनिक शौचालय निर्माण एवम् सरसफाइलाई व्यवस्थित गर्दै खुल्ला दिसामुक्त बनाइनेछ ।
२.५ घर शौचालयवाट निष्कृत फोहोर पानीलाई व्यवस्थित गर्न वजार क्षेत्रहरुमा ढल निकासको व्यवस्था गरिनेछ ।

२.६ स्थानीयहरुको सहभागितामा स्यानेटेरी ल्यान्डफिल साइडलाई व्यवस्थित गरी सम्भावित रोग महामारीको नियन्त्रण गर्दै स्थानीयहरुलाई सुरक्षित राखिनेछ ।

२.७ सार्वजनिक स्थलहरुमा राखिएका डष्टपिनवाट फोहोर सङ्कलन गरी व्यवस्थित गरिनेछ ।

२.८ विद्यालय, स्वास्थ्य चौकी तथा संस्थाहरुवाट निस्केका फोहोरहरुलाई सङ्कलन गरी ल्याण्डफिल साइडमा विसर्जन गर्ने व्यवस्था मिलाइनेछ ।

२.९ फोहोरमैलाको सुरक्षित विसर्जनका लागि निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।

**रणनीति ३ को खानेपानी तथा सरसफाइ सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन अन्तर्गतको कार्यनीति**

३.१ खानेपानी तथा सरसफाइसँग सम्बन्धित स्थानीय नीति, कानुन, मापदण्ड तथा योजना कार्यान्वयन गरिनेछ र आयोजनाहरुको अनुगमन तथा नियमनलाई नगरपालिकामा आवश्यक संयन्त्र निर्माण गरिनेछ ।

**ङ) तर्कवद्ध खाका**

**तालिका : ३३**
**२.३ खानेपानी तथा सरसफाइ**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७७/७८ सम्म | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०८०/८१ | २०८२/८३ | | |
| **असर** | खानेपानी सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | ६० | ६० | ७० | ९० | पालिका को वार्षिक प्रतिवेदन | अन्तरसरकार समन्वय भएको हुने |
| **प्रतिफल हरु** | सुरक्षित खानेपानीमा पहुँच भएको जनसंख्या | प्रतिशत | २० | ५० | ७० | ८० | पालिका को वार्षिक प्रगति प्रतिवेदन<br><br>पालिका पार्श्वचित्र | घरधुरी र गैर सरकारी संस्थासँग सहकार्य भएको हुनेछ । |
| | पाइपलाइनको निजी धारा उपलब्ध भएका घरधुरी | प्रतिशत | ३१ | ४० | ५० | ६० | | |
| | उपचार गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी | प्रतिशत | २० | ४० | ५० | ६० | | |
| | कुवा, मुल, ढुङ्गेधारा को पानी उपभोग गर्ने घरधुरी | प्रतिशत | ४१ | ३५ | ३० | २० | | |
| | नदी, खोला, | प्रतिशत | ०.६ | ०.५ | ०.४ | ० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुलोको पानी उपभोग गर्ने घरधुरी | | | | | | | |
| | खानेपानीका लागि नजिकको धारा, कुवा वा पानीको श्रोतमा पुग्न लाग्ने औषत समयावधि | घण्टा | ०.३० | ०.२० | ०.१५ | ०.१० | | |
| | सक्रिय खानेपानी र सरसफाइ उपभोक्ता समिति | संख्या | १ | १० | १५ | २५ | | |
| | सरसफाइ सेवा उपलब्ध घरधुरी (निजी क्षेत्र तथा पालिकावाट सेवा सञ्चालन) | प्रतिशत | ५ | १० | १५ | २० | | |
| | खुल्ला दिसामुक्त घोषणा गरिएका वडा | संख्या | ११ | ११ | ११ | ११ | | |
| | शौचालय नभएका तथा खुल्ला क्षेत्रमा शौच गर्ने घरधुरी | प्रतिशत | ० | ० | ० | ० | | |
| | स्वच्छ (प्यान भएको) शौचालय भएका घरधुरी | प्रतिशत | ४४ | ५० | ६० | ८० | | |
| | खाल्डे शौचालय भएको घरधुरी | प्रतिशत | ५३ | ४७ | ३८ | २० | | |
| | सार्वजनिक शौचालयहरु | संख्या | १ | ३ | ५ | ८ | | |
| | जोखिमयुक्त अवस्था मा साबुन पानीले हातधुने जनसंख्या | प्रतिशत | ८० | ९० | ९५ | ९९ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | फोहोरको वर्गीकरण गरी विसर्जन गर्ने परिवार | प्रतिशत | ५ | १० | १५ | २० | | |
| | घर,आँगन, शौचालय वाट निष्कृत फोहोर लाई व्यवस्थित गर्ने घरपरिवार | प्रतिशत | ० | २० | २५ | ३० | | |

| क्रियाकलाप तथा कार्यक्रम | वजेट रु. |
|---|---|
| १. खानेपानी मुहान तथा श्रोत संरक्षण, मर्मत सम्भार र स्तरोन्नति ।<br>२. वैकल्पिक खानेपानी श्रोत व्यवस्थापन ।<br>३. घरघरमा पाइपधारावाट वितरित खानेपानी, ढल तथा चर्पी निर्माण ।<br>४. फोहोर व्यवस्थापन तथा प्रशोधन केन्द्र ।<br>५. गैसस लगायतका संस्थाहरुसँगको समन्वय र सहकार्य ।<br>६. डष्टपिन वितरण तथा फोहोर सङ्कलन गाडी खरिद (निजी क्षेत्रसँग सहकार्य)<br>७. स्यानेटरी ल्याण्डफिल्ड साइट व्यवस्थापन । | **१४ करोड २० लाख ७९ हजार** |

## ६.५.४ लक्षित वर्ग तथा सामाजिक समावेशीकरण

**क) लक्षित वर्ग तथा सामाजिक समावेशीकरणको सम्भावना, चुनौति, सवल र कमजोर पक्षहरु**

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवम् पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**तालिका : ३४**
**लक्षित वर्ग तथा सामाजिक समावेशीकरण क्षेत्र : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु**

| **सम्भावना तथा अवसरहरु** | **चुनौतिहरु** |
|---|---|
| ➧ महिला सशक्तीकरण हुँदै, निर्णायक तह नगरसभामा महिलाको वाक्लो उपस्थिति<br>➧ नगरसभामा आदिवासी जनजातिहरुको प्रतिनिधित्व<br>➧ महिला सञ्जाल, आमा समूहहरु क्रियाशील रहेको<br>➧ वाल क्लव, अपाङ्गताको क्लव, वृद्धक्लवहरु क्रियाशील<br>➧ सामाजिक सुरक्षा कार्यक्रमवाट लाभान्वित जनसंख्या अधिक<br>➧ महिला सहकारी संस्था क्रियाशील रहेको | ➧ वालविवाह एवम् वहुविवाह नियन्त्रण गर्नु<br>➧ लैङ्गिक हिंसा, छुवाछुतका घटनाहरु नियन्त्रण गर्नु<br>➧ अपाङ्गता भएकाहरुको स्वरोजगारीता श्रृजना गर्नु<br>➧ महिला साक्षरता अभिवृद्धि गर्नु<br>➧ महिलाहरुका गुणात्मक क्षमता विकास गर्दै निर्णय तहमा उनीहरुको अर्थपूर्ण सहभागिता वृद्धि गर्नु<br>➧ वसाइ सराइ नियन्त्रण गर्नु<br>➧ असहाय र आश्रयहीन वालवालिकाको संख्यामा शुन्य गर्नु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |

| | |
|---|---|
| ➧ उद्यमशीलता तथा व्यवसायिक सीप तालिमहरु सञ्चालन र लाभान्वितहरुको संख्या अधिक<br>➧ रोजगारीता, पेशा एवम् व्यवसायहरुमा महिला उपस्थिति<br>➧ अपाङ्गत क्लव, अपाङ्गतहरुको सशक्तीकरणका लागि क्षमता विकास कार्यक्रमहरु सञ्चालन<br>➧ अनाथ वालवालिका संरक्षण कार्यक्रम सञ्चालन<br>➧ लागु औषध दुर्व्यसन सम्वन्धी सचेतना अभिवृद्धि<br>➧ एकल महिला संरक्षण तथा लैङ्गिक हिंसा निवारण कोष स्थापना | ➧ सार्वजनिक भबन एवम् पूर्वाधारहरु वृद्ध, बाल एवम् अपाङ्गमैत्री हुन नसक्नु<br>➧ लक्षित वर्गमा न्यून वजेट विनियोजन हुनु<br>➧ ज्येष्ठ नागरिक हेरचाह केन्द्र सञ्चालन नहुनु<br>➧ विपन्न वर्ग, दलितहरुको आर्थिक सामाजिक स्तरोन्नतिका लागि स्व/रोजगारीमूलक कार्यक्रमहरु कार्यान्वयन नहुनु<br>➧ महिलाहरुमा उद्यमशिलता बिकासका लागि क्षमता अभिवृद्धि, अनुदान, सहुलियत दरमा ऋण व्यवस्था नहुनु<br>➧ असहाय र आश्रयहीन वालवालिकहरुको व्यवस्था नगर्नु<br>➧ अपाङ्गतमैत्री पूर्वाधार अभाव, पठनपाठनका लागि पाठ्यक्रमको विकास नभएको र शारिरीक एवम् मानसिक विकास सम्वन्धी कार्यक्रमहरु नहुनु |

**ख) उद्देश्य**

महिला, वालवालिका, ज्येष्ठ नागरिक, दलित, फरक क्षमता भएका, सीमान्तकृत एवम् अति विपन्न वर्ग, समुदायको क्षमता विकास, सशक्तीकरण र लैङ्गिक समानता तथा सामाजिक समावेशी करणको सुनिश्चितता, वर्गीय तथा जातीय विभेदको अन्त्य गर्दै निर्णय तथा नेतृत्व तहमा पहुँच अभिवृद्धि वाट सामाजिक न्याय सहितको समतामूलक समाज निर्माण गर्नु ।

**ग) रणनीतिहरु**

१. महिला सशक्तीकरण र समावेशीकरणमा जोड दिने ।
२. बालबालिकाको संरक्षण र सार्वजनिक तहलाई बालमैत्री बनाउने ।
३. ज्येष्ठ नागरिकहरुको सम्मान र संरक्षण गर्ने ।
४. अपाङ्गता भएका नागरिकहरुको संरक्षण र सशक्तीकरण गर्ने ।
५. दलित समुदायको सशक्तीकरण गर्ने ।
६. जनजाति समुदाय सशक्तीकरण गर्ने ।
७. लक्षित वर्ग तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने ।

**घ) कार्यनीतिहरु**

**रणनीति १ को महिला सशक्तीकरण र समावेशीकरण अन्तर्गतका कार्यनीतिहरु**

१.१ महिलाहरुको आर्थिक, सामाजिक, राजनीतिक रुपमा सशक्तीकरण, दक्षता तथा क्षमता अभिवृद्धि गर्दै त्यस्ता क्षेत्रहरुमा सामर्थक, अर्थपूर्ण सहभागिता वढाउदै समान पहुँचको व्यवस्था मिलाइनेछ ।
१.२ महिला सँगठन, समूह तथा सञ्जालहरुको बिकास विस्तार र सशक्तीकरण गर्दै त्यस्ता संस्थाहरुको प्रभावकारी प्रतिनिधित्व सवै क्षेत्रमा गराइनेछ ।
१.३ लैङ्गिक हिंसावाट पीडित महिलाहरुको संरक्षणका लागि सेवा केन्द्रहरु स्थापना र गर्दै मनोसामाजिक विमर्श उपचार एवम् कानुनी सहायताहरु उपलव्ध गरिनेछ ।

१.४ कार्यस्थलमा हुने लैङ्गिक तथा यौनिक हिंसा, छुवाछुत एवम् विभेदपूर्ण ज्यालादर लगायत सवैप्रकारका अन्याय र हिंसालाई निरुत्साहित र दण्डित गर्न स्थानीय कानुन बनाई कडाइका साथ लागू गरी नगरपालिकालाई महिला हिंसामुक्त बनाइनेछ।

१.५ सीप बिकास एवम् उद्यमशीलता तालिमवाट रोजगारी, स्वरोजगारी तथा आय आर्जनका अवसरहरु श्रृजना गर्दै महिलाहरुलाई आर्थिक रुपमा सक्षम र सवल बनाइनेछ।

१.६ महिला सहकारी संस्थालाई बिकास विस्तार एवम् आवद्ध सदस्यहरुको क्षमता अभिवृद्धिका लागि सहकारी व्यवस्थापन तालिमहरु प्रदान गर्दै संस्था सुचारु रुपले सञ्चालन गर्न वीउ पूँजी कोष स्थापना गरिनेछ।

१.७ किशोरी तथा युवतीहरुलाई वजारको मागमा आधारित रोजगारीमूलक तालिमहरु प्रदान गरी क्षमता अभिवृद्धि गर्दै प्रतिस्पर्धी, सक्षम र सवल बनाइनेछ ।

१.८ लैङ्गिक संवेदनशील वजेट र लैङ्गिक वजेट परीक्षण प्रणाली अवलम्बन गरी महिला सशक्तीकरणलाई विशेष प्राथमिकता दिइनेछ ।

१.९ नगरपालिकाको आवधिक योजना एवम् वार्षिक कार्यक्रम तर्जुमामा महिलाहरुको सहभागितालाई प्रभावकारी बनाई कार्यक्रमहरु तर्जुमा गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गरिनेछ।

**रणनीति २ को बालबालिकाको संरक्षण र सार्वजनिक तहलाई बालमैत्री बनाउने अन्तर्गतका कार्यनीतिहरु**

२.१ स्थानीय समुदाय, विद्यालय, सञ्चार जगत र बाल अधिकारका क्षेत्रमा क्रियाशील संस्थाहरुसँग सहकार्य गरी बालबालिका र किशोर किशोरी माथि हुने दुर्व्यवहार, हिंसा, भेदभाव, बाल शोषण, बालश्रम, वेचविखनको अन्त्य गरिनेछ। यसका लागि नीतिगत व्यवस्था गर्दै आवश्यक कानुन कार्यान्वयनमा ल्याइनेछ।

२.२ बाल सहभागिता, बाल बिकास, बाल बचाउ, वाल संरक्षणका लागि सवै सार्वजनिक कार्यालयहरुमा नीतिगत व्यवस्था गरी सोही अनुसार वार्षिक कार्यक्रमहरु कार्यान्वयन गर्दै संस्थागत बिकास गरिनेछ ।

२.३ नगरपालिकाको आवधिक विकास योजना तर्जुमा तथा वार्षिक नीति कार्यक्रम बिकासका चरणहरुमा बालवालिकाको सहभागितालाई अर्थपूर्ण बनाइनेछ।

२.४ बाल क्लव, बाल सञ्जालको क्षमता अभिवृद्धि गर्दै विभिन्न समितिहरुमा हुने बाल प्रतिनिधित्वलाई प्रभावकारी बनाइनेछ।

२.५ कानुनी विवाद परेका बालबालिकाका लागि बाल सुधार गृह सञ्चालन गरी संरक्षण गरिने र अनाथ, अति विपन्न बालवालिकाहरुको शिक्षा, स्वास्थ्यमा पहुँचको व्यवस्था मिलाइनेछ।

२.६ संविधान लगायत विभिन्न ऐन कानुनहरुद्वारा व्यवस्था गरिएका बाल अधिकारवारे अभिमुखीकरण, जनचेतना अभिवृद्धि गर्दै क्रमिक रुपमा कार्यान्वयन गरिनेछ ।

२.७ बालबालिकाहरुको शारीरिक र मानसिक बिकासका लागि आवश्यक सवैप्रकारका व्यवस्था गरी प्रतिभावान र सभ्य नागरिक बिकास बनाउन सहयोग गरिनेछ ।

२.८ वालमैत्री असल शासन नगरपालिका घोषणा गर्न आवश्यक नीति तथा रणनीति तर्जुमा गरिनेछ।

**रणनीति ३ को ज्येष्ठ नागरिकहरुको सम्मान र संरक्षण अन्तर्गतका कार्यनीतिहरु**

३.१ ज्येष्ठ नागरिकका ज्ञान, सीप र अनुभवहरु नीति निर्माणमा उपयोगि हुने र भावि पुस्ताहरुका लागि एक मार्गदर्शन हुनसक्ने भएकोले त्यस्ता ज्ञान अनुभवहरुलाई पुस्तान्तरण गर्ने वातावरण श्रृजना गरिनेछ ।

३.२ हिंसा, दुर्व्यवहार, भेदभावमा परेका, मानसिक तनावमा परेका, अशक्त, घरवारविहिन, विपन्न ज्येष्ठ नागरिकहरुको संरक्षणका लागि स्थानीय गैर सरकारी संस्थाहरुसँग सहकार्यमा वृद्धाश्रम स्थापना र सञ्चालन व्यवस्था मिलाइनेछ । यसका लागि स्थानीय मापदण्ड बनाई कार्यान्वयनमा ल्याइनेछ ।

३.३ ज्येष्ठ नागरिलाई परिवारवाटै सम्मानपूर्ण रहन सक्ने वातावरण तथा परम्परालाई प्रोत्साहित गरिने छ ।

३.४ ज्येष्ठ नागरिकको सम्मान कार्यक्रम, निःशुल्क स्वास्थ्य वीमा, स्वास्थ्य जाँच लगायत संविधान र अन्य ऐनहरुमा भएको प्रावधानहरुलाई प्रभावकारी ढङ्गवाट कार्यान्वयन गरिनेछ ।

३.५ उपयुक्त स्थानमा सुविधा सम्पन्न ज्येष्ठ नागरिक भबन निर्माण गरी दिवा सेवा कार्यक्रम सञ्चालन गर्दै ज्येष्ठ नागरिकहरुको जीवन यापनलाई सहज र सरल बनाइनेछ ।

**रणनीति ४ को अपाङ्गता भएका नागरिकहरुको संरक्षण र सशक्तीकरण अन्तर्गतका कार्यनीतिहरु**

४.१ उपयुक्त हुने सीप बिकास एवम् उद्यमशीलता तालिम प्रदान गरी अपाङ्गता भएका नागरिकहरुको क्षमता अभिवृद्धि गर्दै स्वरोजगार एवम् आय आर्जनका अवसरहरु श्रृजना गर्न सहयोग र सहजीकरण गरिनेछ ।

४.२ आधारभूत शिक्षा, स्वास्थ्य सेवा लगायत ऐन कानुनद्वारा व्यवस्था गरिएका सवै प्रकारका सेवा सुविधाहरु प्रदान गर्दै अपाङ्गता भएका नागरिकहरुको जीवन यापनलाई सहजता बनाइनेछ ।

४.३ अपाङ्गता भएकाको किसिम अनुसारको विशेष शिक्षा प्रदायक विद्यालयसँग सहकार्य गरी त्यस्तो शिक्षा उपलव्ध गराउन विशेष व्यवस्था मिलाइने छ ।

४.४ स्थानीय स्तरमा अपाङ्गता भएका नागरिकहरुको समिति निर्माण गर्दै नगरपालिकाको नीति, कार्यक्रम तर्जुमाका चरणहरुमा प्रतिनिधित्व गराई नीति कार्यक्रम तर्जुमामा प्रभावकारी सहभागिता गराइनेछ ।

**रणनीति ५ को दलित समुदायको सशक्तीकरण अन्तर्गतका कार्यनीतिहरु**

५.१ सीप बिकास एवम् उद्यमशीलता तालिम कार्यक्रमहरु सञ्चालन गरी दलित समुदायको क्षमता अभिवृद्धि गर्दै रोजगार एवम् आय आर्जनका अवसरहरु श्रृजना गर्न सहयोग गरिनेछ । दलितहरुको परम्परागत सीप र दक्षताको भरपूर उपयोग गर्न आधुनिकीकरण गरिनेछ ।

५.२ दलित समुदायको आर्थिक, सामाजिक, राजनीतिक रुपमा सशक्तीकरणका लागि कार्यक्रमहरु सञ्चालन गर्दै स्थानीय सरकार सञ्चालन मा अर्थपूर्ण सहभागि गराइनेछ ।

५.३ जातीय भेदभावको अन्त्यका लागि स्थानीय नागरिक समाजसँग सहकार्य गर्दै नगरपालिकाकालाई छुवाछुतमुक्त घोषणा गरिनेछ ।

५.४ अति विपन्न दलित समुदायको वस्तीमा उत्थानका लागि सवै प्रकारका पूर्वाधारहरुको निर्माण, शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रहरुमा निःशुल्क पहुँचको व्यवस्था मिलाइनेछ ।

**रणनीति ६ को जनजाति समुदाय सशक्तीकरण अन्तर्गतका कार्यनीतिहरु**

६.१ आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यसै समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, भाषा, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्द्धन गरिनेछ ।

६.२ नगरपालिका स्तरीय आदिवासी जनजाति समन्वय समिति/समूह, महिला समन्वय समिति/समूह, दलित समन्वय समिति/समूह, अपाङ्गता समन्वय समिति/समूह, एकल महिला समन्वय समिति/समूह तथा बाल क्लव समन्वय समिति/समूहको गठन गरी उपयुक्त कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**रणनीति ७ को लक्षित वर्ग तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु**

७.१ लक्षित वर्ग तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण गर्दै लक्षित समूह, सामाजिक सुरक्षा तथा गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।

७.२ आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसख्याक, सीमान्तकृत समुदायको अभिलेख तथा खण्डिकृत तथ्याङ्क राखी सामाजिक र आर्थिक उत्थान कार्यमक्रम लागू गरिनेछ ।

७.३ नगरपालिकाको नीति निर्माण, निर्णय प्रक्रिया र बिकासका सबै गतिविधिमा सबै लक्षित वर्गको अनिवार्य प्रतिनिधित्व र सहभागिता वृद्धि गरिनेछ ।

**ङ) तर्कवद्ध खाका**

**तालिका : ३५**
**२.४ लक्षित बर्ग तथा सामाजिक समावेशीकरण**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७७/७८ सम्म | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०८०/८१ | २०८२/८३ | | |
| **असर** | परिवर्तित स्थानीय संरचना तथा कानुन अनुसार समावेशी समिति, संयन्त्र तथा सञ्जालमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्गको प्रतिनिधित्व | प्रतिशत | ३३ | ३५ | ३८ | ४० | पालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय भएको हुने |
| **प्रतिफलहरु** | महिलाको औषत आयु | आयु | ७० | ७० | ७१ | ७२ | केतवि<br>EMIS<br>पालिकाको वार्षिक प्रगति प्रतिवेदन | तिनै तहको सरकार, निजी क्षेत्र, सामुदायिक संस्थाहरु, गैसस नागरिक समाजसँग समन्वय र साझेदारी भएको हुने |
| | लक्षित वर्गका लागि वजेट विनियोजन (महिला वालवालिका, पिछडिएका, विपन्न वर्ग) | प्रतिशत | ०.६९५ | १० | १५ | २५ | | |
| | रोजगारी, पेशाा, व्यवसाय मा महिलाको उपस्थिति | संख्या | ३६५ | ३९९ | ४५५ | ४९९ | | |
| | राष्ट्रपति महिला उत्थान कार्यक्रमवाट लाभान्वित महिला | संख्या | ३० | ३५ | ४५ | ५५ | | |
| | स्थानीय संस्थावाट सञ्चालित ज्येष्ठ नागरिक हेरचाह केन्द्र, | संख्या | ३३ | ३५ | ४५ | ५० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दिवा सेवा केन्द्र वा क्लववाट लाभान्वित ज्येष्ठ नागरिक | | | | | | | |
| | ५ वर्ष मुनीका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ५० | ६० | ८० | १०० | | |
| | सामाजिक सुरक्षावाट लाभान्वित जनसंख्या | प्रतिशत | ९ | ९ | ११ | १२ | | |
| | सुरक्षित तथा सम्माजनक जीवन यापन गर्ने ज्येष्ठ नागरिक | संख्या | १६१३ | १७१० | १८५० | २००० | | |
| | अन्य क्षेत्रहरुमा वसाइ सराई गर्ने घरपरिवार | संख्या | ३५४ | ३३६ | ३२० | ३०० | | |
| | घरव्यवहार तथा कारोबार सम्बन्धी निर्णयमा महिला सहभागी हुने परिवार | प्रतिशत | ७० | ७५ | ८२ | ९० | | |
| | सम्पत्ति माथिको स्वामित्व भएका महिला | प्रतिशत | ५३.१० | ५५.११ | ५९.११ | ६३.१२ | | |
| | व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला | संख्या | १७ | ५० | ९९ | १४० | | |
| | महिला उद्यमशीलता, क्षमता तथा सीप विकास कार्यक्रमका लागि वजेट व्यवस्था | रु. लाख | ५.३० | ११ | १७ | २१ | | |
| | कृषि, पशुपंक्षी, स्वास्थ्य, इन्जिनियरिङ लगायत क्षेत्रमा महिला प्राविधिक | संख्या | ० | १ | ६ | ११ | | |
| | महिला सहकारी संस्था | संख्या | ३ | ४ | ८ | १२ | | |
| | महिला सहकारी संस्थामा आवद्ध सदस्य | संख्या | ८७९ | ९१० | १०३० | ११५० | | |
| | महिला सञ्जाल तथा आमा समूहहरु | संख्या | १०८ | ११० | १२० | १२५ | | |
| | अपाङ्गतको शिक्षा, स्वास्थ्य, सीप तथा क्षमता विकास र रोजगारी वृद्धिमा रकम विनियोजन | रु. लाख | ० | १० | ३० | ५० | | |
| | व्यवसायिक सीप तथा क्षमता विकास भएका अपाङ्गता | संख्या | ० | २ | १० | ३० | | |
| | असहाय, अशक्त, | संख्या | ६५ | ६५ | ५५ | ५० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | वेवारिसे ज्येष्ठ नागरिक को संख्या | | | | | | | |
| | लैङ्गिक हिंसा निवारण कोषमा जम्मा भएको रकम | रु.लाख | ०.१० | १ | ७ | १० | | |
| | लैंगिक हिंसा र छुवाछुत सम्बन्धी घटना (कूल वार्षिक घटनाको) | प्रतिशत | १० | १० | ७ | ५ | | |
| | वहुविवाह दर | प्रतिशत | १.९३ | १.९३ | १.५ | १ | | |
| | एकल महिला सुरक्षा कोषमा जम्मा भएको रकम | रु. लाख | ०.५ | १० | ३० | ५० | | |
| | हिंसापीडित महिलाको मनोसामाजिक परामर्श, उद्धार, राहत र कानुनी उपचारका लागि पुनर्स्थापना केन्द्र | संख्या | ० | ० | १ | १ | | |
| | बाल विवाह (कूल जनसंख्याको) | प्रतिशत | ५ | ५ | ४ | ३ | | |
| | वालवालिका विरुद्ध हुने हिंसा, वेचविखन, दुर्व्यवहार, घरेलु हिंसा आदि घटना | संख्या | १२० | १२० | ६५ | ४० | | |
| | असहाय, वेसहारा तथा आश्रयहीन वालवालिका | संख्या | २० | १५ | १० | ० | | |
| | अन्तरपाटी महिला सञ्जाल | संख्या | ० | १ | ५ | १२ | | |
| **कियाकलाप तथा कार्यक्रम** | | | | | | | **वजेट रु.** | |

| | |
|---|---|
| १ लक्षित वर्गको सामाजिक, आर्थिक, राजनीति क्षेत्रका विविध विषयमा क्षमता बिकास कार्यक्रम ।<br>२ सामाजिक क्षेत्रका विविध पक्ष सम्वन्धी जनचेतना, अभिमुखीकरण कार्यक्रम ।<br>३ लक्षित वर्ग कानुनी परामर्श तथा सहायता केन्द्र स्थापना ।<br>४ सीप बिकास तथा उद्यमशीलता तालिम, वजार व्यवस्थापन र अनुदान व्यवस्था ।<br>५ पुर्नस्थापना केन्द्र, महिला तथा ज्येष्ठ नागरिक सामुदायिक भबन निर्माण ।<br>६ हिंसा पिडित महिला सहयोग कार्यक्रम ।<br>७ महिला सहकारी सञ्चालन का लागि तालिम र वीउ पूँजी कोषको व्यवस्था ।<br>८ किशोरीहरुका लागि सीप बिकास तथा क्षमता अभिवृद्धि कार्यक्रम ।<br>९ वालमैत्री, अपाङ्गतामैत्री शौचालय, मनोरन्जन केन्द्र, उद्यान, खेलकुद मैदान, अध्ययन केन्द्र निर्माण ।<br>१० लक्षित वर्गको स्वास्थ्य सुधार, पोषण, स्वास्थ्य वीमा एवम् सामाजिक सुरक्षा कार्यक्रम ।<br>११ लक्षित वर्ग सम्वन्धी नीति, रणनीति र सेवा सुविधाको मापदण्ड निर्धारण । | **१० करोड २२ लाख ९७ हजार** |

## ६.५.५ कला भाषा, साहित्य र सम्पदा

**क) कला, भाषा, साहित्य र सम्पदाको सम्भावना, चुनौति, सवल र कमजोर पक्षहरु**

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवम् पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**तालिका : ३६**
**कला भाषा संस्कृति र सम्पदा क्षेत्र : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु**

| सम्भावना तथा अवसरहरु | चुनौतिहरु |
|---|---|
| ➧ जातिय विविधता, ३७ भन्दा वढी जातजातिहरुको सौहार्दपूर्ण वसोवास<br>➧ ६ भन्दा वढी धर्मालम्वीहरुको मिश्रित स्थल<br>➧ धर्म अनुसारको परम्परा, चाडपर्व, संस्कृतिमा अभ्यस्त | ➧ वैदेशिक एवम् आयातित संस्कृति, भेषभुषा प्रति युवाहरुको वढ्दो आकर्षणलाई निरुत्साहित गर्नु<br>➧ स्थानीय भाषा, संस्कृति, चाडपर्वहरु लोपोन्मुख र पुस्ता हस्तान्तरण गर्नु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ स्थानीय कला, भाषा, साहित्य, संस्कृतिमा आधारित कार्यक्रम सञ्चालन<br>➧ सम्पदाहरुको मर्मत सम्भार तथा स्तरोन्नति हुँदै आएको<br>➧ मनकामना मन्दिर परिसरमा श्रीहरी गुरुकूल सञ्चालन | ➧ कला, भाषा, संस्कृतिको जर्गेना, संरक्षण, प्रवर्द्धन नहुनु<br>➧ साँस्कृतिक संरक्षण तथा प्रदर्शनी नहुनु<br>➧ स्थानीय संस्कृतिमा आधारित पर्यटन प्रवर्द्धन तथा आयमूलक कार्यक्रम सञ्चालन नहुनु<br>➧ सांस्कृतिक कला केन्द्र तथा सङ्ग्रहालय नहुनु |

**ख) उद्देश्य**

परम्परागत, मौलिक एवम् लोपोन्मुख कला, भाषा, साहित्य, संस्कृति तथा सम्पदाहरुको संरक्षण, प्रवर्द्धनवाट स्थानीय समाजको पहिचान स्थापित गर्नु ।

**ग) रणनीतिहरु**

१. मौलिक कला भाषा, संस्कृति र सम्पदाको संरक्षण र प्रवर्द्धन गर्ने ।

२. कला, भाषा, साहित्य र सम्पादन सम्बन्धी नीति र योजना कार्यान्वयन गर्ने ।

**घ) कार्यनीतिहरु**

**रणनीति १ को मौलिक कला भाषा, संस्कृति र सम्पदाको संरक्षण र प्रवर्द्धन अन्तर्गतका कार्यनीतिहरु**

१.१ परम्परागत, मौलिक एवम् लोपोन्मुख कला, संस्कृति, भाषा र साहित्यको संरक्षण एवम् प्रवर्द्धनका लागि नगरपालिकामा एक कला केन्द्र स्थापना गरी प्रवर्द्धन गरिनेछ ।

१.२ स्थानीय सम्पदा, संस्कृतिलाई विद्यालयको पाठ्यक्रममा समावेश गरी पठनपाठनको व्यवस्था मिलाइनेछ ।

१.३ स्थानीय भाषा, संस्कृति र सम्पदालाई पर्यटन बिकाससँग जोड्दै यसको प्रवर्द्धन गरिनेछ ।

१.४ आवधिक रुपमा नगरपालिका स्तरीय प्रतियोगिताका माध्यमवाट साहित्य, कला, लोकगीतको प्रवर्द्धन गरिने छ ।

**रणनीति २ को कला, भाषा, साहित्य र सम्पादन सम्बन्धी नीति र योजना कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु**

२.१ भाषा, कला, साहित्य तथा संस्कृति संरक्षण सम्बन्धी नीति, कानुन तथा मापदण्डको निर्माण, कार्यान्वयन तथा नियमन गरिनेछ ।

२.२ स्थानीय लोपोन्मुख एवम् जातीय भाषा, संस्कृति तथा सम्पदाहरुको संरक्षण एवम् प्रवर्द्धन सम्बन्धी दीर्घकालीन नीति तथा गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ ।

**ङ) तर्कवद्ध खाका**

**तालिका : ३७**
**२.५ कला भाषा साहित्य र सम्पदा**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७७/७८ सम्म | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०८०/८१ | २०८२/८३ | | |
| **असर** | स्थानीय कला, भाषा र साहित्यलाई पेशाको रुपमा ग्रहण गर्ने | संख्या | ० | २ | ३ | ५ | पालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय भएको हुने |
| **प्रतिफलहरु** | कला, संस्कृति, भाषा र साहित्यमा जिल्ला, प्रदेश र राष्ट्रको प्रतिनिधित्व गर्ने स्रष्टा | संख्या | ५ | ६ | ७ | ८ | पालिकाको वार्षिक प्रगति प्रतिवेदन<br><br>भाषा आयोगको | भाषा आयोग, संस्कृति सँग सम्बन्धित निकाय बीच अन्तर |
| | संरक्षित कला, संस्कृति र सम्पदाका प्रकार | संख्या | २० | २१ | २३ | २५ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | संरक्षण गर्नुपर्ने स्थानीय संस्कृति तथा चाँडपर्व | संख्या | २० | २० | २० | २० | प्रतिवेदन पालिका पार्श्व चित्र | सरकार सम्बन्ध भएको हुने । जनजाति प्रतिष्ठान र अन्य विषयगत आयोग, स्थानीय समुदाय सँग समन्वय भएको हुने छ । |
| | स्थानीय लोपोन्मुख भाषाहरु | संख्या | २ | २ | ० | ० | | |
| | वोलीचालीका स्थानीय भाषाहरु | संख्या | १२ | १२ | १२ | १२ | | |
| | स्थानीय संस्कृति, कला, सम्पदा र साहित्य सम्बन्धी भएकाअध्ययन तथा अनुसन्धान | संख्या | ० | १ | २ | ३ | | |
| | स्थानीय भाषा, कला, संस्कृति, सम्पदा, साहित्यमा आधारित नियमित प्रकाशन | संख्या | ० | १ | २ | २ | | |
| | स्थानीय भाषा, कला, संस्कृति झल्किने म्युजियम तथा कला केन्द्र | संख्या | ० | ० | १ | १ | | |

| **कियाकलाप तथा कार्यक्रम** | **वजेट रु.** |
|---|---|
| १. स्थानीय भाषा संस्कृतिको प्रदर्शनी ।<br>२. प्राचीन गुम्वा, मठ मन्दिर, सम्पदाहरुको अभिलेखन, मर्मत सम्भार र स्तरोन्नति ।<br>३. साँस्कृतिक सङ्ग्रहालय स्थापना ।<br>४. संस्कृति तथा सम्पदाको संरक्षण एवम् प्रवर्द्धन गुरुयोजना ।<br>५. साँस्कृतिक तथा साहित्यिक क्षेत्र बिकास । | **९ करोड ९ लाख ३१ हजार** |

## ६.५.६ युवा तथा खेलकुद

**क) युवा तथा खेलकुदको सम्भावना, चुनौति, सवल र कमजोर पक्षहरु**

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवम् पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**तालिका : ३८**
**युवा तथा खेलकुद क्षेत्र : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु**

| सम्भावना तथा अवसरहरु | चुनौतिहरु |
|---|---|

| | |
|---|---|
| ➧ शिक्षित, ऊर्जावान युवाहरुको उपस्थिति अधिक<br>➧ खेलकुद तर्फ युवाहरुको आकर्षण वढ्दो<br>➧ वडा स्तरीय युवाक्लवहरु क्रियाशील<br>➧ स्थानीय संरचनामा युवाहरुको आवद्धता वढ्दो | ➧ युवाहरुको आर्थिक, सामाजिक एवम् राजनीति क्षेत्रमा अर्थपूर्ण उपस्थितिमा अभिवृद्धि ल्याउनु<br>➧ शिक्षित वेरोजगार युवाहरुको व्यवस्थापन गर्नु<br>➧ युवाहरु विदेश एवम् शहरी क्षेत्रहरुतर्फ पलायन रोक्नु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ स्व/रोजगारीमूलक व्यवसायिक सीप तालिम, क्षमता विकास कार्यक्रमहरु सञ्चालन हुँदै आएको<br>➧ पालिकाको विभिन्न क्षेत्रहरुमा खेलकुद मैदानहरुको व्यवस्था<br>➧ पालिका स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन<br>➧ प्रधानमन्त्री तथा युवा स्वरोजगार कार्यक्रमवाट ठूलो संख्यामा लाभान्वित | ➧ वेरोजगार युवाहरुलाई अनुदान तथा सस्तो दरमा ऋण सुविधा उपलव्ध गराई रोजगारीमूलक कार्यक्रम सञ्चालन हुन नसक्नु<br>➧ वैदेशिक रोजगारीवाट फर्केका युवाहरु स्वरोजगारीमा आवद्ध हुन नसक्नु<br>➧ सुविधायुक्त खेलमैदान तथा कभरहल नहुनु |

**ख) उद्देश्य**

युवाहरुमा क्षमता विकास, उद्यमशीलता एवम् व्यवसायिकता विकासवाट रोजगारीका अवसरहरु श्रृजना र सवै प्रकारकार खेलकुदको भौतिक पूर्वाधार तथा संरचनाको निर्माणवाट प्रतिस्पर्धी, प्रतिभाशाली युवा खेलाडीहरुको विकास गर्नु ।

**ग) रणनीतिहरु**

१ युवाहरुको क्षमता अभिवृद्धि तथा उद्यमशीलता बिकास गर्ने ।

२. बिकास निर्माणमा युवाहरुको सहभागिता अभिवृद्धि गर्ने ।

३. खेलकुद बिकासका लागि पूर्वाधार निर्माण र संस्थागत बिकास गर्ने ।

**घ) कार्यनीति**

**रणनीति १ को युवाहरुको क्षमता अभिवृद्धि तथा उद्यमशीलता बिकास अन्तर्गतका कार्यनीतिहरु**

१.१ क्षमता अभिबृद्धि कार्यक्रम मार्फत युवा उद्यमशीलता तथा स्वरोजगारीमा अभिबृद्धि गरिनेछ ।

१.२ युवाका लागि सीप, प्रविधि, कर्जा, व्यवसाय परामर्श, बजार सुविधा सहित उद्यम बिकास सम्बन्धी एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ ।

१.३ वैदेशिक रोजगारीवाट हासिल गरेका दक्षता, सीप, अनुभव, ज्ञान एवम् पूँजीलाई सही सदुपयोगका लागि उपयुक्त वातावरण श्रृजना गर्दै औद्योगिक व्यवसायिक क्षेत्रमा लगानी गर्न युवाहरुलाई प्रोत्साहित गरिनेछ ।

**रणनीति २ को बिकास निर्माणमा युवाहरुको सहभागिता अभिवृद्धि अन्तर्गतका कार्यनीतिहरु**

२.१ स्थानीय योजना तर्जुमा, कार्यान्वयन तथा नतिजामापन प्रक्रियामा युवाहरुको संलग्न बृद्धि गर्न क्षमता अभिवृद्धि गरिनेछ ।

२.२ युवा समूह, क्लब सञ्जालको बिकास, विस्तार, सदृढीकरण क्षमता अभिवृद्धि गर्दै स्थानीय सरकार सञ्चालनको विभिन्न क्षेत्रमा अर्थपूर्ण प्रतिनिधित्व एवम् सहभागिता गराइनेछ ।

२.३ लागु औषध प्रयोग गर्ने युवाहरूको पुनर्स्थापना गर्न परामर्श तथा पुनर्स्थापना केन्द्रहरू सञ्चालन गरिनेछ ।

**रणनीति ३ को खेलकुद बिकासका लागि पूर्वाधार निर्माण र संस्थागत बिकास अन्तर्गतका कार्यनीतिहरु**

३.१ युवाहरुको शारिरीक र मानसिक बिकासका लागि सानो उमेर देखि नै अभ्यस्त गराउदै खेल संस्कृतिको बिकास गरिनेछ ।

३.२ खेलकुद बिकासका लागि आवश्यक पूर्वाधारहरु विद्यालय, वस्ती, वडाहरु र पालिका स्तरीयमा निर्माण गरी खेलकुदको प्रवर्द्धन गरिनेछ ।

३.३ खेलकुदमा महिला सहभागिता बढाउन उचित वातावरण श्रृजना गरिनेछ ।

३.४ स्थानीयस्तरका खेलकुद प्रशासन तथा संघ संस्थासँग समन्वय र नियमन गरिनेछ ।

## ङ) तर्कवद्ध खाका

**तालिका : ३९**

**२.६ युवा तथा खेलकुद**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७७/७८ सम्म | लक्ष्य परिमाण | | | सूचना को श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०८०/८१ | २०८२/८३ | | |
| **असर** | उद्योग,व्यापार व्यवसाय तथा खेल क्षेत्रमा युवाहरुको आवद्धता | प्रतिशत | १४ | १७ | १९ | २१ | पालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय भएको हुने |
| **प्रतिफलहरु** | शिक्षित युवा वेरोजगारी (एइइ वा सो भन्दा माथिको शिक्षा आर्जन) | संख्या | १६३८ | १३१० | ९८३ | ८१९ | EMIS | प्रधानमन्त्री रोजगार कार्यक्रम, स्वरोजगार कोष, उद्योग वाणिज्य, तालिम संस्था तथा निजी क्षेत्रसँग समन्वय भएको हुने अन्तर |
| | आयमूलक व्यवसायिक सीप विकास तालिम तथा प्राविधिक शिक्षा हासिल गरेको युवा | संख्या | २६८ | ३२२ | ३७६ | ४०२ | पालिकाको बार्षिक प्रगति प्रतिवेदन श्रम मन्त्रालय वार्षिक प्रतिवेदन | |
| | आयमूलक व्यवसायिक सीप विकास तालिमवाट स्वरोजगार तथारोजगार | संख्या | ५० | ६० | ७० | ७५ | | |
| | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगार सेवा केन्द्रवाट लाभान्वित युवा | संख्या | २३० | २७६ | ३२२ | ३४५ | | |
| | युवा स्वरोजगार कोष अन्तर्गत स्वरोजगार कर्जा कार्यक्रमवाट लाभान्वित युवा | संख्या | २६७ | ३९९ | ५०० | १००० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | स्थानीय तहको संरचना मा युवाहरुको संलग्नता | प्रतिशत | २० | २४ | २८ | ३० | | सरकार समन्वय भएको हुने |
| | युवा क्लव, तथा संस्था | संख्या | १ | ११ | ११ | ११ | | |
| | व्यवसायिक युवा खेलाडी | संख्या | ० | २ | ५ | १० | | |
| | युवा खेलकुद अभ्यास प्रशिक्षण केन्द्र | संख्या | ० | १ | १ | १ | | |
| | कवर्डहल तथा खेलकुद मैदान | संख्या | २ | ४ | ८ | ११ | | |
| | पालिका स्तरीय खेलकुद प्रतियोगिता | संख्या | २ | २ | २ | ३ | | |

| **कियाकलाप तथा कार्यक्रम** | **वजेट रु.** |
|---|---|
| १. युवा स्वरोजगार क्षमता बिकास कार्यक्रम ।<br>२. युवा समूह, क्लब सञ्जालको सशक्तीकरण ।<br>३. युवा खेलमैदान, कर्वडहल र रङ्गशाला निमार्ण तथा खेलकुद प्रतियोगिता ।<br>४. युवाहरु समग्र बिकास सम्बन्धी दीर्घकालीन नीति, योजना निर्माण । | **८ करोड ५२ लाख ४७ हजार** |

# परिच्छेद - ७
# पूर्वाधार विकास

## ७.१ पृष्ठभूमि

स्थानीय सडक, सिंचाइ सम्वन्धी नीति, कानुन, मापदण्ड तथा सो सम्वन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन गर्ने अधिकार स्थानीय सरकार सञ्चालन सञ्चालन ऐन, २०७४ ले पालिकाहरुलाई प्रदान गरेको छ । यस अनुसार पालिकाहरुले यातायात सुरक्षाको व्यवस्थापन, झोलुङ्गे पुल, पुलपुलेसा, तटवन्धन सम्वन्धी गुरुयोजना, स्थानीय सिंचाइ प्रणाली निर्माण, मर्मत सम्भार, स्तरोन्नति, अनुगमन र नियमन गर्नु पर्ने हुन्छ । स्थानीय सडक र सिंचाइ जस्ता पक्षलाई नेपालको संविधानमा स्थानीय तहको एकल अधिकारको सूचीमा राखिएको छ भने वासोवासलाई व्यवस्थित गर्ने, योजनावद्ध रुपमा वस्ती विकास गर्ने, नागरिकहरुलाई सरल, सहज र समान पहुँच सुनिश्चित गर्ने, यातायात सुरक्षा उपलव्ध गराउने र गुणस्तरीय तथा दिगो भौतिक पूर्वाधारको विकास पक्षहरुलाई राष्ट्रिय नीतिमा समावेश गरेको छ ।

देशको १५ औं योजनामा सुर्वसुलभ र आधुनिक पूर्वाधारलाई उच्च स्थानमा छ । दिगो शहरी विकास तथा वस्ती विकासलाई राष्ट्रको दीर्घकालीन रणनीतिमा ग्रहण भएको छ । गुणस्तरीय एकीकृत यातायात प्रणाली, सूचना प्रविधि तथा सञ्चार पूर्वाधार, वृहत सञ्जालीकरण, आधुनिक, दिगो तथा व्यवस्थित शहरीकरण, आवास र वस्ती विकासलाई रुपान्तरणका प्रमुख सम्वाहकमा लिएको छ भने पूर्वाधार विकासलाई दिगो विकास लक्ष्यमा महत्वका साथ उल्लेख भएको छ । गुणस्तरीय, भरपर्दो, दिगो र उत्थानशील पूर्वाधार विकास गर्ने, दिगो र आधुनिक ऊर्जामा सवैको पहुँच अभिवृद्धि गर्ने, सडक सुरक्षामा सुधार ल्याउने र सङ्कटग्रस्थ व्यक्ति, महिला, अपाङ्गता र प्रौढमैत्री वनाउदै दिगो यातायात प्रणालीको विकास, शहरीकरण र मानववस्तीलाई दिगो र व्यवस्थित गर्ने पक्षहरु पनि दिगो विकास लक्ष्यमा समावेश भएको छ ।

यसै क्रममा खाँदवारी नगरपालिकाले उपरोक्त पक्षको सुनिश्चितता गर्दै संघ तथा प्रदेश सरकारको कानुन, नीति, योजना र लक्ष्यलाई समेत मनन गरी समग्र पूर्वाधार बिकासको खाका तयार पारेको छ । पूर्वाधार विकासका लागि प्रमुख क्षेत्रको रुपमा रहेको सडक, यातायात, पुलपुलेसा, आवास, भबन तथा वस्ती बिकास, सिंचाइ, विद्युत तथा वैकल्पिक ऊर्जा र सूचना, सञ्चार र प्रविधि जस्ता क्षेत्रको विद्यमान अवस्था, समस्या तथा चुनौतिहरुको विश्लेषण गरी आगामी ५ वर्षका लागि उद्देश्य निर्धारण, लक्ष्य परिमाण र सोको प्राप्तीका लागि अवलम्वन गरिने रणनीति तथा कार्यनीति निर्धारण र प्रमुख कार्यक्रमहरु तर्जुमा भएको छ ।

## ७.२ वर्तमान अवस्था

पालिकामा हवाइ सेवा र स्थलगत यातायात सेवाहरु उपलव्ध छन् । काठमाडौं र विराटनगर दुवै क्षेत्रवाट नियमित हवाइ सेवा सञ्चालनमा छ । स्थलमार्ग अन्तर्गत धनकुटा हिले हुँदै कोशी राजमार्ग, र वसन्तपुरवाट चैनपुर (किमाथाङ्का) सडक खण्डले खाँदवारी जोडिएको छ । यसैगरी भोजपुर जिल्लाको साविकको कुलुङ र नेपालेडाँडा गाविस क्रमशः हेलुवावेसी-कुलुङ र मनकामना-डिङ्ला सडकखण्डवाट पनि खाँदवारी नगरपालिका जोडिएको छ । कालोपत्रे सडक (४.०७ प्रतिशत), सडक ढलान (३.३१ प्रतिशत), ग्राभेल (११.७८ प्रतिशत) र धुले/कच्ची सडक (८०.८४ प्रतिशत) गरी कूल करीव ४६७ किमि लम्वाइ खडक खण्डहरु निर्माण भएका छन् । अधिकांश सडकहरु धुले कच्ची भएकाले वाहै महिना सडक यातायात सञ्चालनमा कठिन छ । ३० मिनेट सम्मको दुरीमा अझै पनि यातायातमा पहुँच हुनेहरु करीव ७५ प्रतिशत घरधुरीहरु मात्रै छन् भने नजिकको पिच सडकमा पुग्न स्थानीयहरुलाई करीव ३ देखि ५ घण्टा लाग्छ । अधिकांश वस्तीहरुमा आधारभूत भौतिक पूर्वाधारहरु शिक्षा, स्वास्थ्य, खानेपानी, विजुली, सञ्चार र सडक पुगेका छन् भने एकीकृत भौतिक पूर्वाधारहरु उपलव्ध भएका वजार क्षेत्रहरु ३ वटा छन् र वजार क्षेत्रमा करीव २२ प्रतिशत जनसंख्या वसोवास गर्दछन् । तापनि भूकम्प प्रतिरोधी र मापदण्ड पूरा गरी वनेका संरचनाहरु न्यून छन् ।  सुरक्षित र प्रवर्द्धित आवास क्षेत्रहरु छैनन् भने जोखिमयुक्त क्षेत्रमा वस्तीहरु अझै छन् । सिंचाइ पूर्वाधारहरुको निर्माण तथा आधुनिक सिंचाइ प्रविधिहरु पर्याप्त मात्रामा प्रयोगमा आउन नसकेका कारण खेतीयोग्य भूमिहरुमा नियमित सिंचाइ सेवा वञ्चित छन् । केन्द्रीय विद्युत प्रसारण लाइनवाट घरघरमा विद्युत सेवा पुगेपनि अझै पुग्न वाँकी करीव ५.७ प्रतिशत घरहरु छन् । वैकल्पिक ऊर्जा प्रयोग गर्ने घरपरिवारहरु २ प्रतिशत मात्रै छ भने करीव १४ प्रतिशत घरधुरीहरु सञ्चार सेवावाट लाभान्वित हुनसकेका छैनन् । इण्टरनेट सेवामा सामुदायिक विद्यालयहरुको पहुँच अझै समस्या रहेपनि पालिका क्षेत्रमा करीव २० प्रतिशत जनसंख्यावाट इण्टरनेट सेवा उपभोग हुँदै आएको छ ।

## ७.३ उद्देश्य

आवधिक नगरबिकास योजनाको लक्ष्य हासिल गर्न पूर्वाधार बिकास क्षेत्रको लागि "सडक, यातायात, पुल पुलेसा, ऊर्जा, सिचाइ, जलश्रोत, खानेपानी, सार्वजनिक भवन, आवास तथा वस्ती विकास, सूचना तथा सञ्चार प्रविधि लगायतका भौतिक एवं सामाजिक पूर्वाधारहरु गुणस्तरीय निर्माणवाट आम नागरिकहरुको जनजीवनमा सहजता ल्याउनु" मुख्य उद्देश्य निर्धारण गरिएको छ ।

## ७.४ प्रमुख रणनीतिहरु

क) गुणस्तरीय एवं वातावरणमैत्री यातायात, विद्युत, सिंचाइ लगायतका पूर्वाधारहरुको विकास गर्ने ।
ख) श्रृजित पूर्वाधारहरुको दिगो उपयोगका लागि नियमित मर्मत सम्भार गर्ने ।

## ७.५ विषयगत उपक्षेत्रहरु :

यस विषयगत क्षेत्र भित्र निम्न विषयगत उपक्षेत्रहरु समावेश गरिएका छन् :

- सडक, पुल तथा यातायात,
- आवास, बस्ती विकास, सार्वजनिक निर्माण तथा वजार व्यवस्थापन,

- सिचाई ।
- विद्युत तथा वैकल्पिक उर्जा
- सूचना तथा सञ्चार प्रविधि ।

## ७.५.१ सडक तथा यातायात

### क) सडक तथा यातायातको सम्भावना, चुनौति, सवल र कमजोर पक्षहरु

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवम् पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**तालिका : ४०**
**सडक यातायात क्षेत्र : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु**

| सम्भावना तथा अवसरहरु | चुनौतिहरु |
|---|---|
| ➧ कोशी सडकवाट जोडेको<br>➧ अन्तरपालिका सडक सञ्जाल विस्तार भएको<br>➧ वसन्तपुर-चैनपुर-खाँदवारी-किमाथाङ्का सडक निर्माण हुँदै<br>➧ मनकामना-दिङ्ला र हेलुवावेसी-कुलुङ सडकले भोजपुर जिल्लासंग यातायात विस्तार<br>➧ काठमाडौ-तुम्लिङटार र विराटनगर हवाइ मार्ग | ➧ वाह्रै महिना सडक यातायात सञ्चालनमा ल्याउनु<br>➧ गुणस्तरीय, दिगो र सर्वसुलभ सडक यातायात सेवावाट आम नागरिक लाभान्वित गर्नु<br>➧ लगत कट्टा नहुँदा सडक किनारामा वस्ती नियन्त्रण गर्नु<br>➧ चर्को भाडादर नियन्त्रण गर्नु<br>➧ अधिकांश स्थानीयहरु सडक सुविधा उपयोगका लागि ३० मिनेटको पैदल दुरी कम गर्नु<br>➧ सडकमा स्थानीयहरुको अपनत्व श्रृजना गर्नु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ कूल सडक लम्वाई ४६७ किमि निर्माण भएको<br>➧ सवै वडाहरुमा सडक यातायात सेवा पुगेको<br>➧ कालोपत्रे,ढलान र ग्राभेल सडकहरु निर्माण हुँदै<br>➧ मुख्य वजार तथा शहरी क्षेत्रमा पक्की सडक निर्माण<br>➧ मानिसहरुको आवत जावत, कृषि उपज, खाद्य पदार्थहरुको ढुवानीमा सहजता आएको | ➧ सवै धुले कच्ची सडकहरु निर्माण भई स्तरोन्नति नहुनु<br>➧ सडक संरक्षणका प्रविधिहरु दायाँवायाँ सडक नाली, वायो इन्जिनियरिङ नहुनु<br>➧ यातायात सडक गुरुयोजना निर्माण नहुनु<br>➧ सडक निर्माण गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन तथा परीक्षण लगायत विस्तृत परियोजना प्रतिवेदन जस्ता पक्षहरुमा ध्यान नदिई सडक निर्माण गर्नु<br>➧ सडक निर्माण गर्दा खानेपानीसंग समन्वय नभएको |

### ख) उद्देश्य

सार्वजनिक स्थल, कार्यालय, वजार, वस्तीहरु, उत्पादन तथा पर्यटन लगायत प्रमुख गन्तव्य क्षेत्रहरुमा सुरक्षित र वातावरणमैत्री सडक यातायातको सञ्जाल विकासवाट सुविधायुक्त आवगमन र वस्तु सेवाहरुको वितरणमा सहजता ल्याउनु ।

### ग) रणनीतिहरु

१. यातायात पहुँचमा सुधार एवं सडक सञ्जाल बिकास गर्ने ।
२. सार्वजनिक यातायातलाई व्यवस्थित गर्ने ।

३. स्थानीय यातायात सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने ।

## घ) कार्यनीति

**रणनीति १ को यातायात पहुँचमा सुधार एवं सडक सञ्जाल बिकास अन्तर्गतका कार्यनीतिहरु**

१.१ नेपाल ग्रामीण सडक मापदण्ड, २०७१ लाई आधार मानी सडक निर्माणमा गुणस्तर कायम राखिनेछ ।

१.२ सडक निर्माण, स्तरोन्नति र ट्र्याक खोल्ने काममा सन्तुलन मिलाउदै डाँडापाँखाहरु उजाड हुनेगरी गरिने सडक निर्माणलाई निरुत्साहित गरिनेछ ।

१.३ सडक निर्माण कार्यमा स्तरोन्नति तथा मर्मत सम्भारमा प्राथमिकता दिइनेछ र कोर नेटवर्कका मुख्य सडकहरुलाई बाह्रै महिना यातायात सञ्चालन योग्य अवस्थामा ल्याइनेछ ।

१.४ नगरपालिका कार्यालयसंग वडा कार्यालयहरु, स्थानीय सार्वजनिक कार्यालयहरु वीच सडक सञ्जाल बिकास गरी सेवाग्राहीहरुलाई सहजता प्रदान गरिनेछ ।

१.५ जिल्ला सडक, प्रदेश स्तरीय क्षेत्रीय सडक एवं राष्ट्रिय सडक सञ्जालसंग जोडिने गरी सडक विस्तार गरी वाह्य क्षेत्रसंगको सम्बन्धलाई सुदृढ बनाइनेछ ।

१.६ सिंचाइ, पर्यटन, उद्योग व्यवसायलाई सहयोग पुग्ने एवं कृषि, शिक्षा तथा स्वास्थ्य सेवामा पहुँच अभिबृद्धि हुने गरी सडकको निर्माण एवं स्तरोन्नति गरिनेछ ।

१.७ सडक किनारा तथा दाँयाबाँया वायोइन्जिनियरिङ प्राथमिकता दिई वातावरणमैत्री सडक निर्माण गरिनेछ ।

१.८ सडक तथा पुलहरुको निर्माण पूर्व अनिवार्य रुपमा सर्भे, डिजाईन, ड्रोइङ, लागत इष्टिमेट, वातावरणीय प्रभाव मूल्याङ्कन गरी सोको आधारमा निर्माण गरिने अभ्यासलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

१.९ सडक तथा भौतिक संरचना संरक्षणप्रति स्थानीयहरुलाई सचेत गराउदै वस्ती वस्तीमा समितिहरु गठन गरी मर्मत सम्भारको जिम्मेवारी दिइनेछ । यसलाई व्यवस्थित गर्न कार्यविधि बनाइनेछ ।

१.१० सडक निर्माणमा जलवायु परिवर्तनका पक्षलाई विशेष ध्यान दिइनेछ ।

**रणनीति २ को सार्वजनिक यातायातलाई व्यवस्थित अन्तर्गतका कार्यनीतिहरु**

२.१ पालिका क्षेत्रभित्र साना सवारी सञ्चालन गरिनेछ । यसका लागि निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

२.२ पालिका कार्यालय देखि वडा कार्यालयहरु सम्म र खाँदवारी वजार देखि तुम्लिङटार सम्म र पालिका क्षेत्रका मुख्य वजार क्षेत्रहरु सम्म साना सवारी साधनहरु सञ्चालनमा ल्याइनेछ ।

२.३ सर्वसुलभ, नियमित, भरपर्दो र सुरक्षित यातायात सेवाका लागि निजी क्षेत्र तथा सहकारी संस्थालाई प्रोत्साहित गर्दै सहकार्य गरिनेछ । महिला, बालबालिका, बिरामी, असहाय, ज्येष्ठ नागरिक तथा अपाङ्गतामैत्री यातायात सेवा सञ्चालन गरिनेछ ।

२.४ निर्माण सम्पन्न सडकहरुमा सडक रुटको व्यवस्था गर्दै यात्रु प्रतिक्षालयहरु र गन्तव्य स्थानहरुमा वसपार्क निर्माण गरिनेछ ।

२.५ वस्ती क्षेत्रसम्म सार्वजनिक यातायात सेबालाई विस्तार गरी सेवा सुविधा पहुँचमा सहज बनाइनेछ ।

२.६ नगरपालिकाका वाह्य प्रमुख गन्तव्य क्षेत्रहरुसम्म पुग्न दैनिक तथा नियमित रुपमा सार्वजनिक यातायात सञ्चालन गरी सहजता ल्याइनेछ ।

२.७ सडक दुर्घटनालाई न्यूनीकरण गर्न आवश्यक सवै सुरक्षाका उपायहरु अवलम्वन गराइने छ र यात्रुहरुको सवारी दुर्घटना वीमाको व्यवस्था मिलाइनेछ ।

२.८ यातायात सुरक्षाका सबै मापदण्ड लागू गरी यातायात सेवालाई सुरक्षित बनाइनेछ ।

२.९ पालिका क्षेत्रमा सञ्चालित सवारी साधनहरुको प्रदुषण परीक्षणलाई प्रभावकारी वनाइनेछ ।

**रणनीति ३ को स्थानीय यातायात सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु**

३.१ सडक यातायात तथा सञ्चालन सम्बन्धी नीति, कानुन, मापदण्ड बनाई कार्यान्वयन र नियमन गरिनेछ ।

३.२ स्थानीय सडक, झोलुङ्गे पुल, पुलेसा सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत सम्भार र नियमन गरिनेछ

३.३ सडक यातायात गुरुयोजना निर्माणलाई अन्तिम रुप दिई सोही बमोजिम नगरले खोलेका सडकहरुको लगतकट्टालाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

३.४ सार्वजनिक,नीति साझेदारी(PPP) सम्बन्धी नीति लागू गरी नगरमा संचालित आयोजनाहरुको आवश्यकता अनुसार PPP मोडेल अनुसार गरिनेछ ।

३.५ IEE र EIA गर्नुपर्ने खालका ठुलाठुला आयोजनाहरुको IEE र EIA गरेर मात्र आयोजनाहरु संचालन गरिनेछ ।

**ग) तर्कवद्ध खाका**

तालिका : ४१

३.१ सडक, यातायात तथा पुलपुलेसा

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७७/७८ सम्म | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०८०/८१ | २०८२/८३ | | |
| असर | दिगो, सुरक्षित र नियमित सडक यातायात सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | २० | २० | ५० | ७० | पालिका को वार्षिक प्रतिवेदन | अन्तरसरकार समन्वय र सहकार्य भएको हुने |
| प्रतिफलहरु | ३० मिनेट सम्मको दुरीमा यातायात पहुँच भएको घरपरिवार | प्रतिशत | ७५ | ८० | ९० | १०० | पालिका तथा प्रदेश सरकारको प्रतिवेदनहरु | संघ प्रदेश र अन्तर सरकार तथा आन्तर पालिका वीच समन्वय भएको हुनेछ । |
| | कालोपत्रे सडकको लम्वाइ | किमि | १९ | २३ | ४८ | ६५ | | |
| | ग्राभेल सडकको लम्वाइ | किमि | ५५ | ६५ | १२० | १७५ | | |
| | सडक ढलानको लम्बाइ | किमि | १५.५ | २० | ३० | ४० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | धुले/कच्ची सडक लम्वाइ | किमि | ३७८.२ | ४०६.४७ | ४२४.५१ | ४७३.२४ | | |
| | सहायक नदीमा झोलुङ्गे पुल | संख्या | १७ | १९ | १९ | १९ | | |
| | स्थानीय स्तरमा सञ्चालित ४ पाङ्गे सार्वजनिक यातायात | संख्या | १५० | १६० | १८० | २०० | | |
| | पालिका केन्द्र वाट वडा कार्यालय सम्म जोडिएको सडक | संख्या | ११ | ११ | ११ | ११ | | |
| | सडक सञ्जालवाट नजोडिएका वस्तीहरु | संख्या | २ | ० | ० | ० | | |
| | नजिकको पिच भएको पक्की सडकमा पुग्न लाग्ने औषत समयावधि | घण्टा | ३-५ | ३-५ | २-३ | १-१.५ | | |
| | वार्षिक सडक दुर्घटनाको संख्या | संख्या | २० | १५ | १० | ५ | | |
| | सडक नालीको सडक लम्वाइ | किमि | १२३ | १४८ | २०३ | २५३ | | |
| | नियमित मर्मत संभार भएको सडकको लम्वाइ | किमि | ९८ | ९८ | ८१ | १०१ | | |
| | वायो इन्जिनियरिङ प्रविधि र सडक साइड वृक्षारोपण | किमि | ० | १० | ३० | ५० | | |
| | जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको सडक सञ्जाल | संख्या | २ | २ | २ | २ | | |
| | अन्तरपालिका सडक सञ्जाल संख्या | संख्या | १६ | १६ | १६ | १६ | | |

| **क्रियाकलाप तथा कार्यक्रम** | **वजेट रु.** |
|---|---|
| १. सडक मर्मत सम्भार तथा स्तरोन्नति ।<br>२. सडक बिकास तथा विस्तार ।<br>३. वसपार्क निर्माण कार्यक्रम ।<br>४. सडक तथा अन्य पूर्वाधार आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तयार ।<br>५. सडक पूर्वाधारहरुको सुरक्षाको लागि वायो इन्जिनियरिङ तथा वृक्षारोपण ।<br>६. सडक नाली तथा ढल निर्माण ।<br>७. सडक यातायात सुरक्षा तथा दुर्घटना न्यूनीकरण । | **१ अर्व २ करोड २९ लाख ७५ हजार** |

## ७.५.२ आवास, वस्ती बिकास तथा सार्वजनिक निर्माण

**क) आवास, वस्ती विकास तथा सार्वजनिक निर्माणको सम्भावना, चुनौति, सवल र कमजोर पक्षहरु**

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**तालिका : ४२**
**आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु**

| सम्भावना तथा अवसरहरु | चुनौतिहरु |
|---|---|
| ➧ वस्ती विकासका लागि पर्याप्त समथर भूमि<br>➧ एकीकृत जग्गा बिकास तथा शहरीकरणको सम्भावना<br>➧ निजी क्षेत्र वस्ती विकास तथा सार्वजनिक निर्माणमा लगानी गर्न आकर्षित | ➧ वस्तीहरुमा सवैप्रकारका आधारभूत भौतिक पूर्वाधारहरुको सेवा सुविधा विस्तार तथा व्यवस्था गर्नु<br>➧ जोखिम क्षेत्रका वस्तीहरु स्थनान्तरण तथा सुरक्षित स्थान हरुमा व्यवस्था गर्नु<br>➧ एकीकृत वस्ती विकास तथा शहरीकरण गर्नु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ वडा नम्वर ९ मा एकीकृत वस्ती विकासका लागि विस्तृत परियोजना प्रतिवेदन तयार भएको<br>➧ भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार सार्वजनिक भवन तथा संरचना निर्माणको क्रममा<br>➧ पालिका तथा वडा कार्यालय भवन निर्माण<br>➧ मनोरन्जन पार्क र वाल उद्यानहरु विस्तार हुँदै | ➧ वसपार्क तथा वस स्टेशनहरुको निर्माण नहुनु<br>➧ सार्वजनिक संरचनाहरु अपाङ्गता, वालवालिका तथा महिलामैत्री नहुनु<br>➧ वजार क्षेत्रहरुमा कृषि हाटवजार, सार्वजनिक शौचालयको व्यवस्था नहुनु<br>➧ भू उपयोग नीति निर्माण र कार्यान्वयनमा नआउनु |

**ख) उद्देश्य**

संवेदनशील क्षेत्रका वासिन्दालाई स्थानान्तरण गर्दै भूकम्प तथा प्रकोप प्रतिरोधात्मक सहितको आधारभूत भौतिक एवं सामाजिक पूर्वाधारहरुको निर्माणवाट सवै वर्ग, समुदायहरुको पहुँचयुक्त सुविधा सम्पन्न सुरक्षित र व्यवस्थित आवास तथा वस्ती विकास गर्नु ।

**ग) रणनीतिहरु**

१. आवास, वस्ती बिकास तथा सार्वजनिक निर्माण सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने ।
२. सुरक्षित र व्यवस्थित आवास तथा वस्ती बिकास गर्ने ।
३. सुरक्षित तथा वहुउद्देश्यीय सार्वजनिक संरचना निर्माण गर्ने ।

**घ) कार्यनीतिहरु**

**रणनीति १ को आवास, वस्ती बिकास तथा सार्वजनिक निर्माण सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु**

१.१ संघीय र प्रादेशिक कानुनको अधिनमा रही सार्वजनिक निर्माण, सुरक्षित वस्ती तथा वजार बिकास सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड बनाई अनुगमन तथा नियमन गरिनेछ ।
१.२ भू-उपयोग नीति बनाई सो अनुसार योजनाहरु कार्यान्वयन गर्दै व्यवस्थित एवं नमूना पालिका बनाइने छ ।
१.३ भबन निर्माण आचार संहिता तथा न्यूनतम मापदण्ड लागू गरी प्रकोपवाट हुन सक्ने सम्भावित क्षतिहरुवाट मानव तथा धनजन सुरक्षित राखिनेछ ।

१.४ पालिका क्षेत्रभित्र निर्माण गरिने निजी भवनको समेत मापदण्ड निर्धारण गरी नक्सापास पश्चात भवन निर्माण इजाजत दिइने छ ।

१.५ आवास, वस्ति बिकास र सार्वजनिक निर्माणको बिकास र विस्तार योजना तर्जुमा तथा कार्यक्रम सञ्चालन गर्दा विपन्न, दलित, जनजाति र महिलालाई प्राथमिकता दिइनेछ ।

१.६ वस्ती विकास तथा आवास कार्यक्रम सञ्चालनका लागि निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

१.७ नगरलाई मेट्रिक ठेगाना(House Numbering) मा जानका लागि आवश्यक व्यवस्था गरिनेछ ।

**रणनीति २ को सुरक्षित र व्यवस्थित आवास तथा वस्ती बिकास अन्तर्गतका कार्यनीतिहरु**

२.१ राष्ट्रिय पुननिर्माण प्राधिकरणबाट भूकम्प पीडितको सन्दर्भमा पहिचान गरिएका जोखिमयुक्त वर्गलाई थप अनुदान तथा ऋणको व्यवस्था गरी सुरक्षित वासस्थानका लागि सहयोग गरिनेछ ।

२.२ अत्याधिक छरिएका वस्तीहरुलाई एकीकृत वस्ती बिकासको अवधारणा अनुसार एकीकृत गरी न्यूनतम पूर्वाधारका सेवा सुविधाहरु उपलव्ध गराउदै सहज र सुविधायुक्त वस्ती बिकास गरिनेछ ।

२.३ प्रमुख वजार क्षेत्रहरुमा पूर्वाधारहरुको निर्माण तथा व्यवस्थापन गर्दै शहरी क्षेत्रको रुपमा बिकास विस्तार गर्दै शहरीकरण गरिनेछ ।

२.४ विद्यमान वस्ती तथा समुदायहरुमा सवैप्रकारका पूर्वाधारहरुको सेवा सुविधाहरु उपलव्ध गराई वसाइ सराइलाई न्यूनीकरण गर्नमा सहयोग पुऱ्याइनेछ ।

२.५ आधारभूत भौतिक संरचनाहरु निर्माण गरी अति विपन्न समुदायको वस्तीहरुलाई सुविधा सम्पन्न बनाइनेछ ।

२.६ प्राकृतिक प्रकोप तथा भूकम्पीय जोखिमयुक्त अतिसंवेदनशील क्षेत्रमा वस्तीहरुलाई एकीकृत वस्तीमा स्थानान्तरण गरिनेछ ।

२.७ आवास तथा वस्तीहरुको विकास गर्दा वातावरणीय सन्तुलन कायम राख्दै विपद जोखिम न्यूनीकरणका पक्षहरुलाई विशेष ध्यान दिइनेछ ।

२.८ फोहरमैला तथा ढल व्यवस्थापनको लागि विशेष प्राथमिकता दिइनेछ र सो कार्यको लागि सम्बन्धित निकायहरुसँगको सहकार्यमा अगाडि बढाइनेछ ।

**रणनीति ३ को सुरक्षित तथा वहुउद्देश्यीय सार्वजनिक संरचना निर्माण अन्तर्गत कार्यनीतिहरु**

३.१ सुरक्षित आश्रय स्थल, ज्येष्ठ नागरिक, युवा तथा बाल क्लव, पुस्तकालय समेत हुने गरी सामुदायिक भबन निर्माण गरिनेछ ।

३.२ पालिकाको उपयुक्त स्थानमा सभाहल निर्माण गरी सभा, सम्मेलन जस्ता कार्यक्रम सञ्चालनमा सहजता ल्याइनेछ । सभाहल निर्माण गर्दा वहुउद्देश्य लाभको सिद्धान्तलाई अंगिकार गरिनेछ ।

३.३ उपयुक्त स्थानमा खुल्ला क्षेत्र, खेलमैदान, पार्क सहित सुविधा सम्पन्न संरचना तथा आश्रयगृहहरु निर्माण गरिनेछ।

३.४ सार्वजनिक भौतिक संरचनाहरु बालमैत्री, आपङ्गतामैत्री, महिला तथा ज्येष्ठ नागरिकमैत्री बनाइनेछ र विपद जोखिम न्यूनीकरणका पक्षलाई विशेष ध्यान दिइनेछ ।

३.५ नगर क्षेत्रभित्र जग्गा प्लटिङ्गका लागि नगरपालिकासँग अनिवार्य रुपमा पूर्व स्वीकृती लिनुपर्ने कार्यलाई अनिवार्य लागू गरिनेछ ।

## ङ) तर्कवद्ध खाका

तालिका : ४३
३.२ आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण

| नतिजाको | नतिजा सूचक | इकाई | आधार | लक्ष्य परिमाण | सूचनाको | पूर्वानुमान |
|---|---|---|---|---|---|---|

| तह | | | बर्ष २०७७/७८ सम्म | २०७८/७९ | २०८०/८१ | २०८२/८३ | श्रोत | |
|---|---|---|---|---|---|---|---|---|
| **असर** | आधारभूत भौतिक पूर्वाधारहरु पुगेका वस्तीहरु (खानेपानी, शिक्षा, स्वास्थ्य, विजुली, सञ्चार, सडक) | संख्या | १४६ | १४६ | १४८ | १४८ | पालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने |
| **प्रतिफल हरु** | एकीकृत भौतिक सेवा सुविधा उपलव्ध वजार क्षेत्र | संख्या | ३ | ४ | ५ | ६ | पालिकाको वार्षिक प्रतिवेदन<br><br>पालिका जोखिम मूल्याङ्कन प्रतिवेदन | भवन तथा शहरी विकास कार्यालय र निजी क्षेत्रसंग समन्वय भएको हुने |
| | सुविधा सम्पन्न उद्यान सहित को खुल्ला पार्क क्षेत्र | संख्या | ० | ० | २ | ४ | | |
| | व्यवस्थित वसपार्क तथा वस स्टेशन | संख्या | ० | ० | १ | ३ | | |
| | वजार क्षेत्रमा वसोवास गर्ने जनसंख्या | प्रतिशत | २२ | २४ | २८ | ३२ | | |
| | सुविधा सम्पन्न ( खानेपानी, शौचालय, विजुली, सञ्चार) सामुदायिक भवन, महिला तथा ज्येष्ठ नागरिक भवन तथा सभाहल | संख्या | १ | १ | ३ | ३ | | |
| | जोखिमयुक्त वस्तीहरु | संख्या | २ | २ | १ | ० | | |
| | सुरक्षित तथा प्रवर्द्धन गरिए का आवास क्षेत्र तथा वस्ती | संख्या | १ | १ | २ | २ | | |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन तथा संरचना | संख्या | १४ | १६ | २७ | ३६ | | |
| | भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी दक्ष जनशक्ति | संख्या | ७० | ९० | १२० | १५० | | |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका निजी | प्रतिशत | ४१ | ७१ | १४१ | २२१ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आवास तथा संरचनाहरु | | | | | | | |
| | महिलामैत्री, वालमैत्री, अपाङ्गतामैत्री सार्वजनिक संरचना | संख्या | ३ | १६ | २७ | ३६ | | |

| क्रियाकलाप तथा कार्यक्रम | वजेट रु. |
|---|---|
| १. वडा कार्यालय भवन निर्माण ।<br>२. भबन निर्माण आचार संहिता तथा न्यूनतम मापदण्ड कार्यान्वयन तथा अनुगमन ।<br>३. जीर्ण भवनहरुको मर्मत सम्भार एवं अत्यावश्यक सेवा सुविधाको उपलब्धता ।<br>४. जोखिमयुक्त वर्ग सहयोग कार्यक्रम ।<br>५. एकीकृत वस्ती विकास तथा शहरीकरण कार्यक्रम ।<br>६. भूउपयोग नीति तर्जुमा ।<br>७. वहुउपयोगी सामुदायिक भबन निर्माण ।<br>८. आश्रय गृह, पार्क उद्यान बिकास, खेल मैदान निर्माण । | **४५ करोड ४६ लाख ५५ हजार** |

## ७.५.३ सिंचाइ

### क) सिंचाइको सम्भावना, चुनौति, सवल र कमजोर पक्षहरु

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**तालिका : ४४**
**सिंचाइ क्षेत्र : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु**

| सम्भावना तथा अवसरहरु | चुनौतिहरु |
|---|---|
| ➧ अरुण नदी, पाङ्मा, माल्टा र चेवा खोलाहरु भएको<br>➧ अरुण नदीवाट लिफ्ट सेवा सञ्चालन गर्न सकिने<br>➧ वैकल्पिक सिंचाइ प्रविधिहरु अवलम्वन गर्न सकिने | ➧ कृषियोग्य जमिनमा वाह्रै महिना सिंचाइको व्यवस्था गर्नु<br>➧ सतह सिंचाइको सम्भावना नभएका क्षेत्रहरुमा नयाँ प्रविधिमा आधारित सिंचाइ प्रणालीको विकास गर्नु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ केही क्षेत्रहरुमा नियमित सिंचाइ सेवा उपलव्ध<br>➧ रयालेवेसी र चेवावेसीमा सिंचाइ सेवा उपलव्ध<br>➧ तुम्लिङटार क्षेत्रमा लिफ्ट प्रणालीवाट सिंचाइ सेवा सञ्चालनमा<br>➧ परम्परागत कुलो मर्मत सम्भारवाट सिंचाइ सेवा उपलव्ध भएको<br>➧ जल उपभोक्ता समितिहरु क्रियाशील | ➧ थोपा (Drip) एवं स्पिंकलर (Sprinkler) सिंचाइ र आकाशे पानी सङ्कलन (Rain water harvesting) जस्ता वैकल्पिक सिंचाइ विधि अवलम्वन नगरिनु<br>➧ सिंचाइ गुरुयोजना तर्जुमा नहुनु<br>➧ भएका सिंचाइका श्रोतहरुको पूर्ण उपयोग हुन नसक्नु<br>➧ नदी खोलामा वाँध, नहर तथा कुलो निर्माण गरी सिंचाइ सेवा विस्तार नहुनु |

**ख) उद्देश्य**

जलाधार क्षेत्र, सीमसार, ताल तलैया, खोला खोल्सी एवं पानीका मुहानहरुको दिगो संरक्षण गर्दै सिंचाइका आधुनिक तथा वैकल्पिक प्रविधिहरुको अवलम्वनवाट खेतीयोग्य भूमिमा नियमित सिंचाइ सेवा उपलव्ध गर्नु ।

**ग) रणनीति**

१. सिंचाइ आयोजनाहरुको मर्मत सम्भार र स्तरोन्नति गर्ने ।
२. सिंचाइ सेवा सुविधा बिकास र विस्तार गर्ने ।
३. वैकल्पिक सिंचाइ प्रविधिको व्यवस्था गर्ने ।
४. सिंचाइ सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने ।

**घ) कार्यनीति**

**रणनीति १ को सिंचाइ आयोजनाहरुको मर्मत सम्भार र स्तरोन्नति अन्तर्गतका कार्यनीतिहरु**

१.१ चालु अवस्थाका सिंचाइ आयोजनाहरुको मर्मत सम्भार गर्दै नियमित रुपमा सिंचाइ सुविधा उपलव्ध गराउदै कृषि उत्पादनमा वृद्धि ल्याइनेछ ।

१.२ चालु अवस्थाका सिंचाइ प्रणालीको स्तरोन्नति गरी थप नयाँ क्षेत्र र आंशिक रुपमा सिंचाइ हुँदै आएका क्षेत्रमा नियमित रुपमा सिंचाइ सुविधा उपलव्ध गराइ कृषि उत्पादनमा सहजता ल्याइनेछ

**रणनीति २ को सिंचाइ सेवा सुविधा बिकास र विस्तार अन्तर्गतका कार्यनीतिहरु**

२.१ पानीका स्थायी श्रोत तथा मुहानहरुको पहिचान गरी सम्भाव्यताका आधारमा श्रोतहरुको सदुपयोग गर्दै खेतीयोग्य क्षेत्रहरुमा सिंचाइ सुविधा उपलव्घ गराइनेछ ।

२.२ संघीय र प्रदेश सरकारको सहयोगमा अरुण नदी लगायतका खोलाहरुवाट वोरिङ्ग तथा लिफ्ट प्रणालीवाट सतह सिंचाईलाई व्यवस्थित गरी कृषि उपजहरुको उत्पादनमा वृद्धि ल्याइनेछ ।

२.३ उपभोक्ताहरु मार्फत नजिकको ताल तलैया, सिमसार र जलाधार क्षेत्रहरुको संरक्षण गरिनेछ र नजिकका क्षेत्रहरुमा नियमित सिंचाइ सेवा उपलव्ध गराइनेछ । यसको व्यवस्थापनका लागि नीतिगत व्यवस्था गरिनेछ ।

२.४ पानी पर्याप्त उपलव्ध छिमेकी पालिकाहरुसंग सहकार्य र समन्वय गरी कृषियोग्य क्षेत्रहरुमा नियमित सिंचाइ सेवा उपलव्ध गराइनेछ ।

**रणनीति ३ को वैकल्पिक सिंचाइ प्रविधिको व्यवस्था अन्तर्गतका कार्यनीतिहरु**

३.१ स्थानीय प्रविधि एवं सामाग्रीहरुको प्रयोग गर्दै वर्षातको पानी सङ्कलन गर्न प्रोत्साहन गर्दै महिला, दलित र विपन्न वर्गको आय वृद्धिका लागि करेसावारीमा व्यावसायिक तरकारी खेती गर्न सहयोग उपलव्ध गराइनेछ ।

३.२ पानी सुविधा उपलव्ध नभएका खेतीयोग्य वाँझो जमिनमा सिंचाइका वैकल्पिक प्रविधिहरुलाई ( थोपा र छर्किने) प्रयोगमा ल्याउन प्रोत्साहन गर्दै थोरै पानीमा खेतीगर्न सकिने बालीहरु लगाउन जोड दिइनेछ ।

३.३ आकाशे पानी सङ्कलनका लागि प्लाष्टिक पोखरी निर्माणमा र एक वडामा एक पोखरीका माध्यमबाट पानीको श्रोत संरक्षण समेत गरी सिंचाइ र पशुपंक्षीहरुलाई पानीको ब्यबस्था गरिनेछ

**रणनीति ४ को सिंचाइ सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु**

४.१ सिंचाइ सम्बन्धी दीर्घकालीन नीति, कानुन, मापदण्ड तर्जुमा गरी गुरुयोजना, त्यसको कार्यान्वयन र नियमन गरिनेछ ।

४.२ उपभोक्ताहरुको लागत सहभागितामा सिंचाइ आयोजनाहरु सञ्चालन गर्दै आयोजना माथि स्थानीयहरुको अपनत्व श्रृजना गर्ने, नियमित रुपमा तिनीहरुको मर्मत सम्भार गर्ने वातावरण बिकास गरिनेछ ।

४.३ सिंचाइ योजना निर्माण गर्दा क्षेत्रगत, लैङ्गिक, जातीय समानुपातिक प्रतिनिधित्व सहितको उपभोक्ता समिति गठन गरी लक्षित वर्गलाई प्राथमिकता दिइनेछ र उक्त समितिको आवश्यकता अनुरुप क्षमता अभिवृद्धि गरिनेछ

**ङ) तर्कवद्ध खाका**

**तालिका : ४५**
**३.३ सिंचाइ**

| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७७/७८ सम्म | लक्ष्य परिमाण | | | सूचना को श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०८०/८१ | २०८२/८३ | | |
| असर | वर्षभरी नियमित सिंचाइ भएको खेती योग्य भूमि | प्रतिशत | १०.९५ | १५ | २० | ३० | पालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने |
| प्रतिफलहरु | खेतीयोग्य जमिन मध्ये सिंचित भूमि | हेक्टर | ५६७५ | ५६८० | ५७०० | ५७४० | पालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने |
| | वर्षाको आकाशे पानीमा निर्भर सिंचाइ भूमि | हेक्टर | ४५४० | ४५३० | ४४९० | ४४१० | | |
| | खोला तथा मुहानहरु वाट सिंचित भूमि | हेक्टर | २२७० | २२७५ | २२९५ | २३२५ | | |
| | नियमित सिंचित क्षेत्र | हेक्टर | ८५५ | ८५५ | ८७५ | ९१५ | | |
| | प्रयोगमा आएका सिंचाइ प्रविधि (सतह, पोखरी, ड्रिप, लिफ्ट, आकासे पानी सङ्कलन, प्लाष्टिक पोखरी) | संख्या | १ | ३ | ४ | ५ | | |
| | सिंचाइका आधुनिक पूर्वाधार निर्माणवाट (नहर, लिफ्ट) सिंचाइ क्षेत्र विस्तार | हेक्टर | २२७० | २२८० | २३१० | २३५० | | |

| कियाकलाप तथा कार्यकम | वजेट रु |
|---|---|
| १. सञ्चालित आयोजनाहरुको मर्मत सम्भार र स्तरोन्नति ।<br>२. बैकल्पिक तथा आधुनिक सिंचाइ प्रविधिमा सहयोग ।<br>३. सिंचाइ सम्बन्धी दीर्घकालीन नीति तथा गुरुयोजना निर्माण ।<br>४. सिंचाइ सेवा विस्तार गर्ने । | **५१ करोड १४ लाख ८७ हजार** |

## ७.५.४ विद्युत तथा वैकल्पिक ऊर्जा

### क) विद्युत तथा वैकल्पिक ऊजाको सम्भावना, चुनौति, सवल र कमजोर पक्षहरु

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**तालिका : ४६**
**विद्युत तथा वैकल्पिक ऊर्जा क्षेत्र : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु**

| सम्भावना तथा अवसरहरु | चुनौतिहरु |
|---|---|
| ➧ अरुण जलविद्युत आयोजना निर्माण हुँदै<br>➧ लघुजल विद्युत आयोजनाको सम्भावना<br>➧ बिद्युतको खपत वृद्धि गर्न सकिने संभावना | ➧ घरघरमा विद्युत सेवा पुऱ्याउनु<br>➧ खाना पकाउने दाउराको प्रयोग घटाउनु<br>➧ घरहरु सवैलाई धुवामुक्त वनाउनु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ शहर क्षेत्रका मुख्य स्थानहरुमा सौर्य ऊजा जडान<br>➧ केन्द्रीय विद्युत प्रशारण लाइन मार्फत सवै वडाहरुमा विद्युत सेवा पुगेको | ➧ सवै घरधुरीमा विद्युत सेवा उपलव्ध वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसंग पर्याप्त समन्वय गर्न नसक्नु<br>➧ सडक किनाराहरुमा सडक वत्ती जडान नहुनु |

### ख) उद्देश्य

सवै घरपरिवार, वस्ती तथा वजार क्षेत्र, उद्योग, व्यवसायहरुमा विद्युत तथा वैकल्पिक ऊर्जाको विकास विस्तार प्रवर्द्धनवाट नियमित रुपमा विद्युत सेवा उपलव्ध गर्नु ।

### ग) रणनीतिहरु

१. बिद्युत ऊर्जा बिकास सम्बन्धी स्थानीय नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने ।
२. ऊर्जालाई भरपर्दो र सुलभ बनाउने ।
३. वैकल्पिक ऊर्जाको बिकास गर्ने ।
४. विद्युत खपतमा अभिवृद्धि ल्याउने ।

### घ) कार्यनीति

**रणनीति १ को बिद्युत ऊर्जा बिकास सम्बन्धी स्थानीय नीति तर्जुमा तथा योजना कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु**

१.१ लघु जलविद्युत उत्पादन तथा वितरण सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।

१.२ लघु जलविद्युत एवं वैकल्पिक ऊर्जाका माध्यमबाट स्थानीय नागरिकको आर्थिक तथा सामाजिक अवस्थामा सुधार तथा वातावरणीय दिगोपनामा सहयोग पुग्ने खालका एकीकृत कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

**रणनीति २ को ऊर्जालाई भरपर्दो र सुलभ बनाउने अन्तर्गतका कार्यनीतिहरु**

२.१ वडा तथा वस्तीहरु सवैमा केन्द्रीय विद्युत प्रसारण ग्रिडबाट विद्युत आपूर्तिको व्यवस्था गरी विद्युत सेवा सुविधालाई भरपर्दो र नियमित आपूर्तिको व्यवस्था मिलाइनेछ ।

२.२ अति विपन्न, सीमान्तकृत घरपरिवार तथा वस्तीहरुमा नि:शुल्क ऊर्जाको व्यवस्था गरी विद्युत सेवावाट लाभान्वित वनाइनेछ ।

२.३ विद्युत आपूर्तिलाई भरपर्दो, विश्वासनीय र गुणस्तरीय वनाइनेछ । यसका लागि विद्युत प्राधिकरणसंग सहकार्य गरिनेछ ।

**रणनीति ३ को वैकल्पिक ऊर्जाको बिकास अन्तर्गतका कार्यनीतिहरु**

३.१ सडक छेउ, सार्वजनिक स्थल तथा पर्यटकीय क्षेत्रहरुमा सौर्य ऊर्जा प्रयोग गरिनेछ ।

३.२ घरघरमा सुधारिएको चुल्हो तथा वायोग्याँस प्रयोगलाई न्यूनीकरण गरी हाइड्रो उर्जाको प्रयोगलाई प्राथमिकता दिइनेछ र दाउरा बाल्ने अभ्यासलाई न्यूनीकरण गरिनेछ ।

३.३ नाँगो विजुलीको तारहरुको सट्टामा नयाँ प्रविधि ABC केवलहरु ओभरहेड तथा अन्डरग्राउण्ड गर्नको लागि सम्बन्धित निकायसँग समन्वय गरी कार्यको थालनी गरिनेछ ।

**रणनीति ४ को विद्युत खपतमा अभिवृद्धि ल्याउने अन्तर्गतका कार्यनीतिहरु**

४.१ खाना पकाउन एलपि ग्याँस तथा दाउराको सट्टामा विद्युतीय उपकरणहरुको प्रयोगलाई प्रोत्साहित गरिनेछ । यसका लागि विद्युतीय चुल्हो (इन्डक्सन) र राइसकुकुरको विक्री वितरणलाई सहज वनाइनेछ ।

४.२ निर्धारित यूनिट भन्दा वढी विद्युत खपत गर्ने उद्योग व्यवसायहरुलाई पालिकावाट प्रदान गरिने सेवा सुविधाहरुमा विशेष व्यवस्था मिलाइनेछ ।

४.३ वढी विद्युत खपत गर्ने उद्योग व्यवसायहरु चिस्यान केन्द्र, कोल्ड स्टोरेज आदिको स्थापना, सञ्चालन तथा प्रवर्द्धनमा विशेष प्राथमिकता दिइनेछ ।

४.५ लिफ्ट सिंचाइ प्रणाली सञ्चालन गरी कृषियोग्य भूमिमा सिंचाइको व्यवस्था मिलाइनेछ ।

**ङ) तर्कवद्ध खाका**

**तालिका : ४७**
**३.४ विद्युत तथा वैकल्पिक ऊर्जा**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७७/७८ सम्म | लक्ष्य परिमाण | | | सूचना को श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०८०/८१ | २०८२/८३ | | |
| **असर** | विद्युत सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | ९० | १०० | १०० | १०० | पलिका को वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने |
| **प्रतिफलहरु** | केन्द्रीय विद्युत लाइन प्रसारणवाट लाभान्वित घरधुरी | संख्या | ७०१८ | ७१६८ | ७५४१ | ७५४१ | पालिक को वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने |
| | विद्युत सेवावाट लाभान्वित हुन नसकेका घरधुरी | संख्या | ४२३ | २७३ | ७३ | ० | | |
| | सोलार प्रणालीमा आवद्ध घरघुरी | संख्या | ९६ | १०० | ११५ | १२० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सुधारिएको उर्जा ( वायोग्यास, एलपि) प्रयोग गर्ने घरघुरी | संख्या | ३७०० | ३९०० | ४३०० | ५०००० | | |
| | सुधारिएको वा धुँवा रहित चुल्हो जडान भएका घरधुरी | संख्या | ४० | ६० | १३० | २४० | | |
| | विद्युत सेवामा पहुँच प्राप्त घरधुरी | संख्या | ७०१८ | ७१६८ | ७५४१ | ७५४१ | | |
| | सडकको किनारा तथा सार्वजनिक स्थानमा जडित सडक बत्ती | संख्या | ११० | १४० | २३० | ३१० | | |
| | स्थानीय स्तरमा विद्युत उत्पादन | कि.वा | ० | ० | ० | ० | | |
| | स्थानीय स्तरमा जल विद्युत र लघु जल विद्युतको उत्पादन गर्ने संस्था | संख्या | ० | ० | ० | ० | | |
| | वैकल्पिक उर्जा प्रयोग गर्ने घरघुरी | प्रतिशत | २ | २ | ३ | ३ | | |

| **कियाकलाप तथा कार्यक्रम** | **वजेट रु.** |
|---|---|
| १. केन्द्रीय प्रसारण लाइन विस्तार ।<br>२. अति विपन्न घरपरिवार तथा समुदायमा विद्युत सेवा व्यवस्था ।<br>३. घर-घरमा सुधारिएको चुल्होको व्यवस्थालाई न्यूनिकरण गरी हाइड्रो उर्जाको व्यवस्था ।<br>४. सडक छेउ तथा सार्वजनिक स्थलमा सौर्य ऊर्जा ।<br>५. बिद्युत खपत अभिबृद्धिका लागि प्रवद्धनात्मक कार्यक्रम । | **१७ करोड ४ लाख ९५ हजार** |

## ७.५.५ सूचना तथा सञ्चार प्रविधि

**क) सूचना तथा सञ्चार प्रविधिको सम्भावना, चुनौति, सवल र कमजोर पक्षहरु**

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**तालिका : ४८**
**सूचना तथा सञ्चार क्षेत्र : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु**

| **सम्भावना तथा अवसरहरु** | **चुनौतिहरु** |
|---|---|
| ➧ मोवाइल फोनको वढ्दो प्रयोग<br>➧ इण्टरनेट, केवल टिभी प्रसारणमा निजी क्षेत्रको आकर्षण<br>➧ स्थानीय स्तरवाट रेडियो एफएम कार्यक्रम सञ्चालन | ➧ ल्याण्डलाइन टेलिफोन सेवा विस्तार गर्नु<br>➧ इण्टरनेट सेवामा पहुँच विस्तार गर्नु<br>➧ घरघरमा सञ्चारका कुनै एक साधन उपलव्ध गर्नु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |

| | |
|---|---|
| ➧ केही विद्यालयहरुमा आइसिटि जडान भएको<br>➧ वडा लगायत पालिका कार्यालय एवं सार्वजनिक कार्यालयहरुमा इण्टरनेट सेवा उपलब्ध<br>➧ विद्युतीय माध्यमवाट सेवा प्रवाह अभ्यासको थालनी | ➧ विद्यालयहरुमा आइसिटिको सहज पहुँच नहुनु<br>➧ सार्वजनिक स्थलहरुमा सिसिटिभि जडान नहुनु<br>➧ उद्योग व्यवसायहरुमा सूचना प्रविधिको प्रयोग न्यून हुनु<br>➧ पालिकाको सम्भावित सेवाहरु अनलाइन हुन नसक्नु |

**ख) उद्देश्य**

सार्वजनिक स्थल, विद्यालय, भवन, कार्यालयहरुमा सूचना तथा सञ्चार का आधुनिक प्रविधिहरुको विस्तार वाट सूचना तथा सञ्चारमा आमनागरिकहरुको पहुँच अभिवृद्धि गर्नु ।

**ग) रणनीतिहरु**

१. सूचना प्रविधि तथा सञ्चार क्षेत्र सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने ।
२. सूचना सञ्चार प्रविधि सेबालाई सरल र सुलभ बनाउने ।
३. प्रभावकारी व्यवस्थापनका लागि आइसिटि प्रयोग गर्ने ।
४. सूचनामा पहुँचमा अभिवृद्धि गर्ने ।

**घ) कार्यनीतिहरु**

**रणनीति १ को सूचना प्रविधि तथा सञ्चार क्षेत्र सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु**

१.१ संघीय तथा प्रदेश कानुनको अधिनमा रही सूचना प्रविधि तथा सञ्चार क्षेत्रसंग सम्बन्धित सञ्चालन र प्रसारणको अनुमति, नवीकरण, नियमन तथा खारेजी गरिनेछ ।
१.२ सबै सञ्चार माध्यम तथा प्रसारणका भाषा लैङ्गिकमैत्री बनाउने नीति अबलम्बन गरिनेछ ।

**रणनीति २ को सूचना सञ्चार प्रविधि सेबालाई सरल र सुलभ बनाउने अन्तर्गतका कार्यनीतिहरु**

२.१ भरपर्दो टेलिफोन नेटवर्कको व्यवस्था गर्दै दूरसञ्चार सेवामा आम नागरिकहरुको पहुँचमा सहजता ल्याइनेछ ।
२.२ दूरसञ्चार सेवा विस्तार र भरपर्दो बनाउन निजीक्षेत्रसंग सहकार्य गरिनेछ ।

**रणनीति ३ को प्रभावकारी व्यवस्थापनका लागि आइसिटि प्रयोग अन्तर्गतका कार्यनीतिहरु**

३.१ सामुदायिक विद्यालय, सरकारी कार्यालय एवं सार्वजनिक भबनहरुलाई सूचना प्रविधिमैत्री बनाइनेछ ।
३.२ आधुनिक सञ्चार प्रविधिहरुको प्रयोगवाट विद्यालयको पठनपाठनमा सहजता ल्याइनेछ ।
३.३ कार्यालयहरुमा अनलाईन मार्फत सार्वजनिक सेवा प्रवाहलाई चुस्त तथा प्रभावकारी बनाइनेछ ।

**रणनीति ४ को सूचनामा पहुँचमा अभिवृद्धि अन्तर्गतका कार्यनीतिहरु**

४.१ मुख्य सार्वजनिक क्षेत्रहरुमा फ्रि वाईफाईको व्यवस्था मिलाई सूचना तथा सञ्चारमा सहजता ल्याइनेछ ।
४.२ स्थानीय स्तरमा अनलाईन सेवा, केवुल टिभि तथा एफएम रेडियो सञ्चालन गर्न निजी क्षेत्र, सहकारी तथा समुदायसंग सहकार्य गर्दै नागरिकहरुलाई अद्यावधिक खवर तथा सूचनाहरुवाट लाभान्वित गराइनेछ ।
४.३ स्थानीय अनलाइन पत्रपत्रिकाको प्रकाशनलाई प्रोत्साहन गरिनेछ ।

**ङ) तर्कवद्ध खाका**

**तालिका : ४९**

**३.५ सूचना तथा सञ्चार**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७७/७८ सम्म | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०८०/८१ | २०८२/८३ | | |
| असर | इण्टरनेट सेवामा पहुँच प्राप्त जनसंख्या | प्रतिशत | २० | २० | ३० | ५० | पालिकाको वार्षिक प्रतिवेदन | अन्तरसरकार समन्वय र सहकार्य भएको हुने |
| प्रतिफलहरु | सञ्चारका कुनै एक साधन उपलब्ध घरधुरी | प्रतिशत | ८५ | ९० | ९४ | ९९ | केन्द्रीय तथ्याङ्क विभाग<br>दूर सञ्चार प्राधिकरण<br>हुलाक कार्यालय<br>पालिकाको वार्षिक प्रतिवेदन | दूरसञ्चार प्राधिकरण संग समन्वय र सहकार्य भएको हुने<br>निजी क्षेत्र (इण्टरनेट प्रदायक) संग सहकार्य भएको हुने |
| | सञ्चार सेवावाट वञ्चित घरधुरी | प्रतिशत | १५ | १० | ६ | १ | | |
| | मोबाइल फोन प्रयोगकर्ता | प्रतिशत | ९० | ९५ | ९७ | ९९ | | |
| | ल्याण्डलाइन टेलिफोन वितरण | संख्या | १०५० | १२५० | १६०० | १८५० | | |
| | स्थानीय केवल नेटवर्क सेवा प्रदायक संस्था | संख्या | १ | १ | १ | १ | | |
| | स्थानीय पत्रपत्रिका प्रकाशन गर्ने संस्था | संख्या | ४ | ४ | ४ | ४ | | |
| | निःशुल्क इन्टरनेट सेवा वाइफाई उपलव्ध भएका क्षेत्रहरु | संख्या | ० | २ | ३ | ३ | | |
| | कियाशील पत्रकारहरु | संख्या | २६ | २८ | ३४ | ४३ | | |
| | स्थानीय स्तरमा सञ्चालित एफएम रेडियो | संख्या | ५ | ५ | ५ | ५ | | |
| | विद्यालय लगायत सार्वजनिक भवन तथा कार्यालयहरुमा इन्टरनेट सेवा सुचारु | संख्या | १३ | १६ | २४ | २८ | | |
| | सार्वजनिक स्थाल तथा कार्यालयहरुमा जडित सि.सि.क्यामेरा | संख्या | १६ | २१ | ४१ | ६६ | | |
| | सूचना प्रविधि सेवा पुगेको उद्योग, व्यापार, | संख्या | ६५० | ७०० | ७९० | ८७० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | व्यवसाय संख्या | | | | | | | |
| **क्रियाकलाप तथा कार्यक्रम** | | | | | | | **वजेट रु.** | |
| १. सञ्चार सेवा विस्तार तथा पूर्वाधार बिकास कार्यक्रम ।<br>२. विद्यालय लगायत सार्वजनिक कार्यालयहरुमा आइसिटि व्यवस्था तथा सेवा प्रवाह कार्यक्रम ।<br>३. फ्रि वाइफाई क्षेत्र प्रवर्द्धन कार्यक्रम ।<br>४. सार्वजनिक कार्यालय एवं मुख्य वजार क्षेत्रहरुमा सिसिटिभि जडान । | | | | | | | **११ करोड ३६ लाख ६३ हजार** | |

# परिच्छेद - ८
# वन, वातावरण तथा विपद व्यवस्थापन

## ८.१ पृष्ठभूमि

स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई नेपालको संविधानले नागरिकहरुको मौलिक हकको रुपमा ग्रहण गरेको छ भने प्राकृतिक साधन श्रोतको संरक्षण, सम्वर्द्धन र उपयोगलाई राष्ट्रिय नीतिको रुपमा अङ्गिकार गरेको छ । यसैगरी राष्ट्रिय नीतिमा प्राकृतिक प्रकोपवाट हुने जोखिम न्यूनीकरण, पर्यावरणीय दिगो विकास, प्रकृति, वातावरण वा जैविक विविधतामा नकरात्मक प्रभाव पार्ने पक्षहरुको न्यूनीकरण, वातावरणीय सन्तुलन कायम, जलउत्पन्न प्रकोप नियन्त्रण तथा नदीको व्यवस्थापन गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पती तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन तथा दिगो उपयोगलाई समावेश गरिएको छ ।

नेपाल संविधानले वातावरण संरक्षण र जैविक विविधता, विपद व्यवस्थापन, जलाधार तथा वन्यजन्तु संरक्षण गर्ने कार्यलाई स्थानीय तहको एकल अधिकारको रुपमा सूचिकृत गरेको छ । विपद व्यवस्थापनलाई प्रभावकारी वनाउन विपद जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५ कार्यान्वयनमा ल्याएको छ । स्थानीय स्तरमा वातावरण जोखिम न्यूनीकरण, सरसफाइ तथा फोहोरमैला व्यवस्थापन, न्यून कार्वनमुखी तथा वातावरणमैत्री प्रविधिको अवलम्वन, हरित क्षेत्रको संरक्षण, वातावरण संरक्षण क्षेत्र निर्धारण तथा व्यवस्थापन गर्दै वातावरण संरक्षण, जैविक विविधता सम्वन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ ।

देशको १५ औं योजनाले प्राकृतिक श्रोतको संरक्षण र परिचालन तथा उत्थानशील विकासलाई राष्ट्रिय रणनीतिमा समावेश गरेको छ । दिगो विकास लक्ष्य सूचकमा जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोप न्यूनीकरण तथा अनुकूलन गर्ने पक्षलाई विशेष महत्वका साथ उल्लेख भएको छ । यस सम्वन्धमा क्षमता सुदृढ गर्ने, राष्ट्रिय नीति, रणनीति र योजनामा एकीकृत गर्ने, पूर्व सावधानी शिक्षा, सचेतना, मानवीय तथा संस्थागत क्षमतामा सुधार गर्ने प्रतिवद्धता पनि नेपाल सरकारले जाहेर गरेको छ । भू-परिधि स्तरीय पारिस्थितिकीय प्रणालीको दिगो उपयोग, रक्षा र पुनस्थापन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, जमिनको क्षयीकरण रोक्ने र जैविका विविधताको क्षतिलाई रोक्ने जस्ता लक्ष्यहरु पूरा गर्न नेपाल सरकारले दिगो विकास लक्ष्य अन्तर्गत आफ्नो प्रतिवद्धता प्रकट गरेको छ ।

यसैक्रममा खाँदवारी नगरपालिकाले उपरोक्त पक्षको सुनिश्चितता गर्दै संघ तथा प्रदेश सरकारको कानुन, नीति, योजना र लक्ष्यलाई समेत मनन गरी समग्र वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको खाका तयार पारेको छ । वन, वातावरण तथा विपद व्यवस्थापनका लागि वन तथा जैविक विविधता, भू तथा जलाधार संरक्षण, वातावरण तथा स्वच्छता, विपद तथा जलवायु परिवर्तन अनुकूलनता जस्ता प्रमुख क्षेत्रहरुको विद्यमान अवस्था, समस्या तथा चुनौतिहरुको विश्लेषण गरी आगामी ५ वर्षका लागि उद्देश्य निर्धारण, लक्ष्य परिमाण र सोको प्राप्तिका लागि अवलम्वन गरिने रणनीति तथा कार्यनीति निर्धारण र प्रमुख कार्यक्रम तर्जुमा भएको छ ।

## ८.२ वर्तमान अवस्था

पालिकाको कूल भूमि मध्ये करीव ४०.३ प्रतिशत भूमि वन र झाडी क्षेत्रवाट ओगटिएका छन् र घाँसे जमिन क्षेत्र करीव २.२ प्रतिशत छ । सामुदायिक वनले करीव ३२५७.५३ हेक्टर अर्थात कूल वन तथा झाडी क्षेत्रको करीव ६५ प्रतिशत क्षेत्र ओगटेको छ । यस अन्तर्गत ६३४३ सामुदायिक वन उपभोक्ता घरधुरी आवद्ध छन् । वन तथा जैविक विविधता संरक्षणका लागि वृक्षारोपण, मिचाह प्रजातिको नियन्त्रण एवं झाडी सरसफाइ जस्ता कार्यहरु भएका छन् । तापनि वन्य सम्पदा तथा श्रोतहरुको दिगो उपभोग हुन सकिरहेको छैन । वन तथा गैरकाष्ठ वन पैदावरमा आधारित उद्योग व्यवसायहरुको संख्या ज्यादै न्यून छ । वन्यजन्तुवाट वालीनालीमा वर्षिनै क्षति पुग्दै आएको छ ।

फोहोरमैला तर्फ घर, आँगन, कार्यालय तथा अस्पतालको फोहोरमैला विसर्जन गर्ने अभ्यास छ । नियमित सरसफाइ गर्ने, फोहोरको वर्गीकरण अनुसार कम्पोष्ट विन तथा गार्वेज पिट प्रयोग गर्ने गरिन्छ । वजार क्षेत्रवाट वार्षिक ६ हजार मे.टन भन्दा वढी फोहोर उत्पादन हुने गरेको छ । यसरी उत्पादित फोहोरमैलालाई सुरक्षित र व्यवस्थित हुनेगरी डम्पिङ तथा प्रशोधन हुन सकिरहेको छैन । एलपि ग्याँस प्रयोगकर्ता (४९.९५ प्रतिशत) वाहेक अधिकांश घरहरुमा खाना पकाउने ऊर्जाको रुपमा दाउरा वाल्ने गरिन्छ तर घरघरमा सुधारिएको चुल्हो छैन । वाढी पहिरो, भिरालो नदीकटान लगायतका प्राकृतिक प्रकोपको दृष्टिवाट पालिका क्षेत्रभित्र विभिन्न १० क्षेत्रहरु संवेदनशील छन् । त्यस्ता क्षेत्रहरुमा सिम्ले, मानेभन्ज्याङको पश्चिमी क्षेत्र, नयाँवजार प्रशासन क्षेत्र, तुम्लिङटार, खोरेण्डे सुनडाँडा र चन्दनपुर डकुरीगाउँ पर्दछन् । वायो इन्जिनियरिङ प्रयोग गरी माटोको संरक्षण गर्ने अभ्यास न्यून छ । पालिकासंग आपतकालीन उद्धारका लागि एम्वुलेन्स, दमकलको व्यवस्था छ र विपद व्यवस्थापन स्थानीय कोष खडा गरी रु.१ करोड रकम जम्मा भएको छ । यसैगरी आपतकालीन उद्धारका लागि तालिम प्राप्त जनशक्तिहरु, स्थानीय संस्थाहरु, नमूना अभ्यासहरु, जनचेतना सम्वन्धी कार्यक्रमहरु समय समयमा सञ्चालन भएका छन् ।

## ८.३ वन, वातावरण तथा विपद व्यवस्थापनको उद्देश्य

आवधिक योजना अन्तर्गत वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको लागि **"**विपद न्यूनीकरण एवं जलवायु परिवर्तन अनुकूलनका उपायहरु अवलम्वन गर्दै भू तथा जलाधार, वन तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन एवं वातावरणीय सन्तुलन र प्राकृतिक सम्पदाहरुको दिगो उपयोगवाट नागरिकहरुको जीविकोपार्जनमा सहजता ल्याउनु**"** मुख्य उद्देश्य निर्धारण भएको छ ।

## ८.४ प्रमुख रणनीतिहरु

क) विपद सम्वेदनशीलता विकास गर्दै विपद जोखिम न्यूनीकरण गर्ने ।
ख) प्राकृतिक सम्पदाको दिगो उपयोग एवं वातावरणको संरक्षण गर्ने ।

## ८.५ विषयगत उपक्षेत्रहरु :

यस विषयगत क्षेत्र भित्र निम्न विषयगत उपक्षेत्रहरु समावेश गरिएका छन् :

- वन तथा जैविक विविधता,
- भू तथा जलाधार व्यवस्थापन,
- वातावरण तथा स्वच्छता
- विपद ब्यबस्थापन ।

## ८.५.१ वन तथा जैविक विविधता

### क) वन तथा जैविक विविधताको सम्भावना, चुनौति, सवल र कमजोर पक्षहरु

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**तालिका : ५०**
**वन तथा जैविक विविधता क्षेत्र : सम्भावन, चुनौति, सवल तथा कमजोर पक्षहरु**

| सम्भावना तथा अवसरहरु | चुनौतिहरु |
|---|---|
| ➧ करीव ४० प्रतिसत भूमि वन एवं झाडीले ढाकेको<br>➧ बन क्षेत्रहरु संरक्षित र प्रवर्द्धित<br>➧ वन्यजन्तु तथा चराचुरुङ्गीहरु सुरक्षित वासस्थान | ➧ वन तथा जैविक विविधताको संरक्षण गर्नु<br>➧ मिचाहा प्रजातिको फैलावटबाट रैथाने प्रजातिहरुको संरक्षण गर्नु<br>➧ आगलागी र वन अतिक्रमणको नियन्त्रण गर्नु<br>➧ प्राकृतिक श्रोतहरु संरक्षण र जीविकोपार्जन वीच अन्तर सम्वन्ध स्थापित गर्नु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ पालिकावाट वन क्षेत्र संरक्षित र व्यवस्थितका लागि पहल<br>➧ वृक्षारोपण हुँदै आएको<br>➧ गैरकाष्ठ वन पैदावर र जडीवुटीमा आधारित उद्योग व्यवसायहरु सञ्चालनमा<br>➧ वातावरणी अध्ययनका आधारमा निर्माणजन्य तथा नदीजन्य पदार्थहरुको उत्खनन हुने गरेको | ➧ वन्यजन्तुहरु खासगरी वाँदर र दुम्सीवाट वालीनालीमा हुने क्षति, नियन्त्रण गर्न नसक्नु<br>➧ व्यवस्थित चरन क्षेत्रको व्यवस्था नहुनु<br>➧ वन जङ्गलको दिगो सदुपयोग गर्दै जीविकोपार्जनका लागि आयमूलक कार्यमा उपयोग गर्न नसक्नु<br>➧ पूर्वाधार विकास र वन जङ्गल वीच सन्तुलन कायम हुन नसक्नु |

### ख) उद्देश्य

वन र जीवजन्तुहरुको संरक्षण गर्दै वन क्षेत्रको विस्तार, जडीवुटी तथा वहुमूल्य प्रजातिको व्यवसायिक विस्तार एवं उद्यमशीलताको विकासवाट जैविक विविधताको दिगो संरक्षण गर्नु ।

### ग) रणनीतिहरु

१ वन तथा जैविक विविधता सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने ।
२. जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने ।
३. वन पैदावरको दिगो उपयोग गर्ने ।

### घ) कार्यनीतिहरु

**रणनीति १ को वन तथा जैविक विविधता सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु**

१.१ संघीय तथा प्रदेश कानुनको अधिनमा रही वन तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड बनाई अनुगमन तथा नियमन गरिनेछ ।

१.२ वन तथा जैविक विविधता संरक्षण प्रवर्द्धनका लागि विस्तृत अध्ययन, अभिलेख अद्यावधि एवं गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ।

१.३ सहभागितामूलक, समावेशी र अधिकारमुखी पद्धतिमा आधारित अवधारणा बमोजिम नगरपालिकास्तरीय वन तथा जैविक विविधता संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

**रणनीति २ को जैविक विविधताको संरक्षण र प्रवर्द्धन अन्तर्गतका कार्यनीतिहरु**

२.१ जैविक विविधताको संरक्षण गर्न समुदाय स्तरमा चेतना अभिवृद्धि, वन उपभोकेता समितिको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

२.२ वनमा आधारित समितिहरु मार्फत मिचाहा प्रजातिको बोट विरुवालाई नियन्त्रण, नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, अग्नीरेखा, झाडी सफाइ जस्ता कियाकलापहरुवाट जैविक सम्पदाको संरक्षण गरिनेछ।

२.३ वनमा लाग्ने रोग, किरा र मिचाहा प्रजातिहरुको न्यूनीकरण गर्दै वन जङ्गल संरक्षण गरिनेछ।

२.४ वन्यजन्तुहरुबाट हुनसक्ने सम्भावित क्षति न्यूनीकरण गर्न जङ्गल क्षेत्रमै उपयुक्त हुने घाँस, विरुवा, फलफूलहरु रोपण गरी वन्यजन्तुको आहारा व्यवस्था मिलाइनेछ।

२.५ वन्यजन्तुहरुको चोरी शिकारीलाई कडाईका साथ नियन्त्रण गर्दै लोपोन्मुख चराचुरुङ्गीको वासस्थान संरक्षण गरिनेछ।

२.६ व्यवसायिक मूल्य भएका जडीवुटी लगायतका आयमुलक रुखहरुको व्यापक वृक्षारोपण गरी जैविक विविधताको संरक्षण गर्दै दिगो उपयोगमा जोड दिइनेछ।

२.७ चरिचरनका लागि निश्चित क्षेत्रहरु निर्धारण गरी छाडा चरिचरन, वन अतिक्रमण, आगलागी जस्ता कियाकलापहरुलाई पूर्ण बन्देज लगाई दण्ड जरिवानाको व्यवस्था गरिनेछ।

२.८ जैविक विविधतालाई पर्यटन प्रवर्द्धनसंग जोड्दै वन क्षेत्रको सम्पदा तथा विविधताको प्रोफाइल तथा इन्भेन्ट्रि तयार पारी नियमित रुपमा अभिलेख अद्यावधि गरिनेछ।

**रणनीति ३ को वन पैदावरको दिगो उपयोग अन्तर्गतका कार्यनीतिहरु**

३.१ वन पैदावरमा आधारित जडीवुटीहरुको व्यवसायिक खेती तथा उद्यमशीलता विकास गर्दै सहकारी संस्थाका सदस्यहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

३.२ वन आधारित उपभोक्ता समूह मार्फत गैरकाष्ठ वन पैदावर सङ्कलन, प्रशोधन केन्द्र, बजार व्यवस्थापन, होमस्टे सञ्चालन गरी वन पैदावरबाट रोजगारी एवं आय आर्जनका अवसरहरु श्रृजना गरिनेछ।

३.३ सामुदायिक र कवुलियती वनको विकास र विस्तारमा महिला, विपन्न, दलितहरुको सहभागिता बढाउदै जीविकोपार्जनमा जोड दिइनेछ।

३.४ नदी उकास जमिन, खेती नहुने भूभाग, ताल तलैया तथा पानी श्रोत भएका खुल्ला क्षेत्रहरुमा कृषि-वनको व्यवसायिक विकासका लागि महिला, विपन्न एवं दलितलाई प्रोत्साहित गरिनेछ।

**ङ) तर्कवद्ध खाका**

तालिका : ५१
४.१ वन तथा जैविक विविधता

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७७/७८ | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०८०/८१ | २०८२/८३ | | |

| | | | **सम्म** | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **असर** | संरक्षित तथा व्यवस्थित वन क्षेत्र | प्रतिशत | ७९.४८ | ८० | ८२ | ८५ | पालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार सहकार्य भएको हुने |
| **प्रतिफलहरु** | जैविक विविधता संरक्षणका लागि मिचाहाप्रजाति नियन्त्रण, वृक्षारोपण,रिचार्ज पोखरी, अग्नी रेखा, झाडी सफाइ जस्ता कार्यहरु | संख्या | ११६ | ११८ | १२१ | १२५ | प्रदेश सरकारको वार्षिक प्रतिवेदन<br>पालिकाको वार्षिक प्रतिवेदन<br>डिभिजन वन कार्यलयको वार्षिक प्रतिवेदन | अन्तर सरकार, प्रदेश सरकार, अन्तर पालिका वीच समन्वय र सहकार्य भएको हुने |
| | सामुदायिक वनले ओगटेको क्षेत्र | हेक्टर | ३२५७.५३ | ३२४९.८ | ३२४९.८ | ३२४९.८ | | |
| | सामुदायिकवनउपभोक्ता समूहमा आवद्ध सदस्य | संख्या | ६३४३ | ५५०० | ५८०० | ६००० | | |
| | वन्यजन्तुवाट अन्नवाली मा पुगेको वार्षिक क्षति | रु.लाख | १.५ | १.४ | १.२ | १ | | |
| | वृक्षारोपण गरिएको क्षेत्र | हेक्टर | १ | १ | १ | २ | | |
| | संरक्षित चरन क्षेत्र | संख्या | ० | ४ | ८ | ८ | | |
| | वन जङ्गल क्षेत्र | प्रतिशत | ४० | ३३ | ३५ | ४० | | |
| | वन तथा जडीवुटीमा आधारित उद्योग | संख्या | १ | १ | २ | ३ | | |
| | गैरकाष्ठ वन पैदावारको व्यवसायिक खेती क्षेत्र | हेक्टर | ३.०१ | ३.५ | ३.७ | ४ | | |
| | जडीवुटीमा आधारित उद्योग, व्यावसायवाट रोजगारी | संख्या | ० | ५ | २० | ५० | | |
| | वातावरणीय अध्ययन प्रतिवेदनका आधारमा निर्माणजन्य तथा नदी जन्य पदार्थको उत्खनन | संख्या | ३ | ३ | ३ | ३ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गरी सञ्चालित उद्योग व्यवसाय | संख्या | ० | १ | १ | २ | | |

| क्रियाकलाप तथा कार्यक्रम | वजेट रु. |
|---|---|
| १. सामुदायिक बन उपभोक्ता क्षमता र उद्यमशीलता विकास कार्यक्रम ।<br>२. उच्च मूल्यका मसलाजन्य तथा जडीवुटीको व्यावसायिक उत्पादन ।<br>३. वृक्षारोपण कार्यक्रम ।<br>४. बन पैदावर सङ्कलन केन्द्र र प्रशोधन केन्द्र निर्माण ।<br>५. जैविक विविधता संरक्षण गुरुयोजना बिकास ।<br>६. लोपोन्मुख प्रजाति, वन्यजन्तु, चराचरुङ्गीहरुको वासस्थानको संरक्षण<br>७. चरिचरन क्षेत्र विकास । | **१९ करोड ८९ लाख ११ हजार** |

## ८.५.२ वातावरण तथा स्वच्छता

### क) वातावरण तथा स्वच्छताको सम्भावना, चुनौति, सवल र कमजोर पक्षहरु

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**तालिका : ५२**
**वातावरण तथा स्वच्छता क्षेत्र : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु**

| सम्भावना तथा अवसरहरु | चुनौतिहरु |
|---|---|
| ➧ पूर्ण सरसफाई कार्यक्रम सञ्चालन गर्ने<br>➧ स्वच्छ हावापानी, धुँवा, धूलो, ध्वनि प्रदुषणमुक्त<br>➧ खुल्ला एवं ग्रामीण हरियाली क्षेत्र<br>➧ घर आँगन, वजार क्षेत्र नियमित सफाइ गर्ने अभ्यास | ➧ फोहोर प्रशोधनको व्यवस्था गर्नु<br>➧ फोहोरमैला व्यवस्थापन र वातावरण संरक्षण बिच सन्तुलन कायम राख्नु<br>➧ घरघरमा खाना पकाउन दाउराको प्रयोग कम गर्नु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ वजार क्षेत्र, चोक, गल्लीहरुमा फोहोर सङ्कलनका लागि डष्टविनको व्यवस्था भएको<br>➧ मनोरन्जन स्थल तथा पार्क निर्माण भएको<br>➧ ल्याण्डफिल्ड साइडको व्यवस्था र सुरक्षित विसर्जन | ➧ सडक, चोक, बजार एवं सार्वजनिक क्षेत्रहरुमा सार्वजनिक शौचालय नहुन<br>➧ वजार क्षेत्रमा सतह ढलको व्यवस्था नहुनु<br>➧ घरभित्र धुवारहित पार्न सुधारिएको चुल्हो जडान नहुनु |

### ख) उद्देश्य

घर, आँगन, वजार क्षेत्रका फोहोर मैलालाई व्यवस्थित तवरले सङ्कलन, प्रशोधन, न्यूनीकरण एवं सुरक्षित बिसर्जन गर्दै वातावरण प्रदुषणका उपायहरु अवलम्वनवाट स्वच्छ वातावरण कायम राख्नु ।

### ग) रणनीतिहरु

१. वातावरण तथा जलवायु अनुकुलन सम्बन्धी स्थानीय नीति, योजना कार्यान्वयन गर्ने ।

२. वातावरण संरक्षण तथा स्वच्छता व्यवस्थापन गरी पूर्ण सरसफाई नगर घोषणा गर्ने ।

## घ) कार्यनीति

**रणनीति १ को वातावरण तथा जलवायु अनुकुलन सम्बन्धी स्थानीय नीति, योजना कार्यान्वयन अन्तर्गका कार्यनीतिहरु**

१.१ वातावरण संरक्षण तथा जलवायु अनुकूलन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड बनाई कार्यान्वयन र अनुगमन तथा नियमन गरिनेछ ।

१.२ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी दीर्घकालीन गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ ।

**रणनीति २ को वातावरण संरक्षण तथा स्वच्छता व्यवस्थापन गरी पूर्ण सरसफाई नगर अन्तर्गतका कार्यनीतिहरु**

२.१ ध्वनि तथा वायु प्रदुषण नियन्त्रणका लागि स्थानीयहरुलाई अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गरी सचेतना विकास गरिनेछ ।

२.२ वातावरण सरसफाइ समूह/समिति परिचालन गरी वातावरण संरक्षण तथा स्वच्छताका कायम राखिनेछ । यसका लागि आवश्यकता अनुसार समूहहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

२.३ निजी क्षेत्र तथा सामुदायिक संस्थाहरुसंग सहकार्य गरी फोहोर न्यूनीकरण, प्रशोधन तथा पुन प्रयोग जस्ता विधिहरु अवलम्बन गरी फोहोरको व्यवस्थापन तथा श्रोतमै न्यूनीकरण गरिनेछ ।

२.४ बजार क्षेत्रमा ढलहरु निर्माण र बस्तीका घर आँगनवाट निस्कने फोहोरपानीलाई नजिकको खेतवारीमा सुरक्षित निकास तथा करेसावारी प्रवर्द्धन गरिनेछ ।

२.५ दलित, अति विपन्न समदायको घरघरमा चर्पीको व्यवस्था गरी खुल्ला क्षेत्रमा हुने शौचलाई न्यूनीकरण र सुधारिएको चुलो निर्माणमा सहयोग उपलव्ध गराउदै वातावरण संरक्षण गरिनेछ ।

२.६ घर घरमा खाना पकाउने तथा घरयासी प्रयोजनका लागि दाउरा वाल्ने अभ्यासलाई क्रमिक रुपमा न्यूनीकरण गर्दै वैकल्पिक तथा नवीकरणीय उर्जामा जोड दिइनेछ ।

२.७ निजी क्षेत्रसंगको सहकार्यमा फोहोर सङ्कलन, प्रशोधन केन्द्र तथा ल्याण्डफिल्ड साइटलाई व्यवस्थित र सुरक्षित बनाइनेछ ।

२.८ स्थानीय समुदायसंगको सहकार्यमा सडक, विद्यालय, सार्वजनिक क्षेत्र एवं खुल्ला क्षेत्रहरुमा फलफुल तथा वृक्षारोपण गर्दै पानी पोखरी, हरियाली पार्क क्षेत्रहरु निर्माण गरिनेछ ।

## ङ) तर्कवद्ध खाका

**तालिका : ५३**
**४.२ वातावरण तथा स्वच्छता**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७७/७८ सम्म | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०८०/८१ | २०८२/८३ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **असर** | घर, कार्यालय एवं अस्पतालको नकुहिने, नगल्ने, नसड्ने प्लाष्टिक जन्य फोहोरलाई सुरक्षित विसर्जन गर्नेको | संख्या | ६०० | ७०० | १००० | १३०० | पालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार सहकार्य भएको हुने |
| **प्रतिफलहरु** | प्रयोगमा आएको फोहोर व्यवस्थापन प्रणाली | संख्या | १ | १ | २ | ३ | पालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार सहकार्य भएको हुने |
| | निष्काशित फोहोरको औषत वार्षिक परिमाण | मे.टन | ६००० | ५६०० | ४८०० | ४००० | | |
| | नियमित सरसफाइ को अभ्यास गर्ने घरधुरी | प्रतिशत | ८१ | ८१ | ८८ | ९० | | |
| | कम्पोष्ट-विन र गार्वेज-पिट प्रयोग गर्ने परिवार | संख्या | १५० | १५० | २५० | ५०० | | |
| | व्यवस्थित ढल निकास भएको वजार क्षेत्र | संख्या | ० | १ | २ | ३ | | |
| | परम्परागत उर्जा (दाउरा) प्रयोग गर्ने घरधुरी | प्रतिशत | ५०.०४ | ४७.३४ | ४१.९४ | ३२.४९ | | |
| | घरभित्रको धुवाँवाट मुक्त घरधुरी (सुधारिएको चुल्हो समेत) | प्रतिशत | ४९.९६ | ५२.६६ | ५८.०६ | ६७.५१ | | |
| | मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र | संख्या | ५ | ५ | ६ | ७ | | |

| **कियाकलाप तथा कार्यक्रम** | **बजेट रु** |
|---|---|
| १. फोहोरमैला न्यूनीकरण तथा सङ्कलन व्यवस्थापन ।<br>२. वातावरण संरक्षण प्रवर्द्धनात्मक कार्यक्रम ।<br>३. करेसावारी, ढल तथा शौचालयहरु निर्माण ।<br>४. जैविक मल तथा फोहोर प्रशोधन केन्द्र स्थापना ।<br>५. ल्याण्डफिल्ड साइड व्यवस्थापन ।<br>६. वायोग्याँस तथा सुधारिएको चुल्लो प्रवर्द्धन । | **१३ करोड ७ लाख १३ हजार** |

## ८.५.३ भू तथा जलाधार व्यवस्थापन

**क) भू तथा जलाधार व्यवस्थापनको सम्भावना, चुनौति, सवल र कमजोर पक्षहरु**

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**तालिका : ५४**
**भू तथा जलाधार क्षेत्र : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु**

| सम्भावना तथा अवसरहरु | चुनौतिहरु |
|---|---|
| ➧ अरुण नदी लगायत जलाधार क्षेत्रहरु, खोला खोल्सी तथा गल्छीहरु भएको<br>➧ पानी मुहान, झरना, पोखरीहरु भएको | ➧ सम्वेदनशील क्षेत्रहरुको व्यवस्थापन गर्नु<br>➧ सुरक्षित क्षेत्रमा वस्तीहरु स्थानान्तरण गर्नु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ पानी मुहान, तालतलैया तथा पोखरीहरु संरक्षण भएको<br>➧ सडक किनाराहरुमा ड्रेन वाल निर्माण हुँदै<br>➧ भूक्षय तथा सम्वेदनशील क्षेत्रहरु पहिचान भएको | ➧ वायोइन्जिनियरिङ प्रविधि प्रयोगमा नआउनु<br>➧ जमिन कटान क्षेत्रहरुको नियन्त्रण नहुनु<br>➧ भूक्षय नियन्त्रण तथा संरक्षणका लागि पर्याप्त कार्यक्रमको सञ्चालन नहुनु |

### ख) उद्देश्य

बाढी पहिरो, जोखिम तथा संवेदनशील क्षेत्रहरुमा वायो इन्जिनियरिङ एवं वृक्षारोपण गर्दै नदी, खोला, ताल तलैया सीमसार तथा पानी मुहानहरुको संरक्षणवाट भू-क्षय नियन्त्रण र जलाधार क्षेत्रको व्यवस्थापन गर्नु ।

### ग) रणनीतिहरु

१. भू-संरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी स्थानीय नीति, योजना कार्यान्वयन गर्ने ।
२. भू-क्षय नियन्त्रण गर्ने ।
३. जलाधार क्षेत्रको संरक्षण एवं उपयोग गर्ने ।

### घ) कार्यनीतिहरु

**रणनीति १ को भू-संरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी स्थानीय नीति, योजना कार्यान्वयन अन्तर्गतको कार्यनीति**

१.१ भू-संरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।

**रणनीति २ को भू-क्षय नियन्त्रण अन्तर्गका कार्यनीतिहरु**

२.१ भू-क्षय तथा वाढी पहिरो प्रभावित क्षेत्रहरुको नक्साङ्कन गरिनेछ ।
२.२ जोखिम क्षेत्रका वस्तीहरुलाई स्थानान्तरण गर्दै वाँस, वावियो, अम्रिसो जस्ता बोट विरुवाहरुको वृक्षारोपण गरी भू-क्षयलाई नियन्त्रण गरिनेछ ।
२.३ जथाभावी सडक निर्माण गर्ने कार्यलाई पूर्णत निषेधित गरी वातावरण प्रभाव मूल्याङ्कन, विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) अध्ययन एवं वायो इन्जिनियरिङ प्रविधि अपनाई सडक निर्माण गर्ने परिपाटिको विकास गरिनेछ ।
२.४ ढुङ्गा बालुवा गिट्टीको उपयोगलाई व्यवस्थित एवं किनारामा तटबन्ध निर्माण गरी नदीको प्रवाहलाई च्यानलाइजेशन गरिनेछ ।

२.५ बगेर जाने पानीको भण्डारण, सडक छेउ नाली निर्माण, रिचार्ज पोखरी निर्माण, हरियोहारको व्यवस्था, गरासुधार व्यवस्थापन गरी सम्भावित भू-क्षयलाई न्यूनीकरण गरिनेछ ।

**रणनीति ३ को जलाधार क्षेत्रको संरक्षण एवं उपयोग अन्तर्गतका कार्यनीतिहरु**

३.१ लाभान्वित समुदायहरुसंगको सहकार्यमा पानी मुहान, सीमसार, पोखरी, तालतलैया संरक्षण गर्दै जलश्रोतको उपयोग गरिनेछ ।

३.२ नदी तथा खोला किनाराहरुमा तटबन्ध निर्माण गरी जलाधार क्षेत्रको संरक्षण गरिनेछ ।

३.३ जलक्षेत्रको संरक्षण गर्दै वगरखेती सम्बन्धी सीप प्रदान गरी आय श्रोत वृद्धि गर्न अति विपन्न समुदायलाई प्रोत्साहित गरिनेछ ।

३.४ पूर्वाधार निर्माणलाई वातावरणमैत्री वनाउन मापदण्ड निर्धारण गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

## ङ) तर्कवद्ध खाका

**तालिका : ५५**
**४.३ भू तथा जलाधार व्यवस्थापन**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७७/७८ सम्म | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०८०/८१ | २०८२/८३ | | |
| **असर** | भू-क्षय र बाढी संवेदनशील क्षेत्र | संख्या | १० | ९ | ६ | ५ | पालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार सहकार्य भएको हुने |
| **प्रतिफल हरु** | संरक्षित पानी मुहान क्षेत्र | संख्या | ३५ | ४५ | ६० | ७० | पालिकाको वार्षिक प्रतिवेदन तथा अभिलेख | अन्तर तह समन्वय भएको हुने |
| | वायोइञ्जिनियरिङ प्रविधि प्रयोग संरचनाको लम्बाइ | किमि | ० | ५ | १० | १५ | | |
| | जलउत्पन्न प्रकोप वाट प्रभावित घरपरिवार | संख्या | ० | ० | ० | ० | | |
| | संरक्षित गल्छी, पहिरोहरु | संख्या | १५ | १४ | ११ | १० | | |
| | संरक्षित र व्यवस्थित तालतलैया र सिमसार क्षेत्र | संख्या | ० | १ | ५ | १० | | |
| | जलाधार संरक्षण | संख्या | ० | ० | १ | २ | | |
| **कियाकलाप तथा कार्यक्रम** | | | | | | | **वजेट रु.** | |

| | |
|---|---|
| १. भू-क्षय तथा जोखिम क्षेत्र नक्शाङ्कन कार्यक्रम ।<br>२. जलाधार, जलश्रोत तथा सीमसार संरक्षण ।<br>३. जोखिमयुक्त वस्ती स्थानान्तरण गर्ने ।<br>४. पहिरो नियन्त्रण तथा वायो इन्जिनियरिङ ।<br>५. नदी तटबन्ध निर्माण ।<br>६. वातावरणमैत्री पूर्वाधार निर्माण । | **८ करोड ५२ लाख ४७ हजार** |

## ८.५.४ विपद व्यवस्थापन

### क) विपद व्यवस्थापनको सम्भावना, चुनौति, सवल र कमजोर पक्षहरु

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**तालिका : ५६**
**विपद व्यवस्थापन क्षेत्र : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु**

| सम्भावना तथा अवसरहरु | चुनौतिहरु |
|---|---|
| ➧ विपद व्यवस्थापनका लागि जिल्ला स्तरीय रेडकस र विद्यालय स्तरमा जुनियर रेडकस सोसाइटीहरु कार्यरत<br>➧ विपद व्यवस्थापनका लागि स्थानीय संघ संस्थाहरु कियाशील | ➧ सम्वेदनशील क्षेत्रका वासिन्दाहरुलाई स्थानान्तरण गर्नु<br>➧ भौतिक एवं मानवीय क्षति न्यूनीकरण गर्नु<br>➧ पीडितहरुलाई तत्काल उद्धार गर्नु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ पालिकामा भूकम्प प्रतिरोधात्मक घरहरु निर्माण हुने कममा<br>➧ विपद व्यवस्थापनका लागि स्थानीय कोष खडा गरिएको<br>➧ जलवायु परिवर्तन अनुकूलन सम्वन्धी जनचेतना अभिवृद्धि हुँदै आएको<br>➧ दमकल, एम्वुलेन्सहरुको व्यवस्था भएको<br>➧ आपतकालीन उद्धान नमूना अभ्यास भएको | ➧ आपतकालीन उद्धारका लागि तालिम प्राप्त स्वयंसेवक, राहत सामाग्रीहरुको व्यवस्था नहुनु<br>➧ विपद पूर्व सूचना प्रणालीको व्यवस्था नहुनु<br>➧ विपद पीडितहरुका लागि राहत, खुल्ला क्षेत्र एवं सुरक्षित वासका लागि सुरक्षित र संरक्षित क्षेत्र नहुनु<br>➧ आपतकालीन प्रतिकार्य सञ्चालन केन्द्र स्थापना भई कियाशील नभएको |

### ख) उद्देश्य

जलवायु परिवर्तन अनुकूलनका उपायहरु अवलम्वन गर्दै प्रतिरोधात्मक भौतिक संरचनाहरु निर्माण र आपतकालीन उद्धार व्यवस्थावाट मानवीय तथा भौतिक सम्पत्तिहरुको क्षति न्यूनीकरण गर्नु ।

### ग) रणनीतिहरु

१. विपद व्यवस्थापन सम्बन्धी नीति, योजना कार्यान्वयन गर्ने ।
२. विपद व्यवस्थापन पूर्वतयारी सुदृढीकरण गर्ने ।
३. जोखिमवाट क्षति न्यूनीकरण गर्ने ।
४. जलवायु परिवर्तन अनुकुलन गर्ने ।

### घ) कार्यनीतिहरु

**रणनीति १ को विपद व्यवस्थापन सम्बन्धी नीति, योजना कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु**

१.१ विपद व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड बनाई कार्यान्वयन एवं अनुगमन तथा नियमन गरिनेछ।

१.२ विपद व्यवस्थापन सम्बन्धी दीर्घकालीन नीति तथा योजना बिकास गरी कार्यान्वयन गरिनेछ।

**रणनीति २ को विपद व्यवस्थापन पूर्वतयारी सुदृढीकरण अन्तर्गतका कार्यनीतिहरु**

२.१ विपद पूर्व तयारी तथा प्रतिकार्य योजना र विपदपूर्व सूचना प्रणालीको व्यवस्था गरी सम्भावित क्षतिवाट जोगिन सर्वसाधारणहरुलाई पूर्व तयारी अवस्थामा राखिनेछ।

२.२ जोखिमयुक्त क्षेत्र पहिचान गरी जोखिम संवेदनशील भू-नक्सा तयार पार्दै जनचेतना अभिवृद्धि गरिनेछ ।

२.३ विपद व्यवस्थापन सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गरी जनमानसमा विपद पूर्वतयारी, उद्धार, पुनस्थापन, युवा स्वयंसेवक तथा उद्धार टोली व्यवस्था गरी क्षमता अभिवृद्धि गरिनेछ।

२.४ भूकम्प तथा विपद प्रतिरोधात्मक भौतिक संरचनाहरु निर्माण गर्न प्रोत्साहन गरिनेछ । यसका लागि मापदण्ड बनाई कार्यान्वयन गरिनेछ।

२.५ विपद पश्चातको उद्धार र राहत सहितको प्रभावकारी प्रतिकार्य र दिगो विकासमूलक पुनर्स्थापना र पुनर्निर्माणका लागि तयारी हालतमा रहने गरी व्यवस्था गरिनेछ।

२.६ आपतकालीन व्यवस्थापनका लागि प्रत्येक वस्तीहरुमा एक निश्चित खुल्ला क्षेत्र व्यवस्था गरिने र सोको संरक्षण एवं अत्यावश्यक पूर्वाधारको व्यवस्था गरिनेछ।

२.७ एक वडा एक पानीपोखरी र एक वडा र एक हेलिप्याडको अवधारणा अनुसार प्रत्येक वडामा एक-एक पानीपोखरी र हेलीप्याड निर्माण गरिनेछ।

२.८ विपद व्यवस्थापन कोष स्थापना गरी संघ, प्रदेश तथा अन्य सरोकारवालाहरुबाट प्राप्त रकम समेत उक्त कोषमा राखी एकद्वार प्रणाली मार्फत राहत र उद्धार लगायतका विपद व्यवस्थापन कार्य सञ्चालन गरिनेछ।

२.९ सरोकारवालाहरुको प्रतिनिधित्वमा पालिका स्तरीय विपद ब्यबस्थापन समिति गठन गरिनेछ र वडा स्तरसम्म समन्वयको व्यवस्था गरिनेछ । समितिहरुमा लक्षित वर्गको प्रतिनिधित्व र सहभागिता सुनिश्चित गरिनेछ।

२.१० आपतकालीन सहयोग, राहत, पुनर्स्थापना र पुनर्निर्माण कार्यक्रम लागू गर्दा अशक्त, असहाय, भूमिहीन, महिला, बालबालिका, गर्भवती तथा सुत्केरी महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएकालाई विशेष रुपमा सम्बोधन गरिनेछ

**रणनीति ३ को जोखिमवाट क्षति न्यूनीकरण अन्तर्गतका कार्यनीतिहरु**

३.१ एकीकृत वस्ती बिकासको अवधारणा अनुसार जोखिमयुक्त क्षेत्रवाट बस्ती स्थानान्तरण गर्दै आवश्यक सबै प्रकारका भौतिक पूर्वाधारहरुको सेवा सुविधाहरु उपलब्ध गरी सुरक्षित वस्ती बिकास गरिनेछ ।

३.२ भवन निर्माण आचार संहितालाई कडाइका साथ लागु गर्दै भौतिक पूर्वाधारहरुको निर्माण गर्दा वातावरणमैत्री वनाइनेछ।

३.३ आपतकालीन उद्धारका लागि दमकल, एम्बुलेन्स, दक्ष जनशक्तिको व्यवस्था गरिने र उद्धार सामाग्रीहरुको व्यवस्थाका लागि स्थानीय रेडक्रस संस्थासंग सहकार्य गरिनेछ।

३.४ नजिकको अस्पताल तथा स्थानीय स्वास्थ्य चौकीहरुमा औषधी एवं उपकरणहरुको व्यवस्था गरी प्रारम्भिक तहको औषधोपचारलाई सहज बनाइनेछ।

३.५ विकास पूर्वाधारवाट हुनसक्ने जोखिमको न्यूनीकरण गर्न सबै उपाय अवलम्वन गरिने छ।

३.६ ढुङ्गा, गिट्टी, वालुवा र अन्य प्राकृतिक श्रोतको उपयोग गर्दा आवश्यकतानुसार वातावरण प्रभाव मूल्याङ्कन गरेरमा मात्र उत्खननको अनुमति दिइनेछ।

**रणनीति ४ को जलवायु परिवर्तन अनुकुलन अन्तर्गतका कार्यनीतिहरु**

४.१ पूर्वाधारहरुको निर्माण गर्दा जलवायु समानुकुलन हुने गरी निर्माण गरिनेछ ।

४.२ बाँझो छाडिएको निजी तथा पर्ति जग्गा, बाढी पहिरोग्रस्त, भिरालो जमिनमा बहु लाभदायक प्रजातिका रुखहरु वृक्षारोपण गरिनेछ । यसका लागि सामुदायिक वन उपभोक्ताहरुसंग सहकार्य गरिनेछ ।

४.३ दिगो वन व्यवस्थापन, कृषि-वन, चरन क्षेत्र तथा भू संरक्षणलाई विशेष प्राथमिकता दिइनेछ ।

४.४ डडेलो, आगलागीलाई पूर्ण रुपमा नियन्त्रण गरिनेछ र पानीपोखरी, अग्नीरेखा, आकाशेपानी सङ्कलन एवं माटो तथा पानी संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

**ङ) तर्कवद्ध खाका**

**तालिका : ५७**
**४.४ विपद व्यवस्थापन**

| नतिजाको तह | नतिजा सूचक | इकाइ | आधार बर्ष २०७७/७८ सम्म | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०८०/८१ | २०८२/८३ | | |
| **असर** | विपद प्रतिरोधात्मक भौतिक संरचनाहरु | प्रतिशत | १ | ५ | १५ | ३० | पालिकाको वार्षिक प्रतिवेदन | अन्तरसरकार सहकार्य भएको हुने |
| | विपद्का घटनाबाट प्रभावित परिवार | संख्या | २९ | ३९ | ३० | २० | | |
| **प्रतिफलहरु** | आपतकालीन उद्धार गर्न तालिम प्राप्त स्वयंसेवक | संख्या | १५ | ४० | ६० | १०० | पालिकाको वार्षिक प्रतिवेदन | अन्तरसरकार सहकार्य भएको हुने |
| | विपद व्यवस्थापन स्थानीय कोषमा भएको रकम | रु.करोड | १ | १.५ | १० | २० | | |
| | विपद व्यवस्थापनमा कियाशील संघ/संस्था | संख्या | ३ | ५ | १० | १५ | | |
| | विपद पूर्वतयारी तथा प्रतिकार्य समिति गठन भएका वडाहरु | संख्या | ० | ५ | ११ | ११ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विपद प्रतिकार्यकालागि भएको आपतकालीन नमूना अभ्यास | संख्या | १ | ३ | ४ | ५ | | |
| | आपतकालीन उद्धारका लागि अत्यवश्यक एम्वुलेन्स तथा वरुणयन्त्रको व्यवस्था | संख्या | २ | ३ | ४ | ५ | | |
| | जलवायु परिवर्तन अनुकूलन न्यूनीकरण सम्वन्धी सचेतना लगायतका कार्यक्रमसञ्चालन | संख्या | १ | ३ | ४ | ५ | | |

| **कियाकलाप तथा कार्यक्रम** | **बजेट रु** |
|---|---|
| १. विपद व्यवस्थापन जनचेतनामुलक कार्यक्रम ।<br>२. विपद जोखिम क्षेत्र नक्साङ्कन र विपद पूर्व सूचना उपकरण जडान कार्यक्रम ।<br>३. आपतकालीन उद्धारका साधन, सामग्री व्यवस्थापन तथा उद्धारकर्मी क्षमता बिकास कार्यक्रम<br>४. वडाहरुमा पानीपोखरी एवं हेली प्याड निर्माण ।<br>५. स्वास्थ्य चौकीहरुको क्षमता अभिवृद्धि ।<br>६. विपद व्यवस्थापन कोष स्थापना । | **१५ करोड ३४ लाख ४६ हजार** |

# परिच्छेद - ९
# सुशासन तथा संस्थागत बिकास

## ९.१ पृष्ठभूमि

सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निश्पक्ष, पारदर्शि, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक वनाउदै राज्यवाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने पक्ष नेपालको संविधान, २०७२ को शासन सम्वन्धी नीतिमा उल्लेख छ भने नेपालको संविधानको प्रस्तावनामा दिगो सुशासन कायम राख्ने उल्लेख छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रस्तावनामा जनसहभागिता, उत्तरदायी, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने कुरा उल्लेख छ । सेवा प्रवाहलाई प्रभावकारी व्यवस्थापन गर्न सूचना तथा सञ्चार प्रविधि उपयोग, प्रवर्द्धन र नियमन गर्ने एवम् सेवा प्रवाह सम्वन्धी नीति, मापदण्ड वनाउने, सेवा शर्त तोक्ने, योजना तर्जुमा गर्ने र कार्यान्वयन र नियमन गर्ने अधिकार पनि स्थानीय सरकारलाई दिइएको छ ।

सवै प्रकार तथा स्वरुपका भ्रष्टाचार घटाउने, सवै तहमा प्रभावकारी, जवाफदेहिता, पारदर्शिता कायम राख्ने र निर्णय निर्माणमा सहभागितामूलक प्रतिनिधित्व गराउने पक्षहरु विशेष महत्वका साथ दिगो विकास लक्ष्यमा उल्लेख छ । १५ औं योजनामा सुशासनलाई राष्ट्रिय लक्ष्य सूचकमा राखिएको छ र दीर्घकालीन राष्ट्रिय रणनीति अन्तर्गत सार्वजनिक सेवालाई सुदृढीकरण गर्ने भनिएको छ । यसैगरी शासकीय सुधार र सुशासन अभिवृद्धिलाई रुपान्तरणको एक प्रमुख सम्वाहकको रुपमा लिइएको छ ।

यसैक्रममा खाँदवारी नगरपालिकाले उपरोक्त पक्षको सुनिश्चितता गर्दै संघ तथा प्रदेश सरकारको कानुन, नीति, योजना र लक्ष्यलाई समेत मनन गरी समग्र सुशासन तथा संस्थागत विकास क्षेत्रको खाका तयार गरेको छ । सुशासन तथा संस्थागत विकास लागि प्रमुख क्षेत्रको रुपमा रहेको सुशासन, ऐन, नियम, कानुन तथा जवाफदेहिता, वित्तीय श्रोत परिचालन, मानव संशाधन तथा संस्थागत विकास र योजना व्यवस्थापन जस्ता क्षेत्रहरुको विद्यमान अवस्था, समस्या तथा चुनौतिहरुको विश्लेषण गरी आगामी ५ वर्षका लागि उद्देश्य निर्धारण, लक्ष्य परिमाण र सो प्राप्तीका लागि अवलम्वन गरिने रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तर्जुमा भएको छ ।

## ९.२ वर्तमान अवस्था

पालिकावाट ५७ वटा विभिन्न ऐन, नियम, मापदण्डहरु निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । विधायन, सुशासन, लेखा, राजस्व लगायतका विभिन्न समितिहरु गठन गरी स्थानीय शासन सञ्चालनको अभ्यास भएको छ । न्यायिक समितिवाट करिव ६७ प्रतिशत मुद्दाहरुको सुनुवाई भएको छ । तापनि सामाजिक जवाफदेहिताका औजारहरुको अभ्यासमा कमि छ । सेवाग्राही सहायता कक्षको उचित व्यवस्थापन हुन सकेको छैन तापनि सेवा प्रवाहलाई प्रभावकारी पारदर्शि वनाउने सन्दर्भमा अनलाइन सेवाहरु प्रारम्भ भएको छ । पूँजीगत खर्च तथा पूँजी निर्माणको क्षेत्रमा पालिकाको लगानी न्यून छ । वेरुजु फर्च्छौट दर करीव १० प्रतिशतको हाराहारीमा छ । आयोजनाहरु कार्यान्वयनमा उपभोक्ता समितिहरुको सहभागिता भए पनि स्थानीय संस्थाहरु, गैर सरकारी संस्था लगायत निजी क्षेत्रसँगको सहकार्य प्रभावकारी हुन सकेको छैन । विषयक्षेत्रगत गुरु योजनाहरु तर्जुमा हुन सकेको छैन भने आयोजनाहरु कार्यान्वयन पश्चात सहभागितामूलक अनुगमन मूल्याङ्कन प्रभावकारी ढङ्गवाट

सञ्चालन हुन सकेको छैन । तापनि पालिकाको सेवा प्रवाहवाट सन्तुष्ट हुने सेवाग्राहीहरुको करिव ७३ प्रतिशत छन् । पालिकामा १३८ जना कर्मचारीहरु कार्यरत छन् त्यसमा प्राविधिक तर्फ ७६ जना छन् । कर्मचारीसँग कार्यसम्पादन करार गरी कार्यसम्पादन गर्ने अभ्यास छ । तापनि एक सेवाग्राहीलाई सेवा प्रवाह गर्न अहिलेको अवस्थामा करिव २ घण्टा लाग्ने गरेको छ ।

## ९.३ उद्देश्य

आवधिक योजना अन्तर्गत सुशासन तथा संस्थागत बिकास क्षेत्रको लागि "वित्तीय श्रोतहरुको प्रभावकारी परिचालन गर्दै मानव संशाधन एवम् स्थानीय संस्थाहरुको क्षमता विकास र ऐन, कानुन, योजना तथा सेवा प्रवाहको प्रभावकारी कार्यान्वयनवाट सुशासनको अनुभूति भएको हुने" मुख्य उद्देश्य निर्धारण गरिएको छ ।

## ९.४ प्रमुख रणनीतिहरु

क) सार्वजनिक सेवा प्रवाहलाई नागरिकमैत्री र प्रभावकारी वनाउने ।
ख) सार्वजनिक सम्पत्तिहरुको दिगो संरक्षण र व्यवस्थापन गर्ने ।

## ९.५ विषयगत उपक्षेत्रहरु

यस विषयगत क्षेत्र भित्र निम्न विषयगत उपक्षेत्रहरु समावेश गरिएका छन् :

- सुशासन, ऐन नियम तथा जवाफदेहीता,
- संस्थागत विकास तथा मानव संशाधन विकास,
- वित्तीय श्रोत परिचालन
- योजना ब्यबस्थापन ।

### ९.५.१ सुशासन ऐन, कानुन र जवाफदेहिता

**क) सुशासन, ऐन, कानुन तथा जवाफदेहिताको सम्भावना, चुनौति, सवल र कमजोर पक्षहरु**

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवम् पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

| तालिका : ५८<br>सुशासन, ऐन कानुन तथा जवाफदेहिता क्षेत्र : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु | |
|---|---|
| **सम्भावना तथा अवसरहरु** | **चुनौतिहरु** |
| • स्थानीय संघ, संस्था, नागरिक समाज, गैसस, टोल विकास संस्था, सामुदायिक संस्थाहरु कियाशील<br>• स्थानीय सरोकारवालाहरु, राजनीतिक दलहरु रचनात्मक, सहयोगि | • सवै सार्वजनिक निकाय तथा संघ संस्थाहरुको सेवा प्रवाहलाई पारदर्शिता, उत्तरदायित्व, जवाफदेहिता विकास गर्नु<br>• सुशासनयुक्त समाज तथा संस्कार विकास गर्नु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |

| | |
|---|---|
| ➧ आवश्यकताका आधारमा विभिन्न ऐन तथा कार्यविधिहरु वनाई कार्यान्वयनमा<br>➧ सार्वजनिक परीक्षण तथा सुनुवाईहरु कार्यान्वयनमा<br>➧ वेवसाइटमा वार्षिक योजना पुस्तिका, पालिकाको वार्षिक आयव्यय सार्वजनिक हुने गरेको<br>➧ सार्वजनिक सेवाहरु अनलाइन र मोवाइल एप्स प्रयोगमा<br>➧ सुनासो सुनुवाइ र फर्छौट हुँदै आएको | ➧ सरोकारवाला, स्थानीय संघ संस्था तथा नागरिक समाजहरुसँग छलफल तथा अन्तरकियाको कमि<br>➧ सुशासनको प्रत्याभूति नहुनु<br>➧ क्षतिपूर्ति सहितको नागरिक वडापत्र, नागरिक अभिमत तथा GESI परीक्षण जस्ता सामाजिक उत्तरदायिका औजारहरुको अभ्यास नहुनु<br>➧ सहायता कक्षको व्यवस्थान नहुनु |

**ख) उद्देश्य**

स्थानीय ऐन, नियम तथा मापदण्डहरुको निर्माण तथा कार्यान्वयनमा स्थानीय सवै सरोकारवालाहरुको सहभागिता र सामाजिक जवाफदेहिताका औजारहरुको अभ्यासवाट सार्वजनिक सेवा प्रवाह गर्नु ।

**ग) रणनीतिहरु**

१. सुशासन तथा जवाफदेहिता प्रवर्द्धन सम्बन्धी नीति, योजना र कार्यान्वयन गर्ने

२. सुशासन तथा जवाफदेहिता प्रवर्द्धन गर्ने

**घ) कार्यनीतिहरु**

**रणनीति १ को सुशासन तथा जवाफदेहिता प्रवर्द्धन सम्बन्धी नीति, योजना र कार्यान्वयन अन्तर्गतको कार्यनीति**

१.१ सुशासन तथा जवाफदेहिता सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ । नीति, कानुन तथा मापदण्ड सम्वन्धित सवै सरोकारवालाहरुको सहमतिमा र विज्ञहरुसँगको परामर्शको आधारमा निर्माण गरिनेछ ।

**रणनीति २ को सुशासन तथा जवाफदेहिता प्रवर्द्धन अन्तर्गतका कार्यनीतिहरु**

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरे अनुसारका समिति एवम् कार्य प्रकृतिका आधारमा बन्ने समितिहरुलाई पूर्णता दिदै कार्यक्षेत्रको स्पष्टताका साथ कार्यसम्पादनमा प्रभावकारिता ल्याइनेछ ।

२.२ संविधान एवम् स्थानीय सरकार सञ्चालन ऐनमा गरिएको प्रावधान अनुसारको कार्यसम्पादनका लागि आवश्यक सवै प्रकारका ऐन, नियम, कार्यविधि एवम् मापदण्डहरु बनाई राजपत्रवाट सार्वजनिकीकरण गर्दै कार्यान्वयनमा ल्याइनेछ ।

२.३ पालिकाको नीति कार्यक्रम, निर्णय तथा प्रगति समीक्षाहरुका वारेमा सर्वसाधारण सवैलाई वेवसाइट एवम् अन्य प्रकाशनहरु मार्फत जानकारी गराइनेछ ।

२.४ जवाफदेहिता एवम् पारदर्शिता अभिवृद्धिका लागि क्षतिपूर्ति सहितको नागरिक वडापत्र लगायत सामाजिक जवाफदेहिताका औजारहरुलाई अभ्यासमा ल्याइनेछ ।

२.५ सम्भव भएजति पालिकाका सेवा प्रवाहलाई अनलाइन गरिनेछ र सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ ।

२.६ सूचनाको हक सम्बन्धी ऐनलाई कार्यान्वयनमा ल्याइने ।

२.७ लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तर्जुमा गरिनेछ र पालिकाका सबै योजनाहरुमा यसलाई मूलप्रवाहीकरण गरिनेछ ।

२.८ वडावाट प्रवाह गरिने सार्वजनिक सेवामा सजह पहुँच अभिवृद्धिका लागि वडाहरुको संस्थागत क्षमता अभिवृद्धि गरिने छ ।

२.९ सुशासन प्रवर्द्धनका लागि पालिकामा जनप्रतिनिधि एवम् कर्मचारीहरुका लागि आचार संहिता तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

## ङ) तर्कवद्ध खाका

तालिका : ५९
५.१ सुशासन ऐन, नियम, र जवाफदेहिता

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७७/७८ सम्म | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०८०/८१ | २०८२/८३ | | |
| असर | सरोकारवाला एवम् सहभागितात्मक ढङ्गवाट निर्माण तथा कार्यान्वयन भएका ऐन, नियमहरु | संख्या | ५७ | ६३ | ७० | ७५ | पालिकाको वार्षिक प्रगति प्रतिवेदन | संस्थागत संरचना प्रभावकारी भएको हुने |
| प्रतिफलहरु | क्रियाशील नीतिगत समिति तथा संयन्त्र ( विधायन, सुशासन, लेखा, राजस्व, योजना तथा वजेट तर्जुमा अनुगमन आदि) | संख्या | १२ | १२ | १३ | १५ | पालिकाको वार्षिक प्रतिवेदन तथा अभिलेख | सामुदायिक संस्था गैसस, तथा नागरिक समाजसँग सहकार्य भएको हुने |
| | स्थानीय कानुन, नीति तथा योजना तर्जुमा प्रक्रिया नागरिक पृष्ठपोषण तथा सुझाव दिने माध्यमहरु | संख्या | १० | १२ | १५ | २० | | |
| | न्यायिक समितिवाट फछ्र्यौट भएका मुद्दाहरु | प्रतिशत | ६७ | ७० | ७५ | ९० | | |
| | नागरिक वडापत्र अनुसार सेवा प्रवाहमा क्षतिपूर्ति गरिएको | संख्या | ० | १० | २५ | ५० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अभ्यास गरिएका सामाजिक जवाफदेहिताका औजारका प्रकार | संख्या | ३ | ४ | ५ | ६ | | |
| | वर्षभरीमा भएका सार्वजनिक सुनुवाई | संख्या | १ | २ | २ | ३ | | |
| | हेल्प डेष्कवाट लाभान्वित सेवाग्राही | प्रतिशत | ० | ५ | १० | २० | | |
| | पालिकामा पेश भएका सेवा प्रवाह सम्बन्धी गुनासो सुनुवाईको फच्र्छौट | प्रतिशत | ७० | ८० | ९० | ९९ | | |
| | उपलव्ध अनलाइन सेवाका प्रकारहरु ( निवेदन, सिफारिस, पञ्जीकरण) | संख्या | ५ | ६ | १० | २० | | |
| | अनलाइन सेवावाट लाभान्वित सेवाग्राही | प्रतिशत | १० | २० | ३० | ६० | | |
| | पालिकाको मोवाइल एप्स प्रयोगकर्ताहरु | संख्या हजारमा) | ५ | ६ | १० | २० | | |

| **कियाकलाप तथा कार्यक्रम** | **बजेट रु** |
|---|---|
| १. सेवा प्रवाहलाई अनलाईन गर्ने ।<br>२. नगरपालिका तथा सार्वजनिक कार्यालयहरुमा आइसिटि जडान गर्ने ।<br>३. नगरपालिकाको मोवाइल एप्स निर्माण ।<br>४. सामाजिक जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन कार्यक्रम ।<br>५. ऐन, नियम, मापदण्डहरु प्रकाशन । | **११ करोड ३६ लाख ६३ हजार** |

## ९.५.२ वित्तीय श्रोत परिचालन

### क) वित्तीय श्रोत परिचालनको सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवम् पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**तालिका : ६०**
**वित्तीय श्रोत परिचालन क्षेत्र : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु**

| **सम्भावना तथा अवसरहरु** | **चुनौतिहरु** |
|---|---|
| ➧ संघ र प्रदेश सरकारवाट अनुदानहरु प्राप्त<br>➧ विकास साझेदार संस्था एवम् निजी क्षेत्रसँग सहकार्य<br>➧ आन्तरिक आय श्रोत अभिवृद्धिको सम्भावना | ➧ वाह्य श्रोत माथिको अधिक परनिर्भरता घटाउनु<br>➧ जनस्तरमा कर तिर्नुपर्छ भन्ने भावनाको विकसित गर्नु<br>➧ राजस्व श्रोतहरुको पहिचान र कार्यान्वयन गर्नु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |

| | |
|---|---|
| ➧ आर्थिक ऐन कार्यान्वयनमा, राजस्वका दररेटहरु निर्धारण र प्रगतिशील करप्रणाली लागु भएको<br>➧ लैङ्गिक उत्तरदायी वजेटको अभ्यास<br>➧ लागत सहभागितामा कार्यक्रम सञ्चालन<br>➧ कम्प्युटराइज लेखाप्रणाली, वडाहरुसँग सञ्जाल विकास | ➧ आन्तरिक श्रोतहरुवाट न्यून आय सङ्कलन हुनु<br>➧ पूँजीवृद्धि तथा छिटो प्रतिफल आउने क्षेत्रहरुमा कार्यक्रम सञ्चालन हुन नसक्नु<br>➧ वित्तीय सुशासन प्रभावकारी नहुनु वेरुजु फर्छ्यौट ज्यादै न्यून<br>➧ विनियोजित पूँजीगत तथा कूल वजेट खर्च हुन नसक्नु |

**ख) उद्देश्य**

वित्तीय सुशासन कायम राख्दै उपभोक्ता समूह, निजी क्षेत्र तथा सहयोगी संस्थाहरुसँगको सहकार्यवाट वित्तीय श्रोत पूँजी निर्माण तथा आयआर्जनका क्षेत्रहरुमा परिचालनवाट आन्तरिक श्रोत अभिवृद्धि गर्नु ।

**ग) रणनीतिहरु**

१. वित्तीय श्रोत परिचालन सम्बन्धी स्थानीय नीति निर्माण गर्ने ।

२. वित्तीय श्रोत परिचालन गर्ने ।

३. वित्तीय सुशासन प्रवर्द्धन गर्ने ।

**घ) कार्यनीतिहरु**

**रणनीति १ को वित्तीय श्रोत परिचालन सम्बन्धी स्थानीय नीति निर्माण अन्तर्गतको कार्यनीति**

१.१ वित्तीय श्रोत परिचालन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।

**रणनीति २ को वित्तीय श्रोत परिचालन अन्तर्गका कार्यनीतिहरु**

२.१ आन्तरिक श्रोत परिचालनका लागि राजस्व सुधार कार्ययोजना तयार पारी नगरपालिकाको आन्तरिक आय श्रोतमा वृद्धि ल्याइनेछ ।

२.२ स्थानीय राजस्व परामर्श समितिको क्षमता अभिबृद्धि गरी राजस्व सुधार कार्य योजना लागू गरिनेछ ।

२.३ सार्वजनिक खर्चलाई पूँजी निर्माण (आय आर्जन)का क्षेत्रमा लगानी गरी आन्तरिक आयलाई सुदृढ पारिनेछ ।

२.४ सम्भावित करदाताहरुको पहिचान गर्दै कर शिक्षा कार्यक्रमहरु सञ्चालन गरी कर तिर्ने अभ्यासलाई प्रोत्साहन गरिनेछ । करको दरमा वृद्धि गर्ने भन्दा पनि दायरामा बिस्तार ल्याइनेछ ।

२.५ उपभोक्ता समितिहरुसँग लागत सहभागितामा आयोजनाहरु सञ्चालन गरी नगरपालिकाको लागत भारलाई न्यून गरिनेछ ।

२.६ निजी क्षेत्रसँग सहकार्य र समन्वय गरी आयोजनाहरु कार्यान्वयनमा ल्याइने छ । यसका लागि सार्वजनिक निजी साझेदारी नीति ल्याइनेछ ।

२.७ नगरपालिकाको चल अचल सम्पत्तिहरु परिचालन गरी सेवा शुल्क सङ्कलन गरिनेछ ।

**रणनीति ३ को वित्तीय सुशासन प्रवर्द्धन अन्तर्गतका कार्यनीतिहरु**

३.१ नगरपालिकाको आर्थिक ऐनका प्रावधानहरुलाई कडाइका साथ कार्यान्वयनमा ल्याइनेछ ।

३.२ लेखा प्रणालीलाई आइसिटिमा आवद्ध गर्दै आन्तरिक लेखा परीक्षण तथा वित्तीय प्रशासनलाई सक्षम र प्रभावकारी बनाइनेछ ।

३.३ आर्थिक प्रशासन प्रणालीलाई प्रभावकारी एवम् भरपर्दो वनाइने छ ।

३.४ वार्षिक खरिद योजना बनाउदै सार्वजनिक खरिदलाई पारदर्शिता, ई-विडिङ्ग तथा प्रक्रियागत ढङ्गवाट खरिद गर्ने व्यवस्था मिलाइनेछ ।

३.५ नियमित लेखापरीक्षण, पेश्की तथा वेरुजु फछ्र्यौटलाई प्रभावकारी बनाई वित्तीय जोखिम न्यूनीकरण गरिनेछ ।

३.६ निश्चित अवधि (मासिक, चौमासिक, वार्षिक) मा भएको आर्थिक कारोवारहरुलाई वेवसाइट तथा प्रकाशनहरु मार्फत आम नागरिकहरुलाई जानकारी हुनेगरी सार्वजनिकीकरण गरिनेछ ।

## ङ) तर्कवद्ध खाका

**तालिका : ६१**
**५.२ वित्तीय श्रोत परिचालन**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७७/७८ सम्म | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०८०/८१ | २०८२/८३ | | |
| **असर** | पालिकाको वार्षिक आन्तरिक आय रकम | रु. लाख | २२८ | ३०० | ५०० | ८०० | पालिकाको वार्षिक प्रगति प्रतिवेदन | संस्थागत संरचना प्रभावकारी भएको हुने |
| **प्रतिफलहरु** | औषत वार्षिक वेरुजु फर्छ्यौट रकम | प्रतिशत | १० | ३० | ५० | १०० | पालिकाको वार्षिक प्रतिवेदन तथा अभिलेख | सामुदायिक संस्था गैसस, तथा नागरिक समाजसँग सहकार्य भएको हुने |
| | प्रतिव्यक्ति बजेट खर्च | रु.हजार | २१.५ | २४.४ | २८.८ | ४३.१ | | |
| | कूल वजेटको वास्तविक खर्च | प्रतिशत | ७२.८ | ८५ | ८८ | ९५ | | |
| | लैङ्गिक उत्तरदायी वजेट विनियोजन | प्रतिशत | २५ | २८ | ३० | ३३ | | |
| | संघीय सरकारवाट राजस्व बाँडफाड प्राप्त रकम | रु.लाख | ५७० | ८०० | १००० | १२०० | | |
| | प्रदेश सरकारवाट राजस्व बाँडफाड वाट प्राप्त रकम | रु.लाख | ४१ | ५० | १०० | २०० | | |
| | पालिकाको कूल वार्षिक वजेट | रु.करोड | ७४.७८ | ८५ | १०० | १५० | | |
| | सङ्कलित कर राजस्व र गैरकर राजस्वको | अनुपात | १ :२.६९ | १:२ | १ :१.२५ | १ :१.१४ | | |
| | कर शिक्षा कार्यक्रम सञ्चालन | संख्या | १ | ३ | ५ | १० | | |
| | आयोजना कार्यान्वयनमा | प्रतिशत | २.८३ | २.८३ | २.५ | २.५ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | उपभोक्ता समूहको योगदान हिस्सा ( वार्षिक कूल खर्चमा) | | | | | | | |
| | पूँजी निर्माण क्षेत्रमा भएको लगानी (कूल वजेटको) | प्रतिशत | ३३ | ३५ | ४० | ५० | | |
| | कूल वजेटको पूँजीगत खर्च | प्रतिशत | ५६ | ५७ | ५८ | ६० | | |
| **कियाकलाप तथा कार्यक्रम** | | | | | | | **बजेट रु** | |
| १. विस्तृत राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यक्रम ।<br>२. कर सम्बन्धी जनचेतनामूलक अभियान ।<br>३. मध्यमकालीन खर्च संरचना तयारी ।<br>४. बित्तीय जोखिम न्यूनीकरण कार्ययोजना तर्जुमा कार्यक्रम । | | | | | | | **११ करोड ३६ लाख ६३ हजार** | |

## ९.५.३ मानव संशाधन तथा संस्थागत विकास

### क) संस्थागत विकास तथा मानव संशाधानको सम्भावना, चुनौति, सवल र कमजोर पक्षहरु

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवम् पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**तालिका : ६२**

**मानव संशाधन तथा संस्थागत विकास क्षेत्र : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु**

| **सम्भावना तथा अवसरहरु** | **चुनौतिहरु** |
|---|---|
| ➧ निर्वाचित जनप्रतिनिधिहरुको सकियता वढदो<br>➧ स्थानीय संघ, संस्था, नागरिक समाज, गैसस, टोल विकास संस्था, सामुदायिक संस्थाहरुको रचनात्मक सहयोग | ➧ सार्वजनिक सेवालाई गुणस्तरीय, प्रभावकारी, न्यून लागत तथा समयमा सेवा प्रवाह गर्नु<br>➧ सँगठन र व्यवस्थापन सर्भेका आधारमा कर्मचारी भर्ना र कार्यसम्पादनमा अभिवृद्धि ल्याउनु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ विधायन, लेखा, सुशासन लगायत विषयगत समिति तथा उप-समितिहरु गठन र कियाशील<br>➧ पालिका केन्द्र एवम् वडाहरुमा इण्टरनेट लगायत विद्युतीय उपकरणहरुको व्यवस्था भएको<br>➧ जनप्रतिनिधि एवम् कर्मचारीहरु क्षमता अभिवृद्धि तालिम वाट लाभान्वित | ➧ सेवा प्रवाहमा आधुनिक प्रविधिहरुको प्रयोगमा कमि र सेवा प्रवाह छिटो छरितो नहुनु<br>➧ प्राविधिक एवम् दक्ष जनशक्ति न्यून हुनु र कार्यसम्पादन मूल्याङ्कनलाई पुरस्कार र दण्डसँग नजोडिनु<br>➧ गैसस, विषयगत कार्यालय र सरोकारवालाहरुको क्षमता अभिवृद्धि नहुनु |

### ख) उद्देश्य

प्रभावकारी सँगठन संरचना निर्माण, संस्थागत क्षमता विकास र मानव संशाधनको कार्यदक्षता अभिवृद्धिवाट सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय एवम् प्रभावकारी गर्नु ।

### ग) रणनीतिहरु

१. मानव संसाधन बिकास सम्बन्धी स्थानीय नीति निर्माण गर्ने ।
२. संस्थागत संरचना चुस्त बनाउने ।
३. मानव संशाधन बिकास गर्ने ।

### घ) कार्यनीतिहरु

**रणनीति १ को मानव संसाधन बिकास सम्बन्धी स्थानीय नीति निर्माण अन्तर्गतको कार्यनीति**

१.१ मानव संशाधन बिकास सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।

१.२ संस्थागत विकास तथा सेवा प्रवाहलाई प्रभावकारी, गुणस्तरीय वनाउन नीति, कानुन, मापदण्डहरु निर्माण गरी कार्यान्वयन गरिनेछ ।

**रणनीति २ को संस्थागत संरचना चुस्त बनाउने अन्तर्गतका कार्यनीतिहरु**

२.१ बिषयगत समिति एवम् न्यायिक समितिको क्षमता बिकास गरी कार्यसम्पादन स्तरमा अभिबृद्धि ल्याइनेछ ।

२.२ सँगठन तथा व्यवस्थापन (O&M) सर्भे गरी नगरपालिकाको वडा स्तर सम्म आवश्यकतानुसारको नयाँ सँगठन संरचना तयार गरी लागु गरिने छ । पालिकामा लैङ्गिकमैत्री एवम् समावेशीताका आधारमा कर्मचारी दरबन्दी निर्धारण गरिनेछ ।

२.३ कार्यवोझ विश्लेषणको आधारमा जनशक्ति व्यवस्थापन गरी कार्य सम्पादनस्तरलाई चुस्त दुरुस्त बनाइनेछ र कार्यसम्पादन करार प्रणाली लागू गरी कार्य उपलब्धिका आधारमा कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गरिने प्रणाली अवलम्बन गरिनेछ ।

२.४ सेवा प्रवाहलाई गुणस्तरीय, न्यून समय लागत छिटो सेवा उपलव्ध बनाउन सम्भव भएका सेवा सुविधाहरु अनलाइन, वडा कार्यालय एवम् सेवा केन्द्रवाट उपलव्ध गराउदै वडा कार्यलयहरुलाई भौतिक श्रोत साधन सुविधायुक्त बनाइनेछ ।

२.५ सेवा प्रवाहसँग सम्वन्धित विषयगत शाखाहरुको आवश्यकतानुसार वडा स्तरसम्म पुनः संरचना गरिनेछ ।

**रणनीति ३ को मानव संशाधन बिकास अन्तर्गतका कार्यनीतिहरु**

३.१ तालिम, तथा अभिमुखीकरणवाट नगरपालिकाका जनप्रतिनिधि एवम् कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी निर्णय प्रक्रिया र सेवा प्रवाहमा प्रभावकारिता ल्याइनेछ ।

३.२ नगर कार्यपालिका तथा सभाका सवै समितिलाई कियाशील वनाई उत्तरदायित्व र जिम्मेवार संस्थाका रुपमा विकास गर्दै स्थानीय लोकतन्त्रलाई सुदृढ गरिने छ ।

३.३ नगरपालिका अन्तर्गत विद्यालय, विषयगत कार्यालय एवम् सरकारी कार्यालयहरुमा कार्यरत कर्मचारीहरुसँग कार्यसम्पादन सम्झौता गरिने छ र नियमित मूल्याङ्कनका मापदण्ड निर्धारण गरी मापदण्डका आधारमा उत्कृष्टलाई पुरस्कृत गर्ने अभ्यासको थालनी गरिनेछ ।

३.४ नगरपालिका अन्तर्गत सहकारी, गैसस, नागरिक समाज, सामुदायिक संस्था, निजी क्षेत्रमा कार्यरत कर्मचारीहरुलाई तालिम, अभिमुखीकरण मार्फत क्षमता अभिवृद्धि गरी दक्ष, सवल, सक्षम जनशक्ति बिकास गरिनेछ ।

३.५ जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि गर्ने र महिला तथा दलित वडा सदस्यको क्षमता बिकासमा जोड दिइनेछ ।

३.६ नगरपालिकाका कार्यक्रमहरुमा लक्षित समूहको प्रतिनिधित्वलाई सुनिश्चित गरिने छ र क्षमता बिकास कार्यक्रमहरुमा सहभागी छनौट गर्दा महिला, दलित, जनजाति र अपाङ्ता भएका व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

३.७ कर्मचारीहरुको वृत्ति विकासको सुनिश्चित गरिनेछ । यसका लागि आवश्यकताका आधारमा उच्च शिक्षा हासिल, राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका तालिम, सेमिनारहरुमा सहभागि गराइनेछ ।

३.८ कार्यसम्पादन मूल्याङ्कनका आधारमा उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई पुरस्कृत गरिनेछ र निर्धारित आधार भन्दा पनि न्यून सम्पादन भएका कर्मचारीहरुलाई दण्ड, सजाय गरिने छ । यसका लागि कार्यसम्पादन कार्यविधि निर्माण गरिनेछ ।

## ङ) तर्कवद्ध खाका

**तालिका : ६३**
**५.३ मानव संशाधन तथा संस्थागत विकास**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७७/७८ सम्म | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०८०/८१ | २०८२/८३ | | |
| असर | पालिकाको सेवा प्रवाहवाट सन्तुष्ट अनुभूति गर्ने सेवाग्राही | प्रतिशत | ७३ | ८० | ८५ | ९९ | पालिकाको वार्षिक प्रगति प्रतिवेदन | संस्थागत संरचना प्रभावकारी भएको हुने |
| प्रतिफलहरु | पालिकामा कार्यरत जनशक्ति | संख्या | १३८ | १४५ | १६० | २०० | पालिकाको वार्षिक प्रगति प्रतिवेदन | संस्थागत संरचना प्रभावकारी भएको हुने |
| | पालिकामा कार्यरत प्राविधिक जनशक्ति | संख्या | ७६ | ८० | ८५ | ९५ | | |
| | प्रति एक सेवाग्राहीलाई सेवा प्रवाह गर्न लाग्ने औषत समय | घण्टा | १:५० | १:४५ | १.३० | १:० | | |
| | क्षमता विकास कार्यक्रमवाट लाभान्वित जनप्रतिनिधि, पदाधिकारी, सरोकारवाला, संघसंस्था, गैसस, कर्मचारी | संख्या | २५ | ४० | ६० | १०० | | |
| | कार्यसम्पादन करारगरिएको तथा कार्य विवरण दिई कार्यसम्पादन गर्ने कर्मचारी | संख्या | ६० | ७० | ८० | १०० | | |
| | पालिका केन्द्र तथा वडा कार्यालयको आफ्नै | संख्या | २ | ५ | १२ | १२ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | भवन | | | | | | | |

| **कियाकलाप तथा कार्यक्रम** | **बजेट रु.** |
|---|---|
| १. कार्यवोभ्क र सँगठन र व्यवस्थापन (O&M) सर्भे कार्यक्रम ।<br>२. साधन सम्पन्न वडा कार्यालय निर्माण ।<br>३. न्यायिक समिति लगायत बिषयगत समितिहरुको क्षमता बिकास कार्यक्रम ।<br>४. मानव संशाधन बिकास कार्यक्रम । | **२२ करोड ७३ लाख २७ हजार** |

## ९.५.४ योजना व्यवस्थापन

### क) योजना व्यवस्थापनको सम्भावना, चुनौति, सवल र कमजोर पक्षहरु

पालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवम् पालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**तालिका : ६४**
**योजना व्यवस्थापना क्षेत्र : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु**

| **सम्भावना तथा अवसरहरु** | **समस्या तथा चुनौतिहरु** |
|---|---|
| ➧ योजना तर्जुमामा स्थानीय सरोकारबाला, निकाय, गैसस, सामुदायिक संस्था र नागरिक समाजहरुको सहभागिता<br>➧ आयोजनाहरु कार्यान्वयनमा उपभोक्ता समितिको सहभागिता हुने गरेको | ➧ आयोजनाहरुमा गुणस्तरीयता कायम राख्दै निर्धारित समयमै सम्पन्न गर्नु<br>➧ आयोजनाहरुको दिगोपना, मर्मत सम्भार र स्थानीयहरुको अपनत्व श्रृजना गर्नु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ वार्षिक नीति तथा कार्यक्रमहरु कार्यान्वयन हुँदै आएको<br>➧ सहभागितामूलक ढङ्गवाट आयोजनाहरुको अनुगमन<br>➧ आयोजनाहरुको वार्षिक समीक्षा हुने गरेको<br>➧ आवधिक योजना, नगर गौरव आयोजना, मध्यमकालीन खर्च संरचना र राजस्व सुधार योजना तर्जुमा हुँदै | ➧ कृषि, पर्यटन, यातायात, वातावरण जस्ता अग्रणी क्षेत्रहरुको दीर्घकालीन गुरुयोजना तर्जुमा नभएको<br>➧ आयोजनाहरुको दिगोपना तथा मर्मत सम्भारका लागि लाभान्वितवाट उपभोग शुल्क सङ्कलन हुने नगरेको<br>➧ नतिजामा आधारित अनुगमन मूल्याङ्कन अभ्यास नहुनु |

### ख) उद्देश्य

स्थानीय जनसहभागिता र सरोकारवालाहरुको सहभागितामा पालिकाका योजनाहरुको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनवाट प्रभावकारी रुपमा योजना व्यवस्थापन गर्नु ।

### ग) रणनीतिहरु

१. योजना व्यवस्थापन सम्बन्धी स्थानीय नीति निर्माण ।
२. योजना तर्जुमा सहभागिता ।
३. योजना कार्यान्वयनमा प्रभावकारीता ।

**घ) कार्यनीतिहरु**

**रणनीति १ को योजना व्यवस्थापन सम्बन्धी स्थानीय नीति निर्माण अन्तर्गतको कार्यनीति**

१.१ योजना व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।

**रणनीति २ को योजना तर्जुमा सहभागिता अन्तर्गतका कार्यनीतिहरु**

२.१ स्थानीय सरोकारबालाहरुको सहभागितामा आवधिक नगरबिकास योजना तर्जुमा गरिने छ । आवधिक योजनाको कार्यान्वयनका लागि वार्षिक कार्ययोजना वनाइनेछ ।

२.२ आवधिक नगर बिकास योजना, मध्यमकालीन खर्च संरचना र बार्षिक योजना बीच तादत्म्यता स्थापित गरिनेछ र आवधिक योजनाले लिएका लक्ष्य, उद्देश्य, रणनीतिहरु कार्यान्वयन गर्न बार्षिक योजनालाई प्रभावकारी वनाइनेछ ।

२.३ आवश्यकताका आधारमा सरोकारबालाहरुको वृहत सहभागितामा विषयक्षेत्रगत गुरुयोजनाहरु बनाई कार्यान्वयनमा ल्याइनेछ ।

२.४ सहभागितामुलक र समावेशी योजना तर्जुमाका निर्दिष्ट चरण र प्रक्रिया अवलम्वन गर्दै वस्ति स्तरवाटै वार्षिक योजना तर्जुमा गरिने छ र विपन्न, दलित, जनजाति र महिलालाई प्राथमिकता दिदै अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।

२.५ उपभोक्ता समितिमा लक्षित वर्गहरुको सहभागितालाई अर्थपूर्ण वनाउन प्रोत्साहन गरिनेछ ।

**रणनीति ३ को योजना कार्यान्वयनमा प्रभावकारीता अन्तर्गतका कार्यनीतिहरु**

३.१ नगरपालिकाका आयोजनाहरुको लागत अनुमान स्वीकृती र सम्भाव्यता अनुमान सहित आयोजना बैंकमा समावेश गर्दै बजेट विनियोजन गरी कार्यान्वयन गरिनेछ ।

३.२ नगरसभाबाट स्वीकृत योजनाको कार्यान्वयन योजना (Calender of Operation) अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराई जिम्मेबारी तालिका समेत तोकी कार्यान्वयनमा ल्याइनेछ ।

३.३ योजनाहरु कार्यान्वयनमा उपभोक्ता समूहको लागत सहभागितामा सम्पन्न गर्दै आयोजनको मर्मत सम्भार र दिगोपनमा अपनत्व श्रृजना गराइनेछ ।

३.४ आयोजनाको प्रभावकारी अनुगमन तथा मूल्याङ्कनका लागि लैङ्गिक तथा समावेशी संयन्त्र एवम् बिषयक्षेत्रगत सूचक निर्धारण गरी सूचकका आधारमा नियमित अनुगमन गरिनेछ ।

३.५ उपभोक्ता समितिमा महिलाहरुको सहभागितालाई अर्थपूर्ण गराउन योजना तर्जुमा सम्बन्धी क्षमता बिकास मार्फत सशक्तीकरण गरिनेछ ।

३.६ नगरपालिका अन्तर्गतका क्षेत्रमा विद्यमान विकास साझेदार, गैर सरकारी संघ संस्था, नागरिक समाज, सामुदायिक संस्थाहरु परिचालनका लागि कार्यविधि तर्जुमा गदै बिकास आयोजनाहरुको कार्यान्वयनमा सहकार्य गरिनेछ ।

३.७ योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी रुपमा परिचालनका लागि पालिकामा योजना शाखा स्थापना गरी साधन सम्पन्न वनाइनेछ ।

**ङ) तर्कवद्ध खाका**

**तालिका/ग्राफचित्र : ६५**
**५.४ योजना व्यवस्थापन**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७७/७८ | लक्ष्य परिमाण | | | सूचनाको श्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०८०/८१ | २०८२/८३ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | **सम्म** | | | | | |
| **असर** | नतिजामूलक अनुगमन र मूल्याङ्कन भएका योजना | संख्या | ० | ५ | १० | १५ | पालिकाको वार्षिक प्रतिवेदन तथा अभिलेख | गैसस, तथा नागरिक समाजसँग सहकार्य भएको हुने |
| **प्रतिफलहरु** | तर्जुमा भएका विषय क्षेत्रगत गुरुयोजना ( कृषि, पर्यटन, यातायात गुरुयोजना .....) | संख्या | ० | ५ | १० | १५ | पालिकाको वार्षिक प्रतिवेदन तथा अभिलेख | सामुदायिक संस्था गैसस, तथा नागरिक समाजसँग सहकार्य भएको हुने |
| | श्रोत नक्शा सहित खण्डीकृत वस्तुगत विवरण तयारी तथा अद्यावधिक भएको विषयक्षेत्रगत | संख्या | ० | १ | ३ | ५ | | |
| | कार्यान्वयन भएका स्थानीय गौरब आयोजनाहरु | संख्या | ० | २ | ५ | १० | | |
| | वार्षिक नीति कार्यक्रममा आर्थिक बिकास तथा आयमुलक क्षेत्रमा लगानी | प्रतिशत | १५ | १६ | १८ | २५ | | |
| | कूल आयोजना मध्ये उपभोक्ता समितिवाट कार्यान्वयन भएका आयोजना | प्रतिशत | ९१ | ९१ | ९० | ८५ | | |
| | निर्धारित समयमा सम्पन्न आयोजना/ कार्यक्रमहरु | प्रतिशत | ८० | ८५ | ९० | ९५ | | |
| | आयोजना/कार्यक्रमको अनुगमन प्रतिवेदन संख्या (पटके, मासिक, चौमासिक, वार्षिक) | संख्या | १ | १ | २ | ३ | | |
| | सहभागितामुलक योजना तर्जुमा तथा अनुगमन प्रक्रियामा लक्षित वर्ग/ समुदायको प्रतिनिधित्व | संख्या | ३३ | ३३ | ३५ | ४० | | |
| | पालिकावाट प्रकाशित दस्तावेज र प्रतिवेदन | संख्या | १० | १२ | १५ | २५ | | |
| **क्रियाकलाप तथा कार्यक्रम** | | | | | | | **बजेट रु.** | |

| | |
|---|---|
| १. प्राविधिक जनशक्ति व्यवस्था ।<br>२. डिपिआर एवम् आयोजना वैंक तयारी ।<br>३. विषयगत क्षेत्रको गुरुयोजना निर्माण ।<br>४. योजना शाखाको व्यवस्था ।<br>५. आयोजनाहरुको अनुगमन र मूल्याङ्कन प्रणाली स्थापना ।<br>६. समीक्षा र प्रतिवेदन । | **११ करोड ३६ लाख ६३ हजार** |

# परिच्छेद - १०
# नगर गौरव आयोजना

## १०.१ पृष्ठभूमि
गौरव आयोजना छनौट गर्ने र सोही अनुसार कार्यान्वयन गर्ने अभ्यास स्थानीय तहका लागि नयाँ हो । केन्द्र सरकारले जस्तै गौरवका आयोजनाहरु छनौट गरी कार्यान्वयन गर्ने अभ्यास स्थानीय तहहरुले पनि आरम्भ गरेका छन् । राष्ट्रिय स्तरमा आर्थिक वर्ष २०६८/६९ देखि यसको प्रारम्भ भएको थियो । शुरुमा १७ वटा विभिन्न आयोजनाहरुलाई राष्ट्रिय गौरवका आयोजनाहरुमा छनौट गरिए । सो पश्चात विभिन्न आयोजनाहरु थप हुदै आर्थिक वर्ष २०७७/७८ मा हाल २६ वटा राष्ट्रिय गौरवका आयोजनाहरु केन्द्रीय सरकारवाट कार्यान्वयनमा रहेका छन् । प्रभाव तहमा यसको परिणाम एकिन भइ नसकेपनि मुख्यत, गौरव आयोजनाहरुवाट आर्थिक, सामाजिक, साँस्कृतिक एवम् वातावरणीय दृष्टिले महत्व राख्ने, गुणस्तरीय जीवन एवम् साझा पहिचानमा सकारात्मक अभिवृद्धि ल्याउने विश्वास गरिन्छ । सामान्यतया, यस्ता आयोजनाहरु वहुउद्देश्यीय, वहुवर्षीय तथा वहुपक्षीय हुने हुन्छन् । लगानी, सहकार्य एवम् साझेदारीका आधारमा त्यस्ता आयोजनाहरु वार्षिक कार्यक्रमहरु भन्दा फरक र महत्वकांक्षी पनि हुन्छन् तापनि अन्तर सम्वन्धित एवम् आपसमा तादात्म्यता हुन्छन् । आयोजनाको प्रकृतिको अनुसार आयोजना कार्यान्वयनका लागि पालिकाका विद्यमान ऐन, नियम तथा मापदण्डहरु उपयुक्त नहुन पनि सक्छन् ।

खाँदवारी नगरपालिकाले छनौट गरेका देहायका गौरव आयोजनाको सम्वन्ध वार्षिक कार्यक्रमहरुसँग भएपनि वार्षिक कार्यक्रममा बिषयक्षेत्रगत रुपमा समावेस गरिएको छैन । यस्ता आयोजनाहरुलाई संघ, प्रदेश, निजीक्षेत्र, सहकारी वा अन्य बिकास साझेदारहरु समेतको साझेदारी वा सहलगानीको माध्यमबाट सञ्चालन हुनेछन् ।

## १०.२ आयोजना छनौटका आधार
नगर गौरव आयोजना छनौटका आधारहरु देहाय वमोजिम निर्धारण गरिएको छ ।

- आयोजनाको वहुआयामिक प्रभाव (आर्थिक, सामाजिक, साँस्कृतिक)
- पूँजी लगानी (न्यूनतम रु.१० करोड)
- आयोजना सम्पन्न हुन लाग्ने समयावधि (न्यूनतम ५ वर्ष)
- आयोजनाको भौगोलिक सम्वन्धीकरण (अन्तरपालिका, जिल्ला तथा क्षेत्र)
- आयोजनाको प्राथमिकता
- परिवर्तनको सम्वाहक

उपरोक्त पक्षहरुलाई मध्यनजर राख्दै पालिकाको गौरव आयोजना छनौट भएको छ । सामान्यतया, गौरव आयोजनाहरु वहुवर्षीय हुने, आयोजनामा वहुपक्षको सहयोग, लगानी तथा साझेदारी हुने भएकाले वार्षिक कार्यक्रम तथा आयोजनाहरु भन्दा फरक हुन्छन् । पालिकाको विद्यमान ऐन, नियम तथा मापदण्डवाट यसको कार्यान्वयन तथा व्यवस्थापन प्रभावकारी नभई यसका लागि एक अलग्गै मापदण्ड निमार्ण गर्नुपर्ने हुन सक्छ ।

## १०.३ नगर गौरवका आयोजना

खाँदवारी नगरपालिकाले नगर गौरव आयोजनाहरु निर्धारण गरेको छ । छनौट भएका आयोजनाहरु मुलत भौतिक पूर्वाधार निर्माण, पर्यटन प्रवर्द्धन, उत्पादन वृद्धि र रोजगारी श्रृजना गरी चार क्षेत्रमा केन्द्रीत छन् । यसवाट पालिका क्षेत्रभित्रको आन्तरिक विकास तथा अन्तरपालिका सडक सञ्जालवाट पालिकाको आर्थिक विकास एवम् प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास पालिकाले लिइएको छ । साथसाथै पालिका क्षेत्रभित्र उत्पादित वस्तुहरुको वजार विस्तार र सम्वन्धीकरणमा समेत विकास हुने कुरामा जोड दिइएको छ ।

देहाय वमोजिमका गौरवका योजनाहरु खाँदवारी नगरपालिकाले संघ, प्रदेश तथा निजी क्षेत्रहरुसँगको सहकार्य, साझदारी तथा समन्वयमा कार्यान्वयन गर्ने नीति अवलम्वन गरेको छ । योजनाको प्रकृति, आवश्यकता, लागत पक्ष र नागरिकहरुको मागलाई मध्ये नजर राख्दै आन्तरिक ऋण तथा विकास साझेदारहरुसँग पनि हातेमालो गरी आयोजनाहरु कार्यान्वयन गर्नेछ ।

### क) भौतिक पूवार्धार तर्फ

१. नगर चक्रपथ : तुम्लिङ्टार देखि चेवावेसी -पालिङ्गटार- सिम्ले- आङला- छ्याङ्गकुटी- रयालेडाँडा- पांठा- हिंगुवा- वडेरेनी- तुम्लिङ्टार सम्म ( लम्बाइ ८० कि.मि. चौडाई २० मि.

२. लिङ्क रोड : नगर कार्यालयबाट वडा कार्यालयहरु जोड्ने लिङ्क सडक स्तरनोन्नती वडा नम्वर २, ५, ६, १०, ११ र ११ (लम्बाइ ५० कि.मि. चौडाइ १५ मि.

३ लिङ्क रोड : खाँदबारी कल्छेवेसी पांठा सडक (लम्बाइ १० कि.मि. चौडाइ १५ मि.

४. सडक निर्माण : खाँदबारी वडेरेनी सडक (लम्बाइ ६ कि.मि. चौडाइ १५ मि.

५. सडक निर्माण : खाँदबारी देखि पिप्ले- अर्चले- रयाले सम्म (लम्बाइ ८ कि.मि. चौडाइ १० मि.

६. सडक निर्माण : खाँदबारी देखि राम्चे- लेब्राङ्ग सम्म (लम्बाइ ८ कि.मि. चौडाइ १५ मि.

७. सडक निर्माण : चारवर पिपल देखि चेवावेसी सम्म (लम्बाइ ६ कि.मि. चौडाइ १५ मि.

८. सडक निर्माण : चेवापानी ट्याङ्की देखि सिरिसे- वाघखोर- वतासे- चापावोटे सम्म (लम्बाइ १० कि.मि. चौडाइ १५ मि.

९. सडक निर्माण : भेडेटार देखि पिप्ले- खोरेण्डे- चेवा चारवर सम्म (लम्बाइ १२ कि.मि. चौडाइ १० मि.

### ख) पर्यटन प्रवर्द्धन

१०. मनकामना धाम एकीकृत पर्यटन पूर्वाधार आयोजना

११. सांस्कृतिक धाम त्रिवेणी

१२. ढोलबाजे नेचुरल पार्क निर्माण

१३. योगमाया आयुर्वेद विश्व विद्यालय

१४. वहु सांस्कृतिक सङ्ग्रहालय, तथा अध्ययन अनुसन्धान केन्द्र

१५. साहसिक पर्यटन वडा नम्वर ४ र ५ डाँढेभीर र रमिते

१६. अरुणथान रमिते हरेलो गुफाथान छ्याङ्गकुटी थालेडाडा साहसिक पर्यटकिय पदमार्ग

१७. जल पर्यटन चतरा, त्रिवेणीधाम, मनकामना धाम, हेलुवावेसी (र्‍याप्टीङ्ग रिभरपार्क)

### ग) उत्पादन/ आर्थिक वृद्धि/ रोजगारी श्रृजना

१८. तरकारी जोन विकास कार्यक्रम : वडा नम्वर ४ मा स्थानीयहरुको सहभागितामा जैविक तरकारी जोन विकास कार्यक्रम

१९. फलफुन जोन विकास कार्यक्रम : वडा नम्वर ४ मा अमिलो जातको फलफुल जोन विकास कार्यक्रम र वडा नम्वर ५ पकेट क्षेत्र विकास कार्यक्रम
२०. ऊखु पकेट क्षेत्र विकास कार्यक्रम
२१. व्यवसायिक पशुपंक्षी पालन (दुग्ध, मासु प्रशोधन आयोजना)

**घ) औद्यौगिक ग्राम विकास**

२२. वेयर हाउस तथा कोल्ड स्टोर निर्माण

**ङ) अन्य संरचना निर्माण**

२३. ल्याण्ड पुलिङ आयोजना (तुम्लिङ्टार)
२४. खाँदबारी वहुउद्देश्यीय वसपार्क आयोजना
२५. एकीकृत बजार व्यवस्थापन आयोजना
२६. वहुउद्देश्यीय खेलग्राम आयोजना
२७. वहुउद्देश्यीय विद्यालय

## १०.४ लागत अनुमान

खाँदवारी नगरपालिकाले रु.११ अर्व ६९ करोडको विभिन्न २७ वटा योजनाहरु आगामी वर्षहरुमा कार्यान्वयन गर्न अनुमानित लागत देहाय वमोजिम अनुमान गरिएको छ । योजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वयनमा लगिनेछ । यसैगरी आयोजनाहरुको इन्जिनियरिङ् डिजाइन, प्रारम्भिक वातावरण परीक्षण तथा वातावरण प्रभाव मूल्याङ्कन, लागत लाभ विश्लेषण जस्ता आर्थिक तथा वित्तीय विश्लेषण समेत गरिनेछ । उपरोक्त सवैकार्यका लागि देहाय वमोजिम लागत अनुमान गरिएको छ । लागत अनुमान विस्तृत परियोजना प्रतिवेदनसँग फरक पर्न सक्छ ।

**तालिका - ६६**
**नगर गौरव आयोजना विवरण**

| सि. नं. | आयोजना | अनुमानित लागत रु. | सम्भावित श्रोत |
|---|---|---|---|
| १. | नगर चक्रपथ : तुम्लिङ्टार देखि चेवावेसी - पालिङ्टार- सिम्ले- आङला- छ्याङ्गकुटी- रयालेडाँडा- पांठा- हिंगुवा- वडेरेनी- तुम्लिङ्टार सम्म ( लम्बाइ ८० कि.मि. चौडाई २० मि. | २ अर्व | संघको सशर्त अनुदान |
| २. | लिङ्क रोड : नगर कार्यालयबाट वडा कार्यालयहरु जोड्ने लिङ्क सडक स्तरनोन्नती वडा नं. २, ५, ६, १०, ११ र ११ (लम्बाइ ५० कि.मि. चौडाइ १५ मि. | ६० करोड | संघको सशर्त अनुदान को |
| ३ | लिङ्क रोड : खाँदबारी कल्छेवेसी पांठा सडक ( लम्बाइ १० कि.मि. चौडाइ १५ मि. | २० करोड | संघको सशर्त अनुदान |
| ४. | सडक निर्माण : खाँदबारी वडेरेनी सडक (लम्बाइ ६ कि.मि. चौडाइ १५ मि. | १० करोड | प्रदेश सरकारको सशर्त अनुदान |
| ५. | सडक निर्माण : खाँदबारी देखि पिप्ले- अर्चले- रयाले सम्म (लम्बाइ ८ कि.मि. चौडाइ १० मि. | १० करोड | प्रदेश सरकारको सशर्त अनुदान |
| ६. | सडक निर्माण : खाँदबारी देखि राम्चे- लेब्राङ्ग सम्म (लम्बाइ ८ कि.मि. चौडाइ १५ मि. | १० करोड | प्रदेश सरकारको सशर्त अनुदान |

| | | | |
|---|---|---|---|
| ७. | सडक निर्माण : चारवर पिपल देखि चेवावेसी सम्म (लम्बाइ ६ कि.मि. चौडाइ १५ मि. | ७ करोड | प्रदेश सरकारको सशर्त अनुदान |
| ८. | सडक निर्माण : चेवापानी ट्याङ्की देखि सिरिसे- वाघखोर- वतासे- चापावोटे सम्म (लम्बाइ १० कि.मि. चौडाइ १५ मि. | १२ करोड | संघको सशर्त अनुदान |
| ९. | सडक निर्माण : भेडेटार देखि पिप्ले- खोरेण्डे- चेवा चारवर सम्म (लम्बाइ १२ कि.मि. चौडाइ १० मि. | १५ करोड | संघको सशर्त अनुदान |
| १०. | मनकामना धाम एकीकृत पर्यटन पूर्वाधार आयोजना | १ अर्व | निजी क्षेत्र : निर्माण, सञ्चालन र हस्तान्तर अवधारणा अनुसार |
| ११. | सांस्कृतिक धाम त्रिवेणी | १ अर्व | निजी क्षेत्र : निर्माण, सञ्चालन र हस्तान्तर अवधारणा अनुसार |
| १२. | ढोलबाजे नेचुरल पार्क निर्माण | ५० करोड | निजी क्षेत्र : निर्माण, सञ्चालन र हस्तान्तर अवधारणा अनुसार |
| १३. | योगमाया आयुर्वेद विश्व विद्यालय | १० करोड | संघ : सशर्त अनुदान |
| १४. | वहु सांस्कृतिक सङ्ग्रहालय, तथा अध्ययन अनुसन्धान केन्द्र | ५० करोड | प्रदेश सरकार सशर्त अनुदान |
| १५. | साहसिक पर्यटन वडा नम्वर ४ र ५ डाँढेभीर र रमिते | २५ करोड | निजी क्षेत्र : निर्माण, सञ्चालन र हस्तान्तर अवधारणा अनुसार |
| १६. | अरुणथान रमिते हरेलो गुफाथान छ्याङ्गकुटी थालेडाडा साहसिक पर्यटकिय पदमार्ग | २० करोड | निजी क्षेत्र : निर्माण, सञ्चालन र हस्तान्तर अवधारणा अनुसार |
| १७. | जल पर्यटन चतरा, त्रिवेणीधाम, मनकामना धाम, हेलुवावेसी (र्याप्टीङ्ग रिभरपार्क) | १ अर्व | निजी क्षेत्र : निर्माण, सञ्चालन र हस्तान्तर अवधारणा अनुसार |
| १८. | तरकारी जोन विकास कार्यक्रम : वडा नं. ४ मा स्थानीयहरुको सहभागितामा जैविक तरकारी जोन विकास कार्यक्रम | १५ करोड | नगरपालिका र सहयोगी संस्था |
| १९. | फलफुन जोन विकास कार्यक्रम : वडा नम्वर ४ मा अमिलो जातको फलफुल जोन विकास कार्यक्रम र वडा नम्वर ५ पकेट क्षेत्र विकास कार्यक्रम | १५ करोड | नगरपालिका र सहयोगी संस्था |
| २०. | ऊखु पकेट क्षेत्र विकास कार्यक्रम | १० करोड | नगरपालिका र सहयोगी संस्था |
| २१. | व्यवसायिक पशुपंक्षी पालन (दुग्ध, मासु प्रशोधन आयोजना) | ५० करोड | निजी क्षेत्र : निर्माण, सञ्चालन र हस्तान्तर अवधारणा अनुसार |
| २२. | वेयर हाउस तथा कोल्ड स्टोर निर्माण | १० करोड | निजी क्षेत्र : निर्माण, सञ्चालन र हस्तान्तर अवधारणा अनुसार |
| २३. | ल्याण्ड पुलिङ्ग आयोजना (तुम्लिङ्टार) | १ अर्व | संघ र नगरपालिका |
| २४. | खाँदबारी वहुउद्देश्यीय वसपार्क आयोजना | ५० करोड | निजी क्षेत्र : निर्माण, सञ्चालन र हस्तान्तर अवधारणा |
| २५. | एकीकृत बजार व्यवस्थापन आयोजना | १० करोड | प्रदेश सरकार र नगरपालिका |
| २६. | वहुउद्देश्यीय खेलग्राम आयोजना | ७५ करोड | नगरपालिका र सहयोगी संस्था |
| २७. | वहुउद्देश्यीय विद्यालय | २० करोड | नगरपालिका र सहयोगी संस्था |
| | **जम्मा लागत रकम रु.** | **११ अर्व ६९ करोड** | |

# खण्ड - दुई :

# राजस्व सुधार कार्ययोजना तथा वित्तीय व्यवस्था

# परिच्छेद ११
# राजस्व सुधार कार्ययोजना

## ११.१ पृष्ठभूमि

स्थानीय सरकारलाई संविधानद्वारा प्रदान गरिएको कार्य जिम्मेवारी पूरा गर्न आवश्यक पर्ने श्रोत साधनको परिपूर्तिका लागि संघ तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान दिन सक्ने व्यबस्था छ । संघ तथा प्रदेश सरकारबाट प्रदान गरिने यस्तो अनुदानले मात्र स्थानीय तहको खर्च आवश्यकता पूरा गर्न सम्भव नहुने र राज्य शक्तिको बाँडफाँड गर्दा राज्यको राजस्व अधिकारको समेत तहगत सरकार बीच शक्तिको बाँडफाँड गरिएको हुँदा संघीय वित्त व्यबस्थाका मान्यता अनुसार स्थानीय तहलाई विभिन्न कर तथा गैरकरहरु लगाउने र उठाउने गरी राजस्व अधिकार छ । यस बाहेक स्थानीय तहले संविधान र संघीय कानुन बमोजिम नेपाल सरकारको पूर्व स्वीकृतिमा ऋण लिन सक्ने कानुनी व्यबस्था समेत भएको छ ।

स्थानीय तहको राजस्व अधिकारका सम्भावनाहरुको खोजी गर्ने, सम्भाव्य क्षेत्रको राजस्व परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानुनी र व्यबस्थापकीय सुधारका उपायहरु पहिचान गरी कार्यान्वयनमा ल्याउने र ती सबै प्रयासका आधारमा आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि राजस्व सुधार कार्ययोजनाको खाँचो देखिन्छ । स्थानीय सरकारको वढ्दो खर्च धान्न र उनीहरुको सामर्थ्य वृद्धि गर्नका लागि पनि स्थानीय तहहरुको आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि गर्नुपर्ने आवश्यकता अपरिहार्य भएको छ ।

कार्ययोजनाको खाका तयार गर्दा नेपाल सरकार र प्रदेश सरकारको वित्तीय नीति कार्यक्रम, लक्ष्य, उद्देश्यका साथै संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ मा व्यवस्था गरिएको वित्तीय अधिकार क्षेत्र र खाँदवारी नगरपालिकाको राजस्व नीति, यथार्थ राजस्व सङ्कलन र चालु आर्थिक वर्षको अनुमानलाई आधार बनाई बिश्लेषणको गरिएको छ । राजस्व सुधार कार्ययोजनाको खाका तर्जुमा गर्दा वित्तीय विकेन्द्रीकरण, वित्तीय सुशासन, प्रगतिशील कर प्रणालीको पृष्ठभूमिमा राजस्वको क्षेत्र तथा दायरालाई फराकिलो पार्दै न्यून कर दररेटमा जोड दिइएको छ ।

## ११.२ राजस्व सुधार कार्ययोजना र आधारभूत पक्ष

राजस्व क्षमता सुधार तथा राजस्व अभिवृद्धिका लागि पालिकाको अवस्था बिश्लेषण गर्दा वित्तीय विकेन्द्रीकरण एवं राजस्व प्रणाली सम्बन्धी देहायका आधारभूत पक्षहरु मनन गरिएको छ । यस अन्तर्गतका आधारभूत पक्षहरुमा राजस्व आधार र करदरलाई नीतिगत पक्षको रुपमा लिइएको छ भने दायरा, मूल्याङ्कन मापदण्ड र सङकलन प्रणालीलाई नीतिगत तथा प्रशासनिक पक्षको रुपमा लिइएको छ ।

- **राजस्वको आधार** (Tax Base) : सामान्यतया राजस्व आधारको रुपमा सम्पत्ति, आम्दानी र वस्तु वा सेवा क्षेत्रलाई लिइन्छ । प्रचलित कानुन अर्न्तगत स्थानीय तहलाई सम्पत्ति, आम्दानी र वस्तु वा सेवा क्षेत्रमा कर तथा गैर कर राजस्वका के कस्ता आधारहरु प्रदान गरिएको छ भन्ने कुरा प्रमुख रहन्छ । यसै पृष्ठभूमिमा पालिकाले आन्तरिक श्रोत परिचालनका लागि के कस्तो आधारमा कर तथा गैरकर राजस्व सङ्कलन गरिरहेको छ भन्ने कुराको समीक्षा तथा समयसापेक्ष विश्लेषण गरी राजस्व क्षेत्र बिस्तारका लागि थप राजस्व श्रोतहरु पहिचान गरिन्छ ।

- **करदर** (Tax Rates) : यस अन्तर्गत कर तथा गैरकर राजस्व दरहरुको समीक्षा र करका दरहरुमा आवश्यक परिमार्जन गर्दै कर प्रणालीलाई वैज्ञानिक, व्यवहारिक वनाइने छ । यसका लागि आय वा सम्पत्तिको आधारमा प्रगतिशील, अनुदार तथा सम करदर उपयुक्तताका आधारमा निर्धारण गर्ने गरिन्छ ।
- **करको दायरा** (Ratio of Coverage) : यस अन्तर्गत विद्यमान कर प्रणालीमा आवद्ध वा करको दायरामा रहेका करदाता र वाहिर रहेका करदाताहरुको अनुपातको वस्तुनिष्ठ विश्लेषण गर्दै नसमेटिएका वा वाहिर रहेका करदाताहरुलाई समेत करको दायरामा ल्याउने विविध विधिहरु पहिचान गर्ने गरिन्छ ।
- **करयोग्य सम्पत्तिको मूल्याङ्कन** (Valuation Ratio) : यस अन्तर्गत कर राजस्वको प्रमुख आधार सम्पत्ति (अचल सम्पत्ति बिशेषत जमिन र भौतिक संरचना) को वैज्ञानिक बिधिबाट वर्गीकरण र मूल्याङ्कन गरी सोही आधारमा राजस्व सङ्कलन गर्ने गर्ने गरिन्छ । नेपालको सन्दर्भमा स्थानीय तहको क्षेत्राधिकार भित्र रहेको सम्पत्तिकर प्रयोजनको लागि जमिन तथा भौतिक संरचनाहरुको प्रचलित कानुन बमोजिम वैज्ञानिक र समयसापेक्ष रुपमा वर्गीकरण र मूल्याङ्कनको आधार अनि मापदण्ड निर्माण गरी सोही आधारमा राजस्व सङ्कलन गर्ने बिधिहरु पहिचान हुनेछ ।
- **राजस्व प्रशासन तथा सङ्कलन** (Ratio of Collection) : यस अन्तर्गत राजस्व प्रशासन तथा सङ्कलन प्रणालीलाई करदातामैत्री तथा प्रविधिमैत्री बनाउन संस्थागत संरचना, मानव संशाधन, सङ्कलन प्रणाली, सूचना प्रविधि तथा अन्य बिकल्पहरुको प्रयोग जस्ता पक्षहरुको समीक्षा गर्दै राजस्व सङ्कलन प्रणालीलाई करदातामैत्री र प्रविधिमैत्री बनाउन उपयुक्त बिकल्पहरुको विश्लेषण गर्ने गरिन्छ ।

## ११.३. आन्तरिक राजस्व परिचालन र वर्तमान अवस्था बिश्लेषण

### क) कर तथा गैरकर राजस्व आधार र दररेट

कर तथा गैरकरको आधार र दररेटको सन्दर्भमा हेर्दा नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन लगायतका प्रचलित कानुन अनुसार सम्पत्तिमा लाग्ने करको हकमा अचल सम्पत्ति (जमिन र जमिनमा वनेको भौतिक संरचना) मा सम्पत्ति कर, आयमा लाग्ने करको हकमा घरवहाल कर, स्थानीय स्तरमा हुने कारोवारको हकमा व्यवसाय दर्ता नवीकरण दस्तुर र व्यवसाय कर लगाउन सकिने व्यवस्था छ भने गैरकर राजस्व अन्तर्गत पालिकाबाट बिकास गरिएको सेवा तथा वस्तु, प्रवाह गरिने सेवाहरुमा सेवा शुल्क, दस्तुर र महसुल लगाउन उठाउन सकिने प्रावधान छ । करदरको हकमा स्थानीय परिवेशको आधारमा सम्बन्धित पालिकाले आर्थिक ऐन मार्फत दररेट निर्धारण गर्न सकिने व्यवस्था छ । खाँदवारी नगरपालिकाले कर आधार र करदररेट सम्बन्धमा गरेको अभ्यासलाई आधार निम्न बमोजिमको देखिन्छ ।

**तालिका नं. ६७**
**कर तथा गैरकर राजस्व आधार तथा दररेट**

| राजस्व सम्बन्धी कानुनी व्यवस्था | पालिकाले अभ्यास गरेको राजस्व आधार | दररेट रु.(आर्थिक ऐन २०७७/७८ अनुसार) | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| सम्पत्ति कर वा घरजग्गा कर (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५) | एकीकृत सम्पत्ति कर | एकीकृत सम्पत्ति कर :<br>➧ रु. १ लाख सम्म रु.२५।-, रु.२ लाख सम्म रु.५०।- रु. ३ लाख सम्म रु.१०० हुँदै रु. ४ करोड सम्म रु.६००००।- र सो भन्दा माथि प्रति हजार रु.२।- दरले एकीकृत सम्पत्ति कर<br>➧ नयाँ घर निर्माण गर्दा : फुसको १ तले भए रु.५० हजार, २ तले भए रु.७५ हजार र ३ तले वा माथिको भए रु.१ लाख, कर्कटपाताको १ तले भए रु.८० हजार, २ तले भए १ लाख ५० हजार र ३ वा सो माथिको तल भए रु.२ लाख, ढलान भएको १ तले भए रु.५लाख, २ तले भए रु.१० लाख र ३ वा सो माथि भए रु.१५ लाख | घरजग्गा मूल्याङ्कनको आधारमा । न्यूनतम रु. ५० हजार देखि रु.१२ सम्म प्रति रोपनी निर्धारण भएको ।<br><br>घरको वनौटका आधारमा कर निर्धारण |
| भूमिकर (मालपोत) (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५६) | मालपोत | ➧ प्रति रोपनी रु.७७०० (चाहार) देखि रु.३३ हजार सम्म (अव्वल) खेतीयोग्य र पाखावारीका लागि एउटै दररेट निर्धारण | घरजग्गाको मूल्याङ्कन विवरणमा उल्लेख नभएका भूमिहरुका लागि |
| घरजग्गा वहाल कर (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७) | वहालकर | | सम्झौता रकमको आधारमा |
| व्यवसाय कर (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८) | व्यवसाय कर | ➧ न्यूनतम रु.४००।- देखि अधिकतम रु.११०१५।- सम्म निर्धारण<br>➧ व्यवसाय दर्ता नवीकरण तर्फ न्यूनतम रु.२५० देखि अधिकतम रु.१२ हजार सम्म निर्धारण | व्यवसायको प्रकृति र वार्षिक कारोवारका आधारमा |
| जडीवुटी, कवाडी र जीवजन्तु कर (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१) | जडीवुटी कर | - | दररेट निर्धारण नभएको |
| बिज्ञापन, सवारी कर र मनोरन्जन कर (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४) प्रदेश सरकारसंगको साझा अधिकार | बिज्ञापन कर, सवारी कर र मनोरन्जन कर | विज्ञापन कर :<br>➧ होडिङ तथा फेक्सवोर्ड प्रति वर्ग फुट रु.२०।- | |
| वहाल विटौरी शुल्क (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५९) | वहाल विटौरी/ हाट वजार कर | ➧ न्यूनतम रु.६।- प्रति दोकान देखि अधिकतम रु.४४।- निर्धारण भएको | व्यवसायको प्रकृतिको आधारमा |
| पार्किङ शुल्क (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६०) | | ➧ प्रति एक पटकका दरले न्यूनतम रु.५।- देखि अधिकतम रु.१५।- | सवारी साधन अनुसार |

| | | | |
|---|---|---|---|
| सेवा शुल्क तथा दस्तुर | शुल्क तथा दस्तुर | ➧ सिफारिस तथा प्रमाणित अधिकतम रु.२७७५।- न्यूनतम १०।- | सेवा प्रकृतिका आधारमा |

नगरपालिकाले सम्पत्ति कर वा घरजग्गा कर, भूमिकर (मालपोत), व्यवसायकर, घरवहालकर प्रक्षेपण गर्दा पालिकाको क्षेत्राधिकार भित्रको जमिन, त्यसको उपयोग, व्यापारिक महत्व, भौतिक संरचना, निजी तथा वहालमा रहेको भौतिक संरचना, व्यापार व्यवसायमा संलग्न व्यवसायी, व्यवसायिक कारोवारको अवस्था जस्ता तथ्य तथ्याङ्क वा सूचनाको वस्तुपरक बिश्लेषण हुनु पर्ने हुन्छ । खाँदवारी नगरपालिकाले राजस्व प्रक्षेपण गर्दा परम्परागत रुपमा गत आर्थिक वर्षको कूल सङ्कलन र दररेटमा निश्चित वृद्धि प्रतिशत निर्धारण गरी प्रक्षेपण गर्ने गरेको स्पष्ट देखिन्छ जसका कारण प्रक्षेपण र यथार्थ राजस्व सङ्कलनमा फरक रहेको देखिन्छ ।

**ख) करयोग्य सम्पत्तिको मूल्याङ्कनको अवस्था**

सम्पत्तिकर वा घरजग्गाकर निर्धारण गर्दा प्रचलित कानुन अनुसार जमिन वा भौतिक संरचनाको वनौट, अवस्थिति, व्यापारिक महत्व र उपयोगको आधारमा मूल्याङ्कन आधार र बिधि तयार गर्नु पर्ने व्यवस्था भएकोमा पालिकाले सोही अनुसार घरजग्गा मूल्याङ्कन गर्नु पर्ने हुन्छ । खाँदवारी नगरपालिकाले प्रति रोपनीका आधारमा जग्गाको मूल्याङ्कन र घरको वनावटको आधारमा मूल्य निर्धारण गर्ने गरेको पाइन्छ । मूल्याङ्कन विवरण भित्र नपरेका घरजग्गा (सम्पत्ति) को हकमा परम्परागत (अव्वल, दोयम, सिम, चाहार) अभ्यासलाई आधार मानिएको छ । जुन एकीकृत सम्पत्तिको सिद्धान्तसंग मेल खादैन ।

**ग) राजस्व दायरा**

राजस्व क्षेत्र बिशेषत सम्पत्तिकर वा घरजग्गाकर, भूमिकर वा मालपोत, व्यवसायकर, घरवहालकर जस्ता कर राजस्वको दायरामा आउनु पर्ने कूल करदाता संख्या र अहिले पालिकाको कर प्रणालीको दायरामा रहेका करदाताहरुको अद्यावधिक विवरण पालिकासंग उपलव्ध नभएको कारण राजस्वको दायरा यकिन गर्न कठिन देखिन्छ । तापनि बिभिन्न क्षेत्रबाट गरिएको अध्ययन अनुसार नेपालको स्थानीय तहमध्ये नगरपालिकाको हकमा करिव ३० देखि ४० प्रतिशत रहेका अनुमान गरिएको छ । पालिकाहरु स्थायी प्रकृतिको कर राजस्वमा नभई अस्थायी प्रकृतिको गैरकर राजस्वमा वढि आश्रित भइरहेको अवस्था छ । खाँदवारी नगरपालिकाको हकमा पनि तथ्याङ्कको अभावमा करको दायरा यकिन गर्न सकिने अवस्था देखिदैन भने औषतमा १० देखि १५ प्रतिशतको हाराहारीमा रहेको अनुमान गर्न सकिन्छ ।

**घ) राजस्व प्रशासन तथा सङ्कलन**

पालिकाको राजस्व प्रशासन अन्तर्गत संस्थागत संरचना, जनशक्ति व्यवस्थापन र प्रविधिको उपयोगको अवस्थालाई हेर्दा नगदी रसिद काट्ने कामलाई नै राजस्व प्रशासनको रुपमा वुझ्ने र अत्यन्तै न्यून कर्मचारीलाई यस सम्बन्धी जिम्मेवारी तोक्ने गरिएको अवस्था छ भने सूचना प्रविधिको प्रयोगलाई औपचारिकतामा सीमित गरिएको अवस्था छ । राजस्व आधार, राजस्व दर, सम्पत्तिको मूल्याङ्कन, दायरा बिश्लेषण, प्रशासनिक सुधार जस्ता बिषयहरुको बिषयगत ज्ञानको कमी, राजस्व क्षमता अभिबृद्धिका लागि लगानी अभाव, प्रविधको अधिकतम उपयोगको लागि पूर्वाधार तथा क्षमता बिकासमा लगानी, पारदर्शिताको लागि सरोकारवालाहरुमा राजस्व सम्बन्धी सूचना सामाग्रीहरुको सम्प्रेषण जस्ता बिषयहरु अत्यन्तै कम प्राथमिकतामा परेको देखिन्छ ।

## खाँदवारी नगरपालिकाको आन्तरिक आय अनुमान र यथार्थ सङ्कलनको अवस्था

तालिका नं. ६८

आन्तरिक आय यथार्थ सङ्कलन, अनुमान र प्रक्षेपण

| राजस्व शिर्षक | २०७६/७७ यथार्थ | २०७७/७८ अनुमान | २०७८/७९ प्रक्षेपण | २०७९/८० प्रक्षेपण | २०८०/८१ प्रक्षेपण |
|---|---|---|---|---|---|
| एकिकृत सम्पत्तिकर | २६,९५,९९६ | ३५,००,००० | ४७,९१,६८२ | ७१,८७,५२३ | ११९,७९,२०५ |
| वक्यौता भूमिकर (मालपोत) | ९३,३४८ | १००,००० | १००,००० | १००,००० | १००,००० |
| घर वहालकर | १७,५२,३५८ | १०,००,००० | २०,००,००० | २२,००,००० | २४,२०,००० |
| व्यवसाय कर | ३३,५८,९५३ | ३५,००,००० | ४५,००,००० | ४९,५०,००० | ५४,४५,००० |
| हाटकर विटौरी | ० | ० | १५०,००० | १८०,००० | २१६,००० |
| मनोरन्जनकर | ० | ० | ५०,००० | ६०,००० | ७२,००० |
| बिज्ञापनकर | ० | ० | २००,००० | २४०,००० | २८८,००० |
| पालिकाको चल,अचल सम्पत्ति भाडा, वोलपत्र फारम बिक्री समेत | ० | ० | २००,००० | २६०,००० | ३३८,००० |
| पार्किङ. शुल्क | ० | ० | १००,००० | १२०,००० | १४४,००० |
| कवाडीकर | ० | ० | १००,००० | १२०,००० | १४४,००० |
| पर्यटन शुल्क | ० | ० | ५०,००० | ६०,००० | ७२,००० |
| मृत जन्तुको छाला, प्वाख, हाडखुरआदीबट | ० | ० | ५०,००० | ६०,००० | ७२,००० |
| प्राकृतिक श्रोत, गिटी, वालुवा, स्लेट | ० | ० | १००,००० | १३०,००० | १६९,००० |
| अचल सम्पत्ति मूल्यांकन सेवा शुल्क | ० | ० | १००,००० | १२०,००० | १४४,००० |
| संघ संस्था दर्ता नविकरण दस्तुर | ० | ० | ५०,००० | ६०,००० | ७२,००० |
| नक्सापास | १३,३९,५५० | १०,००,००० | १५,००,००० | १८,००,००० | २१,६०,००० |
| सिफारिस दस्तुर | १४,९५,९३३ | १५,००,००० | २०,००,००० | २२,००,००० | २४,२०,००० |
| नाता प्रमाणित दस्तुर | ४१,६१७ | १००,००० | १००,००० | ११०,००० | १२१,००० |
| अन्य बिक्रीबाट | ५२४,०६८ | १५,००,००० | १५,००,००० | १८,००,००० | २१,६०,००० |
| अन्य सेवा शुल्क बिक्री | ० | १००,००० | २००,००० | २४०,००० | २८८,००० |
| अन्य पशासनिक सेवा शुल्क | ३९१,०५३ | ५००,००० | ५००,००० | ५५०,००० | ६०५,००० |
| अन्य दस्तुर | ११६,३२२ | १००,००० | २००,००० | २२०,००० | २४२,००० |
| अन्य राजश्व | २०,३२,६६२ | ११,००,००० | १५,००,००० | १६,५०,००० | १८,१५,००० |
| **नगद मौज्दात वाहेकको आन्तरिक आय** | १३८,४१,८६० | १४०,००,००० | २००,४१,६८२ | २४४,१७,५२३ | ३१४,८६,२०५ |

उपरोक्त तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७६/७७ मा आन्तरिक आय रु. १ करोड ३८ लाख ४१ हजार यथार्थमा प्राप्त भएको थियो । सोको आधारमा आर्थिक वर्ष २०७७/७८ मा रु.१ करोड ४० लाख आन्तरिक आय (साधन कर- साना र अन्य क्षेत्रको मालपोत राजिष्ट्रेशनको रकमलाई हटाइ) प्राप्त हुन सक्ने अनुमान गरिएको छ । अघिल्लो आर्थिक वर्षको यथार्थ प्राप्तीको तुलनामा यो अनुमान करीव १.१४ प्रतिशतले वृद्धि हो । आर्थिक वर्ष २०७७/७८ को अनुमानको आधारमा आर्थिक वर्ष २०७८/७९ का लागि

रु.२ करोड ५० लाख, आर्थिक वर्ष २०७९/८० का लागि रु.२ करोड ७६ लाख ९५ हजार र आर्थिक वर्ष २०८०/८१ का लागि रु.३ करोड १६ लाख आन्तरिक आय प्राप्त हुन सक्ने प्रक्षेपण गरिएको छ । यस अन्तर्गत आर्थिक वर्ष २०८०/८१ मा कूल आन्तरिक आयमा सम्पत्ति करको हिस्सा करीव २६ प्रतिशत, व्यवसाय करको हिस्सा करीव २२ प्रतिशत र घरवहाल करको हिस्सा करीव १० प्रतिशत हुने प्रक्षेपण छ ।

### ङ) आन्तरिक श्रोत विश्लेषण

- **सम्पत्ति कर (एकीकृत सम्पत्ति कर)** : खाँदवारी नगरपालिकाले आर्थिक वर्ष २०७६/७७ मा एकीकृत सम्पत्ति कर यथार्थमा रु.२६ लाख ९५ हजार ९९६ सङ्कलन भएको छ र आर्थिक वर्ष २०७७/७८ का लागि रु.३५ लाख प्राप्त हुन सक्ने गरी अनुमान भएको छ । नगरपालिका पार्श्वचित्र अनुसार पालिका क्षेत्रभित्र ७४०६ घरधुरीहरु छन् । यस सन्दर्भमा प्रति घरधुरीले औषतमा रु.३६४ मात्रै सम्पत्ति कर भुक्तानी गरेका छन् भने आर्थिक वर्ष २०७७/७८ का लागि रु.४७२.५९ प्राप्त हुन सक्ने अनुमान भएको छ । जुन ज्यादै न्यून अनुमान हो । सम्पत्ति करलाई व्यवस्थित, वस्तुपरक र सहभागितात्मक वनाउदै पालिकाको क्षमतालाई सतप्रतिशत सदुपयोग गर्ने हो भने पालिकाले वार्षिक रु.२ अर्व ३९ करोड ५८ हजार सङ्कलन हुन सक्ने सम्भावना छ । औषतमा यो करभार प्रति घरधुरी रु.३२३५ मात्रै हुन्छ । यसका लागि नगरपालिकाले सम्भावित करदाताहरुसंग अन्तरक्रिया, कर शिक्षा, सचेतना लगायत स्वघोषणा कार्यक्रम सञ्चालन गर्दै करको दायारामा ल्याउन प्रोत्साहित गर्नुपर्ने हुन्छ ।

- **व्यवसाय कर** : खाँदवारी नगरपालिकाको लागि व्यवसाय कर अर्को महत्वपूण राजस्व श्रोत हो । पालिकाले आर्थिक वर्ष २०७६/७७ मा जम्मा व्यवसायवाट रु. ३३ लाख ५८ हजार ९५३ कर राजस्व सङ्कलन भएको छ र आर्थिक वर्ष २०७७/७८ का लागि रु.३५ लाख प्राप्त हुन सक्ने अनुमान गरिएको छ । यो रकम यथार्थ प्राप्ती भन्दा करीव ४.१९ प्रतिशतले वृद्धि हो । नगरपालिकाले व्यवसाय कर अन्तर्गत व्यवसायको प्रकृति र कारोवारलाई आधार मानी न्यूनतम करदर रु.४०० देखि अधिकतम रु.११०१५ निर्धारण गरेको छ । यस अन्तर्गत वर्गीकरण अनुसार कर भुक्तान गर्ने करदाताहरुको संख्या र कर रकम यकिन तथ्याङ्क उपलवध छैन । तापनि राष्ट्रिय आर्थिक सर्भेक्षण अनुसार खाँदवारी नगरपालिकामा १९१३ वटा विभिन्न प्रकृतिका उद्योग, व्यापार व्यवसायहरु सञ्चालनमा छन् । १० भिन्न भागमा वर्गीकरण गरिएको उद्योग व्यापार व्यवसायहरु कृषि, वन (६३), उत्पादनमूलक (२०८), थोक तथा खुद्रा व्यापार (९७०), यातायात तथा सञ्चार (१२), होटेल रेष्टुरेण्ट (३३१), वित्तीय संस्था (३९), शिक्षा (७७), स्वास्थ्य (६८) र रियल स्टेट परामर्श तथा मनोरन्जन (१३४) संग सम्वन्धित छन् । पालिकाले निर्धारण गरेको करदरलाई आधार मानेर औषत करदर अनुसार रु.४२ लाख ९४ हजार राजस्व सङ्कलन गर्न सकिन्छ ।

- **घर वहाल कर** : आर्थिक वर्ष २०७६/७७ मा पालिकाले यथार्थमा रु.१७ लाख ५२ हजार ३५८ वहाल कर प्राप्त गरेको छ र आर्थिक वर्ष २०७७/७८ का लागि रु.२० लाख अनुमान गरिएको छ । यो अनुमान वास्तविक आयको करीव ४२.९३ प्रतिशतले न्यून अनुमान हो । घर वहाल करले कूल राजस्व श्रोतमा करीव १२.६६ प्रतिशत हिस्सा ओगटेको छ । यसर्थमा पनि यो श्रोत खाँदवारी नगरपालिकाको लागि एक सम्भावित श्रोत हो । राष्ट्रिय आर्थिक सर्भेक्षण अनुसार खाँदवारी नगरपालिकामा भाडामा वसी व्यवसाय सञ्चालन गर्नेहरुको संख्या ६३२ वटा छन् । यिनीहरुले व्यवसायिक भवन, आधुनिक सपिङमल, एक्ल्युसिभ व्लक र परम्परागत वजार क्षेत्रमा वसी व्यवसाय सञ्चालन गरेको पाइन्छ । औषतमा रु.१८७५० का दरले मासिक घर भाडा भुक्तानी गर्दा कूल

व्यवसायहरुले भुक्तानी गर्ने कूल रकमको ५ प्रतिशत वहाल करदर निर्धारण गर्दा वार्षिक रु.७१ लाख १० हजार कर राजस्व प्राप्त हुन सक्ने देखिन्छ ।

- **निकासी शुल्क :** खाँदवारी नगरपालिकावाट रुद्राक्ष, चिया, अलैची, अल्लो तथा ढाका कपडा, हातेकागज लगायतका कृषि उपजहरु ठूलो परिमाणमा निकासी हुँदै आएको छ । तापनि यकिन तथ्याङ्क उपलव्ध नभएकाले निकासी वापत सङ्कलन हुन सक्ने राजस्व यकिन गर्न कठिन छ । तापनि नगरपालिकाको अभिलेख अनुसार वार्षिक रु.७ करोडको हराहरीमा कृषि उपजहरुको विक्री वितरण हुने गरेको छ । त्यसमा उपरोक्त वस्तुहरुको निकासी रकम जोड्दा सो को ५ प्रतिशत मात्रै निकासी शुल्क सङ्कलन गर्ने हो भने पनि लाखौ रकम राजस्व सङ्कलन हुन सक्ने देखिन्छ ।

उपरोक्त तथ्याङ्कको आधारमा नगरपालिकाले सम्पत्ति कर अन्तर्गत घरजग्गालाई वजारको मागको आधारमा मूल्याङ्कन गर्ने, व्यवसाय करलाई प्रभाकारी बनाउदै व्यवसाय दर्ता र नवीकरण अभियानलाई व्यापक बनाई कारोवारको आधारमा व्यवसाय करको दर निर्धारण गर्ने, घरवहाल आयकरलाई वहालको आधारमा न्यूनतम दर कायम गरी वहाल आयकर सङ्कलनको व्यवस्था गर्ने, वर्तमान राजस्व दरहरुको तथ्यपरक समीक्षा गरी वैज्ञानिक दर प्रणाली कायम गर्ने, राजस्वको वर्तमान दायरालाई फराकिलो बनाउनु पर्ने, पालिकाको राजस्व प्रशासनलाई चुस्त दुरुस्त प्रभावकारी वनाउने एवं दक्ष जनशक्ति, सूचना प्रविधिको अधिकतम उपयोग, उत्प्रेरणा, राजस्व परिचालन हुने परियोजनाहरुको कार्यान्वयन, निजी श्रोत परिचालन, ऋण परिचालन, पारदर्शिता प्रवर्द्धन जस्ता क्षेत्रका योजनावद्ध ढङ्गबाट अगाडी वढ्न सकेकोमा पालिकाको आन्तरिक राजस्व परिचालनमा वढोत्तरी हुने देखिन्छ ।

## ११.४ उद्देश्य

प्रविधिमैत्री राजस्व प्रशासन तथा प्रभावकारी बित्तीय व्यवस्थापनको माध्यमबाट आन्तरिक र बाह्य श्रोतको उच्चतम परिचालन गर्दै वित्तीय सुशासन प्रत्याभूत भएको हुने ।

## ११.५ रणनीति तथा कार्यनीति

**रणनीति- १ : नगरपालिकाको वर्तमान राजस्व नीतिमा समसामयिक परिमार्जन गरी व्यवस्थित र करदातामैत्री बनाउने ।**

१.१ पालिकाले अभ्यास गर्दै आएको राजस्व शिर्षकलाई पुर्नपरिभाषित गरी अचल सम्पत्ति (जमिन तथा भौतिक संरचना) को हकमा सडक पहुँच र उपयोगको आधारमा व्यवसायिक जमिन, आवासीय जमिन, कृषि जमिन र अन्य जमिन गरी पुन वर्गीकरण गरी मूल्यमा आधारित सम्पत्ति कर प्रणालीको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१.२ व्यवसाय करको हकमा दर्ता, नवीकरण दस्तुर निर्धारण गरी लगानी र कारोवारको आधारमा करभार निर्धारण गरी व्यवसाय दर्ता र नवीकरण अभियान सञ्चालन गरिने र स्थानीय उद्योग वाणिज्य संघसंग सहकार्य गरिनेछ ।

१.३ घर वहाल करको हकमा न्यून करदर कायम गरी वास्तविक वहाल रकम स्वयम घोषणा गर्न पाउने गरी आवश्यक कानुनी तथा नीतिगत व्यवस्था गरिनेछ ।

१.४ प्रत्येक वडाको जमिनलाई सडक पहुँच तथा उपयोगको आधारमा न्यूनतम मूल्याङ्कन दर कायम गरी सम्पत्तिको स्वयम घोषण (Self Declaration Model) अभियान सञ्चालन गरी सम्पत्ति सम्बन्धी विवरण अद्यावधिक गरिनेछ ।

१.५ दरमा नभई दायरामा जोड दिने गरी विद्यमान अभ्यासमा रहेको करका दरहरुको पुनरावलोकन गरी मूल्याङ्कनमा आधारित प्रगतिशील करदर कायम गरिनेछ ।

१.६ राजस्व सम्बन्धी सफ्टवेयर उपयोगमा ल्याई करदाता सङ्केत नम्वर कायम गरी मालपोत कार्यालयसंग समन्वय गरी सम्पत्ति घटवढ सम्बन्धी विवरण अद्यावधि गर्ने व्यवस्था मिलाउनेछ ।

१.७ करको दायरामा रहेका करदाताहरुको बिश्लेषणको आधारमा दायरा वृद्धिको लक्ष्य निर्धारण गरी कार्यक्रम र लगानी व्यवस्थापन गरिनेछ ।

१.८ राजस्व बिज्ञ सहितको राजस्व परामर्श समितिको पुर्नगठन, राजस्व अनुगमन समितिको गठन, साधन श्रोत सम्पन्न राजस्व शाखाको व्यवस्था, दक्ष जनशक्तिको व्यवस्था गरी क्षमता बिकास गरिनेछ ।

१.९ राजस्व क्षेत्रमा व्यापक सुधारका लागि सूचना प्रविधिको अधिकतम उपयोग गरिनेछ ।

१.१०राजस्व सम्बन्धी सवै पक्षहरु पारदर्शी बनाउन वडातह सम्म राजस्व साक्षरता कार्यक्रम, आवधिक अन्तरक्रिया र सुझाव सङ्कलन, मासिक आय व्ययको सार्वजनिकीकरण लगायत वित्तीय सुशासनको कायम राख्दै प्रवर्द्धनका क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

**रणनीति - २ : कर राजस्वको प्रभावकारी परिचालनका लागि ऐन, नियम तथा कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।**

२.१ पालिकाको आर्थिक ऐनलाई व्यवहारिक र समयसापेक्षा वनाउन हरेक आर्थिक वर्ष अध्ययनका आधारमा पालिका आर्थिक ऐन संशोधन, परिमार्जन गरिनेछ ।

२.२ राजस्व परामर्श समितिको क्षमता सुधार र साधन श्रोत सम्पन्न राजस्व शाखा गठन गरिनेछ ।

२.३ भूमि कर, सम्पत्ति कर, घरजग्गा वहाल कर, व्यवसाय कर, जडीवुटी कवाडी तथा जीवजन्तु कर सङ्कलनका लागि अलग अलग कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

२.४ पालिका भित्र नियमित रुपमा सञ्चालन हुने/भएका उद्योग, व्यापार व्यवसायको अनिवार्य दर्ता र इजाजत लिनुपर्ने पक्षलाई मापदण्ड वनाई कार्यान्वयनमा ल्याइनेछ ।

२.५ ट्याक्टर (वालुवा, ईटा, गिट्टी, माटो सङ्कलनका लागि) लगायत स्थानीय सवारी साधन (आटो/ई-रिक्सा), नियमित सञ्चालन हुने सवारी साधनलाई इजाजत लिनुपर्ने व्यवस्था गरिनेछ ।

**रणनीति - ३ : कर तिर्ने अभ्यासका लागि नागरिकलाई प्रोत्साहित गर्ने ।**

३.१ कर शिक्षा, सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

३.२ आर्थिक वर्षको शुरुमा एकमुष्ट कर भुक्तानीमा करछुट दिइनेछ ।

३.३ करदाताहरुको स्तर निर्धारण गरी ठूला करदाताहरुलाई सार्वजनिक कार्यक्रम मार्फत सम्मान गरिनेछ ।

३.४ ठूला करदाताहरुलाई पालिकाको सिफारिस एवं प्रमाणीकरण दस्तुर एक निश्चित अवधिका लागि छुट दिइनेछ

३.५ कर नतिर्ने, निर्धारित अवधिभित्र कर तिर्ने ढिलाई गर्ने करदातालाई दण्ड सजाय गरिनेछ ।

३.६ वडा एवं समुदाय स्तरमा कर शिक्षा जनचेतना प्रचार सामाग्रीहरु वितरण र कार्यक्रम सञ्चालन गरिनेछ ।

**रणनीति - ४ : राजस्व सम्वन्धी तथ्याङ्क अभिलेखन र अद्यावधिक गर्ने ।**

४.१ करदाता पहिचानका लागि स्वयं सम्पत्ति घोषणा अभियान सञ्चालन गरी तथ्याङ्क अद्यावाधि गरिनेछ ।

४.२ भूमि कर, सम्पत्ति कर, घरजग्गा वहाल कर, व्यवसाय कर, सवारी साधन कर, जडीवुटी कवाडी एवं जीवजन्तु करका करदाताहरुको अभिलेख अलग अलग र विस्तृत विवरण तयार पारी लगत नियमित अद्यावधिक गरिनेछ ।

४.३ करदाता सङ्केत नम्वर अभिलेखन गरी जारी करदाताहरुलाई करदाता परिचय पत्र वितरण गरिनेछ ।

४.४ पालिका भित्र सञ्चालनमा रहेका उद्योग, व्यापार व्यवसाय, घरजग्गा वहाल विवरण सङ्कलन गरी लगत अद्यावधिक गरिनेछ ।

४.५ पालिका भित्र नियमित रुपमा सञ्चालित स्थानीय सवारी साधन (रिक्सा, ओटो तथा ई रिक्सा) लाई नम्वरिङ गरी सोको अभिलेख राखिनेछ ।

४.६ राजस्व शाखामा तथ्याङ्कहरु कम्प्युटर प्रणाली आइसिटिको प्रयोगमा ल्याइनेछ । यसका लागि इण्टरनेट सुविधा उपलव्ध गराइनेछ ।

**रणनीति- ५ : राजस्व प्रशासन कर सङ्कलन प्रकियालाई सरल, सहज र पारदर्शि वनाउने ।**

५.१ कार्यपालिका र वडा कार्यालय वीच कम्प्युटर सन्जाल स्थापित गरी वडा कार्यालयवाट कर सङ्कलन सेवा सुविधा प्रदान गरिनेछ ।

५.२ राजस्व सङ्कलनमा वैकिङ् प्रणाली अवलम्वन गरिनेछ ।

५.३ कर विवरण पेश लगायत राजस्व सम्वन्धी कार्य लागि अनलाइन सुविधा प्रदान गरिनेछ ।

५.४ सङ्कलित राजस्व विवरण कार्यपालिकाको वेवसाइट मार्फत सार्वजनीकरण गरिनेछ ।

५.५ उत्कृष्ट करदाता सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।

**रणनीति- ६ : करको दररेट निर्धारणलाई व्यवहारिक, वैज्ञानिक र समयसापेक्षा वनाउने ।**

६.१ राजस्व सङ्कलनमा प्रगतिशील करदर प्रणाली लागु गरिनेछ ।

६.२ राजस्व वृद्धिका नयाँ क्षेत्रहरु पहिचान गरी करको दररेटलाई सक्दो न्यून वनाउने र दायरा फराकिलो पारिनेछ

६.३ जग्गा तथा घरको भौगोलिक अवस्थिति, संरचनाको किसिमको आधारमा सम्पत्ति कर निर्धारण गरिनेछ ।

६.४ व्यवसायको प्रकृति, स्तर, व्यवसाय सञ्चालन क्षेत्र, कारोवारको आधारमा वर्गीकरण गरी सोको आधारमा करको दररेट निर्धारण गरिनेछ ।

६.५ जडीवुटी, कवाडी तथा जीवजन्तुको हाड सिङ आदिको उपलव्धता, व्यवसायिक उपयोगिता, मूल्य श्रृङ्खला चक्र र वजार मूल्यका आधारमा करदर निर्धारण गरिनेछ ।

६.६ करको दररेट निर्धारणका लागि स्थानीय समाजसेवी, वुद्धिजिवी, राजनीतिक दल, सरोकारवाला, संघ संस्था तथा करदाताको राय सुझाव प्रतिकियाका आधारमा तय गरिनेछ ।

**रणनीति - ७ : सङ्कलित राजस्वलाई पूँजी वृद्धि हुने क्षेत्रमा लगानी गर्ने ।**

७.१ सङ्कलित राजस्वलाई आय वृद्धि हुने क्षेत्रवारे अध्ययन, अनुसन्धानवाट पहिचान र सो क्षेत्रमा लगानी गरिनेछ ।

७.२ निजी क्षेत्रसंगको सहकार्यमा व्यापारिक कम्प्लेक्स, सभाहल, हाटवजार, उद्यान पार्क, वसपार्क, प्राविधिक शिक्षालय, अस्पताल, सङ्कलन केन्द्र, गोदाम घर, पर्यटकीय स्थलमा अत्यावश्यक भौतिक पूर्वाधार, सार्वजनिक शौचालय निर्माणमा लगानी गरिनेछ ।

७.३ वडा कार्यालय भवनहरु वहुउद्देश्यीय वनाई सेवाग्राहीहरुका अत्यावश्यक सेवाहरु उपलव्ध गरिनेछ ।

७.४ कृषि र वन पैदावरका क्षेत्रमा उद्यमशिलता एवं व्यवसायिकता विकास गर्ने सम्वन्धी कार्यकमहरु सञ्चालन गरी उद्योग व्यवसायहरुको स्थापनामा सहयोग गरिनेछ ।

**ख) मुख्य कार्यक्रम**

- सम्पत्तिकर, व्यवसायकर र वहालकर सङ्कलन तथा व्यवस्थापन कार्यविधि तर्जुमा कार्यान्वयन ।
- कर शिक्षा, सचेतना कार्यकम र उत्कृष्ठ करदाता सम्मान कार्यकम।

- करदाता पहिचानका लागि सम्पत्तिको स्वयं घोषणा अभियान ।
- राजश्व प्रणालीमा सूचना प्रविधिको अधिकतम उपयोग ।
- भूमिको वैज्ञानिक वर्गीकरण एवं मूल्याङ्कन ।

# परिच्छेद १२
# वित्तीय व्यवस्था

## १२.१ पृष्ठभूमि

वित्त व्यवस्थाको भूमिका पालिकाको मध्यमकालीन एवं आवधिक योजनाहरुलाई प्रभावकारी ढङ्गवाट सञ्चालनमा महत्वपूर्ण हुने गर्दछ । वित्तको अभाव तथा वित्त अपुग भएमा वा निर्धारण गरिए अनुसारका आयश्रोतहरु निर्धारित समय भित्र उपलव्ध हुन नसकेमा विनियोजित कार्यक्रमहरु सफलतापूर्वक कार्यान्वयन हुन सक्दैनन । परिणाम स्वरुप, कार्यक्रमहरु अधुरो हुने, कार्यान्वयन नहुने र सम्पन्न कार्यक्रमहरुको पनि गुणस्तर कायम हुन नसक्ने सम्भावना पर्याप्त हुन सक्छ । यसर्थ, पर्याप्त वित्त व्यवस्थावाट मात्रै नागरिकहरुको आवश्यकतालाई प्रभावकारी ढङ्गवाट सम्वोधन गर्न सकिने छ । यसका लागि पालिकाहरुको वित्त व्यवस्था अन्तर्गत आन्तरिक र वाह्य गरी दुई प्रकारका श्रोतहरुको व्यवस्था गरिएको छ । आन्तरिक श्रोतमा स्थानीय करहरु खासगरी सम्पत्तिकर, भूमिकर, व्यवसाय कर, घर वहाल आयकर, जडीवुटी तथा जीवजन्तु, कवाडी कर नै प्रमुख हुन भने वाह्य श्रोतहरुमा संघ र प्रदेश सरकारका अनुदानहरु हुन । त्यस्ता अनुदानहरुमा सशर्त अनुदान, वित्तीय समानीकरण, राजस्व वाँडफाँड, समपूरक र विशेष अनुदान पर्दछन । जसको अधिकतम उपयोगवाट आवधिक लक्ष्य वा प्रभाव तहको नतिजा, उद्देश्य वा असर तहको नतिजा र वार्षिक रुपमा प्राप्त गर्ने प्रतिफल तहको नतिजाहरु हासिल गर्नका सहयोग गर्ने गर्दछ ।

## १२.२ वर्तमान अवस्था

खाँदवारी नगरपालिकाको आन्तरिक आयमा तुलनात्मक रुपमा कर राजस्वकै भूमिका उल्लेख्य छ । यसमा सम्पत्ति कर, व्यवसाय कर र घर वहाल करको योगदान वढी छ । कूल आन्तरिक आयमा कर राजस्वको योगदान ५७.०८ प्रतिशत छ । त्यसैगरी गैरकर राजस्वको योगदान आन्तरिक आयमा करीव ४२.९२ प्रतिशत छ । यस अन्तर्गत नक्सापास र सिफारिस शुल्कको भूमिका अग्रणी छ । तापनि पालिकाको कूल श्रोतमा आन्तरिक आयको हिस्सा केवल २.८४ प्रतिशत छ । जसले वाह्य आयमा पालिकाको परनिर्भरता अधिक देखिन्छ ।

मनोरन्जन कर, हाटवजार, विज्ञापन कर, कवाडी तथा जीवजन्तु कर, प्राकृतिक श्रोत शुल्क, पर्यटन शुल्क, पाकिङ शुल्क आदिवाट पालिकाले राजस्व सङ्कलन गर्न सक्ने सम्भावना भएरपनि आर्थिक वर्ष २०७७/७८ सम्ममा पनि खासै पहल हुन सकेको देखिदैन । आगामी आर्थिक वर्ष २०७८/७९ र सो पश्चातका आर्थिक वर्षहरुका लागि उपरोक्त श्रोतहरुवाट आय आर्जन हुन सक्ने गरी अनुमान तथा प्रक्षेपण भएको छ र प्रत्येक वर्ष करीव २० प्रतिशतका दरले राजस्व वृद्धि हुन सक्ने अनुमान समेत भएको छ । प्राकृतिक श्रोत अन्तर्गत गिटी, ढुङगा, वालुवा तथा स्लेटको सम्भावना पनि अधिक छ । वातावरणीय परीक्षणका आधारमा यसको उत्खनन हुन सकेमा पालिकाको आन्तरिक आयमा यसको योगदान पनि उल्लेख्य हुन सक्छ ।

यसैगरी वाह्य श्रोततर्फ आर्थिक वर्ष २०७७/७८ मा रु.५७ करोड ८३ लाख ७० हजार अनुमान गरिएको थियो भने आर्थिक वर्ष २०७८/७९ का लागि रु.६६ करोड ५२ लाख १२ हजार अनुमान भएको छ । अघिल्लो वर्षको तुलनामा आर्थिक वर्ष २०७७/७८ मा करीव २२.८८ र आर्थिक वर्ष २०७८/७९ मा १८.११ प्रतिशतले वृद्धि अनुमान गरिएको छ । वाह्य श्रोतहरुमा सशर्त अनुादन, वित्तीय समानीकरण, र राजस्व वाँडफाँडको क्रमशः भूमिका उल्लेख्य छ । संघ तथा प्रदेश सरकारवाट सशर्त अनुदान वढ्दो वढ्दो र वित्तीय समानीकरण, राजस्व वाँडफाँड घट्दो दरमा रहेकोले पालिकाका आवश्यकताहरु परिपूर्तिमा विस्तारै कठिन हुन सक्ने देखिन्छ ।

## १२.३ अवसर तथा चुनौतीहरू

पालिकाको विद्यमान आर्थिक तथा सामाजिक स्थितिका सूचकहरु कमजोर रहेकाले आगामी वर्षहरूका वित्तीय व्यवस्थापन गर्न त्यति सहज छैन । बढ्दो जनअपेक्षाको तुलनामा पालिकाको न्यून श्रोतबाट सार्वजनिक खर्च र सेवाको बीचमा तादात्म्यता कायम गर्न निकै कठिन हुने देखिन्छ। पालिकाको आर्थिक तथा सामाजिक स्थितिमा सुधार ल्याई जनताको आधारभूत सेवा र सुविधालाई प्रभावकारी रूपले सहज पहुँच पुऱ्याउन आवश्यक पर्ने पूँजीगत लगानी लगायतको कार्यक्रम खर्च र सामाजिक सुरक्षा तथा चालु खर्च गरी कुल व्ययको व्यवस्थापन गर्नुपर्ने हुन आउँछ। यसैगरी उपलब्ध श्रोत साधनको ठूलो अंश उपभोगमा (चालु) खर्च गर्नुपर्ने बाध्यताले बिकास कार्यका लागि थोरै मात्र खर्च गर्न सकिने अवस्था विद्यमान रहेको छ ।

संघीयताको कार्यान्वयनको क्रममा स्थानीय सरकार सञ्चालन ऐन र अन्तर–सरकारी वित्त व्यवस्थापन ऐनले पालिकालाई आन्तरिक राजस्व र संघ तथा प्रदेशबाट प्राप्त हुने गरी थप श्रोत तथा साधनहरू जुटाउन सक्ने कानुनी अवसरहरू प्राप्त छ। यसैगरी स्थानीय स्तरमा निजी, सहकारी, गैरसरकारी क्षेत्र र नागरिक समाजको सहकार्यमा वित्तीय श्रोतहरू जुटाउन सक्ने थप अवसरहरू पनि विद्यमान छन् ।

## १२.४ उद्देश्य

प्रविधिमैत्री राजस्व प्रशासन तथा प्रभावकारी बित्तीय व्यवस्थापनको माध्यमबाट आन्तरिक र बाह्य श्रोतको उच्चतम परिचालन गर्दै वित्तीय सुशासन प्रत्याभूत भएको हुने ।

## १२.५ रणनीति

### क) वित्तीय श्रोत परिचालन गर्ने

- कर तथा गैरकर राजस्वको विद्यमान संरचनाको पुनरावलोकन गरी राजस्वको नयाँ सम्भावनाहरूको पहिचान गर्दै दायरा वृद्धि सहित राजस्वका आधारलाई विस्तार गर्ने ।
- राजस्व प्रशासनलाई प्रक्रियागत सरलीकरण गरी करदाताहरूलाई सहज हुने गरी पालिकाको कर प्रशासनलाई प्रविधि उन्मुख एवं करदातामैत्री बनाउने ।
- चुस्त राजस्व प्रशासन, प्रभावकारी संस्थागत संयन्त्र, दक्ष र सीपयुक्त जनशक्ति, प्रविधिको अधिकतम उपयोग गर्ने ।

## १२.६ बजेट व्यवस्था

### (क) आन्तरिक आय प्रक्षेपण

आर्थिक वर्ष २०७७/७८ को अनुमानलाई आधार वर्ष मानी आ.व.२०७८।७९ देखि आगामी ५ वर्षका लागि आय अनुमान तथा प्रक्षेपण गरिएको छ । आय प्रक्षेपण गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरेको स्थानीय कर तथा सेवा शुल्क वाट सङ्कलन हुन सक्ने राजस्वलाई आधार मानिएको छ । यस अन्तर्गत सम्पत्ति कर वा घरजग्गा कर, भूमिकर, घरजग्गा वहाल कर, व्यवसाय कर, जडीवुटी कवाडी तथा जीवजन्तु कर, वहाल विटौरी कर, पार्किङ शुल्कका साथ साथै मनोरन्जन कर, विज्ञापन कर लगायत सेवा शुल्क रहेका छन् । यसैगरी ढुङ्गा गिट्टी, खानेपानी तथा अन्य सेवा शुल्क र विविध जरिवानाहरुवाट समेत आय सङ्कलन हुन सक्ने अनुमान भएको छ ।

पालिकाले आगामी ५ वर्षको अवधिमा आन्तरिक आयवाट करीव रु.१६ करोड १५ लाख ७८ हजार राजस्व सङ्कलन गर्न सक्ने अनुमान गरिएको छ । यो राजस्व आर्थिक वर्ष २०७८/७९ देखि हरेक आर्थिक वर्षमा औषतमा करीव २७.५२ प्रतिशतले आन्तरिक आय वढ्न सक्ने आधारमा आय प्रक्षेपण गरिएको छ । पालिकाको कूल आन्तरिक आयमा कर राजस्वको हिस्सा करीव ५७.०८ र गैरकर राजस्वको हिस्सा ४२.९२

प्रतिशत देखिन्छ । यस अन्तर्गत सम्पत्ति कर, घर वहाल कर, व्यवसाय कर र सिफारिस एवं नक्सापासको योगदान उल्लेख्य हुनेछ ।

**तालिका- ६९**
**आन्तरिक आय प्रक्षेपण**

| राजस्व शिर्षक | २०७७/७८ अनुमान | अनुमान प्रक्षेपण (रकम रु हजारमा) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | |
| एकिकृत सम्पत्तिकर | ३५०० | ४७९१ | ७१८७ | ११९७९ | १६७७० | २१५६२ | ६२२९१ |
| वक्यौता भूमिकर (मालपोत) | १०० | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| घर वहालकर | १००० | २००० | २२०० | २४२० | २६६२ | २९२८ | १२२१० |
| व्यवसाय कर | ३५०० | ४५०० | ४९५० | ५४४५ | ५९८९ | ६५८८ | २७४७२ |
| वहाल विटौरी | ० | १५० | १८० | २१६ | २५९ | ३११ | १११६ |
| मनोरन्जनकर | ० | ५० | ६० | ७२ | ८६ | १०३ | ३७२ |
| बिज्ञापनकर | ० | २०० | २४० | २८८ | ३४५ | ४१४ | १४८८ |
| न.पा.को चल, अचल सम्पत्ति भाडा,र वोलपत्र फारम बिकी | ० | २०० | २६० | ३३८ | ४३९ | ५७१ | १८०८ |
| पार्किङ. शुल्क | ० | १०० | १२० | १४४ | १७२ | २०७ | ७४४ |
| कवाडीकर | ० | १०० | १२० | १४४ | १७२ | २०७ | ७४४ |
| पर्यटन शुल्क | ० | ५० | ६० | ७२ | ८६ | १०३ | ३७२ |
| मृत जन्तुको छाला, प्वाख, हाडखुर आदीबाट प्राप्त आय | ० | ५० | ६० | ७२ | ८६ | १०३ | ३७२ |
| प्राकृतिक श्रोत, गिटी, वालुवा, स्लेट | ० | १०० | १३० | १६९ | २१९ | २८५ | ९०४ |
| अचल सम्पत्ति मूल्यांकन सेवा शुल्क | ० | १०० | १२० | १४४ | १७२ | २०७ | ७४४ |
| संघ संस्था दर्ता नवीकरण दस्तुर | ० | ५० | ६० | ७२ | ८६ | १०३ | ३७२ |
| नक्सापास | १००० | १५०० | १८०० | २१६० | २५९२ | ३११० | १११६२ |
| सिफारिस दस्तुर | १५०० | २००० | २२०० | २४२० | २६६२ | २९२८ | १२२१० |
| नाता प्रमाणित दस्तुर | १०० | १०० | ११० | १२१ | १३३ | १४६ | ६१० |
| अन्य बिक्रिबाट प्राप्त रकम | १५०० | १५०० | १८०० | २१६० | १५९२ | ३११० | १११६२ |
| अन्य सेवा शुल्क बिकी | १०० | २०० | २४० | २८८ | ३४५ | ४१४ | १४८८ |
| अन्य प्रशासनिक सेवा शुल्क | ५०० | ५०० | ५५० | ६०५ | ६६५ | ७३२ | ३०५२ |
| अन्य दस्तुर | १०० | २०० | २२० | २४२ | २६६ | २९२ | १२२१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अन्य राजस्व | ११०० | १५०० | १६५० | १८१५ | १९९६ | २१९६ | ९१५७ |
| **जम्मा आन्तरिक आय** | १४०००<br>० | २००४१ | २४४१७ | ३१४८६ | ३८९०३ | ४६७२९ | १६१५७८ |
| **वृद्धि दर (प्रतिशत)** | | **४३.१५** | **२१.८४** | **२८.९५** | **२३.५६** | **२०.१२** | |

**ख) वाह्य श्रोत प्रक्षेपण**

पालिकाको वजेट श्रोतमा वाह्य श्रोतले महत्वपूर्ण एवं उल्लेखनीय भूमिका खेल्ने गरेको छ । कूल वजेटको करीव ९७.१६ प्रतिशत भन्दा वढी योगदान यिनै वाह्य श्रोतको रहने छ । यस अर्थमा पालिका पूर्णत वाह्य श्रोतमा आश्रित छ । वाह्य श्रोतहरुमा वित्तीय समानीकरण, सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान र राजस्व वाँडफाँड रहेका छन् । विगत वर्षहरुमा विभिन्न श्रोतहरुवाट अनुदान प्राप्त भएतापनि आगामी ५ वर्षका लागि त्यस्ता श्रोतहरुवाट अनुदान प्राप्त हुनेगरी प्रक्षेपण गरिएको छैन भने पालिकाले आन्तरिक ऋृण, सहयोगी संघ संस्था, गैसस तथा वैदेशिक संस्थावाट प्राप्त हुन सक्ने सहयोग र उपभोक्ता तथा लाभान्वित वर्ग समुदायवाट हुन सक्ने लागत सहभागितावाट प्राप्त हुन सक्ने श्रोतलाई पनि प्रक्षेपण गरिएको छैन ।

आगामी ५ वर्षको अवधिमा वाह्य श्रोतवाट कूल रकम रु.५ अर्व ५२ करोड १६ लाख १८ हजार प्राप्त हुने अनुमान गरिएको छ । आधार वर्ष २०७७/७८ मा रु.५७ करोड ८३ लाख ७० हजार वाह्य श्रोत प्राप्त हुने अनुमान थियो । यसर्थ चालु आ.व.२०७७/७८ को अनुमानमा हरेक वर्ष सशर्त अनुदान २५ प्रतिशत र वित्तीय समानीकरण २० प्रतिशतका दरले र समपूरक अनुदान, विशेष अनुदान १५ प्रतिशत र र राजस्व वाँडफाँड २० प्रतिशतका दरले वृद्धि हुन सक्ने अनुमान गरिएको छ । ५ वर्षको अवधिमा संघ र प्रदेश सरकारवाट प्राप्त हुने सहयोगमा तुलनात्मक रुपमा संघवाट प्राप्त हुने अनुदानको अंश अधिक छ । करीव ९५.४३ प्रतिशत संघवाट र प्रदेश सरकारवाट करीव ४.५७ प्रतिशत अनुदान प्राप्त हुन सक्छ । यसैगरी संघ र प्रदेश सरकारवाट प्राप्त हुने अनुदानहरुमा सशर्त अनुदानवाट अन्यको तुलनामा वढी छ करीव ५१.२४ प्रतिशत । यसपछि वित्तीय समानीकरणको अंश करीव २८.७७ र राजस्व वाँडफाँडको १४.५७ प्रतिशत छ । समपूरक र विशेष अनुदानवाट न्यून प्रतिशतमा प्राप्त हुने अनुमान भएको छ ।

यस सम्वन्धी विस्तृत विवरण तालिकामा उल्लेख भएको छ ।

| तालिका - ७०<br>वाह्य आयको श्रोत प्रक्षेपण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **राजस्व शिर्षक** | **आथिक वर्ष २०७७/७८ अनुमान** | **अनुमान प्रक्षेपण (रकम रु. लाखमा)** | | | | | **जम्मा** |
| | | **२०७८/७९** | **२०७९/८०** | **२०८०/८१** | **२०८१/८२** | **२०८२/८३** | |
| वित्तीय समानीकरण : संघ | १७०७.० | २०४८.४० | २४५८.०८ | २९४९.६९ | ३५३९.६३ | ४२४७.५६ | १५२४३.३७ |
| वित्तीय समानीकरण : प्रदेश | ७२.०६ | ८६.४७ | १०३.७६ | १२४.५१ | १४९.४२ | १७९.३ | ६४३.४९ |
| सशर्त : संघ | २७१८.० | ३३९७.५ | ४२४६.८७ | ५३०८.५९ | ६६३५.७४ | ८२९४.६७ | २७८८३.३८ |
| सशर्त : प्रदेश | ० | ५०.० | ६२.५ | ७८.१२ | ९७.६५ | १२२.०७ | ४१०.३५ |
| समपूरक र विशेष : संघ | २८६.० | ३२८.९ | ३७८.२३ | ४३४.९७ | ५००.२१ | ५७५.२४ | २२१७.५६ |
| समपूरक र विशेष : प्रदेश | १००.० | ११५.० | १३२.२५ | १५२.०८ | १७४.९० | २०१.१३ | ७७५.३७ |
| राजस्व बाँडफाँड : संघ | ८२२.६७ | ९८७.२ | ११८४.६४ | १४२१.५७ | १७०५.८८ | २०४७.०६ | ७३४६.३७ |
| राजस्व बाँडफाँड : प्रदेश | ७७.९७ | ९३.५६ | ११२.२७ | १३४.७३ | १६१.६७ | १९४.०१ | ६९६.२६ |
| **वाह्य आय अनुमान** | ५७८३.७० | ७१०७.०४ | ८६७८.६२ | १०६०४.३ | १२९६५.१४ | १५८६१.०८ | ५५२१६.१८ |
| **वृद्धि दर प्रतिशत** | **२२.८८** | **२२.११** | **२२.१९** | **२२.२६** | **२२.३४** | **२२.८८** | |

## ग) कूल श्रोत प्रक्षेपण

पालिकालाई ५ वर्षको अवधिमा आन्तरिक आयवाट रु.१६ करोड १५ लाख ७८ हजार र वाह्य श्रोतवाट रु.५ अर्व ५२ करोड १६ लाख १८ हजार गरी कूल रु.५ अर्व ६८ करोड ३१ लाख ९७ हजार वरावरको श्रोत परिचालन हुने अनुमान प्रक्षेपण गरिएको छ। प्रतिशतमा आन्तरिक आय कूल श्रोतको २.८४ र वाह्य श्रोत ९७.१६ हुन्छ। यसरी प्राप्त हुने श्रोतहरु वार्षिक औषतमा करीव २२.४८ प्रतिशतले वृद्धि हुन सक्ने अनुमान गरिएको छ।

| तालिका - ७१<br>कूल श्रोत प्रक्षेपण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **वजेट श्रोतहरु** | **आधार आर्थिक वर्ष ०७७/७८** | **अनुमान प्रक्षेपण (रकम रु लाखमा)** | | | | | |
| | | **२०७८/७९** | **२०७९/८०** | **२०८०/८१** | **२०८१/८२** | **२०८२/८३** | **जम्मा** |
| वाह्य आय | ५७८३.७ | ७१०७.० | ८६७८.६२ | १०६०४.२ | १२९६५.१ | १५८६१.० | ५५२१६.१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अनुमान | ० | ४ | | ९ | ४ | ८ | ८ |
| आन्तरिक आय | १४०.० | २००.४१ | २४४.१७ | ३१४.८६ | ३८९.०३ | ४६७.२९ | १६१५.७८ |
| कूल आय अनुमान | ५९२३.७० | ७३०७.४५ | ८९२२.८० | १०९१९.१६ | १३३५४.१७ | १६३२८.३८ | ५६८३१.९७ |
| **वार्षिक वृद्धि प्रतिशत** | | **२३.३६** | **२२.११** | **२२.३७** | **२२.३०** | **२२.२७** | |
| **औषत वृद्धि दर प्रतिशत** | | **२२.४८** | | | | | |

### घ) विषयक्षेत्रगत वजेट बाँडफाँड

आवधिक नगर बिकास योजना तर्जुमा कार्यशालाको क्रममा निर्धारण गरिएको आवधिक लक्ष्य (Goal) अर्थात प्रभाव तहको नतिजा, वृहत उद्देश्य तथा क्षेत्रगत उद्देश्य (Objectives) अर्थात असर तहको नतिजा र बिषय क्षेत्र तथा उपक्षेत्रगत उद्देश्य र लक्ष्य परिमाण हासिल गर्न तथा प्रस्तावित कार्यक्रमहरु सञ्चालनका लागि वजेट विषयक्षेत्रगत रुपमा बाँडफाँड गरिएको छ । ५ वर्षको अवधिमा प्राप्त हुन सक्ने कूल अनुमानित रकम रु.५ अर्व ६८ करोड ३१ लाख ९७ हजारमा आर्थिक क्षेत्रलाई २९ प्रतिशत वजेट बाँडफाँड भएको छ भने सामाजिक क्षेत्रलाई १८ प्रतिशत वजेट निर्धारण भएको छ । त्यसैगरी पूर्वाधार क्षेत्रलाई ४० प्रतिशत, वन वातावरण तथा विपद व्यवस्थापन क्षेत्रलाई ८ प्रतिशत र सुशासन तथा संस्थागत विकासलाई ५ प्रतिशत वजेट अनुमान भएको छ ।

**तालिका - ७२**
**विषय क्षेत्रगत कूल प्रक्षेपण वजेट**

| विषय क्षेत्र | प्रतिशत | रकम (रु. लाखमा) | विषय क्षेत्र | प्रतिशत | रकम (रु. लाखमा) |
|---|---|---|---|---|---|
| **आर्थिक बिकास** | २९ | १६४८१.२७ | सडक, यातायात | १८ | १०२२९.७५ |
| कृषि बिकास | १५ | ८५२४.७९ | आवास तथा वस्ती | ८ | ४५४६.५५ |
| पशुपंक्षी बिकास | २.५ | १४२०.७९ | सिंचाइ | ९ | ५११४.८७ |
| उद्योग व्यापार तथा व्यवसाय | २.२ | १२५०.३० | विद्युत तथा वैकल्पिक ऊर्जा | ३ | १७०४.९५ |
| पर्यटन बिकास | ३.८ | २१५९.६१ | सूचना तथा सञ्चार | २ | ११३६.६३ |
| वैंक, वित्तीय संस्था तथा सहकारी | १ | ५६८.३१ | **बन, वातावरण तथा विपद व्यवस्थापन** | ८ | ४५४६.५५ |
| सुरक्षित अप्रवासन | ०.५ | २८४.१५ | बन तथा जैविक विविधता | ३.५ | १९८९.११ |
| **सामाजिक बिकास** | १८ | १०२२९.७५ | भू तथा जलाधार संरक्षण | १.५ | ८५२.४७ |
| शिक्षा | ४.२ | २३८६.९४ | वातावरण तथा स्वच्छता | २.३ | १३०७.१३ |
| आधारभूत स्वास्थ्य | ३.४ | १९३२.२८ | विपद व्यवस्थापन | २.७ | १५३४.४६ |
| खानेपानी तथा सरसफाइ | २.५ | १४२०.७९ | **सुशासन तथा संस्थागत बिकास** | ५ | २८४१.५९ |

| | | | | | |
|---|---|---|---|---|---|
| लक्षित वर्ग तथा सामाजिक समावेशीकरण | १.८ | १०२२.९७ | ऐन, नियम र जवाफदेहिता | २ | ११३६.६३ |
| युवा तथा खेलकुद | १.५ | ८५२.४७ | संस्थागत विकास तथा मानब संशाधन | ४ | २२७३.२७ |
| कला भाषा, संस्कृति सम्पदा | १.६ | ९०९.३१ | वित्तीय श्रोत परिचालन | २ | ११३६.६३ |
| **पूर्वाधार बिकास** | ४० | २२७३२.७८ | योजना व्यवस्थापन | २ | ११३६.६३ |
| **कूल वजेट** | | | | | **५६८३१.९७** |

# खण्ड - तीन :

# योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

# परिच्छेद - १३
# योजना कार्यान्वयन

## १३.१ पृष्ठभूमि

योजना तर्जुमा र योजना कार्यान्वयन एक अर्कासँग अन्तर सम्बन्धित बिषय मानिन्छ । संघीय शासन प्रणालीलाई व्यवहारत कार्यान्वयनको अत्यन्तै महत्वपूण पक्ष भनेको योजनाको प्रभावकारी कार्यान्वयन हो । योजनाले लिएका उद्देश्यहरु प्राप्त गर्नका लागि आयोजना तथा कार्यक्रमको कार्यान्वयनलाई प्रतिफल, असर र प्रभाव तहसँग आवद्ध गरी क्रियाकलाप तथा कार्यक्रमहरुलाई वृहत र क्षेत्रगत उद्देश्यसंग र क्षेत्रगत र बिषयगत उद्देश्य समष्टिगत लक्ष्यसँग आवद्ध गर्ने अर्को महत्वपूर्ण पक्ष मानिन्छ । स्थानीय शासनको प्रभावकारी सञ्चालन, परिणाममुखी बिकास तथा प्रभावकारी सेवा प्रवाहको लागि योजना तथा कार्यक्रमहरुको प्रभावकारी र नतिजामुखी कार्यान्वयनको आवश्यकता पर्दछ । आवधिक योजनाको सन्दर्भमा पनि पालिकाको निर्वाचित नेतृत्व, क्रियाशील राजनीतिक दल, अन्य सरोकारबालाहरु समेतको सक्रिय सहभागितामा बिभिन्न चरण पार गरी तय भएको दीर्घकालीन सोच, आवधिक लक्ष्य, वृहत उद्देश्य र क्षेत्र बिषयगत उद्देश्य, ती उद्देश्य प्राप्तिका लागि अवलम्बन गरिने रणनीति र कार्यनीति अन्तर्गत क्षेत्रगत बिषयगत प्रमुख कार्यक्रमहरु र क्षेत्रगत र बिषयगत लक्ष्य परिमाणलाई पालिकाको बार्षिक योजना तर्जुमा र प्राथमिकताको आधारमा श्रोत बिनियोजनको समग्र चक्र नै योजना कार्यान्वयनको खाका मानिन्छ ।

## १३.२ वर्तमान अवस्था

योजना कार्यान्वयन र अनुगमन मूल्याङ्कन पद्धतिको सन्दर्भमा पालिकाको वार्षिक योजना तर्जुमा पद्धतिमा नै सीमित रहेको अवस्थाका कारण क्रियाकलाप वा कार्यक्रम र सो को प्रतिफल तह भन्दा माथिको तह अर्थात उद्देश्य (असर) तह र लक्ष्य (प्रभाव) तह अर्थात दीर्घकालीन र मध्यमकालीन लक्ष्य वा प्रभाव तह सम्म सोच्न सकेको अवस्था छैन । यसैगरी श्रोत अनुमान तथा बिनियोजनको सन्दर्भमा पनि हालसम्म आय सीमामा आधारित आयोजना तर्जुमा पद्धति रहेको र जसले गर्दा पालिकाले निर्धारण गरेको लक्ष्य, उद्देश्य र लक्ष्य परिमाण प्राप्तिका लागि के कति श्रोतको आवश्यकता पर्दछ र हालको श्रोत परिचालनको आधारमा के कति श्रोत पुग वा अपुगको अवस्था थाहा पाउने पद्धतिको विकास भएको छैन ।

नगरपालिकासँग उपलव्ध सिमित जनशक्ति, कमजोर संस्थागत संरचना, सिमित श्रोत साधन उपयोग गरी केही गैरसरकारी संघसंस्थाको सिमित आर्थिक तथा प्राविधिक सहयोग र कार्यक्रमहरु परिचालन गरी बार्षिक कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको अवस्था छ । तर प्रस्तावित आवधिक नगर बिकास योजनाले आत्मसात गरेको दीर्घकालिन सोच, आवधिक लक्ष्य, बिषयक्षेत्रगत उद्देश्यहरु, लक्ष्य सूचक हासिल गर्न हालको कार्यशैली र पद्धतिमा व्यापक परिमार्जन गरी अन्तर सरकारी (संघ, प्रदेश तथा अन्तर स्थानीय) तहवीच समन्वय र सहकार्यको वृहत अवधारणा अनुसार आसपासका अन्य स्थानीय तहवीच क्षेत्रीय रणनीतिक साझेदारी बिकास गरी तुलनात्मक लाभका क्षेत्रको पहिचान, साझा हित र उद्देश्यमा सहलगानी, सहकार्य, उत्पादन, रोजगारी श्रृजना, व्यवसायिकरण, औद्योगिकिकरण, पर्यटन लगायतका आर्थिक तथा सामाजिक पूर्वाधारहरुमा निजी क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी संघसंस्था, बिकास साझदारहरु एवम् दातृनिकायहरु लगायत सेवा प्रदायकहरु समेतको एकिकृत प्रयास वा सहभागिता अभिबृद्धिका लागि पनि कार्ययोजना तर्जुमा हुनु आवश्यकता छ ।

## १३.३ कार्यान्वयन कार्ययोजना

नगरसभाबाट आवधिक बिकास योजना स्वीकृत भएपछि यसका आधारमा नगरपालिकाले सबै विषय क्षेत्रगत शाखा र वडा कार्यालयहरूलाई मार्गदर्शन सहित वार्षिक योजना तर्जुमाका लागि बजेट पूर्वानुमान पठाइने गरिन्छ र उक्त पूर्वानुमान र मार्गदर्शनका आधारमा सहभागितात्मक प्रक्रिया अवलम्बन गरी वार्षिक आयोजना तर्जुमा गर्ने गरिन्छ।

## १३.४ मार्गदर्शन तयारी

आयोजना वा कार्यक्रम सञ्चालन हुनुपूर्व स्वीकृत आयोजनाको विभिन्न विषय क्षेत्रगत कार्यक्रम कार्यान्वयनका लागि आवश्यक मार्गदर्शन तयार गर्ने गरिन्छ । उक्त मार्गदर्शनका साथ साथ खर्च गर्ने अख्तियारी पठाउनुपर्ने भए सोसमेत संलग्न गरी पठाउनु पर्दछ ।

## १३.५ कार्यान्वयन विधिको छनौट

आयोजना कार्यान्वयन गर्नुपूर्व आवश्यकता अनुसार सार्वजनिक खरिद ऐनको परिधि भित्र रही ठेक्कापट्टा, उपभोक्ता समिति, करार वा अमानत, गैरसरकारी संस्थासँगको साझेदारी मध्ये कुन प्रक्रिया अवलम्बन गरिने हो सो समेत खुलाई नगरपालिकामा पठाउनु पर्ने हुन्छ र नगर सभाबाट स्वीकृत भएपछि सोही बमोजिम कार्यान्वयन गर्नुपर्ने हुन्छ। नगरपालिकाले कार्यान्वयन कार्ययोजना निर्माण गर्दा उपलब्धि सूचक समेत उल्लेख गर्ने गरिन्छ र सम्बन्धित कार्यान्वयन एकाइबाट चौमासिक रूपमा सोही सूचक बमोजिम प्रगति प्रतिवेदन लिने प्रणाली अपनाइने गरिन्छ।

नगरपालिकाले सबै विषयगत क्षेत्र समेटी समष्टिगत कार्यान्वयन कार्य योजना समेत बनाउनु पर्ने हुन्छ। कार्यान्वयन गर्ने सबै निकायबाट अनुसूची बमोजिमको कार्यान्वयन कार्ययोजना प्राप्त भएपछि पालिकाले एकीकृत गरी विषय क्षेत्रगत प्रमुख कार्यक्रम र लगानी देखिने गरी समष्टिगत विवरण तयार गर्नुपर्दछ। यसैबमोजिम योजना कार्यान्वयन सम्बद्ध निकाय र व्यक्तिलाई कार्य जिम्मेवारी र कियाकलाप प्रति जिम्मेवार बनाउनु पर्दछ।

## १३.६ अख्तियारी

वार्षिक कार्यक्रम र बजेट नगर सभाबाट पारित भएपछि नगर प्रमुखले स्वीकृत कार्यक्रम कार्यान्वयनका लगि प्रमुख प्रशासकीय अधिकृतलाई सात दिन भित्र अख्तियारी दिनु पर्दछ। प्रमुख प्रशासकीय अधिकृतले विषयगत शाखा र वडा कार्यालयहरूलाई अनुसूची ३ र ३ क फाराम भर्न लगाई चौमासिक विभाजन सहितको कार्यक्रम माग गर्नुपर्ने छ। उक्त विवरणमा स्वीकृत वार्षिक कार्यक्रम अनुसार आवश्यक परिमार्जन सहित स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनका लागि मार्गदर्शन सहित नगर प्रमुखबाट अख्तियारी प्राप्त भएको १५ दिनभित्र सम्बन्धित विषय क्षेत्रगत शाखा र वडा कार्यालयहरूलाई अख्तियारी प्रदान गर्नुपर्नेछ। यसरी अख्तियारी जारी गर्नु भन्दा पहिले सवै शाखा, उपशाखा र वडा कार्यालय वा जिम्मेवार निकायवाट तोकिएको निर्दिष्ट ढाँचामा चौमासिक विभाजन सहतिको कार्यान्वयन योजना माग गरी स्वीकृत गरिनु पर्ने छ र उक्त कार्यान्वयन योजनामा जिम्मेवारी किटान समेत गरिनु पर्ने छ। यसका सार्थ कार्यान्वयनको तरिका समेत निर्धारण गरिसक्नु पर्ने छ।

## १३.७ वार्षिक कार्यान्वयन कार्ययोजना

आवधिक योजनाले आत्मसात गरेको दीर्घकालीन सोच, आवधिक लक्ष्य, विषयक्षेत्रगत उद्देश्य, रणनीति तथा प्राथमिकताको आधारमा वार्षिक नीति, कार्यक्रम र बजेट सहित वार्षिक कार्यान्वयन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिने छ। वार्षिक कार्यान्वयन कार्ययोजनाको ढाँचा अनुसुची २ मा समावेश गरिएको छ।

## १३.८ अनुगमनको प्रतिवेदन र समीक्षा

उक्त फाराममा उल्लेखित कियाकलापहरूको आधारमा अनुगमन योजना बनाई नगर उप प्रमुखको संयोजकत्वमा गठन भएको समितिबाट अनुगमन योजना स्वीकृत गराई नियमित अनुगमनको व्यवस्था गर्नुपर्दछ। यसरी अनुगमन गर्दा अनुगमन सूचकको आधारमा गरी अनुगमन प्रतिवेदन पेस गर्नुपर्ने हुन्छ। नगर उप प्रमुखको संयोजकत्वमा भएका अनुगमनको प्रतिवेदन कार्यपालिकाको नियमित बैठकमा छलफल गर्नुपर्दछ। यसैगरी योजनाको अनुगमन तथा कार्यालयको समष्टिगत भौतिक र वित्तीय प्रगति एवम् समस्याहरूको बारेमा चौमासिक र वार्षिक समीक्षा तथा स्थानीय तह बिकास समस्या समाधान समितिको बैठकमा पेस गरी प्राप्त निर्देशन बमोजिम कार्यान्वयन गर्नु पर्नेछ।

# परिच्छेद - १४
# अनुगमन तथा मूल्याङ्कन

## १४.१ पृष्ठभूमि

स्थानीय तहको बिकासको मेरुदण्डको रूपमा रहेका बिकास नीति, योजना तथा कार्यक्रमहरूको सफल कार्यान्यनका लागि अनुगमन तथा मूल्याङ्कनको महत्वपूर्ण भूमिका रहन्छ । स्थानीय तहले योजना तर्जुमा तथा कार्यान्वयनमा सशक्त अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गरी आफूले निर्धारण गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्ने दिशातर्फ योजनाको प्रगति उन्मुख भएको छ वा छैन भन्ने जानकारी प्राप्त गर्नुपर्ने हुन्छ। कार्यान्यन चरणको समयमा नै आयोजनाहरूमा भएको लगानी तथा साधनको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यतालिका अनुसार कियाकलापहरू सुचारु भएका छन् वा छैनन् साथै व्यवस्थापकीय कमजोरीहरू के के छन् भन्ने जानकारी प्राप्त गर्न अनुगमन प्रणालीको विकास गर्नुपर्दछ । नगरपालिकाले आवधिक योजनाको आधारमा वार्षिक बिकास योजना तर्जुमा गर्नुपर्ने हुन्छ। वार्षिक योजना कार्यान्वयनका लागि कार्यान्वयन तालिका समेत तयार गर्नुपर्ने र सो कार्यान्वयन तालिकामा बजेट सहितका अनुगमनका कार्यहरूसमेत निर्दिष्ट गरी तदअनुसार अनुगमन गर्ने कार्यप्रणाली स्थापित गरिनु पर्दछ। कार्यान्वयन भएका आयोजना र कार्यक्रमले दिएका प्रतिफल र उपलव्धीले नगरवासीको आर्थिक सामाजिक स्थितिमा के कस्तो प्रभाव तथा असर पाऱ्यो भन्ने थाहा पाउनको लागि आयोजना तथा कार्यक्रमहरुको मूल्याङ्कन गर्नुपर्ने हुन्छ ।

अनुगमन मूल्याङ्कनको महत्वबोध गराउन नसकिदा आयोजना चक्रको महत्वपूर्ण पाटोले उचित प्राथमिकता प्राप्त गर्न सकेको देखिँदैन। आयोजना कार्यक्रम अनुसारका चरणवद्ध अनुगमन तथा मूल्याङ्कन गरी पूर्वनिर्धारित समय, गुणस्तर, लागतमा कार्य भए नभएको यकिन गर्न कार्यान्वयन चरणदेखि नै प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गरी नतिजामुखी अनुगमन प्रणालीको स्थापना हुन झनै जरुरी देखिन्छ ।

## १४.२ वर्तमान अवस्था

पालिकाले वार्षिक योजनाका कार्यान्वयन तालिका बनाएर कार्यान्वयनका चरणमा अनुगमनलाई प्राथमिकता सहित प्रभावकारी बनाएको देखिदैन । अनुगमनलाई सामान्य प्राविधिक निरीक्षणको विषयको रूपमा ग्रहण गर्ने गरेको पाइन्छ। बिकास साझेदारहरूको सहयोगमा सञ्चालित कार्यक्रमहरूको हकमा सघन अनुगमन प्रणाली पनि पाइन्छ। निर्वाचित जनप्रतिनिधिहरूको बहाली पछि प्रतिनिधि सहितको संयुक्त अनुगमनको अभ्यास पनि भएको पाइन्छ। यसैगरी चौमासिक तथा वार्षिक समीक्षामा प्रगतिको स्थितिको समीक्षा पनि हुने गरेको छ। निरीक्षण, सुपरिवेक्षण र अनुगमनमा खासै भिन्नता छ भन्ने महसुस हुन सकेको देखिँदैन । अनुगमन गर्दा पूर्वनिर्धारित सूचकहरूको आधारमा हुने अभ्यास पनि भएको देखिँदैन। अनुगमनलाई आयोजना चक्रको हिस्साको रूपमा बजेट विनियोजन समेत हुने गरेको छैन। अनुगमनको परम्परागत प्रणाली समस्या समाधानको दृष्टिले त्यति प्रभावकारी हुन सकेको देखिँदैन ।

## १४.३ अवसर र चुनौती

योजनाबद्ध बिकासको प्रयासमा अनुगमनलाई योजना चक्रको अभिन्न हिस्सा र प्रगति सिंहावलोकन गर्ने प्रमुख आधार मान्ने गरिन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ ले नगरपालिकाका उपप्रमुखको र वडाअध्यक्षको काम कर्तव्य र अधिकारमा आयोजना तथा कार्यक्रमको अनुगमन तथा

सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेस गर्नुपर्ने कानुनी व्यवस्था गरेको छ। त्यस्तै नगर उपप्रमुखको अध्यक्षतामा अनुगमन समितिको समेत प्रबन्ध भएको छ। जिल्ला समन्वय समितिले पनि अनुगमन र वार्षिक समीक्षा गर्नुपर्ने संस्थागत र कानुनी व्यवस्था भएको छ। त्यस्तै ऐनको दफा ८४ ले प्रमुख प्रशासकीय अधिकृतले प्रमुखको निर्देशनमा अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने कानुनी व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐनले पालिकालाई आफ्नो कार्यक्षेत्रभित्र पर्ने बिकास आयोजनाको अनुगमन सम्बन्धी कानुनी संस्थागत तथा कार्यविधिगत जिम्मेवारी समेत किटानी व्यवस्था हुनुलाई प्रभावकारी अनुगमन प्रणाली स्थापना गर्ने अवसरको रूपमा लिनुपर्ने हुन्छ।

आयोजना सम्बद्ध प्राविधिक जनशक्तिको अभावले नियमित अनुगमन प्रभावित भइरहेको छ। अनुगमन सम्बन्धी संयन्त्रहरू क्रियाशील हुन सकिरहेका छैनन । अनुगमनका लागि भिन्दै बजेट विनियोजन समेत पर्याप्त हुन सकेको देखिदैन। त्यसैगरी स्थानीय सरकारका रूपमा विभिन्न विषयगत कार्य जिम्मेवारीहरू प्राप्त भए तापनि ती कार्य जिम्मेवारी अनुसारका अनुगमनका सूचकहरू निर्धारण हुन नसक्नु, तत्तत् विषयगत शाखाबाट आ-आफ्नो कार्यक्रम अनुसारका क्रियाकलापगत, परिमाणत्मक, नतिजागत, असर वा प्रतिफलगत तह सम्मका सूचकहरू प्राप्त गरी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुव्यवस्थित गर्नु चुनौतीपूर्ण छ।

## १४.४ उद्देश्य

आवधिक योजना र यस बमोजिम तर्जुमा हुने वार्षिक योजनाहरूको नतिजामुखी अनुगमन तथा मूल्याङ्कन पद्धति स्थापित गरी संस्थागत गर्नु।

## १४.५ रणनीति

अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत सुदृढ र नतिजामुखी बनाउने।

## १४.६ कार्यनीतिहरु

१ स्थानीय सरकार सञ्चालन ऐन बमोजिमको अनुगमन संयन्त्रलाई संस्थागत गरी क्रियाशील गराइनेछ।

२ आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य हासिल भए नभएको उपलब्धि र नतिजा सूचकहरूको बिकास गरी मध्यावधि मूल्याङ्कन गरिनेछ।

३ आवधिक योजनाका आधारमा वार्षिक योजना तर्जुमा गरी आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्यहरू प्राप्त उन्मुख भए नभएको अनुगमन गरिनेछ।

४ विषयगत कार्यक्रमहरूको कार्यक्रमगत सूचकहरूको निर्माण गरी तदअनुसार अनुगमन गरिनेछ।

५ अनुगमनको कार्यतालिका बनाई अनुगमन गर्ने प्रणालीको बिकास गरी, तदअनुसार क्षमता बिकासका साथै बजेटको व्यवस्था गरिनेछ।

६ अनुगमन पश्चात अनुगमनकर्ताबाट लिखित रूपमा अनुगमन प्रतिवेदन लिने, यसलाई नियमित बैठकमा छलफल गरी देखिएका बाधा अड्चन फुकाइनेछ।

७ प्राप्त अनुगमन प्रतिवेदन अनुगमन समितिमा र चौमासिक र बार्षिक प्रतिवेदनको चौमासिक र बार्षिक समीक्षा नियमित रुपमा पालिकामा सबै सरोकारवालाहरुको संलगनतामा गरिनेछ र तत्काल समस्याको समाधान गरी योजना समयमा नै सम्पन्न गर्न तदारुकता लिइनेछ।

८ हरेक वर्ष कम्तिमा १ वटा आयोजनाको मूल्याङ्कन गरी पृष्ठपोषण लिई अन्य आयोजना निर्माणमा सुधार गरिनेछ ।

९ योजनाको आर्थिक तथा भौतिक प्रगतिको प्रतिवेदन सम्बन्धित तह, निकायमा तोकिएको समयमा पठाइनेछ । यसका लागि संघ र प्रदेशसँग समन्वय गरी कम्प्युटरमा आधारित एकिकृत सूचना प्रणालीका फर्मेटहरु बिकास गरी आबद्ध गरिनेछ ।

१० आवधिक बिकास योजनाको मध्यावधि मूल्याङ्कन तेश्रो वर्षमा र अन्तिम मूल्याङ्कन आवधिक योजनाको समाप्ति पछि गरिनेछ ।

११ अनुगमन र मूल्याङ्कन प्रतिवेदन नगरपालिकाको वेबसाइटमा राखिनुका साथै सार्वजनिक समेत गरिनेछ ।

## १४.७ कार्यक्रम

१. संस्थागत संयन्त्रका स्थापना र क्षमता बिकास
२. अनुगमन तथा मूल्याङ्कन प्रणाली र तहगत सूचकहरूको निर्माण र कार्यान्वयन
३. अनुगमन कार्यान्वयन कार्यक्रम
४. समीक्षा तथा स्थानीय समस्या समाधान समितिको बैठक

## १४.८ अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार निकाय

आवधिक योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा सञ्चालित आयोजना तथा कार्यक्रमको प्रक्रिया अनुगमन गरिनेछ । प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी नगरकार्यपालिकाको हुनेछ र यस कार्यमा सुपरीवेक्षण तथा अनुगमन समितिलाई परिचालन गरिनेछ । आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी तथा विधि देहाय अनुसार रहेका छन् :

१. जिल्ला समन्वय समिति
२. नगरकार्यपालिका तथा विषयगत समिति
३. सुपरीवेक्षण तथा अनुगमन समिति
४. विषयगत शाखा उपशाखा, परियोजना, संघ संस्था
५. नागरिक समाज संस्था तथा तेश्रो पक्ष

आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनका साधन तथा विधि देहायअनुसार रहनेछ ।

१. स्थलगत अनुगमन
२. कार्ययोजना (लक्ष्य) र प्रगति वीच तुलना
३. नागरिक अनुगमन
४. सहभागितामूलक मध्यावधि समीक्षा
५. सहभागितामूलक अन्तिम समीक्षा (तेश्रो पक्षबाट मूल्याङ्कन)

आवधिक योजनाको अनुमान तथा मूल्याङ्कन प्रक्रिया देहाय वमोजिम हुनेछ

**तालिका : ७३**
**आवधिक योजनाको अनुमगन तथा मूल्याङ्कन प्रक्रिया**

| के अनुगमन गर्ने? | कसले अनुगमन गर्ने? | कहिले अनुगमन गर्ने? | कसरी अनुगमन गर्ने? |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| कार्यक्रम वा प्रक्रिया अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी र गैसस, परियोजना | पटके, मासिक, चौमासिक र बार्षिक | स्थलगत अनुगमन गर्ने, चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति, विवरणको तुलना गर्ने, |
| प्रतिफल अनुगमन | नगर कार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति | चौमासिक, अर्धवार्षिक, बार्षिक र मध्यावधि | स्थलगत अनुगमन गर्ने, बार्षिक कार्य योजनाको लक्ष्य र प्रगति, विवरणको तुलना गर्ने, नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने, |
| असर तह अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | बार्षिक, मध्यावधि र अन्तिम बर्ष | सहभागितामूलक छलफल गर्ने, नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने, नमूना सर्वेक्षण गर्ने, |
| प्रभाव तह अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | मध्यावधि र अन्तिम बर्ष | नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने, सहभागितामूलक छलफल गर्ने, अध्ययन तथा सर्वेक्षण गर्ने, |

# परिच्छेद - १५
# क्षेत्रीय बिकासका लागि अन्तरपालिका रणनीतिक साझेदारी

## १५.१ पृष्ठभूमि

नेपालको संविधानले सहकारीता, सह अस्तित्व र समन्वयको सिद्धान्तलाई स्वीकार गरेको छ । यही सिद्धान्तमा आधारित भई संघ, प्रदेश र स्थानीय तहका वीच सम्वन्ध गर्न सकिने पक्षलाई जोड दिएको छ । त्यसैगरी संघ, प्रदेश र स्थानीय तह वीचको सहकारीता, सह अस्तित्व र समन्वयलाई विशेष जोड दिदै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रस्तावना उल्लेख भएको छ । योजना तर्जुमा तथा कार्यान्वयनको सन्दर्भमा अन्तरपालिकाहरु वीच लागत न्यूनीकरण, श्रोत साधनको अधिकतम उपयोग र प्रभावकारी सेवा प्रवाहका लागि साझेदारी, संयुक्त व्यवस्थापनमा कार्य गर्न सक्ने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐनमा उल्लेख छ । परिवर्तित सन्दर्भमा स्थानीय सरकारहरुको आफ्नो कार्यक्षेत्रमा मात्र सिमित रही क्रियाकलापहरु सञ्चालन गरिरहेको अवस्था देखिन्छ ।

भौगोलिक समानता र श्रोतसाधनको उपलव्धतामा विविधता वीच स्थानीय तहहरु एक अर्कासँग सहकार्यको संस्कारको अभावमा एक अर्कासँग परिपूरक हुन सक्ने सम्भावना र त्यसबाट लाभ लिन सकिने अवसरबाट बन्चित हुनु परिरहेको अवस्था छ । समान वा विविध भू भौगोलिक परिवेसमा उपलव्ध श्रोत साधनहरुलाई एक आपसमा सहलगानी र सहकार्यको अगाडी वढ्न सकेको खण्डमा क्षेत्रको बिकासमा नै सन्तुलन कायम हुने र क्षेत्रकै आर्थिक सामाजिक बिकासमा रणनीतिक साझेदारीमा आपसी हित र तुलनात्मक लाभका क्षेत्रमा ठूला ठूला परियोजनाहरु बिकास गर्ने, कार्यान्वयन गर्ने सम्भावनालाई मध्य नजर गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २६ अन्तर्गत गाउपालिका तथा नगरपालिकाले आफ्नो कार्य सञ्चालन गर्दा लागत न्युनिकरण, श्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाहका लागि बिभिन्न क्षेत्रमा साझेदारी वा संयुक्त व्यवस्थापन गर्न सकिने कानूनी व्यवस्था गरेको छ ।

यस अन्तर्गत देहायका क्षेत्रमा साझेदारी वा संयुक्त व्यवस्थापनमा परियोजना वा कार्यक्रमहरु सञ्चालन गर्न सकिने व्यवस्था गरिएको छः

क. वृहत पूर्वाधार निर्माण, ठूला मेसिन तथा औजार खरिद र व्यवस्थापन
ख. विपद व्यवस्थापन,
ग. यातायात सञ्चालन तथा व्यवस्थापन
घ. फोहरमैला बिसर्जनस्थल वा प्रशोधन केन्द्रको बिकास वा सञ्चालन,
ङ. दमकल तथा एम्वुलेन्स सेवा सञ्चालन,
च. वस्ती बिकास तथा भूउपयोग योजना,
छ. पर्यटन, प्रविधि तथा सस्कृति प्रर्वद्धन र बिकास,
ज. संयुक्त उद्यम,
झ. आधारभूत तथा माध्यामिक तहको प्राविधिक शिक्षाको सञ्चालन, प्रर्वद्धन र बिकास,
ञ. स्थानीय बजार व्यवस्थापन र वातावरण संरक्षण,
ट. अन्तरस्थानीय तह भगिनी सम्बन्ध,
ठ. असल अभ्यास र अनुभवको आदान प्रदान,

ड. भौतिक तथा आर्थिक सहयोग,
ढ. अन्य उपयुक्त बिषय ।

भौगोलिक वनावट, विषमता, प्राकृतिक श्रोतहरुको उपलव्धता जस्ता पक्षहरुका आधारमा पालिकाहरु एक आपसमा समान छैनन् । त्यसमा वित्तीय श्रोतको सीमितता, उपलव्ध श्रोतहरुको दिगो उपयोग र वितरण आदिले पालिकाहरु वीचको अन्तरलाई अरु वढाएको छ । यसैकारण पनि स्थानीय सरकारहरु आफ्नै क्षेत्राधिकारमा सीमित हुँदै र सो परिधिमा विकासका प्रयासहरु एवम् सम्भावनाहरुको खोजी हुँदै आएको छ । तर नागरिकहरुको वढ्दो आकाङ्क्षाहरुको सन्दर्भमा वदलिदो परिवेशसँगै भौगोलिक वनौट, दूरी तथा सामीप्यता, श्रोत साधनहरुको उपलव्धता र साझा लाभका आधारमा अन्तरपालिका सहकार्य र समन्वयको आवश्यकता अपरिहार्य भएको छ ।

उपरोक्त पक्षलाई मनन गर्दै खाँदवारी नगरपालिकाले सीमाना जोडिएका, नजिकका पालिकाहरु वीच सहकार्य, समन्वय तथा साझेदारीमा आपसी लाभका आधारमा ठूला प्रकृतिका आयोजनाहरु सञ्चालन तथा व्यवस्थापन गर्ने भएको छ । यसका साथै पालिकावाट स्थानीय गैर सरकारी संघ संस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक संस्थाहरुलाई समेत क्रियाशील वनाउने र आयोजनाहरु सञ्चालनका लागि निजी क्षेत्रलाई प्रोत्साहित गर्दै हातेमालो गर्ने भएको छ ।

## १५.२ वर्तमान अवस्था

खाँदवारी नगरपालिकाको अन्तरपालिका सम्वन्ध स्थापित छ । चैनपुर नगरपालिका, पाँचखपन नगरपालिका, सभापोखरी गाउँपालिका, चिचिला गाउँपालिका र सिलिचोङ गाउँपालिका गरी पाँचवटा पालिकाहरुसँग यसको सीमाना जोडिएको छ । यसै नगरपालिका हुँदै उत्तरतर्फ किमाथाङ्का सम्म पुग्दैगरेको सडक खण्डले चिचिला, मकालु, भोटखोला लगायत सिलिचोङ गाउँपालिकाहरुको आर्थिक सामाजिक विकासमा महत्वपूर्ण योगदान पुग्ने र पालिकाहरुको वीचको आपसी सम्वन्धीकरणलाई अरु थप वल पुग्ने देखिन्छ । छिमेकी राष्ट्र चीनसँगको व्यापारिक द्वारको रुपमा विकास हुँदै गरेको किमाथाङ्का सम्मको सडक खण्डले सडक छेउमा वस्ती तथा वजार विकास, कृषि तथा गैरकृषि वस्तुहरुको उत्पादन एवम् खपत वृद्धि, सम्भावनालाई उजगार गर्दछ । अलैची, चिराइतो, चिया, नेपाली कागज, यार्सागुम्वा जस्ता वहुमूल्य जडीवुटीहरु एवम् पशुपंक्षी तथा दुधजन्य उत्पादनहरुको सङ्कलन, भण्डारण, प्रशोधन गर्दै निकासीका लागि उपयुक्त स्थान तुम्लिङ्टार हुन सक्छ । काठमाडौ-तुम्लिङ्टार र विराटनगर- तुम्लिङ्टार हवाइ सेवाले देशका प्रमुख शहरहरुसँग सम्वन्ध, कारोवार, तथा आवगमनलाई खाँदवारी लगायतका स्थानीयहरुलाई सहज वनाएको छ । यसवाट समथर तुम्लिङ्टारमा शहरी वस्ती विकाससँग जनसांख्यिक चाप वढ्न सक्ने सम्भावना प्रवल छ । सङ्खुवासभा जिल्लाको सदरमुकाम खाँदवारी भएकोले जिल्लास्तरीय सार्वजनिक सेवा प्रवाहमा पनि यस क्षेत्रको आकर्षण (सेन्टर ग्राभीटी) तुलनात्मक रुपमा वढी छ ।

विदुषी योगमाया आयुर्वेद विश्वविद्यालयको स्थापना अरुण उपत्यका क्षेत्रमा स्थापना गर्नका लागि यस क्षेत्रका १४ पालिकाहरु (सङ्खुवासभाका १०, भोजपुरको भोजपुर, षडानन्द र साल्पासिलिछो तथा धनकुटाको महालक्ष्मी) को संयुक्त बैठकले खाँदवारी नगरपालिकामा केन्द्रीय कार्यालय राख्ने र चिचिला र मकालु गाउँपालिकामा केही पूर्वाधार निर्माण गर्ने सहमती भए अनुसार विश्व विद्यालयको लागि जग्गा प्राप्तीको कार्य भैरहेको छ ।

अरुण नदी जलविद्युत, सिंचाइ, खानेपानी र जल पर्यटनका लागि उपयुक्त श्रोतमा लिन सकिन्छ । अन्तरपालिका, निजी क्षेत्र तथा वैदेशिक सहयोग तथा सहकार्यमा अरुण नदीलाई सदुपयोग गर्दै यस क्षेत्रका स्थानीयहरुले सामना गर्दै आएको सिंचाइ, खानेपानीको चर्को समस्यालाई सम्वोधन गर्न सकिन्छ ।

खाद्यान्न उत्पादन, वेमौसमी तरकारी उत्पादन, फलफुल, अलैची, चिराइतो, चिया, अल्लो, लोक्ता लगायतका वहुमूल्य जडीवुटीका लागि यो क्षेत्र प्रचुर सम्भावना वोकेको क्षेत्र हो । तापनि वजार पहुँचको अभाव, वजारीकरण, सङ्कलन, भण्डारण, प्रशोधन आदिका कारण उपलव्ध श्रोतहरु सदुपयोग हुन सकिरहेको छैन । यस अर्थमा पनि अन्तरपालिका समन्वय, सहकार्य यस क्षेत्रको आर्थिक सामाजिक बिकासको लागि मेरुदण्डको रुपमा सहायक सिद्ध हुनसक्छ । प्रमुख बजार केन्द्रहरुलाई जोडिने अन्य आन्तरिक सडक सञ्जालहरुले यस क्षेत्रको शहरीकरण, वजार केन्द्रहरुको बिकास र आर्थिक गतिविधिहरुमा महत्वपूर्ण योगदान गर्ने देखिन्छ भने भौगोलिक, आर्थिक, सामाजिक विकासको पालिकाहरुले तयार पारेका दीर्घकालीन सोच सहितका बिकास योजनाहरुले यस क्षेत्रको तुलनात्मक लाभका क्षेत्रहरु पहिचान गरी रणनीतिक साझेदारीमा अन्तरपालिका सहकार्यका लागि नमूना परियोजना बिकास गर्न सकेको खण्डमा यस क्षेत्रको सन्तुलित बिकासमा कोशेढुङ्गा सावित हुने देखिन्छ । यसै उद्देश्यका साथ क्षेत्रीय विकासका लागि अन्तरपालिकाहरु वीच रणनीतिक साझेदारी अवधारणालाई आवधिक योजनाको एक महत्वपूर्ण हिस्साको रुपमा प्रस्तुत गरिएको छ ।

## १५.३ अवसर र चुनौती

**तालिका : ७४**
**सम्भावना, अवसर तथा समस्या र चुनौति**

| सम्भावना तथा अवसरहरु | चुनौतिहरु |
|---|---|
| • प्राकृतिक सम्पदाहरुको उपलव्धता<br>• वहुमूल्यका जडीवुटीहरु यर्सागुम्वा, चिराइतो, अलैची एवम् रुद्राक्ष जस्ता श्रोतहरुको उपलव्धता<br>• अरुण नदीवाट जलविद्युत, सिंचाइ, खानेपानी एवम् जल पर्यटनको सम्भावना<br>• धार्मिक, प्राकृतिक एवम् सांस्कृतिक पर्यटकीय क्षेत्रहरु<br>• विदुषी योगमाया आयुर्वेद विश्वविद्यालय स्थापनाको क्षेत्र | • क्षेत्रीय बिकासका लागि सहकार्य, सहलगानी तथा साझेदारी अवधारणा विकास गर्नु<br>• श्रोतहरुको न्यायोचित सदुपयोग, समान वितरण, साझा लाभ आर्जन गर्नु<br>• लगानीका लागि साझेदारीको अवधारणामा वित्तीय श्रोतहरु जुटाउनु तथा पालिकाहरु संघीय श्रोत माथि अधिक निर्भरता हुनु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| • सडक सञ्जाल लगायत भौतिक पूर्वाधारहरुको विकास हुँदै<br>• कृषि, पर्यटन, उद्योग व्यापार, शिक्षा एवम् स्वास्थ्यको क्षेत्रमा पालिकाहरुवाट आधारभूत प्रगतिहरु हुँदै<br>• पालिकाहरुमा जनशक्ति संशाधन, सँगठनात्मक संरचना विकास, नीति कार्यक्रमहरु कार्यान्वयनमा पालिकाहरुको आन्तरिक श्रोतहरु अभिवृद्धि हुँदै<br>• विदुषी योगमाया आयुर्वेद विश्वविद्यालय स्थापनका सम्वन्धमा अन्तरपालिका सहकार्य भैरहेको | • राजनीतिक तथा प्रशासनिक नेतृत्वमा पालिकाहरु वीच साझा लाभका लागि सहकार्य र साझेदारी गर्ने सम्वन्धी अवधारणा विकास नहुनु<br>• क्षेत्रीय स्तरमा तुलनात्मक लाभका क्षेत्रहरु पहिचान, त्यसको विस्तृत सम्भाव्यता अध्ययन नहुनु<br>• संघ, प्रदेश एवम् स्थानीय तहमा आयोजनाहरु सञ्चालन सम्वन्धी कानुनहरु निर्माण नहुनु |

## १५.४ उद्देश्य

क) भौगोलिक, सामाजिक, आर्थिक रुपमा सीमान जोडिएका पालिकाहरु वीच समग्र रुपमा साझेदार पालिकाहरुको आर्थिक सामाजिक बिकासका लागि साझा तथा पारस्परिक हितका वृहत एवम् रुपान्तरणकारी आयोजना तथा कार्यक्रमहरुको सम्भावनाको खोजी गर्नु ।

ख) साझा हित र रणनीतिक क्षेत्रीय आयोजना तथा कार्यक्रमहरुलाई प्रभावकारी रुपमा परियोजना बिकास, सह लगानीको खाका, कार्यान्वयन ढाँचा, लाभको समानुपातिक वितरण जस्ता पक्षहरुमा साझा अवधारणा तय गर्न साझा संयन्त्रको प्रारुप तयार पार्नु ।

ग) भौगोलिक, आर्थिक एवम् सामाजिक रुपमा प्रचुर सम्भावना भएका तथा क्षेत्रीय रुपमा तुलनात्मक एवम् प्रतिस्पर्धात्मक लाभका रणनीतिक महत्वका आयोजना एवम् कार्यक्रमहरुको पहिचान, विश्लेषण एवम् सूची तयार पार्दै सञ्चालनमा ल्याउनु ।

## १५.५ रणनीति

१. क्षेत्रीय विकासका लागि अन्तरपालिका संयन्त्र विकास गर्ने ।
२. प्राकृतिक श्रोत साधन तथा सम्पदाहरु दिगो रुपमा उपयोग गर्ने ।
३. क्षेत्रीय विकासका लागि सहयोगी संस्था तथा निजी क्षेत्रसँग सहकार्य, साझेदारी गर्ने ।

## १५.६ कार्यनीति

**रणनीति १ अन्तर्गतको क्षेत्रीय विकासका लागि अन्तरपालिका संयन्त्र विकास अन्तर्गतका कार्यनीतिहरु**

१.१ प्रदेशिक ऐन, कानुन एवम् स्थानीय सरकार सञ्चालन ऐन बमोजिमको क्षेत्रीय बिकासका लागि अन्तरपालिका सहकार्य, साझेदारी वा संयुक्त व्यवस्थापन सम्बन्धी अवधारणा बिकास गरिने छ ।

१.२ अन्तरपालिका सहकार्य तथा साझेदारीका लागि साझा संरचना, सँगठनात्मक संरचना, ऐन, नियम तथा कार्यविधिहरु निर्माण गरिने छ ।

१.३ अन्तरपालिका सहकार्य वा साझेदारी वा संयुक्त व्यवस्थापन सम्बन्धी परियोजनाहरुको पहिचान गरी आ-आफ्नो रणनीतिक योजना दस्तावेजमा सूचिकृत गरी प्राथमिकता र सम्भाव्यताको आधारमा श्रोत साधनको बिनियोजन गर्ने व्यवस्था मिलाइनेछ ।

**रणनीति २ को प्राकृतिक श्रोतहरुको दिगो उपयोग अन्तर्गतका कार्यनीतिहरु**

२.१ क्षेत्रीय स्तरमा तुलनात्मक एवम् प्रतिस्पर्धात्मक लाभका वस्तुहरुको पहिचान, विश्लेषण र सम्भाव्यता अध्ययन गरिनेछ ।

२.२ स्थान विशेषमा उपलब्ध श्रोतहरुको दिगो उपयोगका लागि सहकार्य एवम् साझेदारीका आधारमा उत्खनन, विकास तथा प्रवर्द्धन गरिनेछ ।

२.३ स्थान विशेषमा उपलब्ध श्रोत साधनको दिगो उपभोगका लागि सम्वन्धित पालिकाको आवश्यकता र दामासाहीका आधारमा अन्तरपालिकामा वितरणको व्यवस्था मिलाइनेछ ।

**रणनीति ३ को क्षेत्रीय विकासका लागि सहयोगी संस्था तथा निजी क्षेत्रसँग सहकार्य साझेदारी अन्तर्गतका कार्यनीतिहरु**

३.१ ठूला ठूला आयोजनाहरु निर्माण हस्तान्तरण, निर्माण सञ्चालन तथा हस्तान्तरण जस्ता तरिकाहरु अपनाइ निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ । यसका लागि आवश्यक कानुनहरु निर्माण गरिनेछ ।

३.२ बिकास साझेदार संस्था एवम् गैरसरकारी संस्थाहरुसँगको सहयोग तथा सहकार्यमा आयोजनाहरु सञ्चालन गरिनेछ ।

## १५.७ सहकार्यका क्षेत्र तथा कार्यक्रमहरु

**तालिका ७५**
**सहकार्य हुन सक्ने क्षेत्रहरु**

| सहकार्यका सम्भाव्य क्षेत्र | सम्भाव्य परियोजना | उपयुक्त क्षेत्र |
|---|---|---|
| कृषिमा आधारित उद्यम बिकास | १. खाद्य कृषि, मौसमी वेमौसमी तरकारी, मसला, दलहन, फलफुल, दुध तथा दुधजन्य उत्पादन, जडिवुटी उत्पादन, भण्डारण तथा प्रशोधनसँग सम्बन्धित एकिकृत उद्यम बिकास परियोजना | सबै पालिकालाई पायक पर्ने स्थानको खोजी गरी सर्वसम्मत निर्णय गर्न सकिने, |
| जलश्रोत, सिचाइ तथा जल पर्यटन | १. अरुण नदी वहुउद्देश्यीय आयोजना | सार्वजनिकि निजी, सहकारी, समुदाय समेतको लगानी प्रर्वद्धन हुने गरी आयोजनास्थल निर्धारण गरी आयोजना बिकास गर्ने |
| धार्मिक तथा सांस्कृतिक पर्यटन | १. कला, भाषा, संस्कृति अध्ययन अनुसन्धान केन्द्र परियोजना<br>२. हिन्दु तथा किरात स्थल पर्यटकीय परिपथ आयोजना | पालिकाहरुको सम्भाव्य स्थलहरुलाइ हेरी सर्वसम्मत निर्णय गर्न सकिने |
| शिक्षा | १. नमुना आवासीय विद्यालय परियोजना<br>२. कृषि, पशु, वन, स्वास्थ्य, इन्जिनियरिङ्ग बिषयमा मध्यम तहको प्राविधिक जनशक्ति उत्पादन गर्ने एकिकृत प्राविधिक बिद्यालय परियोजना | सबै पालिकालाई पायक पर्ने स्थानको खोजी गरी सर्वसम्मत निर्णय गर्न सकिने |
| व्यवसायिक प्रर्वद्धन | १. एकिकृत बजार प्रर्वद्धन आयोजना ( स्थानीय कृषि तथा अन्य उत्पादन)<br>२. एकिकृत औद्योगिक ग्राम प्रर्वद्धन आयोजना | सबै पालिकालाई पायक पर्ने स्थानको खोजी गरी सर्वसम्मत निर्णय गर्न सकिने, |
| स्वास्थ्य सेवा | १. बिशिष्ट स्वास्थ्य सेवा प्रर्वद्धन आयोजना | सबै पालिकामा निर्माणको चरणमा रहेका अस्पतालमा बिशिष्टकृत सेवा उपलब्ध गराउन सहकार्य गर्ने |
| आकस्मिक सेवा व्यवस्थापन | १. एकिकृत अग्नी समन उपकरण सञ्चालन तथा व्यवस्थापन आयोजना | सबै पालिकालाई पायक पर्ने स्थानको खोजी गरी सर्वसम्मत निर्णय गर्न सकिने, |

उपरोक्त बिषय क्षेत्रसँग सम्बन्धित सम्भाव्य आयोजनाहरुको पूर्व सम्भाव्यता (प्रिफिजिविलिटी) अध्ययन, सम्भाव्यता अध्ययनको आधारमा आर्थिक तथा सामाजिक रुपमा उपयुक्त र बित्तीय (लगानी तथा प्रतिफल) को दृष्टिकोणबाट प्रतिफलयुक्त आयोजनाहरुको बिस्तृत परियोजना प्रस्ताव प्रतिवेदन ( डिपिआर) समेत तयार पारी उपयुक्त संयन्त्र निर्माण गरी कार्यान्वयन गर्न उपयुक्त हुने देखिन्छ ।

# अनुसूचीहरु

१. आवधिक नगर विकास योजना तर्जुमाका लागि गठन भएका समितिका पदाधिकारीहरुको विवरण

२. आवधिक नगर विकास योजना तर्जुमा गोष्ठीको उपस्थिति विवरण

३. नगरपालिका नक्सा

४ आवधिक योजना तर्जुमा कार्यसँग सम्बन्धित चित्रहरु

## अनुसूची- १
## आवधिक नगर विकास योजना तर्जुमामा समुह छलफलमा सहभागीहरुको सम्बन्धी विवरण

**समष्टीगत आर्थिक समुह**

| क्र.स. | नाम थर | पद | मोवाईल नं. |
|---|---|---|---|
| १ | श्री मुरारी प्रसाद खतिवडा | नगर प्रमुख | |
| २ | श्री डेगेश्वरी श्रेष्ठ | नगर उपप्रमुख | |
| ३ | श्री शेखर बावु कार्की | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | श्री जीतबहादुर घिमिरे | नेकपा एमाले | |
| ५ | श्री दिपनकुमार श्रेष्ठ | नेपाली काँग्रेस | |
| ६ | श्री नेत्र रेग्मी | नगर सल्लाहकार | |
| ७ | श्री महेश थपलिया | नगर सल्लाहकार | |
| ८ | श्री उषा कार्की | नगर सल्लाहकार | |
| ९ | श्री नारायण कटुवाल | नगर सल्लाहकार | |
| १० | श्री देवी चापागाई | नगर सल्लाहकार | |
| ११ | श्री बद्री घिमिरे | नगर सल्लाहकार | |
| १२ | श्री खड्ग राई | नगर सल्लाहकार | |
| १३ | श्री नेत्र रेग्मी | नगर सल्लाहकार | |
| १४ | श्री महेश थपलिया | नगर सल्लाहकार | |
| १५ | श्री उषा कार्की | नगर सल्लाहकार | |
| १६ | श्री नारायण कटुवाल | नगर सल्लाहकार | |
| १७ | श्री पुस्कर गुरागाई | जनगरणा कार्यालय | |
| १८ | श्री डम्बरु निरौला | खाँदवारी नगरपालिका | |
| १९ | श्री सन्तोष चापागाई | खाँदवारी नगरपालिका | |
| २० | श्री सुमन दाहाल | खाँदवारी नगरपालिका | |
| २१ | श्री रजिता पाठक | खाँदवारी नगरपालिका | |
| २२ | श्री समन ढकाल | खाँदवारी नगरपालिका | |
| २३ | श्री नयन्द्र मगर | खाँदवारी नगरपालिका | |

## आवधिक विकास योजना तर्जुमा विषयक्षेत्रगत समूह

| आर्थिक विकास समूह (कृषि, पशु, पर्यटन, घरेलु, सहकारी) | | | |
|---|---|---|---|
| क्र.स | नाम थर | पद तथा जिम्मेवारी | मोवाईल नम्बर |
| १ | श्री सुनिता कटुवाल कार्की | संयोजक | |
| २ | कुङ्गमाङ्ग लामा | सदस्य | |
| ३ | लिला बहादुर गुरुङ्ग | सदस्य | |
| ४ | श्रीजना सङ्कर | सदस्य | |
| ५ | उर्मिला गौली | सदस्य | |
| ६ | अध्यक्ष उद्योग वाणिज्य संघ सङ्खुवासभा | संखुवासभा | |
| ७ | नेपाल चेम्वर अफ कमर्श | संखुवासभा | |
| ८ | घरेलु महासंघ सङ्खुमवासभा | संखुवासभा | |
| ९ | घरेलु तथा साना उद्योग कार्यालय खाँदवारी | संखुवासभा | |
| १० | कृषि ज्ञान केन्द्र खाँदवारी | संखुवासभा | |
| ११ | पशु विज्ञ केन्द्र खाँदवारी | संखुवासभा | |
| १२ | मालपोत कार्यालय खाँदवारी | संखुवासभा | |
| १३ | जिल्ला नापी कार्यालय | संखुवासभा | |
| १४ | करदाता सेवा कार्यालय | संखुवासभा | |
| १५ | घरेलु तथा साना उद्योग विकास कार्यालय | संखुवासभा | |
| १६ | राष्ट्रिय बाणिज्य बैङ्क खाँदवारी | खाँदवारी | |
| १७ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना परियोजना कार्यान्वयन ईकाइ | संखुवासभा | |
| १८ | कोष तथा लेखा नियन्त्रक कार्यालय | संखुवासभा | |
| १९ | जिल्ला बचत तथा ऋण सहकारी संघ | संखुवासभा | |
| २० | महिला उद्यमी महासंध | संखुवासभा | |
| २१ | रुद्रमणि श्रेष्ठ | खाँदवारी न.पा. | |
| २२ | गुणराज खत्री | खाँदवारी न.पा. | |
| २३ | दिनेश कट्टेल | खाँदवारी न.पा. | |
| २४ | दिपेन काफ्ले | खाँदवारी न.पा. | |
| २५ | मेघराज पोखेल | खाँदवारी न.पा. | |
| २६ | मेनुका श्रेष्ठ | खाँदवारी न.पा. | |
| २७ | सरोजकुमार श्रेष्ठ | खाँदवारी न.पा. | |
| २८ | कमल काकी | खाँदवारी न.पा. | |

| | | | |
|---|---|---|---|
| २९ | रमेश विष्ट | खाँदवारी न.पा. | |
| ३० | डा.लाख कुमार राई | खाँदवारी न.पा. | |
| ३१ | लाख बहादुर राई | खाँदवारी न.पा. | |
| ३२ | रिता विश्वकर्मा | खाँदवारी न.पा. | |
| ३३ | लोकेन्द्र खत्री | खाँदवारी न.पा. | |
| ३४ | जानुकला राई | खाँदवारी न.पा. | |
| ३५ | जानकी बल्लभ पोखेल | खाँदवारी न.पा. | |
| ३६ | सुजना भुजेल | खाँदवारी न.पा. | |
| ३७ | धनकुमारी राई | खाँदवारी न.पा. | |
| **सामाजिक विकास समूह (शिक्षा, स्वास्थ्य, लक्षित वर्ग)** | | | |
| १ | श्री दयानिधि बराल | संयोजक | |
| २ | श्री अमरीता विश्वकम | सदस्य | |
| ३ | श्री नगेन्द्र बहादुर गुरुङ्ग | सदस्य | |
| ४ | श्री पासाङ्ग शोर्पा | सदस्य | |
| ५ | श्री उध्धिन कुमार राई | सदस्य | |
| ६ | जिल्ला आयुर्वेद कार्यालय | संखुवासभा | |
| ७ | शिक्षा विकास तथा समन्वय ईकाइ खाँदवारी | संखुवासभा | |
| ८ | जिल्ला अस्पताल खाँदवारी | संखुवासभा | |
| ९ | स्वास्थ्य कार्यालय खाँदवारी | संखुवासभा | |
| १० | गैर सरकारी संस्था खाँदवारी | संखुवासभा | |
| ११ | शिक्षक महासंघ | संखुवासभा | |
| १२ | नेपाल विद्युत प्राधिकरण खाँदवारी | संखुवासभा | |
| १३ | वरुणबहुमुखी क्याम्पस खाँदवारी | खाँदवारी | |
| १४ | हिमालय किरण पब्लिक क्याम्पस खाँदवारी | खाँदवारी | |
| १५ | अपाङ्ग संघ खाँदवारी | संखुवासभा | |
| १६ | एकल महिला संघ खाँदवारी | संखुवासभा | |
| १७ | युवा सञ्जाल खाँदवारी | संखुवासभा | |
| १८ | जेष्ठ नागरिक मञ्च खाँदवारी | संखुवासभा | |
| १९ | दिर्घध्वज चापागाई शिक्षाविद् | संखुवासभा | |
| २० | छिरिङ्ग भोटे | वुद्धिजिवी | |
| २१ | माट्स नेपाल | संखुवासभा | |
| २२ | मुक्ति समाज खाँदवारी | संखुवासभा | |

| | | | |
|---|---|---|---|
| २३ | नेपाल दलित संघ | संखुवासभा | |
| २४ | अखिल नेपाल महिला संघ | संखुवासभा | |
| २५ | नेपाल महिला संघ | संखुवासभा | |
| २६ | नेपाल बाल संगठन | संखुवासभा | |
| २७ | नगर खेलकुद विकास समिति | संखुवासभा | |
| २८ | चित्ररेखा अधिकारी | नागरिक समाज | |
| २९ | दिपकमणि घिमिरे | खाँदवारी न.पा. | |
| ३० | दिलिप कुमार श्रेष्ठ | खाँदवारी न.पा. | |
| ३१ | अञ्जु राइ | खाँदवारी न.पा. | |
| ३२ | सन्तोष राई | खाँदवारी न.पा. | |
| ३३ | निर्मला चापागाई | खाँदवारी न.पा. | |
| ३४ | दिनेश निरौला | खाँदवारी न.पा. | |
| ३५ | स्वास्थकमीहरु सबै | खाँदवारी न.पा. | |
| ३६ | चूडामणी खनाल | खाँदवारी न.पा. | |
| ३७ | खेमराज काफ्ले | खाँदवारी न.पा. | |
| **पूर्वाधार विकास समूह (सडक, सिँचाइ, खानेपानी, भवन)** | | | |
| १ | श्री मौसम आले मगर | संयोजक | |
| २ | श्री गोपी धिमिरे पराजुली | सदस्य | |
| ३ | श्री नरेन्द्र गुरुङ्ग | सदस्य | |
| ४ | श्री सजीत राई | सदस्य | |
| ५ | श्री योगेन्द्र थापा | सदस्य | |
| ६ | डिभिजन सडक कार्यालय | संखुवासभा | |
| ७ | खानेपानी कार्यालय | खाँदवारी | |
| ८ | जलश्रोत तथा सिंचाई विकास डिभिजन खाँदवारी | संखुवासभा | |
| ९ | पूर्वाधार विकास कार्यालय | संखुवासभा | |
| १० | नेपाल टेलिकम | संखुवासभा | |
| ११ | भुकम्प पुर्ननिर्माण कार्यान्वयन ईकाई खाँदवारी | संखुवासभा | |
| १२ | निर्माण ब्यवसायी संघ | संखुवासभा | |
| १३ | नेपाल विद्युत प्राधिकरण खाँदवारी शाखा | संखुवासभा | |
| १४ | सुरज श्रेष्ठ | खाँदवारी न.पा. | |
| १५ | सन्जिल श्रेष्ठ | खाँदवारी न.पा. | |

| | | | |
|---|---|---|---|
| १६ | विनोद सोडारी | खाँदवारी न.पा. | |
| १७ | डिल्लीराम घिमिरे | खाँदवारी न.पा. | |
| १८ | सुरज प्रभात बज्रचार्य | खाँदवारी न.पा. | |
| १९ | छवीलाल राई | खाँदवारी न.पा. | |
| २० | वेन्जना गुरुङ्ग | खाँदवारी न.पा. | |
| २१ | वसन्त राई | खाँदवारी न.पा. | |
| २२ | राजकुमार राई | खाँदवारी न.पा. | |
| २३ | इन्द्रकुमार राई | खाँदवारी न.पा. | |
| २४ | गेचप लामा | खाँदवारी न.पा. | |
| २५ | चूडामणि दाहाल | खाँदवारी न.पा. | |
| २६ | बुद्धि बहादुर घिमिरे | खाँदवारी न.पा. | |
| २७ | मुना राई | खाँदवारी न.पा. | |
| २८ | भगवती भेटुवाल | खाँदवारी न.पा. | |
| २९ | जनक विक्रम कार्की | खाँदवारी न.पा. | |

**वन वातावरण र विपद व्यवस्थापन**

| | | | |
|---|---|---|---|
| १ | श्री निरञ्जन श्रेष्ठ | संयोजक | |
| २ | श्री देवराज धिमिरे | सदस्य | |
| ३ | श्री ईन्द्र माया बराईली् | सदस्य | |
| ४ | श्री खेचर सिँह राई | सदस्य | |
| ५ | श्री सलयान नेपाली | सदस्य | |
| ६ | जिल्ला प्रशासन कार्यालय | संखुवासभा | |
| ७ | नेपाल रेडक्रस सोसाईटी | संखुवासभा | |
| ८ | डिभिजन वन कार्यालय | संखुवासभा | |
| ९ | जिल्ला जडिवुटी सहकारी संघ | संखुवासभा | |
| १० | सामुदायिक वन उपभोक्ता महासंघ | संखुवासभा | |
| ११ | खेमराज निरौला | खाँदवारी न.पा. | |
| १२ | प्रयास घिमिरे | खाँदवारी न.पा. | |
| १३ | रोषन निरौला | खाँदवारी न.पा. | |
| १४ | राधा कटुवाल | खाँदवारी न.पा. | |
| १५ | विष्णु कुमार बुढाथोकी | खाँदवारी न.पा. | |
| १६ | देब नारायण चौधरी | खाँदवारी न.पा. | |
| १७ | धर्मध्वज विश्वकर्मा | खाँदवारी न.पा. | |

| | | | |
|---|---|---|---|
| १८ | धनराज विश्वकर्मा | खाँदवारी न.पा. | |
| **सुशासन तथा संस्थागत विकास समूह** | | | |
| १ | श्री टीकाराम कुमाल | संयोजक | |
| २ | श्री चन्द्र कला तामाङ्ग | सदस्य | |
| ३ | श्री जीत बहादुर गुरुङ्ग | सदस्य | |
| ४ | श्री सँगिता अधिकारी | सदस्य | |
| ५ | श्री जीत बहादुर कार्कि | सदस्य | |
| ९ | भविश्वर गुरुङ | कानुन ब्यवसायी | |
| १० | पत्रकार महासंघ | संखुवासभा | |
| ११ | लवहाङ राई | खाँदवारी न.पा. | |
| १२ | टंक बहादुर डाँगी | खाँदवारी न.पा. | |
| १३ | अनुप तामाङ | खाँदवारी न.पा. | |
| १४ | गणेश श्रेष्ठ | खाँदवारी न.पा. | |
| १५ | भोजराज चौलागाई | खाँदवारी न.पा. | |
| १६ | मिन्टु भोटे | खाँदवारी न.पा. | |
| १७ | सकिला श्रेष्ठ | खाँदवारी न.पा. | |
| १८ | यमन कुलुङ्ग राई | खाँदवारी न.पा. | |
| १९ | दिपक निरौला | खाँदवारी न.पा. | |
| २० | रामजी भट्टराई | खाँदवारी न.पा. | |

## अनुसूची- २
## २०७७ साल चैत्र ५-९ गते सम्पन्न आवधिक नगर बिकास योजना तर्जुमा कार्यशाला गोष्ठीका सहभागीहरुको विवरण

| क्र.सं. | नाम | पद | निकाय |
|---|---|---|---|
| १ | मुरारीप्रसाद खतिवडा | नगर प्रमुख | खाँदवारी नगरपालिका |
| २ | शेखर बाबु कार्की | प्रमुख प्रशासकीय अधिकृत | खाँदवारी नगरपालिका |
| ३ | लवहाङ राई | प्रशासकीय अधिकृत | खाँदवारी नगरपालिका |
| ४ | चुडामाणि दाहाल | अ.सब.ईन्जिनियर | खाँदवारी नगरपालिका |
| ५ | वि . के महर्जन | कार्यकारी अध्यक्ष | GDS-NEPAL |
| ६ | मण्डु बाबु अधिकारी | TEAM MEMBER | GDS-NEPAL |
| ७ | ऋषि राम कट्टेल | TEAM MEMBER | GDS-NEPAL |
| ८ | बिनु महर्जन | TEAM MEMBER | GDS-NEPAL |
| ९ | सुजन बज्राचार्य | REPORTER | NTV/RSS |
| १० | बिनु लुईटेल | GDS TEAM | GDS |
| ११ | दीर्ध ध्वज चापागाई | शिक्षा विद् | खा.न.पा - ७ |
| १२ | पदम लाल सार्की | कार्यपालिका सदस्य | खा.न.पा - १० |
| १३ | दया निधि बराल | वडा अध्यक्ष | खा.न.पा - ६ |
| १४ | खेम प्रसाद काफले | कार्यपालिका सदस्य | खा.न.पा |
| १५ | लाख बहादुर राई | अधिकृत | खा.न.पा |
| १६ | निरण्जन श्रेष्ठ | वडा अध्यक्ष | खा.न.पा - १ |
| १७ | राज कुमार राई | वडा सचिव | खा.न.पा - ४ |
| १८ | राधा कटुवाल | वडा सचिव | खा.न.पा |
| १९ | भगवती बराल | नगरपालिका | खा.न.पा |
| २० | जनक बिक्रम कार्की | कार्यपालिका सदस्य | खा.न.पा |
| २१ | अनिता श्रेष्ठ | वडा सदस्य | खा.न.पा -७ |
| २२ | सीता कुमारी सार्की | वडा सदस्य | खा.न.पा -७ |
| २३ | गजेन्द्र गुरुङ्ग | वडा सदस्य | खा.न.पा -८ |
| २४ | अम्विका खवास | उपप्रमुख | सम्नवय समिति |
| २५ | सुमन कुमार दाहाल | वडा सचिव | खा.न.पा -१० |
| २६ | राजेन्द्र कार्की | योजना तथा अनुगमन उपशाखा | खा.न.पा |
| २७ | अनुप कुमार तामाङ्ग | सूचना प्रविधि अधिकृत | खा.न.पा |
| २८ | विष्णु कुमार बुढाथोकी | वडा सचिव | खा.न.पा |

| | | | |
|---|---|---|---|
| २९ | मिन्टु भोटे | वडा सचिव | खा.न.पा |
| ३० | धन कुमारी राई | कार्यपालिका सदस्य | खा.न.पा |
| ३१ | सुरज श्रेष्ठ | ईन्जिनियर | खा.न.पा |
| ३२ | वासुदेव श्रेष्ठ | नगरपालिका | |
| ३३ | मौसम आले मगर | वडा अध्यक्ष | खा.न.पा-७ |
| ३४ | उदिम कुमार राई | वडा सदस्य | खा.न.पा-१ |
| ३५ | विमला बुढाथोकी | सदस्य | अपाङ्ग संध |
| ३६ | रणजीत कुमार झा | डि . प्र | जलश्रोत तथा सिं .वि.डि |
| ३७ | पुष्कर गुरागाई | जि. ज अधिकारी | जिल्ला जनगणना कार्यलय |
| ३८ | छिरीङ्ग भोटे | अध्यक्ष | जिल्ला प्याव्सन |
| ३९ | लेखनाथ बुढाथोकी | अध्यक्ष | नगर खेलकुद |
| ४० | जित बहादुर कार्की | सदस्य | खा.न.पा-७ |
| ४१ | काशीनाथ दाहाल | बन महासंध | |
| ४२ | लोकदर्शन शाक्य | | |
| ४३ | दिलिप कुमार श्रेष्ठ | जिल्ला स्वास्थ अधिकारी | खा.न.पा |
| ४४ | रुद्रमणि श्रेष्ठ | लेखा अधिकृत | खा.न.पा |
| ४५ | सरोज कुमार श्रेष्ठ | लेखापाल | खा.न.पा |
| ४६ | कृष्णमोहन श्रेष्ठ | | खा.न.पा |
| ४७ | जानकी बल्लभ पोख्रोल | स.क.अ | खा.न.पा |
| ४८ | मेनुका श्रेष्ठ | | खा.न.पा |
| ४९ | लोकेन्द्र खत्री | ना.सु | खा.न.पा |
| ५० | यमन कुलुङ्ग राई | स.क.अ | खा.न.पा |
| ५१ | अनिशा विश्वकर्मा | नगर प्रहरी | खा.न.पा |
| ५२ | दिपेन काफले | कृषि अधिकृत | खा.न.पा |
| ५३ | धर्म ध्वज विश्वकर्मा | का . स | खा.न.पा |
| ५४ | रामजी भट्टराई | का . स | खा.न.पा |
| ५५ | गणेश श्रेष्ठ | ना . सु | खा.न.पा |
| ५६ | भीम बहादुर धिमिरे | | खा.न.पा |
| ५७ | नेत्र रोग्मी | | खा.न.पा |
| ५८ | जीत बहादुर धिमिरे | | खा.न.पा |
| ५९ | निर्माण कुमार कार्की | समन्वय अधिकरी | जिल्ला समन्वय समिति |
| ६० | लक्ष्मी राई | कार्यपालिका सदस्य | खा.न.पा |
| ६१ | सृजना संकर | न .स .स | खा.न.पा-१ |

| | | | |
|---|---|---|---|
| ६२ | सुशीला श्रेष्ठ पराजुली | न .स .स | खा.न.पा-१ |
| ६३ | जित ब. गुरुङ्ग | | खा.न.पा-४ |
| ६४ | वाल कुमार सोडारी | कार्यपालिका सदस्य | खा.न.पा-२ |
| ६५ | विनोद सोडारी | सब - ईन्जिनियर | खा.न.पा |
| ६६ | जीवन शाह | क्यापटेन | नयाँ भैरवी दल गुल्म |
| ६७ | कमल कार्की | | खा.न.पा |
| ६८ | गोपाल शंखर | | खा.न.पा |
| ६९ | अमृता वि .क | न . स . स | खा.न.पा |
| ७० | भोजराज चौलागाई | सहायक चौथौं | खा.न.पा |
| ७१ | भरत कुमार धिमिरे | वडा अध्यक्ष | खा.न.पा-३ |
| ७२ | सन्तोष राई | एम आई यस अपरेटर | खा.न.पा |
| ७३ | चन्द्र प्र मिश्र | | मालपोत |
| ७४ | रमेश विष्ट | अधिकृत छैंटौ | |
| ७५ | प्रेम प्र सिग्देल | | |
| ७६ | सरोज बज्राचार्य | सभापति | नेपाल रेडक्रस सोसाईटि |
| ७७ | लक्ष्य ब. चौधरी | | |
| ७८ | नारायण कट्टुवाल | नगरपालिका | सल्लाहकार |
| ७९ | ज्ञान ब . श्रेष्ठ | वडा अध्यक्ष | खा.न.पा-२ |
| ८० | राजेश थापा | खाँदवारी | शिक्षक |
| ८१ | कृष्ण कुमारी कूलुङ्ग राई | | महिला उद्मी संध |
| ८२ | प्रेमचन्द्र राई | कार्यालय प्रमुख | घरेलु तथा साना उघोग |
| ८३ | लक्ष्मी लिम्बु | ने . क .पा मा केन्द्र | खा.न.पा-१ |
| ८४ | उपा कार्की | नगरपालिका सल्लाकार | खा.न.पा-१ |
| ८५ | कोपिला पौडेल | बागबनी विकास अधिकृत | कृषि ज्ञान केन्द्र |
| ८६ | सन्जिल श्रेष्ठ | सव - ईन्जिनियर | खा.न.पा-१ |
| ८७ | डोगराज बस्नेत | उपाध्यक्ष | सं . स उधोग वाणिजय संध |
| ८८ | भिम | सदस्य | खा.न.पा |
| ८९ | मिना | सदस्य | खा.न.पा |
| ९० | सुमन ढकाल | नगर प्रहरी | खा.न.पा |
| ९१ | नवराज महत | पु . ना . उ | |
| ९२ | शेरवहादुर पुरी | अध्यक्ष | शिक्षक महासंध |
| ९३ | जीवन प्र आचार्य | प्र .जि .अ | जिल्ला प्रशासन कार्यालय |
| ९४ | अञ्जु राई | एम आई यस अपरेटर | खा.न.पा |

| | | | |
|---|---|---|---|
| ९५ | दिपक बराल | नगर प्रहरी | खा.न.पा |
| ९६ | भविश्वर गुरुङ्ग | कार्यपालिका सदस्य | खा.न.पा |
| ९७ | सेक ब. लिम्बु | | खा.न.पा -१ |
| ९८ | देवराज धिमिरे | का . अध्यक्ष | खा.न.पा -३ |
| ९९ | ईन्द्र गिरी | अध्यक्ष | पत्रकार महासघ |
| १०० | जय ब. श्रेष्ठ | अध्यक्ष | ज्येष्ठ नागरिक समाज |
| १०१ | दिपक निरौला | कर्माचारी | खा.न.पा |
| १०२ | खडग ब. चापागाई | का . अध्यक्ष | खा.न.पा -७ |
| १०३ | मुना राई | अमिन | खा.न.पा |
| १०४ | दिपक मणि धिमिरे | अधिकृत आठौं | खा.न.पा |
| १०५ | जानुकला राई | सहायक पाचौं | खा.न.पा |
| १०६ | नयन्द्र मगर | कार्यालय सहायक | खा.न.पा |
| १०७ | खडग ब. राई | एल आर पी | खा.न.पा |
| १०८ | पासाङ्ग शोर्पा | न . स . स | खा.न.पा |
| १०९ | रजिता पाठक | स. क .अ | खा.न.पा |
| ११० | चन्द्र कला तामाङ्ग | कार्यपालिका सदस्य | खा.न.पा -१० |
| १११ | सुनिता कटुवाल कार्की | कार्यपालिका सदस्य | खा.न.पा -३ |
| ११२ | गोपीमाया राई | कार्यपालिका सदस्य | |
| ११३ | नगेन्द्र ब . गुरुङ्ग | वडा अध्यक्ष | खा.न.पा -११ |
| ११४ | डा . लाख कुमार राई | ना . प .स्वा . प्रमुख | खा . न पशु शेवा शाखा |
| ११५ | हरि ब. जोशी | निर्माण व्यवसाही | खा न पा - ७ |
| ११६ | श्याम प्रसाद निरौला | का . वडा अध्यक्ष | खा.न.पा -५ |
| ११७ | रोशन निरौला | सहायक क . अ | खा.न.पा -५ |
| ११८ | टिकाराम कुमाल | वडा अध्यक्ष | खा.न.पा -९ |
| ११९ | चुडामणि | वडा सचिव | खा.न.पा -९ |
| १२० | डेगेश्वरी श्रेष्ठ | उप प्रमुख | खा.न.पा |
| १२१ | जयन्द्र शाक्य | प्रतिनिधि | प्यावसन |
| १२२ | सुरज बज्राचार्य | सब-ईन्जिनियर | खा.न.पा -१ |
| १२३ | गेचप लामा | अ .सब . ई | खा.न.पा -१ |
| १२४ | छविलाल राई | अ .सब . ई | खा.न.पा -१ |
| १२५ | वुदि ब .धिमिरे | सचिव | खा.न.पा -३ |
| १२६ | गोपाल राई | कर अधिकृत | करदाता सेवा कार्यालय |

| | | | |
|---|---|---|---|
| १२७ | सन्तोष राना मगर | का . स | खा.न.पा -६ |
| १२८ | रोशण श्रेष्ठ | जनस्वास्थ निरिक्षक | स्वास्थ कार्यालय |
| १२९ | दिनेश निरौला | स क अ | खा.न.पा -२ |
| १३० | दृशय दिव्य राई | सदस्य | गोरखापत्र दैनिक |
| १३१ | हिरा राई | सदस्य | असल शासन आवाज |
| १३२ | महेश्वरा श्रेष्ठ बज्राचार्य | सचिव | एकल महिला सघं |
| १३३ | सुनिता काफले | सँयोजक | अ ने म संघ |
| १३४ | ईन्द्र कुमार राई | अ स ई | खा.न.पा |
| १३५ | डा . राम चौधरी | | आयुर्वद केन्द्र |
| १३६ | लक्ष्मी चापागाई | अध्यक्ष | फेकोफन |
| १३७ | डा . सुन्दर श्याम झा | मे.सु. | जिल्ला अस्पताल स.सं |
| १३८ | जय ब . राई | | खा.न.पा -७ |
| १३९ | यादुमणि निरौला | | खा.न.पा |
| १४० | तारा कुमार राई | कोष-अध्यक्ष | जिल्ला जडिबुटी सहकारी संघ |
| १४१ | विपिन श्रेष्ठ | सूचना प्रविधि सहायक | खा.न.पा |
| १४२ | गुणराज खत्री | आ ले प अधिकृत | खा.न.पा |
| १४३ | केशव थापा | वडा अध्यक्ष | खा.न.पा -१० |
| १४४ | टंक व . डांगी | नगरपालिका | खा.न.पा |
| १४५ | सन्तोष चापागाई | न प्र स्व स | खा.न.पा |
| १४६ | मेघराज प्रोख्रेल | अधिकृत पशु स्वास्थ | खा.न.पा |
| १४७ | गोपी पराजुली | कार्यपालिका सदस्य | खा.न.पा |
| १४८ | ईन्द्रमाया बराईली | कार्यपालिका सदस्य | खा.न.पा |
| १४९ | हिमालय प्रोख्रेल | कार्यालय प्रमुख | खा.न.पा |
| १५० | सकिला श्रेष्ठ | स. क .अ | खा.न.पा |
| १५१ | छत्रमणि काफले | जी कोषाध्यष | खा.न.पा |
| १५२ | रिता विश्वकर्मा | स .क अ | खा.न.पा |
| १५३ | डम्बरु निरौला | रोजगार संयोजक | खा.न.पा |
| १५४ | आतिमाया राई | वडा सदस्य | खा.न.पा |
| १५५ | कोपिला नेपाली | वडा सदस्य | खा.न.पा |
| १५६ | खेचर सिहं राई | वडा सदस्य | खा.न.पा |
| १५७ | वेन्जना राई | अ स ई | खा.न.पा |
| १५८ | बालिका मगर | स क अ | खा.न.पा |
| १५९ | डा . ईन्द्र सापकोटा | डि एफ अ | खा.न.पा |

| | | | |
|---|---|---|---|
| १६० | अर्जुन थापा | | खा.न.पा |
| १६१ | सल्यान नेपाली | वडा सदस्य | खा.न.पा |
| १६२ | चित्र अधिकारी | संयोजक | नागरीक समाज |
| १६३ | सीताराम तिंसीना | संधीय परीषद सदस्य | जनता समाजवादी पार्टी |


# खादँवारी नगरपालिकाको एकीकृत नगर विकास योजनाको मस्यौदा उपर हुने छलफल (zoom) कार्यक्रममा सहभागी महानुभावहरु

## २०७८ असार ५ गते

| क्र.सं. | नाम | पद | निकाय |
|---|---|---|---|
| १ | मा. दिनेशकुमार थपलिया | प्रमुख आयुक्त | निर्वाचन आयोग |
| २ | मा. गिताप्रसाद तिम्सिना | न्यायधिश | उच्च अदालत राजबिराज |
| ३ | डा. अर्जुन कार्की | अमेरिकाका लागि नेपालका पूर्व राजदूत तथा RRN संस्था नेपालका डाईरेक्टर | |
| ४ | श्री सुरेश अधिकारी | सचिव | निर्वाचन आयोग |
| ५ | श्री दीपन श्रेष्ठ | सभापति | नेपाली काग्रेस |
| ६ | श्री दिनेश घिमिरे | सचिव | राष्ट्रिय सतर्कता केन्द्र |
| ७ | श्री डेडराज खडका | पूर्व माननीय | |
| ८ | डा. हिरामणि घिमिरे | इकोनोमी पोलीसी वीज्ञ एवं उपप्रमुख समुन्नती कार्यक्रम | |
| ९ | श्री अनिता निरौला | सहसचिव | राष्ट्रिय बिपद जोखिम न्यूनिकरण तथा ब्यवस्थापन प्राधिकरण |
| १० | श्री रुद्रबहादुर श्रेष्ठ | बरिष्ट कृषि अर्थशास्त्र | US AID को प्रोजेक्ट अन्तर्गतका कार्यरत |
| ११ | श्री बिना राई | सह प्राध्यापक | सेवानिबृत्त त्रि. बि. बि. |
| १२ | श्री गोविन्द पोखरेल | पूर्व गो . प .संस्थापनका कार्यकारी प्रमुख तथा पत्रकार | |
| १३ | श्री दिब्यराज कट्टेल | सेवा निबृत्त राष्ट्र सेवक / प्रशासक / शिक्षा प्रेमी | |
| १४ | श्री फणिन्द्र खत्री | सेवा निबृत्त राष्ट्र सेवक / प्रशासक / शिक्षा प्रेमी | |
| १५ | श्री जीवनाथ पोखरेल | सेवा निबृत्त राष्ट्र सेवक / प्रशासक / शिक्षा प्रेमी | |
| १६ | श्री बिष्णु पुरी | टीम लिडर | प्रदेश सहयोग कार्यक्रम |
| १७ | श्री गणेश घिमिरे | सेवा निवृत्त | |


| | | | |
|---|---|---|---|
| १८ | श्री प्रकाश अधिकारी | उप सचिब | स्वास्थ तथा जनसँख्या |
| १९ | श्री प्रेम पराजुली | सेवा निवृत्त | |
| २० | श्री श्रृषिराम कट्टेल | कृषि विज्ञ | |
| २१ | श्री भावना घिमिरे | समाजसेवी | |
| २२ | श्री सुनिता काफ्ले | ब्यवसायी | |
| २३ | श्री सुन्दरी घिमिरे खतिवडा | पेशागत महासंध | |
| २४ | श्री भरत घिमिरे | वडाध्यक्ष | वडा नं.३ |
| २५ | श्री श्याम निरौला | वडाध्यक्ष | वडा नं. ५ |
| २६ | श्री ईश्वर घिमिरे | प्र.अ. | |
| २७ | श्री अम्विका खवास | उपप्रमुख | जिल्ला समन्वय समिति |
| २८ | श्री जगन्नाथ अधिकारी | सेवा निवृत्त | |
| २९ | श्री पूर्ण चन्द्र भट्टराई | अवकास प्राप्त सचिव | |
| ३० | श्री श्रृष्टि जोशी | | |
| ३१ | श्री देवी निरौला | समाज सेवी | |
| ३२ | श्री दुर्गा ब. बिष्ट | समाजसेवी | |

# अनुसूची- ५
## नगरपालिकाको नक्सा





स्रोतः स्थानीय तह पुनरसंरचना आयोगको प्रतिवेदन, २०७३

नक्सा २.६: खाँदवारी नगरपालिकाको भूउपयोग अवस्था




स्रोत: Land Resource Maping Project 1987, नापी विभाग

# अनुसूची : ६
# आवधिक नगर बिकास योजना तर्जुमासँग सम्बन्धित दृष्यहरु








खाँदबारी
दिर्घकालिन सोच सहितको आवधिक
राजस्व सुधार
मध्यमकालिन खर्च संरचना